## बिडीएलग्रन्थ

# दैनिक पूजा प्रार्थना

### बौद्ध संस्कार साधना विधि एवं मोन्लम संग्रह

**मूलग्रन्थ-३**

लेखक/संकलक/अनुवादक

खेन्पो बसन्त कुमार गुरुङ

(ज्ञान दोर्जे)

**प्रकाशक :**
Buddhism Digital Library (BDL) Inc., USA
www.buddhismlibrary.org

**ब्यवस्थापन :**
राजु सिंह गुरुङ, सुरेन्द्र गुरुङ, ज्योती गुरुङ
आनन्द गुरुङ, जानकी गुरुङ, ऐलिना गुरुङ

**अध्यक्ष** : डीबी गुरुङ
**कोषाध्यक्ष** : कर्साङ लामा
**सचिव** : कुम बहादुर गुरुङ
**बोर्ड अफ डाईरेक्टर** : खन्पो बसन्त कु. गुरुङ, अरुण कुमार गुरुङ
**संरक्षण** : बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इंक, अमेरिका

**लेखक तथा संकलन :**
खेन्पो बसन्त कु. गुरुङ/ज्ञान दोर्जे

**प्रमुख लामा :**
कञ्चन ब्योम कुसुमा स्वर्णद्वीप गुम्बा, नेपाल

**दोश्रो संस्करण :**
बिक्रम सम्बत् : २०८१ (सन् २०२४)

**प्रकाशित संख्या** : ३००० प्रति

**डिजाईन** : सुरेन्द्र महर्जन

**मुद्रण :**
कानुङ प्रिन्टिङ्ग प्रेस
बागबजार, काठमाडौं, नेपाल
फोन : ९८५१०५१४१६

# समर्पण

बाजे - थरी लम गुरु हवेल्दार मनिराज गुरुङ

बजै - हरिकला गुरुङ

पिता - लामा गुरु मेजर बिल बहादुर गुरुङ

माता - लक्ष्मी गुरुङ र बालमाया गुरुङ

दिदी - रुकमाया गुरुङ

बहिनी - रनसरी गुरुङ

श्रीमती - साधिका शान्ति देवी गुरुङ


छोरी - मैती देवी गुरुङ

॥ इत्यपि सभगवान बुद्धस्तथागतऽर्हत सम्यकसम्बुद्धो
विद्याचरणसम्पन्नः सुगतो लोकविदनुत्तर पुरुषदम्यसारथीः
शास्तादेवमनुष्यानां बुद्धो भगवानिति ॥

अर्थात्

यस प्रकार भगवान बुद्ध तथागतअर्हत सम्यकसम्बुद्ध
विद्या र चरणहरूले सम्पन्न सुगतलोकलाई जान्ने अनुत्तर
पुरुषहरूलाई दम्य (विनय) गराउने सारथी देवता र मनुष्यको शास्ता
(गुरु) भगवान बुद्ध हुनुहुन्छ।





ओं आ मि दे वा ह्री



ॐ मुने मुने महामुने शाक्यमुनये स्वाहा ।



ओं मणि पद्मे हूँ



ओं आ हूँः बज्र गुरु पद्म सिद्धि हूँ



माता हरित तारा

॥ ॐ तारे तुत्तारे तुरे स्वाहा ॥



माता श्वेततारा

ॐ तारे तुत्तारे तुरे स्वाहा

# त्रिरत्न शरणम्



## मेरो दुई शब्द

यस जगतमा सबै मानिस मर्छन् । जन्मेपछि मर्नु प्रकृतिको नियम हो । यसको अपवाद पनि केही थोरै व्यक्ति हुन्छन् जसले मृत्युलाई जितेका हुन्छन् र अमर रहन्छन् । त्यस्तै महान अमर व्यक्ति हुन् महामानव भगवान गौतम बुद्ध । विश्व शान्तिको मुहान लुम्बिनी, नेपालमा इसा पूर्व ५६३ बैशाख पूर्णिमाका दिन शान्तिका

महानायक गौतम बुद्धको जन्म भयो। दया, माया, करुणा, मैत्री, शान्ति र अहिंसाका पूजारी, स्नेहका खानी अमर अजर दार्शनिक चिन्तकहरूमा नेपालमा जन्मेका गौतम बुद्ध अग्र पंक्तिमा पर्दछन् ।

राजा शुद्धोधन र रानी मायादेवीको सुपुत्रको रुपमा जन्मिएर राजदरबारको सुखसयलमा हुर्किएका सिद्धार्थ गौतम राजा बनेर राज्यभोग गर्न सक्थे तर उनलाई सत्तामोह र परिवार प्रतिको मोह समेत थिएन किनभने महापुरुषहरूको लागि विश्व जगत नै घर हुन्छ र सम्पूर्ण जगत प्राणीहरूनै परिवारका सदस्य हुन्छन् र वहाँमा विश्व बन्धुत्वको भावना हुन्छ । त्यसैले सिद्धार्थ गौतमले २९ बर्षको उमेरमा गृहत्याग गरी बोधगयाको बोधिबृक्ष मुनी छ बर्ष सम्म घोर कष्टदायक तपस्या गरी बैशाख पूर्णीमाको दिन बुद्धत्व प्राप्त गरे ।

यसरी परिवारहरूलाई छाडनुको उद्देश्य विश्वमा शान्तिको सन्देश छर्नु थियो उनका लागि राजपात, परिवार प्रतिको दायित्व भन्दा ठूलो दायित्व विश्व जगतनै थियो ।

बुद्ध दर्शनका प्रणेता गौतम बुद्ध हुन् । बुद्धले दिएका उपदेशमा जीवन पथको दिशा निर्देश गरिएकोले यसलाई दर्शन मानिएको पाइन्छ । बुद्धले प्राप्त गरेको ज्ञान नै बुद्ध दर्शनको मूल आधार हो । बुद्धले बोधिज्ञान प्राप्त गरेपछि ४५ बर्ष लोक कल्याणको लागि अनवरत ज्ञानको प्रचारप्रसार गरी ८० बर्षको उमेरमा वैशाख पूर्णिमाको दिन कुशीनगरमा महापरिनिर्वाण प्राप्त गरे ।

भगवान बुद्धले बुद्धत्व प्राप्त गरेपछि पहिलो पटक ३६ बर्षको उमेरमा बैशाख पूर्णिमाको दिन ऋषिपत्तन मृगदावनमा दुष्कर चर्या गरिरहेका पञ्चवर्गीय ब्राह्मणहरूलाई पहिलो धर्मचक्र परवर्तन (प्रवचन) दिँदै चतु आर्य सत्य र आर्य अष्टाङ्गिक मार्गको बारेमा ज्ञानको ज्योति प्रकाश गरे ।

यसरी भगवान् बुद्धद्वारा प्रतिपादित शिक्षालाई शील, समाधि र प्रज्ञागरी तीन चरणमा विभाजन गरिएको पाइन्छ । यसै मार्गदर्शनलाई नै बुद्ध दर्शन भनिन्छ । बुद्ध दर्शनको मूल शिक्षा नै शान्ति र अहिंसा हो ।

यस दैनिक पूजा प्रार्थना पुस्तिका, बौद्ध संस्कार साधना विधि एवं मोन्लम संग्रह पुस्तिका प्रकाशनको लागि लेखन र सङ्कलनमा कलम चलाउने जमर्को गरेका छु । म जस्तो एउटा सानो मन चित्त भएको व्यक्तिले भगवान् बुद्धको बारेमा के नै लेख्न सकुला र तै पनि सानो भए पनि पुन्य आर्जनको लागी जमर्को गरेको छु । यो शरीर संसारिक भएता पनि मन चाहीँ आध्यात्मिक हुनु पर्दछ । संस्कार, संस्कृति र धर्म कहिले सुरु गर्ने, किन गर्ने र कुन उमेरकाले गर्ने भन्ने विषयमा अलिकति चर्चा गरौं, हामीहरू धेरै गुम्बाहरूमा गुरु रिन्पोछे ज्युहरूद्वारा पूजा, प्रवचन, वाङ् अभिषेक लिनको लागी जान्छौं । पूजामा कति उपस्थिति होला भनेर यसो नजर घुमाउदँा पूजा हलमा ५० बर्ष उमेर भन्दा माथिका आमा बुबाको मात्र उपस्थिति देखिन्छन् ।

सधैं हामी बुढापाकाले मात्र धर्म कर्म गर्ने छोरा छोरी, नानी बाबुहरूले कहिले सिक्ने, तसर्थ बेलैमा नानी बाबुहरूलाई पनि हाम्रो संस्कार, संस्कृति र धर्म कर्म वारे जानकारी गराउने साथै कहिले काहि पूजा, प्रवचनमा सरिक गराउने, यसो गर्योंभने पुस्ताले पनि संस्कार पाउने छन् । भगवान बुद्धको परिनिर्वाण पश्चात तीब्र गतिमा बौद्धधर्मको विकास हुन थाल्यो । आजको युग २१ औं शताब्दी अर्थात् छब्बीस सय बर्ष सम्म आईपुग्दा बर्मा, श्रीलंका र थाइल्याण्ड यी देशहरूमा थेरावाद (श्रावकयान) सम्प्रदायको प्रचारप्रसारले बलियो सफलता मिलेकोछ। यी देशहरूमा अहिले पनि त्यसरी नै बौद्ध धर्मको अध्ययन र अभ्यास जारी नै छ। त्यसै गरी एशिया महाद्वीपमा नेपाल, भारत, तिब्बत, भुटान, चीन, मंगोलिया, कोरिया र जापानमा महायान (बोधिसत्वयान) को धेरै धुरन्धर विद्वान् सिद्ध पण्डितहरूबाट यो सम्प्रदायको मत विस्तार हुन गयो । यसरी आ-आफ्नो देशमा भगवान बुद्धले प्रतिपादन गर्नुभएको शिक्षालाई अंगीकार गरी आफ्नो संस्कृतिलाई धर्ममा मिश्रण गरी एकरूपता दिने कार्य भयो । भन्नै पर्दा धर्म र संस्कृति नङ्ग र मासुभैं हुन गयो । यस पुस्तकभित्र बुद्ध, बोधिसत्व, देवदेवी, महापण्डित सिद्ध गुरुवरहरूले रचेका र अनुवादकको पाठहरूलाई समावेश गरी एउटा फूलको माला गाँस्ने जमर्को गरेको छु। हरेक पूजा पाठ, प्रार्थना, मन्त्र जप, मंगलाचरण विधिबाट प्राप्त हुने पुन्यलाभहरू पनि अचिन्त्य वा अपार छन् । जसको व्याख्या गर्न सकिँदैन । यसरी २१ औं शताब्दीमा आईपुग्दा भगवान बुद्धको शिक्षाले सुख-शान्ति, समृद्धि, तथा मैत्री एवं करुणाभावको संदेश विश्वभरिनै

फैलिरहेको छ। स्मरण होस् तिब्बती धर्म पनि महायान सम्प्रदायको एउटा अभिन्न अंग हो। तिब्बतमा आठौं शताब्दीदेखि बौद्ध धर्म तीव्र गतिमा फैलिएर जान थाल्यो। राजा ठ्रिसोङ दुइछेन, गुरु पद्मसम्भव, शान्तरक्षित जस्ता युग पुरुषहरूको अथक प्रयास अनि अमूल्य योगदानको महत्त्वको बेग्लै इतिहास छ।

तिब्बत- भोटमा बौद्ध धर्म स्थापित भएपछि त्यहाँबाट धेरै विद्वान्हरू भारतको विश्वमा प्रसिद्ध विश्वविद्यालयहरू - नालन्दा, विक्रमशिला, ओदन्तपुरी र तक्षशिला विश्वविद्यालयमा आई अध्ययन गरी संस्कृतदेखि तिब्बती भाषामा उल्था गरे। अहिले पनि तिब्बती धर्म गुरुहरूले ती धर्म ग्रन्थहरूलाई आफ्नो प्राणभन्दा प्यारो गरेर सुरक्षित राखेका छन्। जस पुस्तक भित्र बौद्ध धर्म उपदेशहरू समावेश छन्- बाहिरी थेरावादको उपदेश, भित्री महायानको अनि गोप्य बज्रयानको शिक्षा- बहुजन हिताय बहुजन सुखायको परिप्रेक्ष्यबाट राखिएको छ। हरेक यान वा मतको एउटै लक्ष्य हो बुद्धत्व प्राप्ति गर्नु। बौद्ध अनुयायी साधकहरूले बौद्ध ग्रन्थद्वारा कुनै पनि पूजा पाठ, जप शाधना, प्रार्थना र मन्त्रोच्चारणादि गर्दा यी तीन पवित्र विचारहरू मनमा लिनु अति आवश्यक छ। पहिलो- बोधिचित्त धारण, दोस्रो- मनको एकाग्रचित्त, तेस्रो- बोधि परिणामना।

कसैले पूजा विधि, ध्यान जस्ता अध्यात्मिक कार्यहरू गर्दा तीन पवित्र विचार रहित गरे भाग्य अनुकूल पुन्यमा परिणत हुन्छ, अनि भाग्यले एकैखेप मात्र साथ दिन्छ र सुगति (देव, असुर र मनुष्य) जीवन प्राप्त हुन्छ। तर यदि कसैले तीन पवित्र विचारहरूको

साथ धार्मिक कार्यहरू सम्पन्न गरे मुक्ति अनुकूल पुण्यमा परिणत हुन्छ । यस पुण्यको फल क्षीण नभएर उत्तरोत्तर वृद्धि हुँदै जानेछ। यसबाट बुद्धत्वसमेत प्राप्त गर्न सकिन्छ।

गुरु ज्युको आशीर्वचनलेः यो दैनिक पूजा प्रार्थना बौद्ध संस्कार साधना विधि एवं मोन्लम संग्रह पुस्तिका जानी न जानी भए पनि संकलन र लेखन कार्यमा जमर्को गरी एउटा सानो पुस्तक तैयार गरेको छु, यस पुस्तकको अध्ययन गरी धेरै भन्दा धेरै उपासक उपासिकाहरू लाभान्वित हुनेछन् साथै हाम्रो समाजलाई सभ्य र सुखी समाज निर्माण गर्न यो पुस्तकले मद्दत पुऱ्याउने छ भन्ने आशा राखेका छु।

खेन्पो बसन्त कुमार गुरुङ (ज्ञान दोर्जे)
प्रमुख लामा
कञ्चन व्योम कुसुमा स्वर्णद्वीप गुम्बा, नेपाल।
Buddhism Digital Library (DDL) Inc,. America
www.buddhismlibrary.org

BUDDHISM DIGITAL LIBRARY 2567

**Buddhism Digital Library (BDL) Inc., USA**
4500 19th St Lot 422 Boulder CO 80304 USA
Ph: 303 642 6439. contactbdl2567@gmail.com

# प्रकाशकको मन्तब्य

नेपाल बुद्धभूमि भए पनि बत्तिमुनि आँध्येरो भनेझैं बजारको पुस्तक पसलहरूमा सरल नेपाली भाषामा प्रकाशन भएका “बुद्धबचन त्रिपिटक” छिटपुट बाहेक पूर्ण रुपमा बजारमा उपलब्ध हुन सक्ने अवस्था देखिएन। त्यसैले बुद्धिजम डिजीटल लाइब्रेर (बिडीएल) इन्कले बौद्ध बिद्वानहरूलाई संयोजन गरी, मूल पाली, संस्कृत, हिन्दी, संभोटा र अंग्रेजी भाषाको पिटकहरूलाई आधार मानी नेपाली सरल भाषामा अनुवाद, संकलन र सम्पादन गरी प्रकाशन गर्ने परिकल्पना आज पुरा भएको हामीले महशुस गरेका छौं। हामीले सारानुवाद गरेका पिटकहरू यही पुस्तकको पछाडि सुची राखेका छौं।

अनुवादको सिलसिलमा के कुराको अनुभूति भयो भने, अनुवाद तीन किसिमबाट गर्न सकिदो रहेछ। जसमा शब्दानुवाद, भावानुवाद र सारानुवाद हुँदोरहेछ। अहिले हामी २१औं शताब्दीको समयको गतिलाई पछ्याउँदै सारानुवादलाई मार्गदर्शन गरेका छौं। यस प्रकाशनबाट नेपाली बौद्धदर्शनको साहित्य भण्डारमा एउटा इट्टा थपिने छ भन्ने कुरामा बिश्वस्त छौं। भवतु सर्वमंगलम्। बुद्धम् शरणम् गच्छामि।

कल्याणमित्र डीबी गुरुङ
संस्थापक
बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इन्क, अमेरिका।
www.duddhismlibrary.org
२५६८औं बुद्धजयन्ति।
अक्टोबर ०१, २०२४

# शुभकामना मन्तव्य

## नमो रत्न त्रयाय



सुख र हितको स्रोत भगवान् बुद्धको शासन हो । हाल अमेरिका निवासी खेन्पो बसन्त गुरुङ/ज्ञान दोर्जेले तयार गरेको दैनिक पूजा प्रार्थना पुस्तिका, बौद्ध संस्कार साधना विधि एवं मन्लम संग्रह पुस्तिका हिमाली भोट भाषा र नेपाली भाषाबाट प्रकाशन हुन गइरहेको छ ।

नेपाली बौद्ध साहित्यको फाँटमा यस प्रकारको प्रशंसनीय कार्य गरेकोमा मेरो तर्फबाट र 'त्रियान धर्म सेन्टर' को तर्फबाट साधुवाद दिन चाहन्छु । सर्व कल्याण भवतु ।

खेन्पो बागिन्द्रशिल
संस्थापक
त्रियान धर्म सेन्टर, काठमाडौं, नेपाल ।
२५६८औं बुद्ध जयन्ति ।

# शुभकामना मन्तव्य
# त्रिरत्न शरणम्



*बुद्धम् शरणम् गच्छामि,*
*धर्मम् शरणम् गच्छामि,*
*संघम् शरणम् गच्छामि*

मेरो अती प्यारो भैया खेन्पो बसन्त गुरुङ (लामा ज्ञान दोर्जे) ज्युलाई कोटी कोटी त्रिरत्न शरणम् । शब्ब मंगलम् ।

म ९८ बर्ष पुगे भगवान् बुद्धको र गुरुहरूको आशिर्वादले म सन्चै छु आशा छ हजुरलाई पनि सदा सर्वदा भगवान बुद्धको आशिर्वाद मिलोस् । भैयाको परिश्रम, लेखन र कार्य प्रति म अभिभूत भयेको छु, (छक्क परेको छु) जीवनमा कती उतार चढाव आउँछन्, कस्तो कस्तो समस्याहरू आई पर्छन्, त्यसलाई हामीले

रोईकराई गरेर या यसलाई म जसरी पनि समाधान गर्छु भनेर अठोट लियेर त्यसको निदान गर्न सकिदो रहेछ भनेर भैयाले यसको प्रमाण दिइरहनु भयेको छ भन्ने मेरो ठम्याई छ।


हाम्रो मातृभूमिमा हामीलाई जन्म दिने मात्र हो, खान दिने होइन यो छर्लङ्ग छ। हामी विदेशमा सुखी छौं तर खुशी भने छैनौ यो मन रोईरहन्छ किनकि ती हाम्रा पाखा पखेरा र गाउँघर, डाँडा पाखामा गाईने आफ्नै मौलिक भाषाका गीत र हरियाली बनमा चरा चुरुङ्गीको चिरीविरी आवाज अनि निर्मल पानी झर्नाको छ्याङ्ग छ्याङ्ग आवाजको धुन र ती उकाली ओराली, लेक र बेशीले हामीलाई खोजीरहेको छैन र ? किन हामी हाम्रो धर्म पनि आफ्नो घरमा पाउन न सकी हाम्रो धर्मसँग अर्थै नभएको र त्यस बारे ज्ञानै नभएको ठाउँमा अलि अलि त छ क्यारे, धर्म खोजिरहेका छौं। हामीले धर्म मात्र होईन आफ्नो वंश परम्परा, संस्कृति र संस्कार पनि खोज्नु पर्ने हो। कति दिन हामी सधैं यौटै गीत मात्र गाईरहने हो (बाँचे पछि यही बाटो आउँला, मरयो भने बालुवा सिरानी) भनिरहने हो। हामी दुःखी छौं किन दुःखी भयौ कारण थाहा छैन, हामी कारणहरू खोज्ने जमर्को पनि गर्ने गर्दैनौ, केही बुझ्केकाले चासो राख्दैनन् यही विडम्बना छ। भैया एउटा उखान छ (रीस उठ्दै उठ्दैन, उठे पनि केही बोक्रिन्न) भने जस्तै छ। म अहिले ९८ बर्ष पुगे आफु केही गर्न सक्तिन कल्पना मात्र गर्न सक्छु। भैया तपाईले आफ्नो धर्म, संस्कृति र संस्कार खोज्न जती क्षमता भन्दा बढ़ी प्रयास गर्नुभएको छ त्यसको मैले शब्दमा वर्णन गर्न सक्तिन मेरो भित्री मनले मुल्याङ्कन गरेको होला।

जसरी नेपालमा बौद्ध धर्म सेवा केन्द्र, कञ्चन व्योम कुसुमा स्वर्णद्वीप गुम्बामा स्थानिय विकास मन्त्रालय अन्तर्गत गुम्बा व्यवस्थापन समितिले प्रमुख लामा पदमा नियुक्ति गरे पश्चात यस गुम्बामा निरन्तर ३३ बर्ष धर्मको सेवा गर्दै अहिले देश विदेशमा बुद्ध धर्मको प्रचार प्रसार गर्दै अनि बौद्ध संस्कार विधि र पूजा प्रार्थना साधना एवं मोन्लम संग्रह र जन्म देखि मृत्यु पछिको अन्तिम संस्कार सम्मको कार्य विधि लेखनको सफलताको हार्दिक हार्दिक शुभ कामना ॥ साथै धर्म शास्त्रमा सधैं लेखन प्रति कलम चलिरहोस् ॥ । शुभ मंगलम् ॥

क्या. पदम बहादुर थापा
प्रमुख सल्लाहकार
बौद्ध धर्म सेवा केन्द्र, कञ्चनपुर, नेपाल ।

BUDDHISM DIGITAL LIBRARY 2567
**Buddhism Digital Library (BDL) Inc., USA**
4500 19th St Lot 422 Boulder CO 80304 USA
Ph: 303 642 6439. contactbdl2567@gmail.com

# मेरो दुइ शब्द



त्रिरत्न शरणम्, छ्याजलो ! खेन्पो बसन्त कुमार गुरुङद्वारा तयार गरिएको “दैनिक प्रार्थना पुस्तक” को माध्यमद्वारा दैनिक रुपमा गरिने पूजापाठ, ध्यान, भावना र साधनामा सजिलो हुने कुरमा आशावाली छु । वहाँले बुद्धदर्शन सम्बन्धि थुप्रै पुस्तकहरू लेखिसक्नु भएको छ। बुद्धबचनको माउ भाषा पाली हो। पाली पछि संस्कृत, हिन्दी, संभोटा, नेपाली र अरु भाषामा पनि अनुवाद हुँदै गएका छन् ।

यसरी अनुवाद हुने क्रममा भाषा, संस्कार र आचार्यवादको प्रभावले गर्दा, माउ भाषाको भावनाहरू पातलो हुँदै गइरहेको अवस्थामा खेन्पो बसन्त कुमार गुरुङद्वारा तयार पारिएको “दैनिक प्रार्थना पुस्तक” ले बौद्धमार्गीहरूलाई मद्दत पुग्ने कुरामा आशावादी छु। अन्तमा, लेखकको उन्नति र प्रगतिको हार्दिक शुभकामना !

जय बुद्ध ! अरुण कुमार गुरुङ संस्थापक बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इन्क। सेप्तम्बर २४, २०२४


BUDDHISM DIGITAL LIBRARY 2567

BUDDHISM DIGITAL LIBRARY 2567

**Buddhism Digital Library (BDL) Inc., USA**

4500 19th St Lot 422 Boulder CO 80304 USA
Ph: 303 642 6439. contactbdl2567@gmail.com

# शुभकामना



बुद्धदर्शनमा तीनवटा पिटकहरू छन् । जसमा सूत्र पिटक, अभिधम्म पिटक र बिनय पिटक भनिन्छ । संक्षिप्तमा यसलाई त्रिरत्न पनि भन्दछन् । बुद्धदर्शन भनेको उत्कृष्ट मानव दर्शन हो । यो दर्शन भन्दा उत्कृष्ट अरु कुनै दर्शन छैन । बुद्धबचनलाई सूत्र, मन्त्र, तन्त्रमा बिभाजन गरी राखिएका छन् । बुद्धबचनको माउ भाषा पाली हो । पाली भाषा पछि संस्कृत, हिन्दी, सिन्हली, संभोटा, नेपाली र अरु भाषामा पनि अनुवाद हुँदै गएका छन् ।

यसरी अनुवाद हुने क्रममा भाषा, संस्कार र आचार्यवादको प्रभावले गर्दा, माउ भाषाको भावनाहरू पातलो हुँदै गइरहेको अवस्थामा खेन्पो बसन्त कुमार गुरुङद्वारा तयार पारिएको “दैनिक प्रार्थना पुस्तक” ले बौद्धमार्गीहरूलाई मद्दत पुग्ने कुरामा आशावादी छु । अन्तमा, लेखकको उन्नति र प्रगतिको हार्दिक शुभकामना !

कल्याणमित्र डीबी गुरुङ संस्थापक बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इन्क, अमेरिका । सेप्तम्बर २२, २०२४

---

BUDDHISM DIGITAL LIBRARY 2567

BUDDHISM DIGITAL LIBRARY 2567

**Buddhism Digital Library (BDL) Inc., USA**

4500 19th St Lot 422 Boulder CO 80304 USA
Ph: 303 642 6439. contactbdl2567@gmail.com

# शुभकामना



बुद्धदर्शन भनेको उत्कृष्ट मानव दर्शन हो । यो भन्दा उत्कृष्ट अरु कुनै दर्शन छैन । बुद्धबचनलाई सूत्र, मन्त्र, तन्त्रमा बिभाजन गरी राखिएका छन् । बुद्धबचनको माउ भाषा पाली हो । पाली भाषा पछि संस्कृत, हिन्दी, सिन्हली संभोटा, नेपाली र अरु भाषामा पनि अनुवाद हुँदै गएका छन् । अहिले बुद्धिजम डिजीटल लाइब्रेरी, इन्कले पनि नेपाली भाषामा अनुवाद गर्ने प्रयास गरेको छ ।

अहिले नेपाली बौद्धमार्गीहरूमा पनि धार्मिक जागरण आएको देखिन्छ। त्रिपिटक र उत्कृष्ट साहित्यहरू अनुवाद भैरहेका छन्। बिडीएलका संस्थापक खेन्पो बसन्त कुमार गुरुङद्वारा तयार गरिएको दैनिक प्रार्थना पुस्तकले नेपाली बौद्धमार्गीहरूलाई पूजापाठमा सहज गर्ने छन् भन्ने बिश्वास गर्दै, हार्दिक शुभकामना !

कर्साङ लामा संस्थापक कोषाध्यक्ष बुद्धिजम डिजीटल लाइब्रेरी, इन्क । सेप्तम्बर २३, २०२४

BUDDHISM DIGITAL LIBRARY 2567

BUDDHISM DIGITAL LIBRARY 2567
**Buddhism Digital Library (BDL) Inc., USA**
4500 19th St Lot 422 Boulder CO 80304 USA
Ph: 303 642 6439. contactbdl2567@gmail.com

# शुभकामना



भगवान बुद्धले प्रतिपादन गर्नुभएको बुद्धदर्शनलाई राम्रोसँग बुझ्न सकेमा सबै मानिसहरूको कल्यान हुन सक्ने भएकाले यसलाई हामी सबैले आ-आफ्नो स्तरबाट बुझ्ने प्रयास गरौं। बुद्धबचनलाई सूत्र, मन्त्र, तन्त्रमा बिभाजन गरी राखिएका छन्। बुद्धबचनको माउ भाषा पाली हो। पाली भाषा पछि संस्कृत, हिन्दी, सिन्हली संभोटा, नेवारी, नेपाली र अरु थुप्रै भाषाहरूमा पनि अनुवाद हुँदै गएका छन्।

यसरी अनुवाद हुने क्रममा भाषा, संस्कार र आचार्यवादको प्रभावले गर्दा, माउ भाषाको भावनाहरू पातलो हुँदै गइरहेको अवस्थामा खेन्पो बसन्त कुमार गुरुङद्धारा तयार पारिएको "दैनिक प्रार्थना पुस्तक" ले बौद्धमार्गीहरूलाई मद्दत पुग्ने कुरामा आशावादी छु। अन्तमा, लेखकको उन्नति र प्रगतिको हार्दिक शुभकामना!

कुम बहादुर गुरुङ संस्थापक सचिव बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इन्क। सेप्तम्बर २३, २०२४

BUDDHISM DIGITAL LIBRARY 2567

# शुभकामना



दैनिक पूजा प्रार्थना बौद्ध संस्कार साधना विधि एवं मोन्लम संग्रह नामक यस पवित्र ग्रन्थको माध्यमबाट गर्भ सुरक्षा पूजा देखि मृत्यसम्मको जीवन संस्कार यस ग्रन्थको माध्यमबाट

हिमाली बज्रयानी बौद्धदर्शनको बाचन गरी जन्म मृत्युसम्मको जीवन संस्कारलाई सरल र सहज तरिकाले अभ्यास गर्ने गराउने मूल लक्ष्य रहेको छ।

यसैको सेरोफेरोमा रहेर त्रिरत्न शरण गमण, पञ्चशीलको पालना गरी अष्टमार्गको आधारमा मौलिक संस्कारहरूलाई समय अनुकुल छोटो, मिठो र सजिलो तरिकाले संस्कारहरू गरेमा सबैको लागि सहज हुन सक्ने बिश्वास गर्न सकिन्छ।

बुद्धिजम डिजिटल लाईब्रेरीले प्रकाशन गर्न लागेको "दैनिक पूजा प्रार्थना" नामक पवित्र ग्रन्थ : ३ को खेन्पो बसन्त कुमार गुरुङले लेखन तथा संकलन गर्नुभएकोमा उहाँलाई हार्दिक शुभकामना साथै धर्म लेखनमा कलम चलिरहोस्। धन्यवाद।

डा. कुमार गुरुङ, अध्यक्ष
(PhD, MS, MCEC, LLB.)
अन्तर्राष्ट्रिय गुरुङ बुद्धिजम परिषद् (ICGB)
ओमाह, नेब्रस्का, अमेरिका।
अक्टोबर ०५, २०२४

# शुभकामना



नेपालको कपिलबस्तुमा शाक्य कुलमा जन्मनु भएको शिद्धार्थ गौतमले भारतको बौद्धगयामा बोधि ज्ञान प्राप्त गर्नुभै गौतम बुद्ध बन्नु भयो । आफुले अनुभव प्राप्त गरेको चार आर्य सत्यको ज्ञान सारनाथको मृग्दय बनमा पन्च बर्गीया भिक्षुहरूलाई प्रथम पटक देशना गर्नु भएको धर्म यतिबेला विश्वभर फैलिँदै गएको छ ।

प्रमाणमा आधारित बैज्ञानिक बुद्ध धर्म पाली भाषाबाट सुरुभै संस्कृत भाषामा समेत लेखिएको त्रिपिटक तिब्बती भाषामा

अनुवाद गरी तिब्बतमा विकास भएको महायानी बुद्ध धर्मको सूत्रमा उल्लेख भए अनुसार बुद्ध दर्शनहरूलाई चराचुरुङ्गी लयायतका विश्वका सबै भाषामा अनुवाद गरी सर्वप्राणीको कल्याण र मोक्ष मार्ग दर्शाइ पुण्य लाभ गर्न सकिने कुरा बुद्ध भगवान स्वयंले बताउनु भएको छ।

पाली, संस्कृत र तिब्बती भाषामा रहेको बुद्ध दर्शन सबै नेपालीहरूले बुझ्न सजिलो होस् भन्ने हेतुले नेपाली भाषामा पूजापाठ र सूत्रहरूको टिका सहित सरलिकरण गर्ने खेन्पो बसन्त कुमार गुरुङ र कल्याणमित्र डीबी गुरुङको प्रयास सह्रायिन छ। वहाँहरूको सफलताको लागि शुभकामना दिन चाहन्छु।

२५६८औं बुद्ध जयन्तिको पावन अवसरमा देश र विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा बिडीएल प्रकाशन परिवारको सुस्वास्थ्य सुख, शान्ति, उत्तरोत्तर प्रगति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
भवतु सर्वमंगलम्। बुद्धम् शरणम् गच्छममि।

धुर्ब बहादुर गुरुङ
अ.प्रा. इन्सपेक्टर, सिङ्गाापुर पुलिस
अभियान्ता गुरुङ बुद्धिजम
२५६८औं बुद्ध जयन्ति।

# शुभकामना



बुद्धिजम डिजीटल लाइब्रेरीले प्रकाशन गर्न लागेको "दैनिक पूजा प्रार्थना" नामक पवित्र ग्रन्थले गुरुङहरूको जन्मदेखि मृत्युसम्मको जीवन संस्कारहरूलाई छोटो, मिठो र सजिलो तरिकाले सम्बोधन हुने कुरामा आशावादी छु। लेखन समूहलाई शुभकामना।

लमचिव राजबहादुर गुरुङ
प्रमुख लामा
कोने छ्योलिङ्ग गुम्बा
ख्होलसौँथर गाउँपालिका वडा नं. १, लमजुङ।

# विषयसूची


१. शुभ अष्ट मंगल वाचन (टशी ग्येपा) ....................... १

२. क्याप्डो (त्रिरत्नको शरण)................................ ६

३. गुरु, बुद्ध, धर्म र संघको वन्दना ............................ ७

४. त्रिरत्न वन्दना (त्रिरत्नलाई ढोग प्रणाम गर्ने) ............... ८

५. शरणागत ............................................... ९

६. लमी नलज्योर (गुरु प्रार्थना) ............................. १०

७. पञ्चशील ............................................... ११

८. अष्ट शील............................................... १२

९. क्यप्सेमक्ये (त्रिरत्नको शरणमा जाने र बोद्विचित्त उत्पाद गर्ने पाठ) ................................. १४

१०. चतुर्ब्रम्हाविहार वा सम्पुर्ण प्राणी प्रति असिम दया, प्रेम गर्ने पाठ (चेण्डेन) ............................. १५

११. च्येन्डेन (भगवान बुद्ध सपरिवारलाई आमन्त्रण गर्ने पाठ)........................................ १६

१२. पद्मासान ग्रहण ......................................... १७

१३. ठुसोल (भगवान् बुद्ध सपरिवारलाई स्नान अर्पण गर्ने पाठ ........................................... १८

१४. गो बुल्व (भगवान् बुद्ध सपरिवारलाई खदा चढाउने पाठ) ......................................... १९

१५. बुम्बाको पानी चढाउने ..................................... २०

१६. यन्लग् दून्पा (सप्ताङ्ग वन्दना) ............................ २१

१७. कोनछ्र्योग छोटीन..........................................२४
१८. मण्डलार्पण ..............................................२७
१९. धुप बत्ति चढाउने..........................................३०
२०. गुरु रिन्पोछे (गुरु पद्मसम्भवको सातहारि प्रार्थना) ..........३३
२१. आर्य त्रिस्कन्ध महायान सुत्र (पाप देशना) ................३४
२२. ओर्ग्यन पेद्मेय् ज्येद् पाइ साङ छ्र्युङ यिद् ..................४३
२३. स्थानिय देवतामा स्तुति गर्ने (युल ल्हा तोद्पा) ............५४
२४. अष्ट वर्ग अमृत विजहार (दे ग्यद सेर क्येम श्युग) .........५७
२५. आर्य अवलोकितेश्वरको भावना .........................६४
२६. लामा कुसुम सोल्देव (त्रिदेव रुपको प्रार्थना)...............७८
२७. वर्च्र्ये लाम्सेल (दोष विघ्न बाधाहरू हरण गर्ने पाठ) ......८०
२८. झ्याम याङ् तोड् पा घाङ् लो मा .........................८२
२९. सामान्य प्रतिदेशना .........................................८४
३०. एक्काईस आर्य तारा माँ स्तुति ............................८६
३१. तारा धारणी प्रार्थनाः.........................................९७
३२. शाक्यमुनि बुद्धको धारणी मन्त्रः............................९८
३३. अवलोकितेश्वरको धारणी मन्त्रः ...........................९८
३४. गुरु रिन्पोछेको धारणी मन्त्रः ..............................९९
३५. बज्रपाणीको धारणी मन्त्रः .................................९९
३६. बज्रसत्व धारणी मन्त्रः.......................................१००
३७. सर्वदुर्गति परिशोधन राज धारणीः ..........................१०१
३८. बज्र किलय धारणी मन्त्रः...................................१०१
३९. अवलोकितेश्वर धारणीः.....................................१०१
४०. अष्ट मंगल द्रव्यार्पणः .......................................१०२

४१. भद्रचरी प्राणिधान राज स्तोत्र (स्याङ्पो च्योद्पइ
मोनलाम् घ्यि ग्यालपो) ........................................१०६
४२. मार्मे मोन्लम (दीप प्रज्वालन) ..............................१३२
४३. भोजन अर्पण प्रार्थनाः ........................................१३६
४४. प्रज्ञापारमिता हृदय सूत्र ........................................१३८
४५. आर्य अपरिमित आयुर्ज्ञान नाम महायान सूत्र ..............१४३
४६. राबने (गुरु रिन्पोछेद्वारा रचित संक्षिप्त
प्राण प्रतिष्ठान पाठ)..............................................१६१
४७. सोल देव (सुखावती प्रणिधान) ...............................१६३
४८. टप्चे (रौं र टुप्पी काटी चक्र खोल्ने) ......................१६५
४९. ढुङ्सा मणि मोन्लमः (मृतकको नाममा
पाठ गर्ने मोन्लम) ...............................................१६७
५०. षट पारमिता (भ्किम्बा दान)...................................१७५
५१. उष्णीषविजया धारणी ..........................................१८०
५२. फोवा भनेको के हो ? ..........................................१८३
५३. फोवा साधना विधि (उत्क्रान्ती योग) ........................१८६
५४. फोवाको भावना गर्ने विधि (मिग्प साल दव्प) .............१८७
५५. अमिताभ बुद्धको भाव कल्पना गर्ने विधि
(होपाग्मे साल दब्य) ..........................................१८९
५६. फोवाको प्रार्थना गर्ने पाठ (फोवाही सोल्देब्नी) ...........१९१
५७. मुल विषयको अभ्यास (ङोशी ञ्यम् लेन्).................१९२
५८. सुखावती भुवनको संक्षिप्त सूत्र
(नाङ्वा थाये मोन्लम्) ........................................१९६
५९. षड अन्तराभव (व्हर्दो) को मूल पाठ ६ वटा
अन्तराभवको मूल श्लोक ......................................२०१

६०. अन्तराभव (व्हर्दो) को भयबाट तर्ने बुद्ध बोधिसत्वहरूको सहायताको लागि प्रणिधान ................................ २०३
६१. अन्तराभवको छोट्करी परिचय (सिठो ल्हाछो) ............ २०५
६२. मृत्युवासीहरूको संस्कारको सन्दर्भमा....................... २१२
६३. साङ्ग अथवा धूप धूंवार किन गर्छौ ?....................... २१४
६४. भगवान् बुद्धका उपदेशहरूः-................................ २१५
६५. आर्य अष्टाङ्गिक मार्ग .......................................... २१७
६६. भवचक्रको चिनारी (सिपाखार्लो)........................... २१९
६७. प्रतित्य समुत्पाद अर्थात् भवचक्रको बाह्र निदान ........... २२३
६८. पञ्च तत्व ............................................... २३८
६९. पञ्च इन्द्रीय .............................................. २३९
७०. अष्टमंगल (टाशी टाग्ये) ..................................... २४१
७१. लुङ्दर र धारच्च्योको महत्त्व (पञ्चरंगी मन्त्रमुक्त झण्डा)................................ २४५
७२. पाँच ध्यानी बुद्धका प्रतिक र चरित्रहरू ..................... २४७
७३. हिदम/धर्मपालहरूको चरित्रहरू ........................... २५१
७४. भगवान् बुद्धका धर्म विषय.................................. २५३
७५. चित्तोत्पाद शिक्षाको ज्ञान.................................... २५५
७६. बौद्ध कर्मकाण्डको संक्षिप्त जानकारी ....................... २५८
७७. सुर भनेको के हो र कसरी बनाउने.......................... २६५
७८. अध्यषणा प्रार्थना (मोन्लम्) .................................. २६६
७९. परिणामना (ङोवा)........................................... २६७
८०. लेखकको बंशावली............................................ २६९

## १. शुभ अष्ट मंगल वाचन (टशी ग्येपा)

ओं नङ्सी नम्दग् रङशिहन् ल्हुन् डुव्पी ।
टशी क्ष्योगच्युही शिहङ्न ज्हुग्प यी ।
सङ्ग्ये क्षो दङ् गेदुन् फाग्पी छोग् ।
कुन्ल क्ष्याग्छल् दच्यग् टशी श्योग् ॥१॥

ओम् संसार शुद्ध स्वयं सम्पन्न सिद्ध ।
मंगल दशौं दिशाका भुवनमा विराजमान ।
बुद्ध धर्म अनि आर्य संघ ।
सबैलाई प्रणाम छ, हाम्रो मंगल होस् ॥

डोन्मेही ग्यल्पो चल्तेन् दोन् ढुव गोङ् ।
ज्यम्पी ग्यन्पल् गेडग् पल् दम्प ।
कुन्ल गोङ्प ग्यक्षेर डक्पा च्यन् ।
ल्हुन्पो तर फग् चल्डग् पल् दङ्नी ॥२॥

प्रदिप राजस्थिर बिक्रमी अर्थ सिद्धि अभिप्रायक ।
मैत्री अलंकार श्री पुण्य बिख्यात सत्य श्री ।
सबैलाई सोच्ने बिस्तृत यशस्वी ।
सुमेरु जस्तै सर्बश्रेष्ठ प्रवल ख्यातिश्री ॥

सेमच्च्यन् थमच्च्य लगोङ् दग्पी पल् ।
यिछ्मि् जेप चलरब डग् पल् ते ।
छेन्चम् थेपी टशी पल्फेल् वा ।
देवर श्येग्पा ग्येला क्ष्यग्छालो ॥३॥

सर्व प्राणीलाई सोच्नु हुने ख्याति श्री ।
मनोकामना पूर्ण गरिदिने विक्रमी श्री ।
नाम मात्र सुन्नाले मंगल श्री वृद्धि हुने ।
अष्ट सुगतालाई प्रणाम छ ॥

ज्यम्पल् श्होन्नु पल्देन् दोर्जे जिन् ।
च्यन्न्यजिग् वङ् गोन्पो ज्यम्पी पल् ।
सयि ञ्यिङ्पो ङिब्प नम्पर सेल् ।
नाम्खही ञ्यिङ्पो फग्क्षोग् कुन्तु जङ् ॥४॥

कुमार भूत श्री मञ्जुघोष बज्र धार ।
लोकितेश्वरीन्द्र मैत्री नाथ श्री ।
क्षितिगर्भ, नीवरणष्किम्भिन् ।
आकाश गर्भ, आर्य श्रेष्ठ समन्त भद्र ॥

उत्पल दोर्जे प्यकर ल्वुशिङ् दङ ।
नोर्वु दावा रल्डी ञ्यिमा। यी ।
क्ष्यग्छेन् लेग्नम् टशी पलग्यी क्षोग् ।
ज्यङ्क्षुब् सेम्प ग्येल क्ष्यग्छालो ॥५॥

उत्पाल बज्र श्वेत पद्म नागवृक्ष अनि ।
मणि, चन्द्र, तरवार, सूर्यको,
हस्त लक्षण ग्रहण गर्नुहुने मंगल श्री को ।
श्रेष्ठ अष्टौ बोधिसत्वलाई प्रणाम छ ॥

रिन्क्ष्येन् दुग्क्ष्योग् टशी सेर्ग्यी ञ्या ।
दोज्युङ् वुम्जङ् यि वोङ् कमल ।
ङ्येन्डक् दुङ्दङ् फुन्छोग् पल्वेउ ।
मिनुब् ग्यल्छेन् वङ्ग्युर खोर्लो ते ॥६॥

छाताध्वोजा, मंगलमय स्वर्ण मत्श्य,
मनोकामना पूर्ति गर्ने भद्र कलश, आकर्षक कमल ।
कण ध्वनि, शंख अनि सम्पन्न श्री वतस ।
अस्त रहित ध्वजा, बसमागत चक्र (वशमा पार्ने चक्र) ॥

रिन्छेन् तग्छोग् ग्यक्यी क्ष्यग्छेन् च्येन् ।
क्षोग्दु ग्यल्व क्षोच्यिङ् ग्येक्येमा ।
ग्येक्सोग् डोवो डेन्पे पल्पेल् वी ।
टशी ल्हमो ग्येल क्ष्यग्छालो ॥७॥

मणिका श्रेष्ठ अष्ट चिन्हको हस्त वाला ।
सर्व बुद्ध पुजीत हर्ष देवी ।
श्रृंगार आदि स्मृति श्री वृद्धिका ।
मंगल अष्ट देवीलाई प्रणाम छ ॥

छङ्प क्षेन्पो देज्युङ् सेमे बु ।
मिग् तोङ् देन्दङ् ग्यल्पो युल्खोर सुङ् ।
फग् क्ये पो दङ् ल्वुवङ् मिग्मी जङ् ।
नम्थो स्रेते ल्हजे खोर्लो दङ् ।।८।।

महा ब्रम्हा सुख दायक वितृष्णा पुत्र ।
हज़ार नेत्रधारी महाराज देश रक्षक ।
बिरुडक अनि नागीन्द्र बिरुपाक्ष ।
कुबेर पुत्र देव बस्तु चक्र अनि ।।

त्रिशुला दङ् दुङ्थुङ् दोर्जे च्येन् ।
पिवाङ् रल्डी क्ष्येतेन् ग्यल्छेन् जिन् ।
ससुम् न्यसु। गेलेग् टशी पेल् ।
ज्यिग्तेन् क्योङव ग्येला क्ष्यग्छालो ।।९।।

त्रिशुल अनि लघु माला, बज्र वाला ।
टुङ्ना तरवार चैत्य, ध्वाजा धारी ।
त्रिभुवनमा भद्र पूण्य मंगल वृद्धि गर्ने ।
अष्टौ लोक पालहरूलाई प्रणाम छ ।।

दग्च्यग् देङ् दिर च्यवा चोम्प ला ।
गेग् दङ् ड्येवर छेवा कुन् शिहन्ये ।
दोदोन् पल्फेल् सम्देन् यिशिहन् डुब् ।
टशी देलेग् फुन्सुम् छोग्पर श्योग् ।।१०।।

हामीले आज यस स्थानमा प्रारम्भ गर्न गैरहेको कार्यहरू सर्व दोष बाधा बिघ्न शान्त भई इच्छार्थ इति श्री भई, मनोकामना सिद्ध होस् । मंगल, सुख, भद्र सम्पन्न होस् । शान्ति । शान्ति ।। शान्ति ।।

यो टशी ग्येपा (मङ्गलाष्टक) विभिन्न बुद्ध, बोधिसत्व, देव-डाकिनीहरू, बुद्धका विशेष स्थानहरू र माङ्गलिक चिन्हहरूको नाम लिँदै बोधिसत्वहरू प्रसन्न भई मंगल गरुन् भन्ने आशयको साथ यो मोलम जहिले पनि शुरुमा वाचन गर्नु पर्दछ। कुनैपनि कार्य प्रारम्भ गर्न लाग्दा काम सफल, सिद्ध र स्थिर होस् भन्ने भावनाले यो मंगल कामनाको पाठ गरिन्छ। (टशी ग्येपा)को अर्थ हुन्छ अष्ट मंगलमय शुभकामना । गाउँघर र देशमा स्वच्छ वातावरण बनाई राख्न सम्पूर्ण कर्म काण्डहरूको सफलता र घर, देवी देवताका मन्दिर, गुम्बाहरू निर्माण गर्दा अनि धार्मिक कार्यहरू सम्पन्न गर्दा यो मंगल शुभकामनाको पाठ गरिन्छ । यसैगरी कुनै काम प्रारम्भ गर्दा त्यो कामको सफलताको कामना राख्दै, घरमा धनजनको नोक्सान नहोस्, अनि गृहस्थी जीवन सुखी समृद्धि वा दिर्घायु रहुन भन्ने कामना लिएर यो पाठ गरिन्छ।

त्यसैले कुनैपनि कार्य, कर्महरू गर्दा यो मोलम् वाचन गर्नाले अद्‌भूत लाभ हुने छन् ।



## २. क्याप्डो (त्रिरत्नको शरण)

(१) साङ्गेला क्यापसु छिहो - म गुरु बुद्ध रत्नको शरणमा जान्छु।
(२) छ्योइला क्यापसु छिहो - म गुरु धर्म रत्नको शरणमा जान्छु।
(३) गेदुनला क्यापसु छिहो - म गुरु संघ रत्नको शरणमा जान्छु।

यो पाठलाई तीनपटक सम्म एकाग्रचित्त भई पाठ गरी ३, ७ वा २१ पटक ढोग गर्नुपर्दछ।

त्यसैगरि मलाई अनुकम्पा गर्नुहोस्, म फलाना नाम गरेको व्यक्ति आफ्नो (नाम थर भन्ने) म आजको दिनदेखि जीवन पर्यन्तसम्म, द्वीपदका मानिसहरू मध्यका श्रेष्ठ, भगवान् बुद्धको शरणमा जान्छु। यसैगरी सतधर्मको शरणमा जान्छु र सतसंघहरूको शरणमा जान्छु। त्रिरत्नको शरणमा जान स्वीकार गरेको उपासकको रुपमा, गुरुले अनुग्रहण गर्नुहोस्।

## ३. गुरु, बुद्ध, धर्म र संघको वन्दना

मा नामखादाङ ज्यामपही सेमचेन थामच्येगी
लामा साङ्गे छ्योइकी कुला क्यापसु छि हो
लामा लोङज्योई जोगपही कुलां क्यापसु छि हो
लामा थुजे टुल्पही कुला क्यापसु छि हो
लामा साङ्गे रिन्पोर्छेला क्यापसु छि हो ।

जहाँ सम्म पृथ्वी व्याप्त छ त्यहाँ सम्म सकल प्राणीहरू छन्, हामी सबै प्राणीहरू हौं । हामी सबै प्राणीहरू गुरु, बुद्ध, धर्म र संघको कायामा शरण पर्दछौं । सर्वज्ञ सिद्ध गुरुको कायामा शरण पर्दछौं । दया, करुणावान् टुल्कु गुरुको कायामा शरण पर्दछौं । महारत्न गुरु बुद्धको कायामा शरण पर्दछौं ।

## ४. त्रिरत्न वन्दना (त्रिरत्नलाई ढोग प्रणाम गर्ने)

कोन्छोग् सुमला छ्यागछल्लो,
नमो रत्न त्रयाय, नमो मञ्जु श्रीये,
नमो सुश्रीये, नमो उत्तम श्रीये स्वहा ॥

(तीन पटक ढोगेर घुँडा टेकी बुद्धको शरणमा जाने)

उक्त पाठलाई तीनपटक दोहोऱ्याएर पाठ गर्नुपर्दछ अनि गुरुले आफूलाई स्वीकार गरेको संकेत दिएपछि आफूलाई त्रिशरण गमन शील प्राप्त भएको मनन् गर्नुपर्दछ। कारण्य व्यूहसूत्रमा वर्णन गरेको अनुसार त्रिरत्न प्रति आस्था जगाउन चार विचारले गुरु, बुद्ध, धर्म र संघको शरण गमन गर्नुपर्दछ। जस्तै बुद्धलाई अनुभवी (आम्जी) वैद्यको रुपमा, धर्मलाई औषधिको रुपमा र संघलाई रोगीको सेवकको रुपमा, आफूलाई रोगी र औषधिरुपी धर्मको सेवन गरी त्यसबाट शीघ्र स्वास्थ्यलाभ गर्ने विचारले बुद्ध, धर्म र संघको शरणमा जानुपर्दछ।

## ५. शरणागत

लामाला क्याबसु छि हो - गुरुं शरणं गच्छामि ।
साङ्गेला क्याबसु छि हो - बुद्धं शरणं गच्छामि ।
छ्योईला क्याबसु छि हो - धर्मं शरणं गच्छामि ।
गेदुन्ला क्याबसु छि हो - संघं शरणं गच्छामि ।

गुरुको शरणमा जान्छु ।
बुद्धको शरणमा जान्छु ।
धर्मको शरणमा जान्छु ।
संघको शरणमा जान्छु ।

(तीन पटक वाचन गर्ने)

## ६. लमी नलज्योर (गुरु प्रार्थना)

पाल देन चा वइ लामा रिनपो छ्ये् ।
दाग् घि च्यिवोर पेद् माई देन् श्युग् ला ।
का ध्रिन छ्येनपोय् गो ने जेय् स्युङ् ते ।
कु सुङ् थुग् क्यिय् ङो डुब चाल धु सोल ।

श्री मान मूल गुरु रत्न ।
मेरो शीरमा कमलको माथि विराजमान हुनु भएर
महा दयाले अति ठूलो अनुग्रह गरी ।
काय वाक चित्तको सिद्धि प्रदान गर्नुहोस् ।

## ७. पञ्चशील

१. *देङ्ने सोग-च्योद मि-ज्या श्यिङ ।*
म आजदेखि प्राणी हत्या गर्दिन ।

२. *श्येन ग्यी नोर-याङ लङ्मि ज्या ।*
म अरुको सम्पति चोरी गर्दिन ।

३. *ठिग्पे छ्यो क्याङ मिच्योद चिङ ।*
म आजदेखि व्यभिचार, परपुरुष तथा परस्त्री माथि कुविचार गर्नेछैन ।

४. *ज्वीनग्यि छिगक्याङ मिम्रा हो ।*
म आजदेखि असत्य, झुटो कुरा गर्दिन ।

५. *क्योननि मङ्पो ञेर तन्पे, छ्याङनि योङ सु पङवर झ्या ।*
म आजदेखि मादक पदार्थ, मनलाई दुषित पार्ने जाँड, रक्सी र लागु पदार्थ सेवन गर्दिन ।

### पञ्चशील वन्दना

(क) प्राणातिपाता वेरमणि सिक्खापदं समादियामि ।

(ख) अदिन्नदाना वेरमणि सिक्खापदं समादियामि ।

(ग) कामेसुमिच्छचारा वेरमणि सिक्खापदं समादियामि ।

(घ) मुसावादा वेरमणि सिक्खापदं समादियामि ।

(ङ) सुरामेरय मज्जपमादटठाना वेरमणि सिक्खापदं समादियामि ।

यो शील पालन नगर्नु नै सम्पुर्ण दोष आपत्तिलाई निम्त्याउने कारण हो । समाजमा यस्तो नहोस् । सबैलाई शान्ति होस् भन्नको लागि बौद्धमार्गिहरू पञ्चशीलको नियममा बस्ने गर्दछन् ।

## ८. अष्ट शील

१) (हामीले कुनै पनि प्राणीहरूको हत्या हिंसा नगरौं)

म आज देखि कुनै पनि देवी देवताको नाममा भाकल गरी पशु पन्छिको प्राण हत्या अनि हिंसा अहित हुने काम गर्दिन।

२) (कसैले पनि चोरी नगरौं)

म आज देखि चोरी गर्ने र अनुमति बिना अरुको सामान लिने छैन।

३) (अरुको घरबार नबिगारौं)

म आज देखि व्यभिचार, परस्त्री र चेलीबेटी माथी कुविचार गर्दिन।

४) (हामी झुटो बोल्ने बानी त्यागौं)

म आज देखि असत्य र अरुलाई भ्रम पार्ने झुटो कुरा गर्दिन।

५) (नकारात्मक विचार त्यागी सकारात्मक बाटोमा लागौं)

म आज देखि मादक पदार्थ जाँड रक्सी, धुम्रपान र कुनै पनि दुर्व्यसनी लागु पदार्थ सेवन गर्ने छैन।

६)  (शील ग्रहण पश्चात)

म एक हात भन्दा माथी उच्च स्थान र कुनै पनि जनावरको छाला माथी बस्ने अनि सुत्ने छैन।

७)  (मध्यान्न पश्चात भोजन ग्रहण नगरौं)

म आज देखि मध्यान्न दिनको १२ बजे अगावै भोजन गर्नेछु। पेय पदार्थ सेवन गर्न बन्देज छैन।

८)  (फूलमाला, अत्तर र महंगा गरगहना प्रयोग नगरौं)

म आज देखि श्रृंगारका महंगा वस्तुहरू प्रयोग गर्दिन साथै नाच गानपनि गर्दिन।

## ९. क्यप्सेमक्ये (त्रिरत्नको शरणमा जाने र बोद्विचित्त उत्पाद गर्ने पाठ)

साङ्गे छ्र्यो दाङ छोगक्यी छ्र्योग नम्ला ।
झ्याङ्छ्र्युब भर्दु दाग्नी क्यप्सु छ्र्यी ।
दाग्गी ज्यिन्सोग् ग्यीपे सोनमक्यी ।
डोला फेन्छ्र्यीर साङ्ग्ये ढुव्पार श्योग् ॥

धग धाङ थाये सेम्च्येन् नम् ।
येन्ये साङ्ग्ये यिन्पला ।
यिन्पर श्येपी दाग ञीद दु ।
झ्याङ्छ्र्युब छ्र्योग तुस सेम्क्ये दो ॥

बुद्ध, धर्म अनि श्रेष्ठ संघहरूमा
बोधिज्ञान प्राप्त नभएसम्म तपाईको शरणमा जान्छु ।
मैले धर्म गरेको पुण्यफलले सर्वप्राणी उद्धारकों निमित्त
बुद्धत्व प्राप्त गर्ने कारण बन्न सकून् ॥

समस्त प्राणीहरू सबै नै
बास्तवमा बुद्ध नै हो ।
यो महायानको निम्ति हामी सदैव हृदयमा
श्रेष्ठ बोधिचित्त उत्पन्न गर्दैछौं ।

यो मनको चित्त उत्पाद गर्ने पाठ गरेपछि हाम्रो मन शुद्ध भई अरुको उद्धार गर्ने मन उत्पन्न हुन्छ । अर्थात् आफुमात्र नभई समस्त प्राणीहरू भवसागरको दुःखबाट उतार्नको लागी बुद्धत्व प्राप्त गर्छु भन्ने स्वच्छ विचारले प्रार्थना गर्ने पाठ ।

## १०. चतुर्ब्रम्हाविहार वा सम्पुर्ण प्राणी प्रति असिम दया, प्रेम गर्ने पाठ (चेण्डेन)

सेम्च्येन् थम्च्ये देवादङ् देवी ग्यु दङ् देन्पर ग्यूर च्यी ।
दुग्ङल् दङ् दुग्ङाल ग्यी ग्यु दङ् डालवार ग्युर च्यी ।
दुग्ङाल मेपी देवा दम्पा दङ् मीडल्वर ग्युर च्यी ।
ज्येरिङ् क्ष्यग् दङ्, ज्यिदङ् टाल्वी, तङ्ज्योम् छेमेपोला न्यपर ग्युर च्यी ॥

सबै प्राणीहरू सुख र सुखको कारणले युक्त होऊन् ।
सबै प्राणीहरू दुःखको कारणबाट मुक्त होऊन् ।
सबै प्राणी दुःख नभएको उत्तम सुखबाट विमुख न होऊन् ।
सबै प्राणी आफन्तलाई माया र अरुलाई रिस नगरी
अपार प्राणी प्रति समान (अप्रमान्य)मा स्थिर रहून् ॥

यो पाठ गरेपछि हाम्रो मनमा अरु प्रति असिम दया, प्रेम पैदाभै आनन्द र समानताको भावना प्रकट भई महानन्दको अनुभाव प्राप्त हुन्छ । अर्थात् सम्पूर्ण प्राणी प्रति मैत्रि र करुणाको भावना गरी समस्त प्राणीहरू खुशी र सुखी होस् । कुनै प्राणीहरू माथी पक्षपात र दुःख नहोस् । भनि गरिने प्रार्थना हो ।

## ११. च्येन्डेन (भगवान बुद्ध सपरिवारलाई आमन्त्रण गर्ने पाठ)

क्षोग्दु कुनन्ये क्यव्सुम् कदो च्ये ।
ञ्योन्मोङ् डोला ख्येन्चे रव्गोङ् ते ।
पग्मे श्यिङ्न्ये थोग्मे जुठुल ग्यी ।
दिर्श्येग् क्षोटिन् ग्याछोयी उज्युग् सोल ।
मली सेमच्येन् कुनग्यी गोनग्युर च्यिङ् ।
दुदे पूङ्च्ये मिशे ज्योम्जे ल्ह ।
डो नम् मालु ज्यिश्यिन् ख्येनग्युर पी ।
च्योम्देन् खोंच्ये न्यदिर श्येग्सु सोल ॥

सम्पूर्ण प्राणीहरूको नाथ हुनुभएका,
अक्षय मारको वर्ग समेत विध्वंस गर्ने देव,
सबै वस्तुको स्थिति यथावत् जान्नु हुने,
भगवान् सपरिवार यस स्थानमा पापल्नुहोस् ॥

यो पाठ गर्दा भगवान् बुद्ध सपरिवारलाई आमन्त्रण गरी स्वागत गरेको पुण्य फल प्राप्त हुन्छ । बिहानै उठी देवालय (क्षोखाङ्) सफा गरी (योनज्ये, साङ्, सेर्केम, क्षोप) चोखोपानी, फूलपाती, धुप, बत्ति, नैवेद चढाई सुगन्धित पारी स्वच्छ भावनाले यो पाठ गर्नुपर्दछ ।

## १२. पद्मासान ग्रहण

तोङ्सुम कुनधाङ ञ्याम्पा यी। पेमा दाबग्येद् ग्येसर च्ये।
धे श्यिङ याङ्पा बुल लाग ना।
च्यि दे वरनि श्युग् सु सोल।
पेमा कमलय तम्।

त्रीसहस्र लोक धातु सबै र त्यस्तै सरहको । केशर सहितको अष्टपटल पद्मको फूल । सुख दिने यो अति विपुल पूजा चढाउँछु। जसरी सजिलो हुन्छ सुखपूर्वक विराजमान हुनु होस्। कमल आसनमा।

## १३. ठुसोल (भगवान् बुद्ध सपरिवारलाई स्नान अर्पण गर्ने पाठ

ठुय क्यि खाङ्पा श्यिन्दु डी सीम्पा ।
श्येल् ग्यि सा श्यि साल श्यिङ छेरवा तर ।
रीनछेन बारवी का वा यिद् होङ देन ।
मुतिग होइ छ्याग ला रे डे पा देर ।
ज्यितर तामपा चाम गी नी
ल्हनाम कुन ग्यी ठुइसोल तर ।
ल्हा यी क्ष्युनी दागपा यी ।
धे श्यिन दागगी कुठुइ सोल ॥

दे श्यिन स्येग्पा नाम दाङ दे से ला ।
रिनछेन बुम्बा माङ्पो सोय क्यि छ्यु ।
हिद होङ लेगपर काङ्वा लु दाङ नी ।
रोलमोर च्ये पा दु मे कुठूई सोल ।
मन्त्र :- ॥ ओम् सर्व तथागत अभिषेकते समय श्री हुँ ॥

जसरी भगवान् बुद्ध जन्म लिनु हुँदा,
देवताहरूले स्नान अर्पण गरे झैं,
देवताको विशुद्ध (पवित्र) जलले
त्यसरी नै म पनि स्नान अर्पण गर्दछु ॥

यो पाठ गर्दा शुद्ध देव जलले भगवान् बुद्ध सपरिवारलाई स्नान गराएको पुण्य फल प्राप्त हुन्छ । यस अवसरमा जल छर्केर स्नान गरेको अभिनय पनि गर्नु पर्दछ ।

## १४. गो बुल्व (भगवान् बुद्ध सपरिवारलाई खदा चढाउने पाठ)

नाछोग वाङ्पोई स्युतर राबटावा ।
गङ्ला रेगना देवई ग्युर ग्युरवे ।
गोइसाङ रिनछेन् दागलो ज्याङछिर बुल ।
सोइपा दमपाई गोइकी ग्यन्पर स्योग ।
देदाग कुला हुङ्पा मेद पी गोय ।
चाङला डीरब गोय पे कु छि हो ।
ओम् हुङ टाम ह्री आ काया विशुद्धनय स्वहा ॥
दे ने दे ल खादोग लेग ग्युर वही ।
ना शा श्यिन्तु डी श्यिम दाम्पा बुल ।
गोए साङ सबला ज्याम्पा नाछोग धाङ् ।
ग्येन छ्योग ग्याठग दागक्याङ बुल वर ग्यि ।
॥ ओम् बज्र बस्त्रये हुँ स्वहा ॥

विभिन्न रंगले युक्त इन्द्रेणी सदृश्य अति चम्किलो ।
जहाँ श्पर्श गरिन्छ त्यहाँ सुख अनुभव हुने ।
रत्न जड़ित सुन्दर बस्त्र आफ्नो विवेक शुद्धि हेतु चढाइरहेछु ।
परम सहिष्णुताको बस्त्रले अलंकृत गरिरहेछु ।
॥ ओं बज्र बस्त्रये हुँ स्वहा ॥

यो पाठ गर्दा भगवान् बुद्ध सपरिवारलाई विभिन्न प्रकारका देव वस्त्र चढाएको पुण्य फल प्राप्त हुन्छ । यसबेला भगवान् बुद्धलाई देव वस्त्र (खदा) चढाई रहेको अभिनय पनि गर्नुपर्दछ ।

## १५. बुम्बाको पानी चढाउने

रिनछेन् जेपई टाशी बुम्पा दी ।
लाछोग् च्युइकी काङ्ते फूलवायी ।
लेदाङ् ञ्योमोङ् डीमा कुनज्याङ् ।
ज्याङ्छुब सेमकी लेनगी लेनपर स्योग ।
॥ ओं बज्र कलश आ हूँ ॥

रत्न मणिले जड़ित मंगल कलश यो। विभिन्न प्रकारका रसहरू भरेर चढाएकोले कर्म अनि क्लेशरुपी सर्व दुर्गन्ध शुद्धि भए । बोधिचित्तको परम ज्ञान प्राप्त गर्न सकोस् ।
॥ ओं बज्र कलश आ हूँ ॥

## १६. यन्लग् दून्पा (सप्ताङ्ग वन्दना)

ज्यिञ्ज्ये सु धाग क्षोगच्युई ज्यिग्तेन् ना ।
धुयसुम् श्येग्पा मियि सेङ्गे कुन् ।
दाग्गि मालुइ धेधाग् थामच्येद् ला ।
लुइ दाङ् ङाग् यिद धाङ्वे क्षाग् ग्यि हो ॥
क्ष्याग् छाल्वा दाङ् छ्योद् च्यिङ् श्याग् पा दाङ् ।
ज्येसु यिराङ् कुलश्यिङ् सोल्वा यी ।
गेवा च्युङ् स्हेद् दाग्घी चि साग् पा ।
थामच्येद् जोग्पइ ङ्याङ्छ्युब् क्षिर ङो हो ॥

दशै दिशाका सम्पूर्ण लोक धातुहरूमा ।
तीनै कालका जति पनि नरसिंहहरू (बुद्धहरू) छन् ।
ती सबै (तथागत)लाई काय, वाक् र
चित्तले प्रसन्न भइकन वन्दना गर्दछु ॥
यसरी वन्दना, पुजना, पाप देशना ।
पुण्यनुमोदना, अध्येषणा र याचना गरेर ।
मैले संचय गरेको जति पनि पुण्यहरू छन् ।
ती सबै बोधिको लागि परिणामना गर्दछु ॥

स्याङ्पो च्योद्पी मोनलाम् तोब् दाग् गी ।
ग्यालवा थामच्येद् यिद् क्यि ङोन् सुमदु ।
श्यिङ् गी दुल् ज्येद् लुइ राब तुद्पा यि ।
ग्यालवा कुनला राबतु क्षाग् छाल्लो ॥

भद्रचर्याको प्रणिधानको बलले । सबै बुद्धहरूमा मन फर्काएर । सबै क्षेत्रका परमाणु बराबरका कार्यहरूद्वारा । सबै बुद्धहरूलाई प्रणाम गर्दछु ।

दुलच्यिग तेङ्ना दुलञ्येद् साङ्ग्ये नाम् ।
साङ्ग्ये सेक्यि वुयना श्युग्पा दाग् ।
देतार छ्योय् क्यि यिङ् नाम मालुय् पा ।
थामच्येद् ग्यालवा दाग् ग्यि् घाङ वार मोय् ॥

बौद्ध क्षेत्रहरूको कणकणमा विराजमान बुद्धहरू । त्यस्तै बुद्धपुत्रहरूको बीचमा विराजमान । सम्पूर्ण धर्म धातुहरूमा भरिएका बुद्धहरूमा । कोही बाँकी नराखी म निश्चय गरी श्रद्धा गर्दछु ।

देदाग् ङाग्पा मिस्येद ग्य छो नाम् ।
याङ्क्यि यानलाग् ग्याछोइ डा कुन् ग्यि ।
ग्यालवा कुन् ग्यि योनतेन राब्ज्योद् च्यिङ् ।
देवार श्येगपा थामच्येद् दाग् ग्यि् तोद् ॥

अक्षय सागर समानको गुणहरूको प्रशंसा । सागर समान शब्दघोषको अंगहरूद्वारा । सकल बुद्धहरूको प्रशंसा गरी । सबै बुद्धहरूमा स्तुती गर्दछु ।

यो पाठ गर्दा भगवान् बुद्ध सपरिवार समक्ष (क्ष्याग्, ढोग, छोप) पूजा पाठ गरी आफूले पुर्व र यो जुनीमा साँचेको पापहरू कट्टी गर्न, अरुले धर्म गरेको देखेर, सुनेर, अभ्यास गरेर बुद्धको प्रतिनिधिको रुपमा विराजमान लामा गुरुलाई धर्म देशना, प्रवचन प्रदान गरी दिनुहोस् र पाइयोस् । यसरी परिणामना र प्रार्थना गरेको पुण्यफलले समस्त प्राणीहरूले सम्यक्सम्बुद्ध प्राप्त गर्न सकोस् ।

## १७. कोनछ्योग छोटीन

(देवताको थान अगाडी पूजा सामग्री चढाउँदा गरिने पाठ)

अर्घ्यं पाद्यम् पुष्पें धूपें आलोकें गन्धें नैवेधं शब्ताम्

नमो कोन्छोग समगी देनपे ज्यीनलब धाङ । साङ्गे धाङ ज्याङ्छुव सेमपा देनपे थुतोब ङावा नमकी थुग्जे नुइथु धाङ। दाग्गी देमोइ ल्हाग्सम नमपर दागपे थुतोब छ्योञी नमपर दाग्पे ज्यीनलव की । छ्योपे योज्ये जीतर शामशीङ फूलवा दिदाग छ्योनज्ये दु ज्येते । छ्योगचु रपज्याम की साङ्गे ज्याङ्सेम श्यीङ्खम रपज्याम नमखेइ थार तुग्सु ख्याबपे क्याबने कोनछोग थम्चे की च्यानङर छ्योयोन श्याबसील मेतोग दुग्पोइ मरमे डिछब श्यालसे रोलमो लासोगपा छोपे टिनफुङ ग्या छ्येश्यीङ ग्युन मीछेपा कुनतु ज्याङ्पोइ तीङडेजिन मोनलमले ज्युङवे छोपे टिनधाङ ञामपर ज्युङवर ग्युरचिग।

मुल मन्त्र

ओम् नमो भगवते बज्रसारप्रमर्दने तथागतयार्हते सम्यकसंबुद्धाय । तद्यथा ओम् बज्रे बज्रे महाबज्रे महातेजबज्रे महाविद्याबज्रे महाबोधिचित्तबज्रे महाबोधिमण्डोप संक्रमणबज्रे सर्वकर्मावरण विशोधन बज्रे स्वाहा ।।

(मन्त्र तीनपल्ट वाचन गर्ने)



सर्बप्रथम पूजा स्थानमा सप्त वेदि पूजा सामाग्री अर्पण गर्दा अर्घ्र्यं, पाद्यम्, पुष्पें, धूपें, आलोकें, गन्धें, नैवेद्यं र शब्दं १ २ ३ ४ ५ ६ ७ शंख/झ्याम्टा सात वटा वर्तन (कचौरा)मा पूजा सामाग्री सजाई भगवानहरूलाई अर्पण गर्ने ।

साधारणतया हामी सबै बौद्ध धर्मावलम्बीहरूको पूजा स्थान (व्छेसम)मा वा गुम्बामा पूजा अर्पण गर्दा यी ७ वटा वर्तनहरूमा पानी, चामल फूल, धूप र दिप आदि वस्तुहरू राखेको देखेका छौं । यी सातवटा स-साना भाँडाहरूले हाम्रो शरीरको सातवटा अंगहरूको प्रतिनिधि गरेको हुन्छ । यसको साथै पञ्च इन्द्रीयको पनि जस्तै नाक, कान, जिब्रो, आँखा र शरीर (काया) यसरी आफ्नो शरीरको अंगहरू पूजाको वेदीमा अर्पण गर्नुको अर्थ आफूसँग अन्तर्निहित रुपमा रहेको नकारात्मक प्रवृतिहरूलाई शुद्ध वा पवित्रकरण गर्नु पनि हो । यी स-साना भाँडाहरू राख्दा एकले अर्कोलाई छुवाउनु हुँदैन भन्ने मान्यता छ । प्रत्येक भाँडाको

विच खालीठाउँ गहुँको दाना बराबरको खालीठाउँ हुनु पर्दछ। यदि छुएको छ भने मानसिक रुपमा खिन्नता आउन सक्ने संकेत देखा पर्न सक्छ। साथै यी भाँडाहरूमा पानी हाल्ने क्रममा बोल्नु हुँदैन, बोल्दा जुठो परि प्रदूषण हुन्छ भन्ने अनुशासनिक नियम छ। पानी भर्दा पोखिएर जान पनि हुँदैन औ भाँडाको मुख भन्दा कम पनि हुनु हुँदैन। यदि कम भएको छ भने उन्नतिमा बाधा पर्ने संकेत दिन्छ भने पानी भर्दा पोखिएर गयो भने चारित्रिक विकारको संकेत मान्दछ।

यसरी वर्तनमा पीनी भर्ने क्रममा पहिलो भाँडामा भरेको पानी मुख शुद्ध गर्न र पिउन, दोस्त्रो भाँडामा भरेको पानी हात पाऊ धुनलाई, तेस्त्रो भाँडामा राखेको फूल आगन्तुक अतिथिको सत्कार, यदि स्त्री अतिथि हो भने शीरमा सजाउनका लागि, चौथो भाँडाको सुगन्धित धूपले मनलाई शान्त र आनन्दित पार्ने, पाँचौं भाँडाको बत्तीले दिव्य ज्ञान ज्योति प्रकासित गर्ने, छैंठौं भाँडाको गुलाब जलले मुहार र स्तन विशुद्ध गर्ने अनि सातौं भाँडाको नैवेद सम्मानित अतिथिका लागि भोजन हो भन्ने मान्यता राख्दछ।

यसलाई धर्मगुरु (लामा मेमेहरू)ले धर्मशास्त्रको भाषामा- अर्घयं, पाद्यम्, पुष्पें, धूपं, दिपं, गन्धें र नैवेद्यं भन्दछन् । साथै अन्तमा शब्द- (रोल्मो) पनि भन्दछन्। यहाँ पञ्च इन्द्रीयको रुपमा- रुप, शब्द, गन्ध, रस र स्पर्श पनि भन्दछन् । शब्द- आवाजको प्रतिकको रुपमा शंख या सानो झ्याम्टा (Cymbal) राखिन्छ।

## १८. मण्डलार्पण

(क) रत्न मण्डलार्पण (फूल अक्षेता चढाउने)

ओम् बज्र भूमि आः हुँ। शिय योङ् सु धाग् पा वाङ्। छ्येन् सेर ध्यि सा शिय। ओम् बज्र रेखे आः हुँ। क्षिइ च्याग् रि खोर युग धियू कोर वाई वुयू सु हुँ। रिइ ग्यल्पो रि राब्। श्यार लुयू फाग पो। ल्हो जाम्बु लिङ्। नुवा लाङ च्योद्। झ्याङ डा मि ञ्यान्। लुयू धाङ् लुयू फाग। ङा याब धाङ् ङा याव श्यान। धाङ् लाम छ्योग डो। डा मि ञ्यान धाङ्। डा मि ञ्यान ध्यि दा। रिन्पोछ्येइ रिबो। पाग साम् ग्यि शियङ्। दोद् ज्योइ वा। मा मोय पी लो थोग्। खोरलो रिन्पोछ्ये। नोर बु रिन्पोछ्ये। रिन्पोछ्ये। चुन् मो रिन्पोछ्ये। लोन पो रिन्पोछ्ये। लाङ् पो रिन्पोछ्ये। ता छ्योग रिन्पोछ्ये। माग पोन रिन्पोछ्ये। तेर छ्येन पोइ भुम्मा। गेग् मोमा। ठेङ वामा। लुमा। गारमा। मे तोग्मा। दुग पोयमा। मारमेमा। डि छ्याब्मा। ञ्यिमा। दा वा। रिन्पोछ्ये दुग्। क्षोग् लेयू नाम पर ग्याल वी ग्याल छेन्। ल्हा धाङ् मिइ पाल ज्योर फुन सुम् छोग् पामा छाङ्वा मेद् पा दि ञ्यिद, दिन् च्येन् चा वा धाङ् ग्युद् पार च्येयू पी पाल देन लामा धाम् पा नाम् दाङ् यि दाम क्यिल खोर ग्यि ल्हा छोग् साङ्ग्ये दाङ् ज्याङ छुब सेमपा दामपा छ्योयू क्योङ्वोइ सुङ्मा नोद् ज्यिन नोर ल्हाइ छोग दाङ च्येपा नम्ला वार ग्यि हो। थुग् ज्ये डो वाइ दोन् दु श्येयू सु सोल। श्येने दाग गि ग्युद्ला सोद नम दाङ यि श्ये क्यि छोग ञ्ही योङ सु जोगपर ज्यीन ग्यि लब्तु सोल।

(ख) संक्षिप्तमा मण्डलार्पण

सा शिय पोय छ्र्युयु् झ्युग शियङ् मे तोग टाम ।
रि राब लिङ शिय ञ्यि देयु् ग्येन पा दि ।
साङ् ग्यय् शियङ् दु मिग् ते वुल वर ग्यि ।
डो कुन नाम दाग् शियङ् ला च्योद पार श्योग ।
टाम गुरु रत्न मण्डल पूजा मेघ समुन्द्र स्फरण समय आ हुँ ।

(क) मण्डलार्पण (मेण्डल)

ॐ वज्रभूमे आः हुं ।

आधारमा अत्यन्त शुद्ध र महान् बलियो सुवर्णमय आधार भूमि ।

ॐ वज्ररेखे आः हुं । बाहिर फलामको पर्वतवाला चक्रवालहरूले घेरिएको र त्यसको केन्द्रमा हुं । गिरिराज सुमेरु । पूर्वको विदेह । दक्षिणको जम्बुद्वीप । पश्र्चिमको अपरगोदानीय । उत्तरको कुरुद्वीप । देह र विदेह । चामर र अपर चामर, शठोत्तर मन्त्रिणौ । कुरव र कौरवौ । रत्नपर्वत । कल्पवृक्ष । कामधेनु गाई । नजोती फलेको अन्न (नाबो) । चक्र रत्न । मणिरत्न । रानीरत्न । मन्त्री (अमात्य) रत्न । हात्तीरत्न । घोडारत्न । सेनापतिरत्न । महानिधिकलश । हास्य देवी । माल्या देवी । गीति देवी । नृत्य देवी । धूपे देवी । पुष्पे देवी । दीपा देवी । गन्धे देवी । सुर्य । चन्द्र । रत्नछत्तरी । दश दिक विजय ध्वजा । यस्ता देवताका र मनुष्यका श्रीसम्पत्ति र सम्पन्नताहरू सबै बाँकी नराखी-महाकरुणामय मूल सद्गुरु र परम्पराका गुरूहरूलाई, इष्टदेव मण्डलका देवगणहरू, बुद्ध, बोधिसत्वहरूलाई, सद्धर्मपालहरूलाई, यक्ष र धनदेव गणहरूलाई चढाउँछु । करुणाले सत्वहरूको हितको निमित्त यी लिनुहोस्, लिएर

अधिष्ठान गर्नुहोस् । मेरो चित्तसन्तानमा पुण्यसम्भार र ज्ञानसम्भार पुरा गर्ने अधिष्ठान दिनुहोस् । सम्पूणर् दुईथरी आवरणहरूलाई वासनासहित शोधन गर्ने अधिष्ठान दिनुहोस् दुई क्रमहरूको विशिष्ट समाधिचित्त पैदा हुनको लागि अधिष्ठान दिनुहोस् । उत्तम दुईकायको पद (बुद्धपद) प्राप्ति निमित्त अधिष्ठान दिनुहोस् ॥

(ख) मण्डलार्पण (छोटो)

सुगन्धित जलले पवित्र पारिएको र पुष्पहरूले सजाइएको यो भूमि, सुमेरु, चार द्वार, सूर्य र चन्द्रहरूले विभूषित पारिएको छ । यसलाई बुद्धक्षेत्र नै सम्झेर म चढाउँछु, जसले गर्दा सम्पूर्ण सत्वहरू शुद्धक्षेत्रमा रमाऊन् यो गुरुरत्नमण्डललाई चढाउँछु । टाम गुरु रत्न मण्डल पूजा मेघ समुन्द्र स्फरण समय आ हुँ ।

यो पाठ गरी मण्डल चढाउँदा त्रिभुवनमा रहेका देव, मनुष्य र नागका मूल्यवान मणि, दान द्रव्यहरू एउटा पनि बाँकी नराखी सबै एकमुष्ट पारी बुद्ध सपरिवारलाई चढाएको पुण्यफल प्राप्त हुन्छ। सो गर्नाले हामीमा भएका अहम् र तृष्णाहरू कमभै धार्मिक मार्गमा मन लागी भक्ति र करुणा उत्पाद हुन्छ। लामा गुरुको आज्ञानुसार विधि पुर्वक अभिनय गरेर मण्डल चढाउनु पर्दछ। भोट भाषाबाट नेपाली भाषामा लोचावा पुण्य प्रसाद पराजुलीले अनुवाद गरी संस्कृतमा बुद्ध वज्रले अनुवाद गर्नुभएको हो ।

## १९. धुप बत्ति चढाउने

मेतोग् दामपा ठेङ्वा दाम पा दाङ् ।
सिल् ञ्येन नाम दाङ् ज्युगपा दुग् छ्योग् दाङ् ॥
मार् मे छ्योग् दाङ् दुगपोय् दामपा यिय् ।
ग्यालवा देदाग् लानि छ्योद् पार ग्यि ॥

उत्तम पूष्प तथा उत्तम माला । उत्तम बाद्य बिलेपना छत्र । उत्तम दीप र धुपद्वारा । वहाँका तथागतहरूमा म पूजा चढाउँछु ।

नास्य दामपा नाम् दाङ् डि छ्योग् दाङ् ।
क्षेमाइ फुरमा रिराब् ञ्याम् पा दाङ् ॥
कोद्पा ख्येद्पार फागपी छ्योगकुन् ग्यि ।
ग्याल्वा देदाग् लानि छ्योद्पारग्यि ॥

त्यस्तै उत्तम वस्त्र उत्तम सुगन्ध । अबिर तथा अरु सुमेरु समान सम्पूर्ण विशिष्ट । उत्तम वस्तुहरूको समूहद्वारा । ती तथागतहरूमा पूजा चढाउँछु ।

छ्योद्पा घाङ् नाम् लामेद् ग्या छ्ये वा ।
देदाग् ग्यालवा थामच्च्येद् लायाङ् मोए ॥
साङ्पो च्योद्ला धेद्पी तोब् दाग् ग्यि ।
ग्याल वा कुनला क्षागछाल छ्योद्पार ग्यि ॥

जति पनि अनुत्तर र विशाल पूजाहरू छन् । ती सबै बुद्धहरूलाई मनले चढाउँछु । भद्रचर्यामा श्रद्धा गरेको भावनाको बलले । सम्पूर्ण बुद्धहरूलाई बन्दना र पूजा गर्दछु ।

दोद् छ्याग् श्ये दाङ् तिमुग् वाङ्यि् नि ।
लुय् दाङ् ङाग् दाङ् देश्यिन यिद् क्यिय् क्याङ् ॥
दिगपा दागगि ग्यिपा चि छि पा ।
दे दाग् थामच्च्येद् दाग गिय् सो सोर श्याग् ।

राग, द्वेष र मोहको वसमा परी । काय, वाक र त्यसरी नै चित्तद्वारा । मैले जति पनि पाप गरेको हुँला । ती सबै पापहरूलाई प्रतिदेशना गर्दछु ।

छ्योग् च्युइ ग्यालवा कुन् दाङ् साङ् ग्यय् सेय् ।
राङ्याल नाम् दाङ् लोब् दाङ् मिलोब् दाङ् ॥
डोवा कुनग्यि सोद् नाम् गाङ् ला याङ् ।
देदाग् कुनग्यि ज्येसु दाग् यि राङ् ॥

दशै दिशाका सम्पूर्ण बुद्ध र बोधिसत्वहरू । प्रत्येक बुद्ध तथा शैक्ष अशैक्ष तथा । जगत प्राणीको जे जति पुण्य कार्यहरू छन् । ती सबै पुण्यहरूको म अनुमोदन र प्रशंसा गर्दछु ।

गाङ् नाम् छ्योगच्च्युइ जिगतेन डोनमा दाग ।
झ्याङ्छ्युब रिम पार साङ्येमा छ्याग् ज्ये ॥
गोनपो देदाग् दागगि थामच्च्येद् ला ।
खोरलो लाना मेद्पार कोर वार कुल ॥

लोकप्रदीपमा हुनुभएका दशै दिशाका जति पनि बुद्धहरू छन् । क्रमानुसारले बोधि ज्ञान प्राप्त गरी असँगी भएका । ती सबै बुद्धहरूलाई म धर्मचक्र प्रवर्तन गर्नुहोस् भनी अध्येषणा (प्रार्थना) गर्दछु ।

ञ्या ङन् दा तोन गाङ् श्येद् दे दाग् ला ।
डोवा कुनला फेन् शिङ् दे वइ क्षिर ॥
काल पा श्यिङ् गि दुल् ञ्येद् श्युग् पार याङ् ।
दाग् ग्यिय् थाल मो राब् ज्यार सोलवार ग्यि ॥

निर्वाण हुन चाहने जति पनि तथागतहरू छन् । सम्पूर्ण प्राणीहरूको हित सुखको निमित्त । सबै क्षेत्रका रज समान कल्पहरूसम्म विराज हुनु होस् भनी । वहाँकाहरूलाई हात जोडी मैले याचना गर्दछु ।

क्षाग् छाल् वा दाङ् छ्योद् चिङ् श्याग् पा दाङ् ।
ज्येसु यिराङ् कुलश्यिङ् सोल्वा यि ॥
गेवा च्युङ् स्येद् दागगिय् च्यि साग्पा ।
थामच्येद् जोगपइ् झ्याङ् छ्युब क्षिर ङो हो ॥

यसरी बन्दना पुजन पापदेशना । पुण्य अनुमोदना, अध्येषणा र याचना गरेर । मैले संचय गरेको जति पुण्यहरू छन् । ती सबै सम्बोधिको लागि परिणामना गर्दछु ।

## २०. गुरु रिन्पोछे (गुरु पद्मसम्भवको सातहारि प्रार्थना)

हूँः ओर्ग्यन् यूलग्यी नुव् ज्यङ् छाम् ।
पेमा गेसर दोङ्पो ला ।
या, छेन् छोगघी ङोदुव् ञ्ये ।
पेमा ज्युङ्ने श्येसु डग् ।
खोर्घु खँढो माङ्पो कोर ।
ख्येक्यी ज्येसु दाग् ढुव् क्यी ।
ज्यिन्गी लोव् क्षियर श्येसु सोल ।
॥ गुरु पेम सिद्धि हूँ ॥

हूँः ओडियान शहरको वायव्य कोणमा,
पद्म केशरको कमल वृक्षमा,
आश्चर्य जनक परम सिद्धि प्राप्त,
पद्म सम्भव नामले प्रख्यात भएको,
डाकिनी शिष्य परिवारहरूले घेरिएको,
म पनि हजुरको अनुशरण गर्छु ।
आशिर्वाद दिन यहाँ पाल्नुहोस् ।
॥ गुरु पद्म सिद्धि हूँ ॥

यो पाठ वाचन गरी गुरु रिन्पोछेलाई आफूले प्रबन्ध गरेको पूजामा विनम्रता पुर्वक आमन्त्रण गरी स्वागत गरिन्छ । श्रद्धा भावले तीन पटक पाठ वाचन गरी आव्हान गरेमा, त्यस ठाउँमा गुरु रिन्पोछे अवश्य पाल्नु हुने छ भनि गुरु रिन्पोछेले वचन दिनु भएको छ ।

# २१. आर्य त्रिस्कन्ध महायान सुत्र (पाप देशना)

(फाग् पा फुङ् पो सुम् पइ दो)

सेमच्यन थामच्यद् धुय् ताग् तु लामा ला क्याब् सुम् छ्यि ओ।
साङ्ग्ये ला क्याब् सुम् छ्यि ओ।
छ्योय् ला क्याब् सुम् छ्यि ओ।
गेदुन ला क्याब् सुम् छ्यि ओ॥

म (आफ्नो नाम भन्ने) सदाकालको लागि गुरुको शरणमा जान्छु। बुद्धको शरणमा जान्छु। धर्मको शरणमा जान्छु। संघको शरणमा जान्छु॥

तोन् पा च्योम् देन दे धे श्यिेन शेग् पा द्रा च्योम पा याङ् धाग् पार जोग् पइ साङ् ग्यय् पाल ग्याल वा शाक्य थुब् पा ला क्षाग छाल् लो॥ धे श्यिन् शेग् पा दोर्ज्ये ञ्यिङ् पोय् राब् तु ज्योम् पा ला क्षाग छाल् लो॥

नमो भगवते परमगुरुवे महाकारुणिकाय शाक्यमुनये तथागतायार्हते सम्यक्सम्बुद्धाय। नमो वज्रगर्भ प्रमर्दिने तथागताय।

धे श्यिन् शेग् पा रिन छ्र्येन् होद् ठ्रो ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा लु वाङ् घ्यि ग्याल् पो ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा पावोइ देला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा पाल ग्येय् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा रिन् छ्र्येन् मे ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा रिन्छ्र्येन् दा होद् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा थोङ् वा धोन् योद् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा रिन् छ्र्येन् दा वा ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा ध्रिमा मेद् पा ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा पाल झ्यिन् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा छाङ् पा ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा छाङ् पेय् झ्यिन् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा छ्र्यु ल्हा ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा छ्र्यु ल्हाई ल्हा ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा पाल स्हाङ् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा चन् दन पाल् ला क्षाग् छाल् लो ॥

नमो रत्नार्चिषे तथागताय, नमो नागेश्वरराजाय तथागताय, नमो वीरसेनाय तथागताय, नमो श्रीनन्दिने तथागताय, नमो रत्नाग्नेय तथागताय, नमो रत्नचन्द्रप्रभाय तथागताय, नमो अमोधदर्शिने तथागताय, नमो रत्नचन्द्राय तथागताय, नमो निर्मलाय तथागताय, नमो श्रीदत्ताय तथागतय, नमो ब्रह्मणे तथागताय, नमो ब्रह्मदत्ताय

तथागताय, नमो वरुणाय तथागताय, नमो वरुणदेवाय तथागताय, नमो भद्रश्रीय तथागताय, नमश्चन्दनश्रीये तथागताय ।

धे श्यिन् शेग् पा स्यि ज्यिद् था यय् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा होद् पाल् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा न्या ङन् मेद् पइ पा ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा स्रेद् मेद् क्यि भु ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा मेतोग् पाल् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा छाङ् पइ होद् स्येर नाम् पार रोल पेय् ङोन् पार ख्येन् पा ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा पेद् माई होद् स्येर नाम् पार रोल पेय् ङोन् पार ख्येन् पा ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा नोर पाल ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा ध्रेन् पइ पाल् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा छन् पाल शिन् तु योङ् ढ्राग् ला क्षाग् छाललो ॥
धे श्यिन् शेग् पा वाङ् पोइ तोग् घि ग्याल छेन् ग्यि ग्याल पो ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा शिन् तु नाम् पार नोन पाई पाल ला क्षाग् छाल् लो ॥

धे श्यिन् शेग् पा युल लेय् शिन् तु नाम् पार पाल् ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा नाम् पार नोन् पेय् शेग् पाइ पाल ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा कुन् नेय् नाङ् वा कोद् पइ पाल ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा रिन् छ्येन् पेद् मो नाम् पार् नोन् पा ला क्षाग् छाल् लो ॥
धे श्यिन् शेग् पा ड्रा च्योम् पा याङ् धाग् पार जोग् पइ साङ् ग्यय् रिन् पो छ्ये धाङ् पेद् माइ देन् ला राब् तु श्युग् पा रि वाङ् घि ग्याल पो ला क्षाग् छाल् लो ॥

नमो अनन्तेजाये तथागताय, नमः प्रभासश्रीय तथागताय, नमो अशोक श्रीय तथागताय, नमो नारायणाय तथागताय, नमो कुसुमश्रीय तथागताय, नमो ब्रह्मज्योतिर्विक्रीडिताभिज्ञाय तथागताय । नमो पद्मज्योतिर्विक्रीडिताभिज्ञाय तथागताय ।

नमो धनश्रीय तथागताय, नमः स्मृतिश्रीय तथागताय, नमो सुपरिकीर्तितनामधेयश्रीय तथागताय, नमः इन्द्रकेतु - ध्वजराजाय तथागताय, नमः सुविक्रान्तश्रीय तथागताय ।

नमो विक्रान्तगामिन तथागताय, नमो समन्तावभासव्यूहश्री तथागताय, नमो रत्नपद्मविक्रामिणे तथागताय, नमो रत्नपद्मसुप्रतिष्ठित शैलेन्द्रराजाय तथागतायार्हते सम्यक्सम्बुद्धाय ।

धे धाग् ला सोग् पा क्षोग् च्युइ ज्यिग् तेन् घ्यि खाम् थामच्च्यद्
ना धे श्यिन् शेग् पा ड्रा च्योम् पा याङ् धाग् पार जोग् पइ साङ्
ग्यु् च्योम दन् देय् घाङ् झ्यि ज्येद् च्यिग श्युग ते छो श्यिङ्
श्येय् पइ साङ् ग्येय् च्योम् देन् देय् धे धाग् थामच्च्यद्
दाग ला गोङ् सु सोल। दाग् घिय् क्ये वा दि धाङ् क्ये वा थोग्मा धाङ्
था मा मा छ्यिय् पा नेय् खोर वा ना खोर् वइ क्ये ने थामच्च्यद्
धु दिग् पइ लेय् ग्यिय् पा धाङ्। ग्यिद् धु चाल् वा धाङ्।
ग्यिय् पा ला जेय् सु यि राङ् वाहाम्। छ्योद् तेन घ्यि कोर राम।

गेदुन् घ्यि कोर राम्। क्षोग् च्युइ गेदुन् घ्यि कोर ठ्रोग् पा धाङ्। ठ्रोग् तु चाल वा धाङ्। ठ्रोग् पा ला जेय् सु यि राङ् वाहाम्। छाम्मा छ्यिय पा डाइ लेय् ग्यिय् पा धाङ्। ग्यिद् धु चाल् वा धाङ्। ग्यिय् पा ला जेय् सु यि राङ् वाहाम्। मि गेवा च्युइ ले क्यि लाम् याङ् धाग् पार लाङ् वा ला श्युग् पा धाङ्। ज्युग् तु चाल वा धाङ्। ज्युग् पा ला ज्येय् सु यि राङ् वाहाम्। लेय् क्यि ड्रिब पा धाङ् घि ड्रिब नेय् दाग सेम् च्यन् न्याल

वार छ्यिवाहाम् ।

धुद् ड्रोइ क्ये सु छ्यि् वाहाम् । यि धाग क्यि युल धु छ्यि वाहाम् । युल था खोब् तु क्ये वाहाम् । ला लोर क्ये वाहाम् ।

ल्हा छे रिङ् पो नाम् सु क्ये वाहाम् । वाङ् पोमा छाङ् वार ग्युर वाहाम् । तावा लोग् पार जिन् पार ग्युर वाहाम् । साङ् ग्येय् ज्युङ् वा ला ञ्येय् पार मि ग्यिद् पार ग्युर वइ लेय् क्यि ड्रिब् पा धाङ् लाग् पा धे धाग् थामच्यद् साङ् ग्येय् च्योम् देन दे ये श्ये् सु घ्युर पा । च्यन् धु घ्युर पा । पाङ् धु घ्युर पा । छेद् मार घ्युर पा । ख्येन् पेय् स्यिग् पा धे धाग् घि च्यन् ङार थोल लो । श्याग् सो । मि छ्याब् बो । मि वेद् धो । लेन् छ्यद् क्याङ् च्योद च्यिङ् दोम् पार ग्यिद् लाग् सो ।

यस प्रकार तपाई लगायतका दशै दिशाका सबै लोकधातुहरूमा जतिपनि तथागत, अर्हन् र सम्यक्सम्बुद्धहरू रहन्छन, धारण गर्छन् रबिताउंछन, ती सबै बुद्ध भगवानहरूले मलाई हेरुन् । जुन मैले यो जुनीमा वा अनन्त अघिल्ला जुनीहरूमा जाति संसारमा घुम्दा पाप कर्म गरेको वा गर्न लगाएको वा गरेको अनुमोदन गरेको हुंला, स्तूपको वा संघको धन चोरेको हुंला, चोर्न लगाएको चोरेकोमा अनुमोदन गरेको हुंला, पञ्च अनन्तर्य कर्म गरेको, गराएको वा गरेको अनुमोदन गरेको हुंला, दश् अकुशल कर्मपथहरूमा लागेको अरुलाई लगाएको वा लागेको अनुमोदन

गरेको हुंला, जुन यी कर्मका आवरणले ढाकिएको छँदो मलाई नरकमा जानु पर्ला वा तिर्यग्लोकमा जानुपर्ला वा यमलोकमा जानुपर्ला वा विकट स्थानमा या म्लेच्छहरूकहाँ जन्मिनुपर्ला वा दिर्घजीवी देवताकहाँ जन्मिनुपर्ला वा अपाङ्ग हुनुपर्ला वा मिथ्यादृष्टि होला वा बुद्ध भएको विराग गर्ने होउंला, ती सबै कर्मावरणहरूलाई प्रज्ञावान, साक्षी भएका, प्रमाण भएका जान्ने र देख्ने ती बुद्ध भगवानहरूका अगाडि प्रतिदेशना गर्दछु, प्रकाश गर्दछु, लुकाउन्न र अब उप्रान्तको लागि संवर लिन्छु ।

साङ् ग्येय् च्योम् देन् दे धे धाग् थाम् च्यद् दाग ला गोङ् सु सोल । दाग् घि क्ये वा दि धाङ् । क्ये वा थोग्मा धाङ् थामा मा छ्यिय् पा नेय् खोर वा ना खोर वाइ क्ये ने श्यन् धाग् तु ज्यिन पा था ना दुद् ड्रोइ क्ये ने सु क्येय् पा ला स्यय् खाम् च्यिग् चाम् चाल वइ गे वइ चा वा धाङ् लाग् पा धाङ् । दाग् घिय् छुल ठ्रिम् स्रुङपइ गे वाइ चावा धाङ् लाग् पा धाङ् । दाग् घिय छाङ् पार च्योद् पाला ने पइ गे वाइ चा वा धाङ् लाग् पा धाङ् । दाग् घिय् सेम् च्यन् योङ् सु मिन् पार ग्यिय् पइ गे वाइ चा वा धाङ् लाग् पा धाङ् ।
दाग् घिय् झ्याङ् छ्युब् छ्योग् तु सेम् क्येद् पइ गे वाइ चा वा धाङ् लाग् पा धाङ् । दाग् घिय् लाना मेद् पइ ये शेय् क्यि गे वाइ चा वा धाङ् लाग् पा धे धाग् थामच्यद् च्यिग् तु दुय् शिङ् दुम् ते दोम नेय् लामा नामा छ्यिय् पा धाङ् । घोङ् नामा छ्यि् पा धाङ् । घोङ् माइ याङ घोङ्मा । लामाइ याङ् लामार योङ् सु ङो वय् ला ना

मेद् पा याङ् धाग् पार जोग् पाइ झ्याङ् छ्यूब तु योङ् सु ङो वार ग्यि हो । झ्यि तार दे पई साङ् ग्यय् च्योम् देन् दे नाम् क्यि योङ् सु ङोय् पा धाङ् । झ्यि तारमा झ्योन् पइ साङ् ग्यय् च्योम् देन दे नाम् क्यिय् योङ् सु ङो वार घ्युर वा धाङ् । झ्यितार धातार श्युग् पाइ साङ् ग्यय् च्योम् देन दे नाम क्यिय् योङ् सु ङो वार जेद् पा धे श्यिन् धु दाग घिय क्याङ् योङ् सु ङो वार ग्यि ओ । दिग् पा थामच्च्यद् नि सो सोर श्याग सो । सोद् नाम् थामच्च्यद् ला नि ज्ये सु यि राङ् ङो । साङ् ग्यय् थामच्च्यद् ला नि कुल शिङ् सोल वा देव् सो । दाग् घिय् ला ना मेद् पाई ये शेय् क्यि छ्योग् धाम् पा थोब् पार घ्युर च्यिग् ।

मि छ्योग् ग्याल वा घाङ् धाङ् धा तार श्युग् पा धाङ् ।
घाङ् धाग् देय् पा धाग् धाङ् धे श्यिन् घाङ्मा झ्योन् ।
योन् तेन् ङाग् पा था यय् ग्या छो द्रा कुन ला ।
थाल मो ज्यार वार ग्यिय् ते क्याब् सु ज्ये वार छ्यि हो ।
(फाग्पा फुङ्सो सुम् पा श्येय् झ्या वा थेग् पा छ्येन् पोई दो जोग्स सो)

सम्पूर्ण तथागतहरू, मलाई हेर्नुहोस् कि जुन म आदि अन्तरहित जाति संसारमा घुम्दा यो जुनीमा होस् वा अघिल्ला जुनीमा मैले दान दिएको भए, पशुपञ्छीलाई मुष्टिदान गरेको भए, शील पालन गरेको भए, ब्रह्मचर्यवासको कुशलमूल भए, सत्वपरिपाकको कुशलमूल भए, बोधिचित्तको कुशलमूल भए, अनुत्तर ज्ञान प्राप्त गरेको

कुशलमूल भए ती सबैलाई एकीकृत गरी तौली, संक्षेप गरी अनुत्तर सम्यक् सम्बोधिमा उत्तरोत्तर परिणामनाद्वारा, जसरी अतीतका बुद्ध भगवानहरूले परिणामना गरे, पछिका बुद्ध भगवानहरू ले परिणामना गर्नेछन्, अहिले दशै दिशामा उत्पन्न भएका बुद्ध भगवानहरूले परिणामना गर्दछन् त्यसरी म पनि परिणामना गर्दछु । सम्पूर्ण पापको प्रतिदेशना गर्दछु । सम्पूर्ण पुण्यको अनुमोदन गर्दछु । सबै बुद्धहरूलाई अध्येषणा गर्दछु । मलाई अनुत्तर ज्ञान होस् ।

जो बितेका, न आएकै, जो छन् ऐले नरोत्तम घुम्छन् जगतभरि गरुं भनि सत्वको हित । पापी म छु अब मलाई सधैं ती शूर रक्षा गरुन् शरण छु बहुबोधिसत्व ॥

(आर्य त्रिस्कन्ध नाम महायान सूत्र समाप्त भयो)

यसको अर्को नाम उपालिपरिपृच्छा सूत्र पनि हो । उपालिलाई भगवान बुद्धले सामान्य दश अकुशलहरूको पापदेशना गर्ने तरीकाको उपदेश गर्नुभए अनुसार यो सूत्र प्रचलित भएको हो । यसमा ३५ बुद्धहरूलाई वन्दना गर्दै आफ्ना अहिलेसम्म जम्मा पारिएका पाप कर्महरूलाई प्रकट गरेर देशना गर्ने र फेरि त्यस्ता कर्महरू नगर्ने संवर लिने विधि हो । यसलाई सबै बोधिसत्व- मार्गीहरूले नियमित रुपमा पाठ गर्नु भनेर आर्य शान्तिदेवले बोधिचर्यावतारमा बताउनुभएको छ । त्यसैले यो चार बलहरूले युक्त प्रायश्चित विधि (पापशोधन विधि) को दैनिक अभ्यास गर्नुपर्छ ।

## २२. ओर्ग्यन पेद्मेय् ज्येद् पाइ साङ छ्युङ यिद्

॥ श्यिन नोर भु श्येय् झ्यावा श्युग सो ॥

ओर्ग्यानका पद्म सम्भवद्वारा रचना गरिएको छोटो शुद्धि गर्ने विधि चिन्तामणि रतन नाम विहाररतिस्म।

नमो गुरु + साङ् क्यि छ्येस नि ड्राङ्गे श्या छ्याङ् कारसुम, ङार सुम, क्षेमार, याक, लुग रा सुम् ग्यि स्हुग् । सुर धाङ् सेरक्येम क्यि छ्य् नाम याङ् श्यि कार्पोइ तेङ दु श्याम ला। साङ् जेय् घाङ्जोम् साग् ने दि केद् दो।

अर्थ - (शुद्धि गर्ने विधि) ओर्ग्यानका पद्म सम्भवद्वारा रचना गरिएको छोटो शुद्धि गर्ने चिन्तामणी रत्न नाम विहरतिस्म।

नमो गुरु + शुद्धि गर्ने वस्तु तीन चोसे तोर्मा (पापले नछोएको) मांस मादन तीन किसिमको सेतो वस्तुहरू (दुध, दहि, घ्यू) तथा तीन किसिमको गुलियो वस्तुहरू (चिनी, मह, सक्खर) नौनी घ्यूबाट बनाएको याक, भेडा तथा बाख्रा तीन किसिमको आकृति बनाउने। घ्यू र सात्तु मिसाएर बनाएको सुर, अमृतको परिकारहरू टेबल माथि सेतो कपडा ओछ्याएर तयार पार्ने। अरु पनि शुद्ध गर्ने द्रव्यहरू यथासक्य जम्मा गरी यसरी वाचन गर्ने।

क्यै ! लामा यि धाम खां ड्रो छ्योय् क्योङ धाङ + ड्रा ल्हा, युल ल्हा, शिय दाग खोर धाङ च्यय् । ये शेय् ल्हा धाङ् ज्यिग तेन स्रुङ्मा नाम + साङ् धाङ् ठुय् ला च्यन द्रेन शेय् सु सोल +

अहो ! गुरु इष्ट देव डाकिनी धर्म पाल सहित + शत्रु दमन गर्ने देवता, क्षत्रका देवता, भूमि पति सपरिवार + ज्ञानदेव र लोक पालहरू + शुद्धि र स्नान गर्न आहवान गर्दछु पाल्नुहोस +

ओं बज्र समय जः पेद्मा कमलयसत्वं + अति पुहो
प्रत्तीच्छ हो + ओं बज्र अर्घं प्रतीच्छये स्वहा +
ओं बज्र पाद्यं प्रतीच्छये स्वहा + ओं बज्र पुष्पे
प्रतीच्छये स्वहा + ओं बज्र धुपे प्रतीच्छये स्वहा +
ओं बज्र आलोके प्रतीच्ये स्वहा + ओं बज्र गन्धे
प्रतीच्छये स्वहा + ओं बज्र नैविद्य प्रतीच्छये स्वहा +
ओं बज्र शब्द प्रतीच्छये स्वहा +

ओं बज्र समय जः पेद्मा कमलयसत्वं + अति पुहो प्रत्तीच्छ हो + ओं बज्र अर्घं प्रतीच्छये स्वहा + ओं बज्र पाद्यं प्रतीच्छये स्वहा + ओं बज्र पुष्पे प्रतीच्छये स्वहा + ओं बज्र धुपे प्रतीच्छये स्वहा + ओं बज्र आलोके प्रतीच्छये स्वहा + लओं बज्र गन्धे प्रतीच्छये स्वहा + ओं बज्र नैविद्य प्रतीच्छये स्वहा + ओं बज्र शब्द प्रतीच्छये स्वहा +

क्यै ! साङ् क्यि ग्यु नि घाङ लेयू ज्युङ + साङ् क्यि ग्यु नि वनाम नेय् झ्युङ् + याब नि नाम ला दुग छ्येन दिर + युम निसा ला लोग छ्येन ख्युग + स्रय् नि ता गोद धाङ् थिग ला + ग्या छो छ्यु यि बुवा यिन + स्याङ ध्रुग मेन घ्यि नुय् पा यिन + ध्रि श्यिम पोय् क्यि धुद् पेय् साङ् + सेर लो बार वाइ ताग पेय् साङ् + यु लो बार वाइ शुग पेय् साङ् + घङ् लो बार वाइ खेन पेय् साङ् + छ्योङ् लो बार वाइ फुर मोय् साङ् + स्याङ् लो बार वाइ भा लुय् साङ् + ध्रि श्यिम् पोय् कार धुद् पेय् साङ् +

अहो ! शुद्धिको हेतु कहाँबाट उत्पाद भयो + शुद्धि गर्ने वस्तुको हेतु आकाशबाट उत्पाद हुन्छ + पिता चाहीं आकासमा उत्पाद हुने गड्याङ्ग गुडुङग हुन् + माता चाहीं जमिनमा छोरा चाहीं छिटो दौडने घोडा धाङ थिग ला + समुन्द्री जलको फिंज हो + छ लकिसिमको औषधि शक्ति हो + सुगन्धित धुप बालेर शुद्धि गर्दछु + सुनौलो भोज पत्र बालेर शुद्धि गर्दछु + हरियो धूपी बालेर शुद्धि गर्दछु + ख्यन पा को सेतो पत्ता बालेर शुद्धि गर्दछु + छ्योङ (रुख) को पत्ता बालेर शुद्धि गर्दछु + तामाको रंगको सुनपाते बालेर शुद्धि गर्दछु + सगन्धित साल धुप बालेर शुद्धि गर्दछु +

क्यै ! कोन छ्याोग सुम घ्यि चावा ते + चा वा ग्युद पाइ लामा साङ् + ङा राब देय् पाइ लामा साङ् + क्षि राब ज्योन पाइ लामा साङ् + धा ता श्युग पाइ लामा साङ् + छ्योय् कु कुन स्याङ् मेन छ्योद् नेय् + चा वाइ लामा येन छ्येद् क्यि + ञ्यिङ्मा ग्युद् पाइ लाम साङ् + दोर्जे छ्याङ छ्येन मेन छ्येद् नेय् + चा वाइ लामा येन छ्येद् क्यि + साङ् ङाग सारमा ग्युद् पाइ लामा साङ् + तोन पा ला मेद् साङ् ग्यय् साङ् + क्योब पा ला मेद् धाम छ्योय् साङ् + द्रेन पा ला मेद् गे दुन साङ् + क्षोग च्युइ साङ् ग्यय् थाम च्यद् साङ् + श्यि वा ल्हुन घ्यिय् ढुप पा साङ् + ठ्रो वो मेद् धु ज्युङ वा साङ् + ज्याम पाल कु यि ल्हा छोग साङ् + पेमा सुङ् घि ल्हा छोग साङ् + याङ धाङ थुग क्यि ल्हा छोग साङ् + दुद् चि योन तेन ल्हा छोग साङ् + फुर वा ठ्रिन लेय् ल्हा छोग साङ् +मा मो वोद् तोङ्ल्हा छोग साङ् + लामा रिग जिन ल्हा छोग साङ् + ज्यिग तेन छ्योद् तोद् ल्हा छोग साङ् + मोद् पा ध्राग ङाग ल्हा छोग साङ् + ग्युद् दे श्यि यि ल्हा छोग साङ् + ध्राङ स्रोङ् देन पा डुब पा साङ्+ ड्राम स्ये मोद् पा ढुब पा साङ् +

अहो ! त्रिरत्नको मूल हुनुभएका। मूल परमपरा गुरुहरूको शुद्धि होस् + पहिलेका गुरुहरूको शुद्धि होस् + पछि आउने गुरुहरूको शुद्धि होस् + वर्तमानमा विराजित

गुरुहरूको शुद्धि होस् + धर्मकाय समन्तभद्र देखिलिएर + मूल गुरु सम्म प्राचीन परम्परा गुरुहरूको शुद्धि होस् + महा वज्रधर देखि लिएर मूल गुरु सम्म + गुह्य मन्त्र नविन परम्पराका गुरुहरूको शुद्धि होस् + अनुत्तर शास्ता बुद्धको शुद्धि अनुत्तर रक्षक धर्मको शुद्धि होस् + अनुत्तर उद्धारक संघको शुद्धि होस् + दशै दिशाका सबै बुद्धहरूको शुद्धि होस् + अनाभोग रुपका शान्त देवहरूको शुद्धि होस् + अद्‌भूत रुपलिएका क्रोधि देवहरूको शुद्धि होस् + मञ्जुश्री कायका रुप लिएका देवगणहरूको शुद्धि होस् + पद्म वचन देवगणको शुद्धि होस् + सम्यक चित्त देवगणको शुद्धि होस् + अमृत गुण देवको शुद्धि होस् + किलय कर्म देवगणको शुद्धि होस् + मातृका प्रक्षेपीत देवगणको शुद्धि होस् + गुरु विद्याधर देवगणको शुद्धि होस् + लौकिक पूजा स्तुति देवगणको शुद्धि होस् + रौद्र मन्त्र प्रक्षेपन गर्ने देवगणको शुद्धि होस् + चार तन्त्रका देवगणको शुद्धि होस् + वचन सिद्ध गरेका ऋषिमुनिहरूको शुद्धि होस् + श्राप सिद्ध गरेका ब्राह्मणको शुद्धि होस् +

क्यै ! गोय् दोद् रे वा कोङ् जेद् पाइ + नोर ला याङ् ल्हा थामच्यद साङ् + टुल पाइ जाम ल्हा खोर च्यय् साङ् + नाल जियोर लोङ च्योद् छ्यार ल्हार फोब + नाम स्रय् गोन् पो खोर च्यय् साङ् +

अहो ! चिताएको कामना पुरा गरिदिने + धनदेव र सहदेव सबैको शुद्धि होस् + निर्मित काय जम्भल सपरिवारको शुद्धि होस् + साधकलाई सम्पत्तिको वर्षा गराइदिने वैश्रमणनाथ सपरिवारको शुद्धि होस् +

क्यै ! साङ ग्येयू तेन पा स्रुङ जेद् पाइ + क्षाग ध्रुग गोन पो खोर च्यय् साङ् + ये शेय् गोन् पो खोर च्यय् साङ् + ध्रेग पाइ खोर घ्यिय् कोर वा साङ् + क्षाग श्यि गोन् पो खोर च्यय् साङ् + लेन देन नाग् पो खोर च्यय् साङ् + का स्रुङ छ्येन मो खोर च्यय् साङ् + मुग् थिङ् ग्याल मो छ्येद् डा साङ् + पाल देन ल्हा मो खोर च्यय् साङ् + दुद् मोमा स्रुङ खोर च्यय् साङ् + दे पोन सुम् च्यु खोर च्येय् साङ् +मा स्निङ धाम च्यन ग्या छो साङ् + का स्रुङ फो ञ्या योङ जोग साङ् + लोब पोन ग्युद् क्यि स्रुङमा साङ् + वेन ने ञ्यन पो स्रुङमा साङ् + साङ डाग् स्रुङमा थामच्यद् साङ् + पाल गोन दुन च्यु चा डा साङ् +

अहो ! बुद्ध शासन रक्षा गर्ने + षड् भूज महाकाल सपरिवारको शुद्धि होस् + ज्ञान महाकाल सपरिवारको शुद्धि होस् + हठगणहरूद्वारा परिक्रमा गरिएकाको शुद्धि होस् + चतुरभूज महाकाल सपरिवारको शुद्धि होस् + नन्दि - केश्वर महाकाल सपरिवारको शुद्धि

होस् + महावचन पालक सपरिवारको शुद्धि होस् + पञ्च महिषीको शुद्धि होस् + श्रीमद देवी सपरिवारको शुद्धि होस् + मार स्त्री रक्षक सपरिवारको शुद्धि होस् + तीस नायक सपरिवारको शुद्धि होस् + सागर समानका समयवान भगिनीको शुद्धि होस् + समस्त वचन पालक दूतहरूको शुद्धि होस् + आचार्य परमपरा धर्मपालकको शुद्धि होस् + एकान्तवासी धर्म पालकको शुद्धि होस् + गुह्यमन्त्रको धर्म पालकहरूको शुद्धि होस्+ ७५ श्री नाथहरूको शुद्धि होस् +

क्यै ! ड्रा ल्हा माग पो खोर च्यय् साङ् + म्रिद्र पा छ्याग पाइ ड्रा ल्हा साङ् + फो ल्हा ड्रा ल्हा थामच्यद् साङ् + मो ल्हा श्याङ् ल्हा थामच्यद् साङ् + गो वइ ल्हा डा थमच्यद् साङ् + क्योब् पइ ल्हा गु थामच्यद् साङ् + खार ध्यि चे ल्हा थामच्यद् साङ् + स्याङ स्याङ ल्हा द्राग कार पो साङ् + छेयेवइ फो ल्हा थामच्यद् साङ् + ता यि ल्हा नि ता दाग साङ् + भायि ल्हा नि याङ क्योब साङ् + लुग घु ल्हा ने याङ खरुग साङ् + ड्रियि ल्हा ने शाम मो साङ् + रायि ल्हा ने छे छे साङ् + क्षि नोद् ज्यिग तेन थामच्येद् साङ् + नाङ च्युद् सेमच्येन थामच्येद् साङ् + भार ध्यि ल्हा सिन् दे ग्येद् साङ् + म्रिद पाइ ल्हा म्रिन दे ग्येद् साङ् + म्रिद पाइ ल्हा रिग थामच्येद् साङ् + सा दाग लु ञ्यन

थामच्च्येद् साङ् + युल ल्हा शिय दाग थामच्च्येद् साङ् + भोद् खाम तेनमा च्यु ञ्यिय् साङ् + जम्बु लिङ घि स्रुङमा साङ् + भोद युल शिय दाग थामच्च्येद् साङ् + ङा रि कोर सुम शिय दाग साङ् +

अहो ! शत्रु दमन गर्ने देव सेनापति सपरिवारको शुद्धि होस् + भव संसार बन्दाको शत्रु दमन गर्ने देवताको शुद्धि होस् + पुरुष देव र शत्रु दमन गर्ने सबैको शुद्धि होस् + स्त्री देवी उनकी माइतिको देव देवीहरू सबैको शुद्धि होस् + आदेश पालन गर्ने पञ्च देवहरू सबैको शुद्धि होस् + रक्षक रक्षक नव देवगणको शुद्धि होस् + घर घुरीमा बस्ने सबै देवताको शुद्धि होस् + स्याङ स्याङ नामक सेतो पर्वतमा बस्ने देवताको शुद्धि होस् + महान पुरुष देवहरू सबैको शुद्धि होस् + घोडाका अधिपति घोडा देवको शुद्धि होस् + गाईका देवता सह रक्षकको सुद्धि होस् + भेडाको देवता सह आकर्षकको शुद्धि होस् + बाख्राको देवताको शुद्धि होस् + बाहीरी लोक सबैको शुद्धि होस् + भित्री सत्वप्राणी सबैको शुद्धि होस् + अन्तरिक्षमा रहेका अष्टवर्ग देव र राक्षसको शुद्धि होस् + संसारिक अष्टवर्ग देव र राक्षसको शुद्धि होस् + संसारिक देवकुल सबैको शुद्धि होस् + सांसारिक देवकूलसबैको शुद्धि होस् + भूमि पति नाग सबैको शुद्धि होस् + स्थानीय देव र भूमि

पति सबैको शुद्धि होस् + १२ वटा भोटका शासन पालक देवीहरूको शुद्धि बोस् + जम्बुद्वीपको धर्म पालकको शुद्धि होस् + भोट देशका भूमि पति सबैको शुद्धि होस् + ङारीका तीन प्रान्तका भूमि पतिको शुद्धि होस् +

वुय् चाङ् रु श्यिइ श्यि दाग साङ् + भोद् खाम श्यि दाग थामच्च्येद् साङ् + सेर घ्यि रि दुन श्यि दाग साङ् + रोल वइ छ्यो दुन श्यि दाग साङ् + सा दाग लु ञ्यन थामच्च्येद् साङ् + युल दिइ श्यि दाग थामच्च्येद् साङ् + घाङ रि कार ला ने पा साङ् + या रि ङो ला ने पा साङ् + पाङ रि सेर ला ने ला साङ् + फा रि यय् ला ने पा साङ् + छु रि योन ला ने पा साङ् + बाब्पा छ्युला ने पा साङ् + क्ये वा शिङ् ले ने पा साङ् + ड्रोवा लाम ला ने पा साङ् + दोद पा सा ला ने पा साङ् + ल्हा स्निन लु स्निन थामच्च्येद् साङ् + ल्हा ड्रोग लु ड्रोग थामच्च्येद् साङ् +

मध्य चार प्रान्तका भूमि पतिको शुद्धि होस् + भोटका सबै भूमि पतिको शुद्धि होस् + सात सुवर्ण पर्वतमा रहेका भूमि पतिको शुद्धि होस् + सात सीता समुन्द्रमा रहेका भूमि पतिको शुद्धि होस् + भूमिपति र चण्ड नाग सबैको शुद्धि होस् + यो देशमा रहेका सबै

भूमि पतिको शुद्धि होस् + सेतो हिमाल निवासीको शुद्धि होस् + नीलो पहाडी निवासीको शुद्धि होस् + फककाट भीर निवासीको शुद्धि होस् + पारी दककाया पर्वत निवासीको शुद्धि होस् + वारी बककाया पर्वत निवासीको शुद्धि होस् + पानीको झर्ना निवासीको शुद्धि होस् + उम्रेको रुखमा रहनेहरूको शुद्धि होस् + हिंडने बाटोमा रहेकाको शुद्धि होस् + बस्ने ठाउँमा रहेकाको शुद्धि होस् + देव राक्षस र नाग राक्षस सबैको शुद्धि होस + एकान्त वासी देवता र नाग सबैको शुद्धि होस् +

क्यै ! दाग धाङ योन दाग खोर च्यय् ला + मे ढ्रिब श्यन रो ढ्रिब धाङ् + चोग ढ्रिब ज्याम ढ्रिब युग ढ्रिम धाङ् + धे ला सोग पइ ढ्रिब धाङ् + ल्हा धाङ् मिला ढ्रिब फाग पेय् + कु सुङ थुग धाङ गाल वा नाम् + साङ क्यि छ्योद् पा धाम पा दिय् + थामच्येद् झ्याङ श्यिङ् धाग घ्युर च्यिग् + राङ राङ सो सो इ च्योद् युल धु + लोङ् च्योद् ज्योर गु ग्यय् पार जोद् + नाङ स्रिद ल्हा स्रिन ख्येद् नाम क्यिय् + दाग घि साम डुब रेवा कोङ् + ड्रा गेग भार छ्येद् थाम च्यद दोग् + नेद् दोन थाम च्यद श्यि वार जाद् + ज्यन पाइ भा देन क्षोग च्युर ड्रोग् + ट्रा शिय् फुन सुम छोग पार श्योग् +

अहो ! म र दानपति सपरिवारमा शुद्धि होस् + कुदृष्टिको छाँया चण्डालको छाँया + दुर्गन्धको छाँया + हानीकारकको छाँया + विधवाको छाँया ती आदि छाँयाहरू + देव र मनुष्यमा छाँया परेको काय, वाक चित्तसँग प्रतिकूल हुन गएकोमा, यो परम शुद्धिको पूजाले सबै शोधनभई शुद्ध भएर जावोस् + आ-आफ्नो गोचरमा असीम सम्पदा वृद्धि भएर जवोस् + सांसारिक देवता र राक्षस तिनीहरूले मैले चिताएको सिद्ध गरी मेरो आशा सिद्ध गरी देउ + शत्रु विघ्न वाधा सबै रोक + रोग ग्रह दशा सबै शान्त गर + कीर्ति ध्वज दशै दिशामा फैलियोस् + मंगल र सम्पन्नताले सुसम्पन्न होस् +

## २३. स्थानिय देवतामा स्तुति गर्ने (युल ल्हा तोद्‌पा)

क्यै ! तोङ सुम ग्निद पाइ ज्यिगतेन खाम् + युल रि सा क्षोग दि धाग ला् + ने पाइ सा दाग लु धाङ ञ्यन् + युल ल्हा श्यि धाग खोर च्ययूनाम् + नाल ज्योर दाग घ्यिय् च्यन द्रेन नो + छ्योद पाइ ने दिर शेग सु सोल+

अहो ! त्रिसहस्र लोक धातुमा + ठाउँ पर्वत, भूमि यहाँ निवास गर्ने भूमिपति चण्ड नाग + स्थानीय देव भूमिपति सपरिवार + म योगिले आमन्त्रण गर्दछु + यस पूजा स्थानमा पाल्नु होस् +

ख्योद नि जु ठुल तोब धाङ देन + भार नाङ सा श्यि छ्यु बोइ दाग + स्याङ ङन् ञ्यिन् क्यि ञ्यन क्षे श्यिग + ड्रोवा मि धाङ ल्हन च्यिग नेय् + ख्योद पार युल घ्यि ने छ्योग दिर + युल ल्हाइ ग्याल पो छ्येन पो ख्योद् + नाल ज्योर दाग घ्यिय् च्यन द्रेन नो + छ्योद पाइ ने दिर शेग सु सोल + ख्योद ला छ्योपा बुल वा नि + ड्रेय् क्यि श्योय् भु ग्यन च्यन धाङ् + रिन छ्येन ङु यि याग लुग रा + मुग गोद रिन छ्येन दा धार ङा + क्षे मार ख्यन शुग भा लु धाङ + छ्याङ फुद सेर क्येम ङु ङा धाङ + कार सुम ङार सुम मेन छ्योदधाङ + साङ शिङ ना छोग धुद पेय् छ्योद् +
तपाई ऋद्धि र बलले युक्त हुनु भएका + अन्तरिक्ष, भूमि र जलाधिपति राम्रो नराम्रो दुई छुट्याई देउ + जगतको मानिससँग रहेको + विशेष गरी यस स्थानमा +

स्थानीय महाराजा तिमीलाई + म योगिले आमन्त्रित गर्दछु + यस पूजा स्थानमा पाल्नु होस् + तिमीमा पूजा चढाउँछु + अलंकृत भातबाट बनाइएको नैविद्य + रत्न र अनाजबाट (निर्मित) चौंरी, भेडा र बाख्रा। मुग गोद रत्न र पञ्चरंगी झण्डा। पीठो एक किसिमको औषधि, धुपि सुनपाती, मादन (सबै भन्दा पहिले निकालेको) अमृत, पाँच किसिमको अन्न। तीन सेतो, तीन गुलियो परिकार, औषधिको पूजा + विविध सुगन्धित धुँवाद्वारा शुद्धगरी पूजा गर्दछु +

श्योग श्योग धुङ छे बाल छोन धाङ + श्योल छिग ठि्कार तोङ नाग धाङ + धाग च्यिङ चाङ माइ मेन छ्योद दि + दाग घि साम पा धाग पा धाङ + धुय् सुम दे शेग देन पा धाङ् + तिङ जिन ङाग क्यि ज्यिन तोब क्यिय् + ख्योद क्यि वाङ पोइ च्योद युल धु + दोन योन लोङ च्योद छिम घ्युर च्यिग + ख्योद क्यि दोद पा छिम न्ये् क्याङ + दाग च्याग नाल ज्योर खोर च्यय् ला + नेद याम मुघे छोन ठुग धाङ + चा धाङ सेर सुम थोग दा धाङ + घोद खा छ्यो ठुल तेय् ङन् धाङ + मि नेद क्षुग नेदमा ताङ च्यिग + दाग घि साम धोन डुब पा धाङ + कार पो गे वाइ दोङ ड्रोग जोद + सोद नाम नोर घ्यि ङो ढुब चोल + दाङ ड्रा नोद गेग दुल धु लोग + झ्येय् सु ड्रो ना सु क्येल घ्यिय् + युल धु देद ना ज्यि हु घ्यिय् + तेन पा ञ्येन पो स्रुङ धु सोल + थु पुङ् दोङ् ड्रोग ग्याब तेन जोद + च्योल वाइ ठि्न लेय् डुब पार जोद +

श्योग श्योग धुङ छे बाल छोन धाङ + श्योल छिग ठ्रिकार तोङ नाग धाङ + यो शुद्ध पवित्रको औषधिको पूजा + मेरो मनको शुद्धता + त्रिकालकै सुगतको सत्यता + समाधि, मन्त्र दानको बलले + तिम्रो इन्द्रियको गोचरमा + काम गुणको सम्पदाले सन्तुष्ट होस् + तिम्रो इच्छा पूराभएर + हामी योगी सपरिवारमा + रोग, महामारी दूर्भिक्ष, सँग्राम + बालि नाश्ने तत्व, असिना, चट्याङ + हानी गर्ने चमत्कार र अपशकुन + मानिस वस्तु भाउमा लाग्ने रोग नपठाउ + मेरो मनोरथ सिद्ध गरी देउ + कुशल कर्मको लागि सहयोग गर + पुण्य सम्पदाको वरदान देउ + रिश गर्ने शत्रु र हानी पुऱ्याउने विघ्नलाई नष्ट पारिदेउ + पाहुनालाई स्वागत गरी देउ + कुनै ठाउँमा बस्दा रेखदेख गर + बुद्ध शासन रक्षा गर + शक्ति समूहलाई सारथि भएर मद्दत गर + अऱ्हाएको कर्म सिद्ध गरी देउ + ।

अन्तमा यस गाउँको शेरो फेरोमा रम्ने, फिर्ने र घुम्ने देवी देवता, नाग नागीनि, किन्नर किन्नरी, वीर मसान र मसान, जल देवता, थल देवता, बृक्ष देवता, अग्नि देवत र वायु देवता परम्परागत कुल पितृ, मातृ पितृ यहाँहरू सबैलाई यस पूजामा हामी आमन्त्रित गर्दछौं र यस पूजालई ग्रहण गरी हामी सबै प्राणीहरूको रक्षा गरी दिनुहोस् ।

## २४. अष्ट वर्ग अमृत विजहार (दे ग्यद सेर क्येम श्युग)

हूँ । कु सुम् ग्युद सुम लामा धाङ् ।
यिधाम् शिय ठ्रो ल्हा छोग धाङ् ॥
क्याब् ने कोन् छोग सुम पो धाङ् ।
खा ड्रो नोर ल्हा छ्र्योय् स्रुङ् सोग् ॥

हूँ । त्रिकाय त्रि परम्परा गुरुहरू र । यि धाम, शान्त, क्रोध देवगणहरू र ॥ शरण्य स्थान भएका त्रिरत्न र । डांकिनी द्रव्य देव धर्म पाल आदि ॥

छ्र्योद युल घोङ्मा थामच्च्यद् ला ।
छ्र्योद् पा धाम् पा दि बुल लो ॥
सेर क्येम् चाङ्मा दि श्येय् ला ।
दाग घि दोद धोन डुब तु सोल ॥

उच्च पूजनीय गोचरहरू सबैमा । परम पूजा यो चढाउँछु ॥
विशुद्ध अमृत यो ग्रहण गर्नुहोस् । मेरो मनोरथ पूर्ण गर्नुहोस् ॥

ल्हायि वाङ् पो ग्या झ्यिन् धाङ् ।
ल्हा मिन वाङ् पो थाग् स्याङ् रिय् ॥
लु यि ग्याल पो गा वो धाङ् ।
मिहाम् च्यि ज्योन् ता गो च्यन् ॥

देवताको राजा शक्र र। असूरका राजा वेमचित्र ॥
नागका राजा नन्द र। किन्नरका राजा अश्व मुख ॥

नोद ज्यिन घाङ् वा स्याङ पो धाङ्।
खा दिङ् सेर मिग ख्यिल वा धाङ् ॥
छ्योय् क्योङ् महाकाल धाङ्।
ध्रि स्या स्युर फुद ङा पा सोग ॥

यक्षका राजा पूर्ण भद्र र। गरुडका राजा पिंगल चछुवान ॥
धर्म पाल महाकाल र। गन्धर्व राज पञ्च शिख ॥

क्षि यि दे ग्यद् खोर च्यय् ला।
छ्योद पा धाम् दि बुल लो ॥
सेर क्येम् चाङ्मा दि श्येय् ला।
दाग घि दोद घोन डुब तु सोल ॥

बाह्य अष्ट गण सपरिवारमा। परम पूजा यो चढाउँछु ॥
विशुद्ध अमृत यो ग्रहण गर्नुहोस्। मेरो मनोरथ पूर्ण गर्नुहोस् ॥

याब च्यिग दुद् पो नाग् पो धाङ्।
चन ग्याल याम शुद मार पो धाङ् ॥
युल ल्हा क्षा साङ् लु स्नय धाङ्।
स्नोग दाग ग्याल् पो ज्यिङ् ज्यिनधाङ् ॥

कृष्ण मार पिता र। रक्त वर्ण प्रेतराज याम शुद् र॥
क्षत्रका देव क्षा साङ् नाग पुत्र र। प्राणाधिपति राज सार दत्त॥

छ्योय् क्योङ् नोद् ज्यिन मार पो धाङ्।
ल्हा मो ज्यिग पाइ लोग ज्यिन धाङ्॥
गे ञ्येन दोर्ज्ये लेग् पा धाङ्।
कारमो ञ्यि दाइ थोद ठ्रेङ् सोग॥

रक्त वर्ण धर्मपाल यक्ष। भैरवी द्युतिदत्त र॥
उपासक वज्र साधु। शुभ्र सूर्य चन्द्र कपाल माला आदि॥

नाङ् घि दे ग्यद खोर च्यय् ला।
छ्योद् पा धाम् पा दि बुल लो॥
सेर क्येम् चाङ्मा दि श्येय् ला।
दाग घि दोद धोन डुब तु सोल॥

अभ्यन्तर अष्ट गण सपरिवारमा। परमपूजा यो चढाउँछु॥
विशुद्ध अमृत ग्रहण गर्नुहोस्। मेरो मनोरथ पूर्ण गर्नुहोस्॥

दुद पो खा थुन रक्ष धाङ्।
शिन् ज्ये शेद् पो मार नाग धाङ्॥
लु दुद् नाग राज धाङ्।
नोद् ज्यिन शेन पा ढ्रि थोग् धाङ्॥

मार खा थुन रक्षा र। वधक यमराज रक्त वर्ण ॥
नाग मार नाग राजा (रातो कालो) र। खड्क धारी क्रुर यक्ष ॥

मा मो स्निद् पा ठ्राम देव धाङ्।
चन पो याम शुद् स्नोग् लेन धाङ् ॥
दुद् पो रे ते गो याग् धाङ्।
स्नोग दाग धुङ् घि थोर छुग् सोग ॥

मातृका भवका ठ्राम देव र। प्रेत याम शुद प्राण धारक ॥
मारिस रे ते याक मुख। प्राणाधिपति शंख शिख ॥

साङ् वइ दे ग्यद् खोर च्यय् ला।
छ्योद् पा धाम् पा दि बुल लो ॥
सेर क्येम् चाङ्मा दि श्येय् ला।
दाग घि दोद धोन डुब तु सोल ॥

गुह्य अष्ट गणहरू सपरिवारमा। परमपूजा यो चढाउँछु ॥
विशुद्ध अमृत ग्रहण गर्नुहोस्। मेरो मनोरथ पूर्ण गर्नुहोस् ॥

स्या छ्योग ग्याल पो राहुल।
कार छ्योग ठ्राम शिङ् खा थोर धाङ् ॥
दुद् छ्योग म नु रक्ष धाङ्।
चन छ्योग् ढ्रिब् चन थुबो धाङ् ॥

उत्तम ग्रह राज राहुल। उत्तम नक्षत्र पाटि खा थोर र ।।
मार राज मनु रक्ष र। दानवाधिपति जेष्ठ ढ्रीब् चन् समेत ।।

मा छ्योग च्ये च्याङ् दुङ् जिन धाङ्।
लु छ्योग लु ग्याल दुङ् क्योङ् धाङ् ।।
गोन छ्योग नाग् पो ते कार धाङ्।
ग्याल छ्योग् लि झ्यिन ह र सोग् ।।

भाला धारी मातृ अधिपति श्रृगाल । नाघाधिपति नागराज शंख पाल ।।
नाघाधिपति कृष्ण वर्ण ते कार र । नराधिपति लि झ्यिन ह र आदि ।।

छ्योग् घि दे ग्यग् खोर च्यय् ला।
छ्योद् पा धाम् पा दि बुल लो ।।
सेर क्येम् चाङ्मा दि श्येय् ला।
दाग घि दोद धोन डुब तु सोल ।।

अष्ट अधिपति गणहरू सपरिवारमा। परम पूजा यो चढाउँछु।।
विशुद्ध अमृत ग्रहण गर्नुहोस्। मेरो मनोरथ पूर्ण गर्नुहोस् ।।

पुङ् यय् ड्रा ल्हार टुल पा धाङ्।
पुङ् योन्मा मोर टुल पा धाङ् ।।
छ्यु सो दुद् दु टुल पा धाङ्।
गो वो स्रिन पोर टुल पा धाङ् ।।

पुच्छरमा निर्मित प्राचीन मनुष्य । दांया हातमा निर्मित यमराज ॥
बायाँ हातमा निर्मित नाग र दानव । आँखा मुटु र दाह्रा तीनैमा पनि ॥

स्या दुद् ञ्यिद् दु टुल पा सोग ।
टुल पाइ दे ग्यद खोर च्यय् ला ॥
छ्योद् पा धाम् पा दि बुल लो ।
सेर क्येम् चाङ्मा दि श्येय् ला ।
दाग घि दोद धोन डुब तु सोल ॥

निर्मित राहु मार आदि । निर्मित अष्ट गण सपरिवारमा ।
परम पूजा चढाउँछु । विशुद्ध अमृत ग्रहण गर्नुहोस् ।
मेरो मनोरथ पूर्ण गर्नुहोस् ॥

सा दाग हल ख्यि नाग पो धाङ् ।
लुदुद् दोल पा नाग पो धाङ् ॥
सा यि ल्हा मो तेनमा धाङ् ।
क्षोग क्योङ् ग्याल छ्येन दे श्यि धाङ् ॥

भूमिपति हल कृष्णवर्ण कुकुर । नागमार कृष्णवर्ण चण्डाल ॥
पृथ्वीमाता दृढा देवी । चार दिकपाल महाराजा गण ॥

गोन पो दुन च्यु चा ङा धाङ् ।
युल दिइ शिय दाग थामच्यद धाङ् ॥
फो ल्हा ड्रा ल्हा स्नोग ल्हा धाङ् ।
मो ल्हा मो मेन् ला सोग् पा ॥

पचहत्तर नाथ सहित । यि क्षेत्रका भूमिपति सबै र ॥
पुरुष देव, शत्रु देव, प्राण देव र । स्त्री देव र मो मेन् आदि सबै ॥

नाङ् स्रिद दे ग्यद खोर च्यय् ला ।
छ्योद पा धाम् पा दि बुल लो ॥
सेर क्येम चाङ्मा दि श्येय् ला ।
दाग् घि दोद् धोन ड्रुब तु सोल ॥

अष्ट वर्गीय भव प्रतिभास सपरिवारमा । परम पूजा यो चढाउँछु ॥
विशुद्ध अमृत ग्रहण गर्नुहोस् । मेरो मनोरथ पूर्ण गर्नुहोस् ॥

## २५. आर्य अवलोकितेश्वरको भावना

थुग् ज्ये छ्र्येन पोइ गोम देय् ड्रो धोन खा ख्यालमा श्युग सो ।

डुबपइ वाङ्क्षुग् थाँतोङ् ग्यालपोइ ज्येग्यद् फाग् छ्र्योग् च्यन रे स्यिग
क्यि गोम्दे ड्रो धोन् खा ख्याबमा श्युग् सो
(प्रथम : त्रिशरण जाने र बोधिचित्त उत्पन्न गर्ने)
साङ्ग्यय् छ्र्योय् धाङ् छोग् क्यि छ्र्योग नाम् ला ।

झ्याङ् छ्र्युब भार दु दाग् नि क्याब् सु छ्यि् ।
दाग् घि भ्फिन सोग् ग्यि पइ सोद् नाम क्यि ।
ड्रोला फेनक्षिर साङ्ग्यय् डुब पार श्योग ॥
(लेन सुम)

आर्य अवलोकितेश्वरको भावना सिद्धश्वर थाँतोङ् ग्याल्पोको नजिकको परम्परा आर्यवर अवलोकितेश्वरको भावना पाठ जगतार्थ आकाश पर्यन्त नाम विहरतिस्म ।

(प्रथम : त्रिशरण जाने र बोधिचित्त उत्पन्न गर्ने)

बुद्ध, धर्म र गणोत्तमै (संघ)मा । बोधि प्राप्ति नहुञ्जेल म जान्छु शरणमा ।

दानादि मैले गरेको पुण्यबाट । बुद्धै म ठोउँ जगतो हिताय ॥

(यसरी तीनपल्ट पाठ गर्ने)

दाग्सोग् खाख्याब् सेमच्चन घ्यि ।
च्यि चुग पेद् कार दावइ तेङ् ॥
ह्रि लेय् फाग् छ्योग् च्यन् रे स्यिग् ॥

म सहित आकाश व्याप्त हामी प्राणीहरूका । शिरमा स्वेत पद्म चन्द्र मण्डलमा । ह्रिः द्वारा आर्यवर अवलोकितेश्वर (को आलम्बन गर्ने) ।

कार साल व्होद्शेर ङा देन् थ्वे ।
जमजेय् थुग्जेइ च्यन् ध्यिय् स्यिग् ॥
क्षाग् श्यिइ धाङ् पो थालज्यार जेद् ।
व्होग् ञ्यि शेल् ठ्रेङ् पेद्कार नाम् ॥

निर्मल सेतो पञ्च रश्मि प्रकाश भई सुन्दर मुस्कान दया दृष्टिले अवलोकन गरी, चार हात मध्य प्रथम दुईले बिन्ति गरेको, दोस्रो दुईमा फट्टिकर माला, श्वेत पद्म लिएको ।

धार धाङ् रिन छ्येन् ग्यन् ध्यिय् ट्रे ॥
रिदाग् पाग् पइ तोद् योग् सोल ॥
व्होद्पाग् मेद्पइ वु ग्यन् पा ॥
श्याब् ञ्यि दोर्ज्येइ क्यिल टुङ् श्युग् ॥
ध्रि मेद् दा वार ग्याब् तेन् पा ॥
क्याब् ने कुन दुय् डे वोर घ्युर ॥

पाट वस्त्र रत्न आभुषण युक्त । मृगको छाला काँधमै ओढेको । अमिताभ शिरमा मुकुट शोभा । दुवै पाउ बज्रासन गरी विराजमान । निर्मल चन्द्रमामा अडेसै लिएका । शरण स्थान सर्व समुह स्वरुप हुनु भयो ।

यहाँ प्रार्थनाद्वारा आफ्नो मनले भावना गरेको गुरुवर आर्यावलोकितेश्वरमा हामी सबै म आफै र सकल प्राणीहरू एकै कण्ठले, एकै स्वरले दृढ चित्तले वहाँकानै सर्वज्ञाता, उप्रान्त अज्ञानी हामी सबै प्राणीहरूको सुख दुःख सबै जान्नु भएका यहाँकै भरमा छौं भनी विश्वासका साथ त्याग मनले षड्गति संसारको स्थानबाट छुट्कारा दिलाई सर्वज्ञको भूमिमा पुऱ्याइ उद्धार गरी पाउँ भनी मनमा सम्झना गरेर पाठ गर्ने ।

झ्यो वो क्योन् ध्यिमा घोय् कु दोग् कार ।
जोग् साङ् ग्यय् क्यिय् वु ला ग्येन ।
थुग् जेइ च्यन ध्यिय् ड्राला शिग् ।
च्यन् रे स्यिग् ला क्षाग छाल्लो ॥

भो प्रभु, दोषले अलिप्त काय सेतो वर्ण । संबुद्ध नै शिरमा अति स्वभायमान भएका । जगतलाई दया दृष्टिले अवलोकन गर्नु भएका । अवलोकितेश्वरलाई वन्दना गर्दछु ।

(यसरी तीन पटक, एक्काइस वा एक सय पटक जति सक्छ मनमा विरक्ति भाव उत्पन्न गरी, ध्यान तथा वन्दना गर्ने । त्यसपछि उत्साह गरी श्रद्धाले सप्ताङ्ग पूजा गर्ने । कमला भिक्षुणीले प्रथमतः पहिले यसरी सप्ताङ्ग पूजा प्रार्थना गर्नुभएको थियो ।)

फाग् पा च्यन रे श्यिग् वाङ् धान् ।
छ्योग् च्यु धुय् सुम् श्युग् पा यि ।।
ग्याल् वा स्रय् च्यय् थामच्यद् ला ।
कुन्नेय् धाङ् वे क्षाग छाल्लो ।।१।।

आर्यावलोकितेश्वर र ।
दशै दिशा त्रिकालमा विराजमान भएका ।।
जिन (बुद्ध) जिनपुत्र समेत सबैमा ।
प्रशन्न चित्तले वन्दना गर्दछु ।।१।।

मेतोग दुग् पोय् मार मे ध्रि ।
श्याल स्यय् रोल मो ला सोग् पा ।।
डोज्योर यिद् क्यिय् टुल्नेय् बुल ।
फाग् पइ छोग् क्यिय् श्येय् सु सोल ।।२।।

पुष्प, धूप, दीप, गन्ध, रस ।
नैवेद्यादि बाजा सहित ।।
हर्ष विभोर मनले उत्पन्न गरी अर्पण गर्दछु ।
आर्यगणहरूबाट ग्रहण गर्नुहोस् ।।२।।

थोग्मा मेदनेय् धातइ भार ।
मिगे च्यु धाङ् छाम् मेद् ङा ।।
सेमनि ञ्योन् मोङ् वाङ्क्युर पइ ।
दिग् पा थामच्यद् श्याग पार ग्यि ।।३।।

अनादि कालदेखि अहिले सम्ममा ।
दश अकुशल र पञ्च महापाप ।।
मन क्लेशको वशमा परी गरी आएको ।
सबै पापहरू क्षमा गर्न देशना गर्दछु ।।३।।

ञ्यानथोय् राङ्ग्याल झ्याङ्छ्युब सेम ।
सो सो क्ये वो ला सोग् पेय् ।।
धुय् सुम् गे वा च्यिसाग् पइ ।
सोद् नाम ला नि दाग् यि राङ् ।।४।।

श्रावक, प्रत्येक बुद्ध, बोधिसत्व ।
पृथकजन आदि सबैले ।।
त्रिकालमा कुशल सञ्चय गरी आएको ।
पुण्यमा म अनुमोदन गर्दछु ।।४।।

सेम् च्येन् नाम् क्यि साम् पा धाङ् ।
लोयि झ्ये ढाग झ्यिता भार ।।
छ्ये छ्युङ् थुन् मोङ् थेगपा यि ।
छ्योय् क्यि खोरलो कोर धु सोल ।।५।।

प्राणीहरूका विचार तथा ।
मनको विशेषता अनुसार ॥
महान, निम्न, सामान्य यानको ।
धर्मचक्र पवर्तनगरी दिनुहोस् ॥५॥

खोरवा ङ्यि ग्निद्मा तोङ् भार ।
न्या ङेन् मि दा थुग्जे यियू ॥
दुगङाल ग्याछोर भ्फिङ् वा यि ।
सेमच्यन् नामला स्यिग् सु सोल ॥६॥

संसार शुन्य नहुञ्जेलसम्म ।
निर्वाणमा नलागी दया राख्नु भै ।
दुःख समुन्द्रमा दुबेका ।
प्राणीहरूलाई दया कृपा राख्नुहोस् ॥६॥

दाग् घियू सोद् नाम च्यि साग पा ।
थामच्यद् झ्याङ्छ्युब ग्युर घ्युर नेयू ।
रिङ् पोर मि थोग् डो वा यि ।
द्रेन पइ पाल धु दाग् घ्युर च्यिग् ॥७॥

मैले आफूले सञ्चय गरेको केही पुण्य ।
सबै बोधिज्ञानको हेतु भएर ।
छोटो समयमै जगतको ।
उद्धारका लागि श्रि युक्त म हुन सकुँ ॥७॥

(स्वामी महासिद्धले पूर्व जुनिमा भिक्षु श्वेत पद्म नामले जन्म लिनु हुँदा आर्यावलोकितेश्वरलाई प्रार्थना गर्नु हुँदाको बज्र वचन नाम विरहतिस्म)

शोलवा देबसो लामा च्यन रे स्यिग् ॥
शोलवा देबसो यिधाम च्यन रे स्यिग् ॥
शोलवा देबसो फाग् छ्योग् च्यन रे स्यिग् ॥
शोलवा देबसो क्याब् गोन् च्यन रे स्यिग् ॥
शोलवा देबसो झ्याम् गोन् च्या रे स्यिग् ॥
थुग्जे स्युङ् शिग् ग्यालवा थुग्जे च्यन् ॥
था मेद् खोरवा ढाङ् मेद् ख्यामघ्युर च्यिङ् ॥
जोद् मेद् दुग्ङाल न्योङ् वइ डो वा ला ॥
गोनपो ख्येद् लेय् क्याब् श्येन्मा छ्यि सो ॥
नामख्येन् साङ्ग्यय् थोब पार झ्यिन् घ्यिय् लोब ॥

प्रार्थना गर्दछु गुरु अवलोकितेश्वरमा ॥
प्रार्थना गर्दछु इष्टदेव अवलोकितेश्वरमा ॥
प्रार्थना गर्दछु आर्यवर अवलोकितेश्वरमा ॥
प्रार्थना गर्दछु शरण नाथ अवलोकितेश्वरमा ॥
प्रार्थना गर्दछु मैत्री नाथ अवलोकितेश्वरमा ॥
दया गरी ग्रहण गर्नुहोस् जिन अवलोकितेश्वर ॥
अथाह संसारमा अनगिन्ति भ्रमण गरी रहेका ॥
असहाय दुःख भोगी प्राणीहरूलाई ॥
प्रभू नाथ सिवाय शरण अरु कोही छैन ॥
सर्वज्ञ बुद्धत्व प्राप्त गर्न अधिष्ठान गर्नुहोस् ॥

थोगमेद् धुय् नेय् लेय् ङन् सागपइ थुय् ।
श्ये धाङ् वाङ् घिय् न्याल वार क्येग्युर ते ॥
छा ढ्राङ् दुगङाल न्योङ् वइ सेमच्यन् नाम् ।
ल्हाछ्योग ख्येद् क्यि धुङ् दु क्ये वार श्योग् ॥
ओम् मणि पद्मे हुँ ॥

अनादि कालदेखि कुकर्म सञ्चयगरी
मन द्वेषको बसमा परी नरकमा जन्म भएर ।
सहन नसकिने उष्ण, शीत, नरक भोगी प्राणीहरू
परम देव प्रभूको सन्मुख जन्म होस् ।
ओम् मणि पद्मे हुँ ॥

थोगमेद् धुय् नेय् लेय् ङन् साग् पइ थुय् ।
सेर नाइ वाङ् घिय् यिदाग् ने सु क्ये ॥
ट्रेकोम् दुग्ङाल् न्योङ् वइ सेमच्यन् नाम् ।
शियङ् छ्योग् पोतालारु क्येवार श्योग ॥
ओम् मणि पद्मे हुँ ॥

अनादि कालदेखि कुकर्म सञ्चय गरी ।
मन कंचुसी गरी प्रेत गतिमा जन्मेर ।
भोक प्यासको दुःख भोगी प्राणीहरू ।
उत्तम पोताला भूवनमा जन्म होस् ।
ओम् मणि पद्मे हुँ ॥

थोगमेद् धुय् नेय् लेय् ङन साग् पइ थुय् ।
तिमुग् वाङ् घिय् दुद्ड्रोर क्येय् घ्युर ते ॥
लेन कुग् दुग् ङाल न्योङ् वइ सेमच्यन् नाम् ।
गोनपो ख्योद् क्यि ध्रुङ् दु क्ये वार श्योग ॥
ओम् मणि पद्मे हुँ ॥

अनादि कालदेखि कुकर्म सञ्चय गरी ।
मन मोहको बसमा परी तीर्यक (पशु) लोकमा जन्मेर ।
बोल्नु भन्नु नजानेका दुःख भोगी प्राणीहरू ।
नाथ प्रभुको सम्मुखमा जन्म होस् ।
ओम् मणि पद्म हुँ ॥

थोगमेद् धुय् नेय् लेय् ङन् साग् पइ थुय् ।
दोद् छ्याग् वाङ् घिय् मि यि ने सु क्येय् ।
ढ्रेल् फोङ् दुग् ङाल न्योङ् वइ सेमच्यन् नाम् ।
श्यिङ् छ्योग् देवाच्यन दु क्येवार श्योग ॥
ओम् मणि पद्मे हुँ ॥

अनादि कालदेखि कुकर्म सञ्चय गरी
मन रागको वसमा परी मनुष्य लोकमा जन्मेर ।
बेफुर्सदिले जन्म बितिजाने दुःख भोगी प्राणीहरू
उत्तम सुखावति भूवनमा जन्म होस् ।
ओम् मणि पद्मे हुँ ॥

थोग् मेद् धुय् नेय् लेय् ङन् साग् पइ थुय् ।
ठ्राग् धोग् वाङ् घिय् ल्हा मिन् ने सु क्येय् ॥
थाब् च्योद् दुग्ङाल न्योङ् वइ सेमच्च्यन् नाम ।
पोतालायि शियङ् धु क्येवार श्योग ॥
ओम् मणि पद्मे हुँ ॥

अनादि कालदेखि कुकर्म सञ्चय गरी
मन ईर्ष्या क्रोधको वसमा परी असुर लोकमा जन्मेर ।
संघर्ष (सँग्राम) को दुःख भोगी प्राणीहरू ।
पोताला भूवनमा जन्म होस् ।
ओम् मणि पद्मे हुँ ॥

थोग् मेद् धुय् नेय् लेय् ङन् साग पइ थुय् ।
ङा ग्याल वाङ् घिय् ल्हा यि ने सु क्येय् ॥
फो तुङ् दुग् ङाल न्योङ् वइ सेमच्च्यन नाम ।
पोताला यि शियङ् धु क्ये वार श्योग ॥
ओम् मणि पद्मे हुँ ॥

अनादि कालदेखि कुकर्म सञ्चय गरी
मन अभिमानको वसमा परी देवलोकमा जन्मेर ।
स्वर्गबाट पतन हुने दुःख भोगी प्राणीहरू ।
पोताला भूवनमा जन्म होस् ॥
ओम् मणि पद्मे हुँ ॥

दाग् नि क्ये शियङ् क्येवा थामच्यद् धु ।
च्यन् रे स्यिग् धाङ् जेदपा छुङ् पा यिय् ।
मा धाग् शियङ् घि ड्रो नाम् ड्रोल वा धाङ् ।
सुङ् छ्योग यिग् ध्रुग छ्योगच्युर ग्यय् पार श्योग ।
फाग् छ्योग ख्येद्‌ला सोलवा ताब् पइ थुय् ।
दाग्घि दुल ज्यार घ्युरपइ डोवा नाम् ।
लेय् ड्रेय् ल्हुर लेन गेवइ लेय् ला चोन् ।
ड्रोवइ धोन धु छ्योय् धाङ् देनपार श्योग् ॥

म यो जन्म र अन्य जन्म जन्मान्तरमा ।
अवलोकितेश्वर चरित्र समान भएर ।
अशुद्ध भूवनका सबै प्राणीहरू मुक्त गरेर ।
उत्तम धारणी षडाक्षर मन्त्र दशै दिशामा फैलाउन सकुँ ।
आर्यवर श्री प्रभूमा प्रार्थना गरेकोले ।
मेरा भक्तजन र सह धर्मी सबै प्राणीहरू ।
कर्म फलमा विश्वास राखी कुशल कर्ममा अभ्यास गरोस् ।
जगत हितार्थ धर्मवान हुन सकोस् ।

(यो महासिद्धि थाङ् तोङ् ग्याल्पो आफू पूर्वजन्ममा भिक्षु श्वेत पद्म नामले जन्म भई २० वर्षको उमेरदेखि ८० वर्षसम्म दुस्कर चर्या गरी श्री आर्यावलोकितेश्वरमा एक चित्त भावले यो श्लोक प्रार्थना दर्नु भएको साक्षात् अनुस्मरण भई प्राणीहरूको निमित्त पुनः आज्ञा गर्नुभएको अति पवित्र अधिष्ठान युक्त अत्युत्तम प्रार्थना मानिन्छ ।)

धेतार चेच्यिग सालताब् पेय् ।
फागपइ कु लेय् होद् स्येर ठ्रोय् ॥
मा धाग् लेय् नाङ् ठुल शेय्। ज्याङ् ॥
क्षि नोद् देवा च्यन् घ्यि श्यिङ् ।
नाङ् च्युद् क्ये डोइ लुय् ङाग् सेम् ॥
च्यन् रे स्यिग् वाङ् कु सुङ् थुग् ॥
नाङ् द्राग रिग तोङ् येर मेद् घ्युर ।

यसरी एक चित्त गरी प्रार्थना गरेकोले आर्यको कायबाट ज्योति प्रकाश भएर अशुद्ध कर्मले देखिरहेको दृश्य भ्रान्ति सबै विशुद्ध भई बाह्य भाजन लोक सुखावति भूवन भयो, भित्री सत्वलोक सबैको शरीर वचन मन अवलोकितेश्वरको काय वाक चित्त र दृश्य, शब्द, विद्या, शुन्यसँग एकै स्वभाव भयो ।

(यहाँ "ओम् मणि पद्मे हुँ" मन्त्र जप गर्ने । माथि उल्लेखित सबै वृतान्त मनले भावना गर्ने । धर्म चर्यामा समय स्थीर गरी मूल मन्त्र पाठ गर्ने । एक सय, हजार, लाख जति सक्दो जप गरी कल्पना रहित निर्विकल्प ध्यान भावनामा स्थिर हुने ।)

दाग् श्यन् लुय् नाङ् फाग पाइ कु ।
ड्रा द्राग् यिघे ध्रुगपइ याङ् ।
ध्रेन तोग् येश्ये छ्येन पोइ लोङ् ।

आफ्नो र अरुको रुपको प्रकाश आर्यको काय समान भयो । शब्द षडाक्षरको ध्वनी ठानी । स्मृति अव बोध गरी महाज्ञानको धातुमा थपक्क बस्नु ।

गेवा दियिय् न्युर धु दाग् ।
च्यन् रे स्यिग् वाङ् डुब घ्युर नेय् ।
ड्रो वा च्यिग क्याङ्मा लुय् पा ।
धे यि सा ला गोद् पार श्योग् ॥

यस कुशल पुण्यले तुरन्तै म ।
अवलोकितेश्वर सिद्ध भएर ।
जगतमा कुनै प्राणी शेष नरहने गरी ।
प्रभुको भूवनमा वास गराउन सकुँ ।

दितार गोम् दे ग्यिय् पइ सोद् नाम क्यिय् ।
दागधाङ् दागला ड्रेल थोक ड्रो वा कुन् ॥
मिचाङ् लुय् दि भोर वार ग्युरमा थाग् ।
देवा च्यन धु जुयते क्येय् वार श्योग् ।
क्येय्मा थाग् तु सा च्यु रब् ढोद् नेय् ।
टुल् पेय् छ्योग् च्युर श्यन् धोन झ्येद्पार श्योग ॥

यसरी भावना पाठ गरेको पुण्यले ।
म र मेरो सम्बन्धित श्रद्धावान प्राणीहरू सबै ।
अशुद्ध शरीर यो त्याग्ना साथै ।
सुखावति भूवनमा उपपादुकबाट जन्म होस् ।

जन्मनासाथै दश भूमि लाभ भएर ।
अवतार लिई दशै दिशामा परोपकार गर्न सकोस् ।

गेवा दियि क्येवो कुन् ।
सोद् नाम् येशेय् छोग जोग ते ।
सोद् नाम् येशेय् लेय् झ्युङ् वाइ ।
धाम् पा कु ञ्यि थोब पार श्योग् ॥

यस कुशल पुण्यले जन्म जन्मान्तरमा ।
पुण्य ज्ञान संभारले सम्पन्न भई ।
पुण्य र ज्ञानले सम्भव हुने ।
(रुपकाय र स्वभाव काय) दुवै परमकाय प्राप्त होस् ।

झ्याङ्छ्युब सेम् नि रिन पो छ्ये ।
मा क्येद् पा नाम क्येय् घ्युर च्यिग् ।
क्येय् पा ञ्याम पा मेद् पा याङ् ।
घोङ् नेय् घोङ् धु फेल वार श्योग् ॥

बोधि चित्त रत्न ।
उत्पन्न नभएकाहरू सबैमा उत्पन्न होस् ।
उत्पन्न भएको कहिल्यै नाश नहोस् ।
उत्तरोत्तर वृद्धि विकास होस् ।

## २६. लामा कुसुम सोल्देव (त्रिदेव रुपको प्रार्थना)

लामा ख्येनो लामा ख्येनो ।
डिन्क्षेन् चवी लामा ख्येनो ।
क्षोकु नवा थायरङ् ख्येनो ।
लामा ख्येनो लामा ख्येनो ।
लोङ्कु थुज्ये क्षेन्पोरङ् ख्येनो ।
लामा ख्येनो लामा ख्येनो ।
टुल्कु पेमा ज्युङ्नेरङ् ख्येनो ।

ओं अ मि दे व ह्री ॥
ओं म नि पे मे हूँ ॥।
ओं आ हूँ बज्र गुरु पेम सिद्धि हूँ ॥

हे गुरु देव बुझ्नुहोस् ।
हे गुरु देव बुझ्नुहोस् ।
तपाई सर्वज्ञानी हुनुहुन्छ ।
महा करुणिक गुरु देव हुनुहुन्छ ।
बुझी लिनुहोस् ॥
धर्मकाय अमिताभ बुद्ध सर्व सर्व बुझी लिनुहोस् ।

ओं अ मि दे वा ह्री ॥

हे गुरु देव बुझ्नुहोस् ।
हे गुरु देव बुझ्नुहोस् ।
तपाई सर्नज्ञानी हुनुहुन्छ ।
संभोग काय अवलोकितेश्वर महा करुणामय सर्व बुझी लिनुहोस् ।

ओं म नि पे मे हूँ ।।

हे गुरु देव बुझ्नुहोस् ।
हे गुरु देव बुझ्नुहोस् ।
तपाई सर्वज्ञानी हुनुहुन्छ ।
निर्वाणकाय गुरु पद्म सम्भव सर्व कर्म बुझी लिनुहोस् ।

ओं अ हूँ बज्र गुरु पेम सिद्धि हूँ ।।

तपाईहरू सर्व श्री कर्म सुचमी चित्त सर्व कर्म + कार हुनुहुन्छ ।
बुझी लिनुहोस् र समस्त प्राणीहरू सबैले तपाईको सुखावती भुवनमा जन्म लिन सकुन् ।

## २७. वर्च्ये लाम्सेल (दोष विघ्न बाधाहरू हरण गर्ने पाठ)

धुय सुम साङ्ग्य गुरु रिन्पोछे।
ङोय ढुब कुन् दाग् देवा छेन् पोइ श्याब्।
भार छेय् कुन् शेल दुइ दुल् धाग् पो च्याल।
सोल वा दे शो भ्किन् घ्यि लबतु सोल।
क्ष्यि नाङ् साङ् वाई भार छेय् शियि वा दाङ्।
साम् पा ल्हुन् ध्यि डुब पर झ्यिन घ्यि लोब्॥
ओम् आ हूँ : बज्र गुरु पेम सिद्धि हूँः।

हे अपार महाशक्ति भएको त्रिकालका बुद्ध गुरु रिन्पोछे।
सर्व ज्ञान गुणले सम्पन्न देव गुरुको चरणमा।
सम्पूर्ण दोष विघ्न बाधाहरू हरण गर्ने महागुरु रिन्पोछे।
हाम्रो विन्ती भावलाई स्वीकार गरी सबैको रक्षा गर्नुहोस्।
भित्री बाहिरी र आन्तरिक ग्रहका दोषहरूलाई शान्ति गरिदिनुहोस्।
समस्त प्राणीहरूको मनोकामना पुरा हुने आशिर्वाद दिनुहोस्॥

॥ ओं आ हूँः बज्र गुरु पेम सिद्धि हूँ : ॥



मञ्जुश्री मन्त्र :- ॐ अ र प च न धी

## २८. झ्याम याङ् तोङ् पा घाङ् लो मा

श्री ज्ञान गुण भद्र नाम स्तोत्र लामा धाङ् गोन् पो ज्याम् पइ याङ्ला क्षाग् छाल्लो ।

॥ गुरु नाथ मञ्जुघोषमा वन्दना ॥

घाङ् घि लोड्रोय् ड्रीब् ञ्यि ट्रीन् ढ्राल ञ्यि तार् नाम् धाग् रब् साल वय् । झी ञ्येद् धोन कुन् झीश्यिन स्यीग् क्षीर ञ्यिद् क्यि थुग् कार लेग भाम् जिन् । घाङ् धाग् स्निद् पइ चोन् रार् मारिग् मुन् थुम् दुग् ङाल् घ्यिय् स्यीर वइ । ड्रो छोग् कुन ला भुच्यिग् तार चे यान् लाग् ध्रुग् च्युई याङ् देन् सुङ् । डुग् तार छ्येर ड्रोग् ञ्योन् मोङ् ञ्यिद् लोङ् लेय् क्यि चाग् ढोग् ड्रोल् जेद् च्यिङ् । मारिग् मुन् सेल दुग् ङाल् न्युघु झी ञ्येद् च्योद् जेद् राल ढि नाम् । दोद् नेय् धाग् च्यिङ् साच्यूद् थार् सोन् योन् तेन् लुय् जोग् ग्याल् स्नय् थुबोइ कु । च्यु ठ्राग् च्यु धाङ् च्यु ञ्यि ग्य् ट्रय् दाग लोइ मुन् सेल् ज्याम् पइ याङ् ला दुद् ।

ओम् अ र प च न धीः ।<br>
चेदेन ख्योद क्यि ख्येनरब् व्हेद् स्येर घ्यिय् ।<br>
दाग लोई ति मुग् मुनपा रब साल् नेय् ।<br>
का धाङ् तेन् च्योय् सुङ् लुग् तोग् पा यि ।<br>
लोड्रोय् पोब पइ नाङ् वा चाल् दु सोल् ।

जसको दुई आवरण (ज्ञेय र क्लेश आवरण) को बादलबाट छुटेको सूर्य समान विशुद्ध प्रभासित भई, यावत् सम्पूर्ण अर्थ जस्तो छ त्यस्तै, अवलोकन गर्नको निमित्त आफैले हृदयमा पुस्तक धारण गर्नुहुन्छ ।

जो अज्ञानले गर्दा भवको वन्धनको अत्यन्तै अँध्यारो, अज्ञानताको दुःखमा परेकाको दुःख शान्त गर्नको निमित्त जगतका सम्पूर्ण प्राणीहरूलाई एक्लो छोरोलाई जस्तै कृपा गरी ६० अंगले युक्त नाद (घोष) गर्नुहुन्छ ।

बज्रपातको जस्तो चर्को आवाजको चट्याङ्गले क्लेशको निद्राबाट ब्युँझाई, कर्मको बन्धनबाट छुटाएर, अज्ञानको अन्धकार हटाई, दुःखको अंकुर जे जति छन् त्यसलाई काट्न खड्ग धारण गर्नु हुन्छ । आदि देखि शुद्ध भई दश भूमि पार गरेको गुणयुक्त काय सम्पन्न गरी जिन पुत्र मध्ये जेठो हुनु भयो । एकसय बाह्र लक्षण र व्यञ्जन ले अलंकृत भई मेरो मनको अँध्यारोलाई हटाई दिनु हुने मञ्जुघोष (मञ्जुश्री)मा स्तुति गर्दछु ।

मन्त्र - ओम् अ र प च न धी ।

दयालु तिम्रो प्रज्ञाको रश्मिले मोह अन्धकार हटाई मतिको मेरो वचन शास्त्र ग्रन्थको परम्परा साक्षात्कार गर्नलाई त साहसी गराइदेउ मति यो प्रकाशित सधैंभरी ।

वीजाक्षर धीः लाई एकै सासमा सय पटक जपने गरेमा विभिन्न विद्याका विधाहरूमा प्रज्ञा खुल्छ भन्ने भनाई छ । यो पहिले भारतका ५०० जना पण्डितहरूले आ-आफूले अलग अलग रचना गरेर सभामा ल्याएर पढ्दा सबैको उही निस्केको संस्कृत भाषाको सिद्ध स्तुति थियो । तर नालन्दासँगै त्यो हरायो तर तिब्बतमा अनुवाद भैसकेको थियो ।

## २९. सामान्य प्रतिदेशना

अहो, हे महागुरु बज्रधर आदि दशै दिशामा रहेका बुद्ध बोधिसत्व एवं संघहरू, मतिर ख्याल गर्नुहोस् ! म (फलानो) नाम गरेको व्यक्तिले अनादि जन्म देखि आज सम्म राग, दोष र मोहको वशमा परेर काय-वाक् र चित्तद्वारा जुन दश अकुशल कर्महरू गरें, पाँच आनन्तर्य कर्महरू र पाँच आनन्तर्यसंभोग कर्महरू गरें, प्रतिमोक्ष संवरको उल्लङ्घन, बोधिसत्वका शिक्षाहरूको उल्लङ्घन, मातापिताको अनादर, उपाध्याय एवं आचार्य गुरुहरूको अनादर, सब्रह्मविहारी मित्रहरूको अनादर, त्रिरत्नलाई अप्ठ्यारो पार्ने काम, सद्धर्मको परित्याग, आर्यसंघको निन्दा र सत्वहरूको अहित हुने जस्ता कर्महरू गरें, जुन अकुशल कामहरू अरुबाट गराएँ, जुन अकुशल कार्य अरुले गरेकोमा अनुमोदन गरें, संक्षेपमा जति पनि सुखावती र मोक्षको निमित्त बाधक हुन् र संसार एवं दुर्मतिमा पतन हुने कुराको हेतु भएका आपत्ति र दोषका राशिहरू छन् ती सबैलाई महागुरु बज्रधर आदि दश दिशाका सबै बुद्ध-बोधिसत्वहरूको सामु प्रतिदेशना गर्छु, प्रकट गर्छु, लुकाउँदिन र अब उप्रान्तको लागि संवर लिन्छु । प्रतिदेशना गरेमा र प्रायश्र्चित गरेमा मेरो स्पर्शविहार हुनेछ । प्रतिदेशना र प्रकट नगरेमा त्यस्तो हुनेछैन ।

यो पाठ आचार्य अश्र्वघोषले रचेको पापदेशना विधि हो जसमा आफ्ना सबै किसिमका सामान्य पाप कर्म र संवर एवं शिक्षाहरूमा भएका त्रुटिहरूको प्रायश्चित्तको निमित्त प्रतिदेशना गरिएको छ । यो नियमित पाठ गर्नु धेरै राम्रो मानिन्छ र दैनिक अभ्यासको अङ्ग बनाउन सकिन्छ । काग्यु महाप्रणिधान संग्रहमा उपलब्ध हिन्दी अनुवादको आधारमा बुद्ध बज्रले यसको नेपाली र संस्कृत अनुवाद गर्नुभएको हो ।



ॐ तारे तुत्तारे तुरे स्वाहा

## ३०. एक्काईस आर्य तारा माँ स्तुति

ॐ ज्ये चुनमा फागमा ड्रोलमा ला क्षाग छाल लो ।
ॐ भट्टारिका आर्य तारा मातामा बन्दना ।

**ड्रोल्मा न्युरमा पा मो**
क्षाग छाल ड्रोलमा न्युरमा पा मो ।
च्येन नि केद् च्यिग लोग धाङ् द्रामा ।
ज्यिग् तेन सुम गोन छ्यु क्येय् श्यल घ्यि ।
घे सार झ्ये वा ले नि झ्युङ्मा ॥१॥

प्रार्थना गर्दछु छिट्टै तार्ने शक्ति माँमा ।
नेत्र अशनीय प्रभाले युक्त तेजस्विनी ।
त्रिलोकका नाथ कमलोंपत्र मुखारविन्द ।
शत शहस्र कमलबाट उत्पन्न हुनु भएका ॥

**ड्रोल्मा लोतेर् याङ्छेन मा**
क्षाग छाल तोन काइ दा वा कुन् तु ।
घाङ वा ग्या नि चेग पाइ श्यालमा ।
कारमा तोङ् ठ्राग छोग पा नाम क्यिय् ।
राब तु छ्ये वाइ व्होद राब बारमा ॥२॥

प्रार्थना गर्दछु शरदको आकाश रात चन्द्रले पुर्ण ।
भरिएका र चाङ् लगाईएको तेजिलो मुखार विन्द ।
सहस्त्र नक्षत्र गणहरूको ।
किरणको प्रकाशले प्रज्वलित भएकी ॥

**ड्रोल्मा सोद्नाम तोब्छे**

क्षाग छाल सेर ङो छ्यु नेय् क्येय् क्यि ।
पद् मेय् छ्याग नि नाम पार ग्येनमा ।
ज्यिन पा चोन डुय् काथुब शिह वा ।
स्योद पा साम तेन च्योद् युल ञ्यिदमा ।।३।।

प्रार्थना गर्दछु सुवर्ण सरोह ।
हातमा पद्मले अलंकृत भएकी ।
दान, वीर्य, तप, शान्ति ।
क्षान्ति, ध्यान र ज्ञान प्राप्त गरेकी ।।

**चुग्तोर नामग्याल मा**

क्षाग छाल धे श्यिन शेग पाइ चुग तोर ।
था यय् नाम पार ग्याल वाइ च्योद्मा ।
मा लुय् फारोल छ्यिन् पा थोब पाइ ।
ग्याल वाइ स्नय क्यिय् शिन तु तेनमा ।।४।।

प्रार्थना गर्दछु तथागत शिरमा धारण गरी
अनन्त विजयको चर्या गरेकी ।
सम्पूर्ण पारमिता प्राप्त गरेकी ।
जिन पुत्रहरूले अति नै सेवा गरेकी ।।

**रिग्भ्हे ल्हामो**

क्षाग छाल तुत्तारा हुँ यि घेय् ।
दोद् धाङ् छ्योग् धाङ् नाम्खा धाङ्मा ।
ज्यिग तेन दुन पो श्याब क्यिय् नेन् ते ।
लुय् पा मेद् पार ग्युग् पार नुय्मा ॥५॥

प्रार्थना गर्दछु तुत्तारा हूँ भन्ने अक्षरद्वारा ।
काम धातु, रुप धातु, अरुप धातु उच्चतम् ।
सप्तलोकलाई आफ्नो पाउले थिचेकी ।
सम्पूर्णलाई माथी तान्न सक्ने माँलाई ॥

**ज्यिग्भ्हे छ्येन् मो**

क्षाग छाल ग्या ड्यिन मे ल्हा छाङ् पा ।
लुङ् ल्हा ना छोग वाङ् क्षुग छ्योद्मा ।
ज्युङ् पो रो लाङ् ध्रि स्या नाम धाङ् ।
नोद ज्यिन छोग क्यिय् दुन नेय तोद्मा ॥६॥

प्रार्थना गर्दछु तथागत शिरमा धारण गरी ।
वायु, विष्णु, विर्श्जेश्वर आदिले पूजा गरेकी ।
भूत, वेताल, गन्धर्व आदि यक्ष चतुर महाराजा ।
गणहरूले सम्मुखमा स्तुति गरेकी ॥६॥

**श्हेनग्यि मिथुव**

क्षाग छाल त्रट् च्यय् झ्या धाङ् फट् क्यिय् ।
फा रोल ठुल खोर राब तु ज्योममा ।
यय् कुम योन क्याङ् श्याब क्यिय् नेन ते ।
मे बार ठुग पा शिन् तु बारमा ।।७।।

प्रार्थना गर्दछु त्रट् र फट्को कार्यद्वारा ।
अरुको माया जाल विनाश गर्ने ।
दाँया पाउ खुम्च्याई बाँया पाउ पसारी बसेकी ।
आगोको ज्वाला अति प्रज्वलित गरेकी ।।

**श्येनग्यि मिग्याल्मा**

क्षाग छाल तुरे ज्यिग पा छ्येन पोइ ।
दुद् क्यि पावो नाम पार ज्योममा ।
छ्यु क्येय् श्याल नि ठ्रो ज्येर देन जेद् ।
द्रा वो थामच्येद् मालुय् सोद्मा ।।८।।

प्रार्थना गर्दछु “तुरे” तपाई महाभयानक रुप भएकी ।
मार, शक्ति सम्पूर्ण विनाश गरेकी ।
पद्म मुखार विन्द भृकुटीले युक्त भएकी ।
सम्पूर्ण शत्रु निसुदन् गरेकी ।।

**सेङ्देङ् नाग्क्यि ड्रोल्मा**

क्षाग छाल कोन छ्योग सुम छोन क्षाग ग्याइ ।
सोर मोय् थुग कार नाम पार ग्येनमा ।
मा लुयू छ्योग क्यि खोर लोय् ग्यन पाइ ।
राङ् घि होद् क्यि छोग् नाम ठुगमा ॥९॥

प्रार्थना गर्दछु त्रिरत्न प्रतिक मुद्रा चिन्हले युक्त ।
औंलाले हृदयमा विभूषित गरेकी ।
सम्पूर्ण विश्वको चक्रले आभूषित भएकी ।
आफ्नो तेज पुञ्जले अरुलाई निस्तेज गरेकी ॥

**ज्यिगतेन सुम्ले ग्याल्मा**

क्षाग छाल राब तु गा वा ज्यिद् पाइ ।
वु ग्यन वोद क्यि ठ्रेङ वा पेलमा ।
श्येद पा राब श्यद् तुत्तारा यिय् ।
दुद् धाङ् ज्यिग तेन वाङ् धु जेदमा ॥१०॥

प्रार्थना गर्दछु अति प्रसन्न मुद्रामा देखिएकी ।
मुकुट प्रकाशको मालाले वृद्धि गरेकी ।
हँसिलो अति प्रशन्न तपाई ताराले “तुत्तारा” ।
मारलोक आफ्नो वसमा पारेकी ॥

**फाग्पा नोर्तेर ड्राल्मा**

क्षाग छाल सा श्यि क्योङ् वाइ छोग् नाम ।
थाम्च्येद् ग्युग् पार नुय् पा ञिदमा ।
ठ्रो ञ्येर यो वाइ यि घे हूँ घियु् ।
फोङ् पा थामच्येद् नाम पार ड्रोलमा ॥११॥

प्रार्थना गर्दछु दश दिगपाल गणहरू ।
सबैलाई आफ्नो शक्तिले दवाएकी ।
भृकुटी चलाई हूँ कार शब्दले ।
आपत, वाधा सम्पूर्ण मोचन गरेकी ॥

**ट्राशी ध्रोन्भ्के**

क्षाग छाल दा वाइ धुम् भुय् वु ग्यन ।
ग्येन पा थाम्च्येद् शिन् तु बारमा ।
राल पाइ ठ्रोद् ना होद् पाग मेद् लेय् ।
ताग पार शिन तु होद् राब जेद्मा ॥१२॥

प्रार्थना गर्दछु अर्धचन्द्रले मुकुट अलंकृत गरेकी ।
अलंकार त्यसले अतिनै प्रज्वलित भएकी ।
जताको पुञ्जमा अमिताभ युक्त भएमा ।
नित्य अति प्रकाशमान भएकी ॥

**तारा ह्युल्ले ग्याल मा**

क्षाग छाल काल पा था माइ मे तार ।
बार वाइ ठेूङ वाइ वुयू ना नेमा ।
येयू क्योन योन कुम कुन नेयू कोर गाइ ।
ड्रा यि पुङ् नि नाम पार ज्योममा ।।१३।।

प्रार्थना गर्दछु कल्पान्तको आगो जस्तै ।
प्रज्वलित श्रृंखलाको विचमा बसेकी ।
दायाँ पाउ पसारी बायाँ पाउ खुम्च्याई अति-आनन्दले
बसेकी ।
शत्रु सैन्य विनाश गर्नु भएकी ।।

**ठ्रोञ्येर च्येन मा**

क्षाग छाल सा शियइ ङोयू ला क्षाग घि ।
थिल घ्यिय् नुन च्यिङ् श्याब् क्यिय् दुङ्मा ।
ठ्रो ञ्येर च्येन जेद यि घे हूँ घ्यिय् ।
रिम पा दुन पो नाम नि गेममा ।।१४।।

प्रार्थना गर्दछु भूमि स्पर्श मुद्रामा रहेकी ।
हतकेलाले थिचेर पाउले दमन गरेकी ।
भृकुटी युक्त भई "हूँ" कार शब्दले ।
सप्त पातालै भेदन गरेकी ।।

**तारा राब्शिह मा**

क्षाग छाल देमा गेमा श्यिमा ।
न्या ङेन् देय् श्यि च्योद युल ञ्यिद्मा ।
स्वहा ओं धाङ् याङ धाग देन पेय् ।
दिग पा छ्येन पो ज्योम पा ञ्यिद्मा ॥१५॥

प्रार्थना गर्दछु सुख, कुशल र शान्तिका प्रतिक ।
निर्वाण र शान्तिका ज्ञान भएकी ।
स्वहा विशुद्ध ओँकार युक्त भएकाले ।
महापाप सबै नाश गर्नु हुने भएकी ॥

**तारा रिग्डाग तोब्श्हो मा**

क्षाग छाल कुन् नेय् कोर राव गा वइ ।
ड्रा यि लुय् नि राब तु गेममा ।
यि घे च्युपाइ डाग नि कोद् पाइ ।
रिग पा हूँ लेय् ड्रोलमा ञ्यिद्मा ॥१६॥

प्रार्थना गर्दछु परमानन्दमा आवद्ध भएकी ।
शत्रु गोत्रलाई प्रमर्दन गरेकी ।
दशाक्षर मिलाईएको मन्त्र ।
विद्याको "हूँ "कारले तारा स्वयं हुनुभएकी ॥

**तारा पाग्मे नोनमा**

क्षाग छाल तु रे इ श्याब नि दाव पेय् ।
हूँ घि नाम पाइ सा वोन ञ्हिद्मा ।
रि राब मन्धार धाङ् वीग झ्येद् ।
ञ्यिग तेन सुम नाम यो वा ञ्यिद्मा ॥१७

प्रार्थना गर्दछु तपाईका पाउ पडकाउँनाले ।
"हूँ" कारको विजले युक्त भएकी ।
सुमेरु मान्दार विन्ध्याञ्चल (कैलाश) ।
त्रिलोक सम्पूर्ण प्रकम्पित गरेकी ॥

**तारा माझ्या छ्येन मो**

क्षाग छाल ल्हा यि छो यि नाम पाइ ।
रि धाग ताग च्यन क्षाग ना नाममा ।
तारा ञ्यि जोद् फट् क्यिय यि घेय् ।
दुग नाममा लुय् पार नि सेलमा ॥१८॥

प्रार्थना गर्दछु सागरको आकार भएकी ।
हरिणाङ्क (चन्द्र) युक्त मुद्रामा स्थिर भएकी ।
"तारा" दुई अक्षर उच्चारणको फट्काराले ।
विषहरू सम्पूर्ण शुद्ध गर्नु भएकी ॥

**दुग्कार्मो**

क्षाग छाल ल्हा यि छोग नाम ग्याल पो ।
ल्हा धाङ मि हाम च्यि यि तेनमा ।
कुन नेय घो छ्या गा वाइ ज्यिद क्यिय् ।
चोद् धाङ् मिलाम् डेन पा सेलमा ॥१९

प्रार्थना गर्दछु देवगणहरूको राज्ञी ।
देव, मनुष्य, किन्नर आदिले सेवा गरिएकी ।
सम्पूर्ण कवचको तेजले आनन्दीत भएकी ।
विवाद र दुःस्वप्न सबै नाश गरेकी ॥

**रिठ्रो लोमा ग्योन्मा**

क्षाग छाल ञ्यिमा दा वा ग्येय् पाइ ।
च्येन ञ्यि पो ला व्होद् राब सालमा ।
ह र ञ्यि जोद तुत्तारा यिय् ।
शिन तु ध्राग पोइ रिम नेद सेलमा ॥२०॥

प्रार्थना गर्दछु सूर्य, चन्द्र उदाई तेज वृद्धि भए जस्तो ।
दुई नेत्रमा ज्योती प्रकाश गरेकी ।
“हर” र “तुत्तारा” को पाठ गर्नाले ।
अति विषम जोर रोग नाश गर्ने भएकी ॥

**ल्हामो होद्सेर छ्येन मा**

क्षाग छाल धे ञ्यिद सुम नाम कोद् पेय् ।
श्यि वाइ थु धाङ् याङ धाग देनमा ।
दोन धाङ् रो लाङ् नोद् ज्यिन छोग नाम ।
ज्योम पा तु रे राब छ्योग ञ्यिद्मा ॥२१॥

प्रार्थना गर्दछु तीन तत्वले युक्त भएकी ।
शान्तिको शक्तिले संयुक्त भएकी ।
ग्रह, बेताल, यक्षगण आदि ।
नाश गर्ने "तुरे "तपाई महा उत्तम ॥

**अन्तमा** :–
चावइ ङाग्क्यि तोद्पा दिधाङ् ।
छ्याग्छाल् वानि ञिस्यु चाच्यिग् ॥

मूल मन्त्रको स्तोत्र यी ।
प्रार्थना गर्ने एक्काईस हुन् ॥

श्री पद्मवर्ण महायान विहार र आर्य तारा त्रि-उत्तम समुहको सामुहिक अनुवादऋबाट ।

## ३१. तारा धारणी प्रार्थनाः

स्वाहाकार तपाइलाई प्रणाम। भट्टारिका आर्यतारा तपाइ नै विज्ञ विद्वान दुख तखा भयबाट उद्धार गरिदिनु होस्।

ॐ तारे तु तारे तुरे स्वहा।

यस कुशल पुण्यको प्रभावले मैले आर्य ताराको साधना पुरा गरेर जगत प्राणी एउटै बाँकी नराखी, हजुरको भूमिमा पुऱ्याउन सकुँ।

ॐ तारे तुत्तारे तुरे मम आयुर्पुण्य ज्ञान पुष्टिं कुरु स्वहा।
ॐ तारे तुत्तारे तुरे स्वहा।
ॐ तारे तुत्तारे तुरे सर्व ग्रहेभ्यो शान्तिं कुरुये स्वहा।
ॐ तारे तुत्तारे तुरे सर्व दुष्टनेभ्यो शान्तिं कुरुये स्वहा।
ॐ तारे तुत्तारे तुरे सर्व ज्वारेभ्यो शान्तिं कुरुये स्वहा।
ॐ तारे तुत्तारे तुरे सर्व विघ्नानेभ्यो शान्तिं कुरुये स्वहा।
ॐ तारे तुत्तारे तुरे सर्व उपद्रवेभ्यो शान्तिं कुरुये स्वहा।
ॐ तारे तुत्तारे तुरे सर्व दुर्निमित्तेभ्यो शान्तिं कुरुये स्वहा।
ॐ तारे तुत्तारे तुरे सर्व दुःस्वप्नेभ्यो शान्तिं कुरुये स्वहा।
ॐ तारे तुत्तारे तुरे सर्व अकाल मृत्युभ्यो शान्तिं कुरुये स्वहा।
ॐ तारे तुत्तारे तुरे सर्व चित्त कुलभ्यो शान्तिं कुरुये स्वहा।

## ३२. शाक्यमुनि बुद्धको धारणी मन्त्रः

उपाय कौशल्य करुणामय शाक्य कुलमा जन्मनु भएको। अरुले नसक्ने क्लेश मारको समुह नष्ट गर्ने। सुमेरु पर्वत झैं बिशाल काय शाक्य राजा तपाईलाई प्रणाम गर्दछु।

तद्यथाः ॐ मुनेमुने महामुने शाक्य मुनय स्वहा।

## ३३. अवलोकितेश्वरको धारणी मन्त्रः

श्रीनाथ दोषरहित काय सेतो बर्ण। सम्यक्सम्बुद्ध शिरमा अलाङ्कृत। करुणामय चक्षुले जगत प्राणीलाई हेर्नु हुने। आर्य अवलोकितेश्वरलाई प्रणाम गर्दछु।

ॐ मणि पद्मे हुँ।

अवलोकितेश्वरको साधना पुरा गरेर। यस कुशल पुण्यको प्रभावले मैले। जगत प्राणी एउटै बाँकी नराखी। हजुरको भूमिमा पुऱ्याउन सकुँ।

## ३४. गुरु रिन्पोछेको धारणी मन्त्रः

भारतबर्षका महापण्डित हिमाली क्षेत्रमा अतुलनीय कृपा । पद्मसम्भव कायलाई मरण भय नभएको । हाल दक्षिण पश्चिम कोणमा अवस्थित गन्धर्व लोकको हितार्थ । उडियान मणि रत्न गुरुलाई बन्दना गर्दछु ।

ॐ आः हुँः बज्र गुरु पद्म सिद्धि हुँ ।

## ३५. बज्रपाणीको धारणी मन्त्रः

अलकावतिको उत्तम परम स्थान । गुह्य तन्त्र विद्या मन्त्र सबैको संरक्षक । गलत मार्ग देखाउने बाधाको सबै परिवार हरणकारी । भगवान बज्रधारी तपाइलाई प्रणाम गर्दछु ।

ॐ बज्रपाणी हुँ फट् । ॐ कुरु भना रहा स्वहा ।

## ३६. बज्रसत्व धारणी मन्त्रः

मेरो शिरमा बज्रसत्वको काय सेतो वर्णको दुइ हात बज्र घन्टी साध्य उपाय धारणि । वहाँकांको कायबाट अमृतको अटुट् बर्षाले सम्पूर्ण कायको पाप आवरण परिशुद्ध होउन् ।

ओम् बज्र सत्व समय मनुपालय बज्र सत्व तेनो प्रतिष्ठ दृढो मे भवः सुतोष्यो मे भव सुपष्यो मे भवः अनुरक्तो मे भवः सर्व सिद्धि मे प्रयच्छ सर्वकर्म सुच मे चित्तं श्रीयं कुरु हूँः ह ह ह ह हो भगवान सर्व तथागत बज्र मामे मुञ्च बज्रिभव महासमय सत्व आः ।।

यस पुण्यबाट शिघ्रनै मैले बज्रसत्वको साधना पुरा गरेर जगत प्राणी एउटै बाकी नराखी हजुरको भूमिमा पुऱ्याउन सकुँ ।

यस सय अक्षरको मन्त्रले चित्तमा भएका क्लेषहरू जस्तै लोभ, मोह, राग, दोष, ईर्ष्या, क्रोध र अहमतालाई बज्रशक्तिद्वारा नाश गर्दछ । बज्रसत्व = बज्र जस्तो मन, बज्रलाई सधारणतया हिरा (Diamond) को रुपमा मानिन्छ । हिरा जस्तो मुल्यवान हृदय बनाउने अभ्यास हो यो अर्थात् अर्को अर्थमा बुझ्ने हो भने बज्र जस्तो बलियो मन जसले तृष्णा र वितृष्णालाई वसमा राख्न सक्दछ ।

## ३७. सर्वदुर्गीति परिशोधन राज धारणीः

नमो भगवते सर्वदुर्गीति परिशोधन राजाय तथागतय अर्हते सम्यक्सम्बुद्धाय तद्यथा। ओं शोधने शोधने विशोधने विशोधने। सर्व पाप विशोधने शुद्धे विशुद्धे सर्व कर्मवरण विशोधने स्वहा।

## ३८. बज्र किलय धारणी मन्त्रः

ॐ बज्र किलि किलिया सर्व विघ्नन् बम् हुँ फट्।

## ३९. अवलोकितेश्वर धारणीः

नमो रत्नत्रयाय । नम आर्यज्ञानसागर-वैरोचन-व्यूहराजाय। तथागताय अर्हते सम्यक्सम्बुद्धाय। नमः सर्वतथागतेभ्योऽर्हभ्द्यः सम्यकसम्बुद्धेभ्यो। नम आर्य-अवलोकितेश्वराय बोधिसत्वाय।

महासत्वाय । महाकारुणिकाय । तद्यथा । ॐ धर धर। धिरि धिरि। धुरु धुरु। इट्टे इट्टे। चले चले। प्रचले प्रचले । कुसुमे कुसुमवरे । इलिमिलि । चितिज्वल-मपनय स्वाहा।

(तीन पटक वाचन गर्नुहोस्)

## ४०. अष्ट मंगल द्रव्यार्पणः

मंगल स्वस्ति भवतु । आज यहाँ सम्पूर्ण जम्बुद्वीपका अलंकार, सम्पूर्ण जगतका इच्छाहरूका स्रोत, सम्बुद्धरुपी बृक्षहरूको आश्रयको आधार, भद्र गुणहरूद्वारा अलंकृत, बोधिबृक्ष, समस्त देवता र मनुष्यको पुण्यको एक मात्र क्षेत्र सर्बश्रेष्ठ पूजा बृक्ष बज्रासन छ । यहाँ बुद्धले स्वयं जुन माङ्गलिक द्रव्यहरूलाई अधिष्ठित गर्नुभएको थियो, त्यसको प्रभावले (म र हामी) मंगल पाठ गर्छु/गर्छौं ।

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई गुह्याधिपति बज्रपाणिले सेतो सर्स्युं चढाउनु भएको थियो । त्यसलाई बुद्धले माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको बल र प्रभाले गर्दा, आज यहाँ महोत्सवमा सेतो सर्स्युंबाट मंगल होस् ।

सेतो सर्स्युं बज्रकुलको हो । यसले सबै ठाउँमा सम्पूर्ण
बिघ्नहरूलाई बाँकी नराखी नाश गर्दछ । बल प्रताप
र गुणमा पराकाष्ठ भएको त्यो माङ्गलिक द्रव्यले
गर्दा, सबै बिघ्नहरू शान्त होउन् ॥१॥

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई ब्राह्मण कुन्धलीले दुबो चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको

प्रभावले आज यो महोत्सवमा दुबो द्रव्यद्वारा मंगल होस् । दुबोले आयुलाई बढाउँछ । बज्रसत्वको आयु सिद्ध गराउँछ। क्लेशभएको जन्म मरणको श्रृंखलालाई तोड्ने माङ्गलिक द्रव्यद्वारा हाम्रो आयुको पनि बृद्धि होस् ।।२।।

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई पृथ्वी देवीले सिन्दुर चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको प्रभावले आज यो महोत्सवमा यहाँ सिन्दुर द्रव्यद्वारा मंगल होस् । रातो सिन्दुर बशीकरण स्वभावको छ । अशेष धर्महरूलाई बशमा राखेर अत्यन्त सुदृढ धर्मराजले यसको मंगलद्वारा यहाँ पनि राज्यस्थिर गरुन् ।।३।।

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई ऐरावत हात्तीले गोरोचन चढाउँदाखेरि उसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको प्रभावले आज यस महोत्सवमा यहाँ गोरोचन द्रव्यद्वारा मंगल होस् । गोरोचन त्रिविष नाशक रोगहरूको उत्तम औषधि हो । धर्मधातुको साक्षात्कार गरेर क्लेशका पिडाहरूलाई मेटाइदिने यसको मंगलले यहाँ दुःख शान्त होस् ।।४।।

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई गृहधिपति भद्रपालले दही चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नुभएको थियो। त्यसको प्रभावले आज यो महोत्सवमा दही द्रव्यद्वारा मंगल होस्। यही सबको सार हो। बिशुद्ध सार र उत्तम ज्ञानको साक्षात्कार गरेर आकाश जस्तो समस्त गुण भएको त्यसबाट यहाँ पनि त्रिविष शान्त होस् ॥५॥

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई रुपकी देवी प्रभाधरीले आदर्श चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नुभएको थियो। त्यसको बल प्रभावले आज यो महोत्सवमा आदर्श द्रव्यद्वारा मंगल होस्। आदर्श ज्ञान महासागर श्रेष्ठ ज्ञान सागरहरूमा बिशुद्ध भएर धर्महरूको निर्बाध रुपमा उपभोग गर्नेवाला छ। त्यसबाट पनि आवरण शोधित होउन् ॥६॥

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई बृक्ष देवीले बेलको फल चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नुभएको थियो। त्यसको प्रभावले आज यो महोत्सवमा बेलको फलद्वारा मंगल होस्। बेलको फल हेतु फल सहितको धर्म हो। समस्त लोकमा चर्याहरू श्रेष्ठ बोधि गर्भका कारण बन्दछन्। त्यो मंगलले सर्वार्थ सिद्ध होउन् ॥७॥

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई देवराज इन्द्रले सेतो दाहिने शंख चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नुभएको थियो । त्यसको प्रभावले आज यो महोत्सवमा दाहिने शंखद्वारा मंगल होस् । शंख धर्म नादलाई ध्वनित पारेर ज्ञानसागरमा शोधित गरेर सम्पूर्ण धर्महरूको प्रदर्शक हुन्छ । त्यो मंगलद्वारा शब्दाभिषेक प्राप्त होस् ॥८॥

भगवान बुद्धको जीवनीसँग सम्बन्धित बिभिन्न घटना क्रममा उहाँले यी आठ द्रव्यहरूलाई अधिष्ठित गरेर माङ्गलिक द्रव्यको रुपमा लिएको हुनाले यिनीहरूलाई सबैले मंगल द्रव्यको रुपमा लिन्छन् । त्यसैले अभिषेक, उपदेश जस्ता राम्रा शिक्षाहरू लिने मौकाहरूमा शुभ साइत होस् भनेर यी द्रव्यहरू चढाउने चलन छ । त्यसरी चढाउँदा यिनीहरूको गुण र विशेषतालाई भावना गरी बुझेर मनमा धारण गरेर चढाउनको लागि यो पाठ उपयोगी हुनेछ ।

## ४१. भद्रचरी प्राणिधान राज स्तोत्र (स्याङ्पो च्योद्पइ मोनलाम् घ्यि ग्यालपो)

समन्तभद्रले यिनै बताउन सकिने र बताउन नसकिने बुद्ध क्षेत्रका परमाणुहरूका कण बराबरका लोकधातुहरूमा कल्प र कल्पसमूहहरूलाई प्रकाशित गर्दै भूयसी मात्रामा गाइएका यी गाथाद्वारा प्रणिधान गर्नुभयो !

फागपा ज्यामपल श्योन् नुर घ्युर् पा ला क्षाग् छाल्लो ।
आर्य मञ्जुश्री कुमार भूतमा वन्दना गर्दछु ।

झियञ्येद सु धाग क्षोग् च्युई ज्यिग् तेन् ना ।
धुय् सुम् शेग् पा मियी सेङ्गे कुन् ।
दाग् घ्यि् मालुय् धेधाग् थामच्यद् ला ।
लुय् धाङ् ङाग् यिद् धाङ्वय् क्षाग् ग्यि हो ॥१॥

दशै दिशाका सम्पूर्ण लोकधातुहरूमा । तीनै कालका जति पनि बुद्ध (नरसिंह)हरू छन् । ती सबै (तथागत)लाई काय, वाक् र चित्तले प्रसन्न भइकन वन्दना गर्छु ।

स्याङ्पो च्योद्पइ मोनलाम् तोब् दाग् घियू ।
ग्यालवा थामच्यद् यिद् क्यिय् डोन् सुमधु ।
शियङ् घि दुल् ज्येद लुय् राब तुद्पा यिय् ।
ग्यालवा कुनला राबतु क्षाग् छाल्लो ॥२॥

भद्रचर्याको प्रणिधानको बलले । गर्दा सबै बुद्धहरूतिर मन फर्काएर । सबै क्षेत्रका प्रमाणु बराबरका कायहरूद्वारा । सबै बुद्धहरू प्रणाम गर्छु ।

दुलच्यिग् तेङ्ना दुलज्येद् साङ्ग्यय् नाम् ।
साङ्ग्यय् स्रय् क्यि वुयना श्युगपा दाग् ।
देतार छ्योय् क्यि यिङ् नाम् मालुय् पा ।
थामच्यद् ग्यालवा दाग् घिय् धाङ् वार मोय् ॥३॥

बुद्ध क्षत्रहरूको कणकणमा विराजमान बुद्धहरू । त्यस्तै बुद्ध पुत्रहरूको विचमा विराजमान । सम्पूर्ण धर्म धातुहरूमा भरिएका बुद्धहरूमा । कोही बाँकी नराखी म निश्चय गरी श्रद्धा गर्दछु ।

घेधाग् डाग् पा मिस्यद ग्याछो नाम् ।
वाङ्क्यि यानलाग् ग्याछोइ ड्राकुन् घ्यिय् ।
ग्यालवा कुन् घ्यि योनतेन राब् ज्योद् च्यिङ् ।
देवार श्येगपा थामच्यद् दाग् घिय् तोद् ॥४॥

अक्षय सागर समानको वहाँकाहरूको गुणको प्रशंसा। सागर समान शब्द घोषको अंगहरूद्वारा । सकल बुद्धहरूको गुणको प्रशंसा गरी। सबै बुद्धहरूमा म स्तुति गर्छु।

मेतोग् धामपा ठ्रेङ्वा धामपा धाङ।
सिल् ञ्येन् दाङ् ज्युगपा दुग् छ्योग् धाङ्।
मार् मे छ्योग् दाङ् दुगपोय् धामपा यिय्।
ग्यालवा धेधाग् लानि छ्योद् पार ग्यि ।।५।।

उत्तम पुष्प तथा उत्तम माला।
उत्तम वाद्य, विलेपन, छत्र र।
उत्तम दीप, र उत्तम धूपद्वारा।
वहाँका तथागतहरूमा म पूजा चढाउँछु।

नास्या धामपा नाम् धाङ् दि छ्योग् धाङ्।
क्षेमाइ फुरमा रिराब् ञ्यामपा धाङ्।
कोद्पा ख्यद्पार फागपइ छ्योग् कुन् ग्यिय्।
ग्यालवा देदाग् लानि छ्योद्पार ग्यि ।।६।।

त्यस्तै उत्तम वस्त्र, उत्तम सुगन्ध। चूर्णपुट (सुगन्धित) तथा अरु सुमेरुसमान सम्पूर्ण विशिष्ट। उत्तम वस्तुहरूको समूहद्वारा। ती तथागतहरूमा चढाउँछु।

छ्योद्पा घाङ् नाम् लामेद् ग्या छ्ये वा ।
धेधाग् ग्यालवा थामच्यद् ला याङ् मोय् ।
स्याङ्पो च्योद्ला धेद्पइ तोब् धाग् घिय् ।
ग्यालवा कुनला क्षाग् छाल छ्योद्पार ग्यि ॥७॥

जति पनि अनुत्तर र उदार (विशाल) पूजाहरू छन् । ती सबै सम्पूर्ण बुद्धहरूलाई मनले चढाउँछु । भद्रचर्यामा श्रद्धा गरेको भावनाको बलले । सम्पूर्ण बुद्धहरूलाई वन्दना र पूजा गर्दछु ।

दोद् छ्याग् श्ये दाङ तिमुग् वाङ्गिय् नि ।
लुय् धाङ् ङाग् धाङ् घेश्यिन् यिदि्क्यय् क्याङ् ।
दिगपा दागघिय् ग्यियपा च्यि छिय् पा ।
धेधाग् थामच्यद् दागघिय् सोसोर श्याग् ॥८॥

राग, द्वेष र मोहको वसमा परी । काय, वाक्, र त्यसरी नै चित्तद्वारा । मैले जति पनि पाप गरेको हुँला । ती सबै पापहरूलाई प्रतिदेशना गर्दछु ।

क्षोग् च्युइ ग्यालवा कुन् धाङ् साङ् ग्यय् स्नय् ।
राङ्ग्याल नाम् धाङ् लोब् धाङ् मिलोब् धाङ् ।
ड्रोवा कुन् ध्यि सोदनाम् घाङ् ला याङ् ।
धे धाग् कुन् ग्यि ज्येसु दाग् यि राङ् ॥९॥

दशै दिशाका सम्पूर्ण बुद्ध र बोधिसत्वहरू प्रत्येक बुद्ध तथा शैक्ष र अशैक्ष तथा। जगत प्राणहरूको जे जति पुण्य कार्यहरू छन्, ती सबै पुण्यहरूको म अनुमोदन गर्छु। (प्रशंसा गर्छु)।

धाङ् नाम् छ्योग् च्युइ जिगतेन ड्रोनमा नाम।
झ्याङ्छ्युब रिमपार साङ्गयय्मा छ्याग् ञ्येय्।
गोनपो धेधाग् दागघिय् थामच्च्यद् ला।
खोरलो लाना मेद्पार कोरवार कुल ॥१०॥

लोकप्रदीप हुनु भएका दशै दिशाका जति पनि बुद्धहरू छन्। क्रमानुसारले बोधिज्ञान प्राप्त गरी असँगी (अनासक्त) भएका। ती सबै बुद्धहरूलाई मैले, धर्मचक्र प्रवर्तन गर्नुहोस् भनी म अध्येषणा (अनुरोध) गर्छु।

न्या ङन् दा तोन धाङ् श्येद् धे धाग् ला।
ड्रोवा कुन् ला फेन् शियङ् देवइ क्षिर।
कालपा शियङ्गि दुल् ञ्येद् श्युग् पार याङ्।
दाग् घिय् थालमो राब् ज्यार सोलवार ग्यि ॥११॥

निर्वाण दर्शाउन चाहने जति पनि तथागतहरू छन्। सम्पूर्ण प्राणीहरूको हित र सुखको निमित्त सबै क्षेत्रका रज बराबर संख्याका कल्पहरूसम्म बस्नुहोस् भनी। उहाँहरूलाई हात जोडी मैले याचना गर्छु।

क्षाग् छाल् वा धाङ् छ्योद् च्यिङ् श्याग् पा धाङ् ।
ज्येसु यिराङ् कुलश्यिङ् सोलवा यि ।
गेवा च्युङ् स्यद् दाग् घिय् च्यि सागपा ।
थामच्च्यद् जोग् पइ झ्याङ्छ्यूब क्षिर ङो हो ॥१२॥

यसरी वन्दना, पूजना, पापदेशना । पुण्यानुमोदना, अध्येषणा र याचना गरेर । मैले सञ्चय गरेको जति पनि पुण्यहरू छन् । ती सबै संबोधिको लागि परिणामना गर्छु ।

देय् पइ साङ्ग्यय् नाम् धाङ् क्षोग् च्यु यि ।
जिगतेन् धाग ना घाङ् श्युग् छ्योद् घ्युर च्यिग ।
घाङ् याङ्मा झ्योन धेधाग् राब् न्युर वार ।
साम् जोग् झ्याङ्छ्यूब रिमपार साङ्ग्यय् च्योन् ॥१३॥

दशै दिशाको अतीतका बुद्धहरू तथा । विराजमान हुनु भएको जति पनि बुद्धहरू छन् ती पूजित होऊन् । जति पनि भविष्यका बुद्ध हुनेहरू छन् तिनीहरूको पनि चाडै नै मनोरथ पूर्ण भई, क्रमैले बोधिज्ञान प्राप्त गरी बुद्ध होऊन् ।

क्षोगच्च्यु घा लाइ श्यिङ् नाम् झ्यिञ्येद् पा ।
धेधाग् ग्याछ्येर योङ्सु धाग् पार घ्युर ।
झ्याङ्छ्यूब् शिङ् वाङ् ध्रुङ् शेग् ग्यालवा धाङ् ।
साङ्ग्यय् स्रय् क्यिय् राबतु घाङ्वार श्योग् ॥ज्ञद्ध

दश दिशामा रहेका जति पनि क्षेत्रहरू छन् । ती सबै विपुल र परिशुद्ध होऊन् । बोधिवृक्षको छत्र छाँयामा । बुद्ध र बोधिसत्वहरूले परिपूर्ण भइरहुन् ।

क्षोग् च्युइ सेम् च्यन् घाङ् नाम् झियञ्येद् पा ।
घेधाग् तागतु नेद् मेद् दे घ्युर च्यिग् ।
ड्रोवा कुन् घ्यि छ्योय् क्यि धोन् नाम् नि ।
थुनपार घ्यर च्यिङ् रे वाहाङ् डुबपार श्योग् ॥१५॥

दशै दिशामा रहेका जति पनि प्राणीहरू छन् । ती सबै सधैं सुखी र निरोगी होऊन् । सबै जगतका धार्मार्थिहरूको मनोकामना । अनुसारको इच्छासिद्धि होस् ।

झ्याङ् छ्युब् च्योद्पा धाग नि दाग् च्योद् च्यिङ् ।
ड्रोवा कुनतु क्येवा ध्रेनपार घ्युर ।
छे राब् कुनतु छियफो क्ये वा ना ।
तागतु दाग् नि राबतु ज्युङवार श्योग् ॥१६॥

मैले बोधिचर्या पालन गरिरहँदा । सम्पूर्ण गतिका, सबै जन्महरूको स्मरण होस् । साथै सम्पूर्ण जन्मको च्युति, उत्पत्ति हुँदा । सधैं म प्रवर्जित हुन सकुँ ।

ग्यालवा कुन् ग्यि ज्येसु लोब् घ्युर ते ।
स्याङ्पो च्योद्पा योङ्सु जोग् ज्येद् च्यिङ् ।
छुलठ्रीम् च्योद्पा ध्रि मेद् योन् धाग् पार ।
तागतुमा ज्याम् क्योन् मेद् च्योद्पार श्योग ॥१७॥

सबै तथागतहरूका शिक्षाको अनुसरण गर्दै भद्रचर्या परिपूर्ण गर्दै । शीलको पालन गर्दा निर्मल विशुद्ध भएर । अखण्ड तथा दोष मुक्त भई चर्या गने सकुँ ।

ल्हायि केद् धाङ् लु धाङ् नोद् ज्यिन केद् ।
डुलबुम् धाग् धाङ् मियि केद् नाम धाङ् ।
ड्रोवा कुन् ग्यि ड्रानाम् झ्यि चामपार ।
थामच्च्यद् केद् दु दाग् घियु छ्योय् तेन् तो ॥१८॥

देवताको भाषा, नाग र यक्षको भाषामा । कुष्माण्ड तथा मनुष्यको भाषामा । जगतका जति पनि भाषाहरू (बोली) छन् । ती सबै भाषाहरूमा धर्मदेशना गर्न सकुँ ।

धेय् शिङ् फारोल् क्षिन् ला राब् चोन ते ।
झ्याङ्छ्युब सेम नि नाम् याङ् ज्येद्मा घ्युर ।
दिगपा घाङ् नाम् ड्रिबपार घ्युरपा धाग् ।
धेधाग् मालुय् योङ्सु झ्याङ् वार श्योग् ॥१९॥

पारमिता पूर्ण गर्नमा लागि रहेका जति पनि बोधिसत्वहरू छन् । तिनीहरू बोधि चित्तबाट कहिल्यै विचलित नहोस् । तथा उनीहरूका जति पनि पाप र आवरण छन् । ती सबै सम्पूर्ण शोधन भएर जावोस् ।

लेय् धाङ् ज्योन् मोङ् दुद्क्यि लेय् नाम् लेय् ।
ढ्रोल श्यिङ् जिगतेन ड्रोवा नाम् सु याङ् ।
झ्यितार पेद् मो छ्युय् मि छ्याग् पा श्यिन् ।
ञ्यि दा नामखार थोगपा मेद् तार च्यद् ॥२०॥

कर्म र क्लेश तथा मारको पथबाट । विमुक्त भई लोकका कुनै पनि प्राणीले । जसरी कमलमा पानी नलागे सरह । तथा आकाशमा सूर्य र चन्द्र नअडे सरह चर्या गरुन् ।

श्यिङ्घि ख्योन् धाङ् छ्योग् नाम् झ्यि चाम् पार् ।
ङन् सोङ् दुग् ङाल् राबतु श्यिवार ज्येद् ।
देवा धाग ला ड्रोवा कुन् गोद् च्यिङ् ।
ड्रोवा थामच्यद् ला नि फेनपार च्यद् ॥२१॥

सबै दिशाहरूमा जति पनि क्षेत्रहरू छन् ती सबैमा । अपाय गतिमा दुःखहरूलाई शान्त पार्दै । सम्पूर्ण जगतलाई सुखमय स्थापित पार्दै । सम्पूर्ण जगतको हितको लागि चर्या गर्न सकुँ ।

झ्याङ्छ्युब च्योद्पा योङ्सु जोग् ज्येद् च्यिङ् ।
सेमच्यन् घाग् घि च्योद् धाङ् थुनपार ज्युग् ।
स्याङ्पो च्योद्पा धाग् नि राब् तोन च्यिङ् ।
माहोङ् कालपा कुनतु च्योद् पार घ्युर ।।२२।।

बोधिचर्यालाई परिपूर्ण गर्दै । सत्वहरूका आशय अनुसारको चर्या गर्दै । भद्रचर्यालाई प्रभावकारी बनाउँदै । सम्पूर्ण भविष्यका कल्पहरूमा चर्या गर्न सकुँ ।

दाग् घि च्योद् धाङ् छुङ्पार घाङ् च्योद् पा ।
धे धाग् धाङ् नि ताग तु ड्रोगपार श्योग् ।
लुय् धाङ् डाग् नाम् धाङ् नि सेम् क्यिय् क्याङ् ।
च्योद्पा धाग् धाङ् मोनलाम् च्यिगतु च्यद् ।।२३।।

मेरा समान भद्रचर्या पालन गर्ने व्यक्तिहरूसँग । मेरो नित्य भेटघाट भइरहोस् । काय, वाक र चित्तद्वारा । एउटै चर्याको प्रणिधान गर्दै चर्या गर्न सकुँ ।

दागला फेनपार दोद्पइ ढ्रोगपो घाङ् ।
स्याङ्पोइ च्योद्पा राबतु तोन् पा नाम् ।
धेधाग् धाङ् याङ् तागतु ठेद्पार श्योग् ।
धेधाग् दाग् घिय् नाम् याङ् यिद् मि ज्युङ् ।।२४।।

मेरो हितको कामना गर्ने कल्याणमित्रहरू । भद्रचर्या पालन गर्न उपदेश दिने व्यक्तिहरूसँग । नित्य भेटघाट पनि भइरहोस् । मैले उहाँहरूको चित्त कहिल्यै दुखाउन नपरोस् ।

साङ्‌यय् म्नय् क्यिय् कोरवइ गोनपो नाम् ।
ङोन् सुम् तागतु दाग् घियू ग्यलवा ता ।
माहोङ् कालपा कुनतु मिक्यो वार ।
धेधाग् ला याङ् छ्योद्‌पा ग्याछ्येर ग्यि ॥२५॥

बोधिसत्वहरूले परिक्रमित गरी बसेका बुद्धहरूको । मैले आफ्नो सम्मुखमा संधै दर्शन पाउँ । भविष्यका सबै कल्पहरूमा खिन्न नभईकन । उहाँहरूको विपुल पूजा गर्न पाउँ ।

ग्याल वा नाम् क्यि धाम पइ छ्योय् जिन् च्यिङ ।
झ्याङ छ्युब च्योद् पा कुन तु नाङ् वार ज्येद् ।
स्याङ् पो च्योद् पा नाम् पार ज्याङ् वा याङ् ।
माओङ् काल पा कुन तु च्यद् पार ग्यि ॥२६॥

तथागतहरूको सदधर्म धारण गर्दै, बोधिचर्यालाई प्रकाश गर्दै । भद्रचरीलाई परिशोधन गर्दै । भविष्यका सर्ब कल्पहरूमा चर्या गर्न सकुँ ।

सिद पा थामच्यद् धु नि खोर वा ना ।
सोद् नाम् ये श्ये दाग नि मि स्यद् ञ्येद् ।
थाब् धाङ् शेय् राब् तिङ् जिन् नाम थार धाङ् ।
योन तेन कुन् घ्यि मि स्येद् जोद् घ्युर च्यिग् ।।२७।।

यो भवसागरमा जन्मदै गर्दा । पुण्य र ज्ञान सम्भारलाई अक्षय रुपले प्राप्त गर्दै । प्रज्ञा, उपाय, समाधि र विमोक्ष आदि । सबै गुणहरूको अक्षय कोष म आफै बन्न सकुँ ।

दुल् च्यिग् तेङ् ना दुल् ञ्येद् श्यिङ् नाम् ते ।
श्यिङ् धेर साम् घ्यिय् मि ख्याब् साङ् ग्यय् नाम् ।
साङ् ग्यय् सेय् क्यि वुइना श्युग् पा ला ।
झ्याङ् छ्युब च्योद् पा च्योद् च्यिङ् तावार ग्यि ।।२८।।

एक रजकणको अग्रभागमा रजकण बराबरको बुद्ध क्षेत्रहरू छन् । ती क्षेत्रहरूमा अचिन्त्य बुद्धहरू छन् । वहाँहरू बोधिसत्वहरूको बिचमा विराजमान हुनुहुन्छ । बोधिचर्या गर्दा मैले वहाँकाहरूको दर्शन पाउन सकुँ ।

धे तारमा लुय् थामच्यद् क्षोग् सु याङ् ।
टा चाम् ख्योन ला धुय् सुम् छ्येद् ञ्येद् क्यि ।
साङ् ग्येय् ग्याछो श्यिङ् नाम् ग्याछो धाङ् ।
काल पा ग्या छोर च्योद् च्यिङ् राब तु ज्युग ।।२९।।

यसरी सम्पूर्ण बुद्धहरूमा र सबै दिशाहरूमा रौं प्रमाण भागमा विराजमान तीनै कालका। समुन्द्र सरह बुद्ध क्षेत्रको सागर हरूमै। कल्प समुन्द्रसम्मै चर्या गर्न अवतरण गर्न सकुँ।

सुङ् च्यिग् यान लाग् ग्या छोइ डा केद् क्यिय्।
ग्याल वा कुन् याङ् यान लाग् नाम् धाग पा।
डो वा कुन् घ्यि साम पा झ्यिय् श्यिन् याङ्।
साङ् गयय् सुङ् ला ताग तु ज्युग् पार ग्यि ॥३०॥

एउटै वचनका अंगहरू समुन्द्रै समानको स्वरले। सम्पूर्ण बुद्धहरूको स्वरको अंगहरूले विशुद्ध भएको। सम्पूर्ण प्राणीहरूको आशय अनुसार घोष गर्न सक्ने। बुद्धको वाक् (स्वर)मा म संधै प्रवेश गर्न सकुँ।

धुय् सुम् शेग् पइ ग्याल वा थामच्यद् धाग्।
खोर लोइ छुल् नाम् राब तु कोर वा यि।
धे धाग् घि याङ् सुङ् याङ् मि स्यद् ला।
लोयि तोब् क्यिय दाग् क्याङ् राब तु ज्युग् ॥३१॥

तीनै कालका सम्पूर्ण बुद्धहरूले। धर्मचक्र प्रवर्तन गरेकोले अक्षय घोष र भषामा पनि। बुद्धिको बलले म प्रवेश गर्न सकुँ।

माओङ काल पा थामच्यद् ज्युग् पार याङ् ।
केद् च्यिग् च्यिग् घिय् दाग क्याङ् ज्युग् पार ग्यि ।
घाङ् याङ् काल पा धुय् सुम् छ्येद् धे धाग् ।
केद् च्यिग् छ्या शेय् क्यिय् नि श्युग् पार च्यद् ॥३२॥

एकै क्षणमा अनागतका सबै । कल्पहरूमा म प्रवेश गर्न सकुँ । त्यस्तै गरी तीनै कालका कल्पहरूमा । एकै क्षणमा म प्रवेश गर्न सकुँ ।

धुय् सुम् शेग् पा मियि शेङ् गे घाङ् ।
धे धाग् केद् च्यिग् च्यिग्ला दाग गिय् ता ।
ताग तु धे धाग् घि नि च्योद् युल् ला ।
ग्यु मार ग्युर वइ नाम थार तोब् क्यिय् ज्युग् ॥३३॥

तीनै कालका नरसिंह तथागतहरूलाई । एकै क्षणमा दर्शन गर्न सकुँ । नित्य उहाँहरूको गोचरमा । मायागत विमोक्षको बलले प्रवेश गर्न सकुँ ।

घाङ् याङ् धुय् सुम् दाग् घि श्यिङ् कोद् पा ।
धे धाग् दुल च्यिग् तेङ् धु ङोन् पार ड्डुब् ।
धे तारमा लुय् क्षोग् नाम थामच्यद् धु ।
ग्याल वा दाग् घि श्यिङ् नाम् कोद् ला ज्युग् ॥३४॥

तीनै कालका जति पनि बुद्धक्षेत्रका समूहहरू छन् । ती सबैलाई एकै रजकणको अग्रभागमा राख्न सकुँ । यसरी नै सबै दिशामा रहेका सम्पूर्ण । तथागतहरूको क्षेत्र समूहमा अवतरण गर्न सकुँ ।

घाङ् याङ्मा झ्योन ज्यिगतेन डोन्मा नाम् ।
धे धाग् रिम पार छ्याङ् ग्या खोर लो कोर ।
न्या ङन् देय् पा राब तु श्यि था तोन ।
गोन पो कुन् घ्यि ध्रुङ् दु दाग् क्ष्यिय् ओ ॥३५॥

भविष्यका लोकप्रदीपहरू जति पनि छन् । क्रमैले ती सबैले बुद्ध बनी धर्मचक्र प्रवर्तन गरी । निर्वाण प्रशान्त भएर अन्तमा देखाउँदा । सबै तथागतहरूको सामु म उपस्थित हुन सकुँ ।

कुन तु न्युर वइ जु ठुल तोब् नाम् धाङ् ।
कुन नेय् गो यि थेग पइ तोब् नाम् धाङ् ।
कुन तु योन तेन च्योद् पइ तोब् नाम् धाङ् ।
कुन तु ख्याब् पा झ्याम पा धाग् गि तोब् ॥३६॥

समस्त वेगले युक्त भएको ऋद्धिको बलले । सबै प्रकारको द्वारले युक्त यानको बलले । सबै गुणले युक्त भएको चर्याको बलले । सर्वत्र व्याप्त मैत्रीको बलले ।

कुन् नेय् गे वइ सोद् नाम तोब् नाम दाङ् ।
छ्याग् पा मेद् पार घ्युर पइ येशेय् तोब् ।
शेय् राव् थाब् धाङ् तिङ् जिन तोब् धाग घिय् ।
झ्याङ् छ्युब तोब् नाम् याङ् धाग् डुब पार ज्येद् ॥३७॥

सबै प्रकारको शुभ हुने पुण्यको बलले । अनासक्त ज्ञानको बलले । प्रज्ञा, उपाय र समाधिको बलले । बोधिबललाई सम्यक् रुपमा सिद्ध गरी ।

लेय् क्यि तोब् नाम् योङ् सु दाग् ज्येद् च्यिङ् ।
ज्योन् मोङ् तोब् नाम् कुन तु ज्योम् पार ज्येद् ।
दुद् क्यि तोब् नाम् तोब् मेद् राब् ज्येद च्यिङ् ।
स्याङ् पो च्योद् पइ तोब् नि जोग पार ग्यि ॥३८॥

कर्मको बललाई निर्मल बनाउँदै । क्लेशको बललाई बेसरी दबाउँदै । मारको बललाई दुर्बल बनाउँदै । भद्रचर्याको बललाई पूर्ण गर्न सकुँ ।

श्यिङ् नाम् ग्याछो नाम पार धाग् ज्येद् च्यिङ् ।
सेम् च्यन ग्याछो दाग् नि नाम पार डोल ।
छ्योग् नाम् ग्या छो राब तु थोङ् झ्येद् च्यिङ् ।
ये शे ग्या छो राब तु तोग पार झ्येद् ॥३९॥

क्षेत्ररुपी समुन्द्रलाई विशोधन पार्दै । सत्वरुपी समुन्द्र विमुक्त पार्दै । धर्मरुपी समुन्द्रलाई दर्शन गर्दै । ज्ञानरुपी समुन्द्र अववोध गर्दै ।

च्योद् पा ग्या छो नाम पार धाग् ज्येद् च्यिङ् ।
मोन लाम् ग्या छो राब् तु जोग पार झ्येद् ।
साङ् ग्यय् ग्या छो राब तु छ्योद् झ्येद् च्यिङ् ।
काल पा ग्या छोर मि क्यो च्येद् पार ग्यि ॥४०॥

चर्यारुपी समुन्द्रलाई परिशोधन पार्दै । प्रणिधिरुपी समुन्द्रलाई परिपूर्ण गर्दै । बुद्धरुपी समुन्द्रलाई पूजा गर्दै । कल्परुपी समुन्द्रसम्म खिन्न नभई बोधिचर्या गर्न सकुँ ।

घाङ् याङ् धुय् सुम् शेग् पइ ग्याल वा यि ।
झ्याङ् छ्युब च्योद् पइ मोन लाम ज्ये ढाग् नाम् ।
स्याङ् पो च्योद् पइ झ्याङ् छ्युब साङ् ग्यय् नेय् ।
धे कुन् दाग् घियूमा लुइ जोग पार ग्यि ॥४१॥

तीनै कालका तथागत जीनहरूको । बोधिचर्या तथा विशेष प्रणिधानहरू जति पनि छन् । भद्रचर्याद्वारा बोधि प्राप्त गरी । ती सबै मैले पूर्ण गर्न सकुँ ।

ग्याल वा कुन् घ्यि स्नय् क्यि थुवो पा ।
घाङ् घि मिङ् नि कुन तु स्याङ् श्येय् झ्या ।
खेय् पा धे धाङ् छ्युङ् पार च्येद् पइ क्षिर ।
गे वा धे धाग् थामच्येद् राब तु ङो ॥४२॥

सबै तथागतहरूका जेष्ठपुत्र । समन्तभद्र बोधिसत्व हुनुहुन्छ। वहाँकाको समान चर्या पालन गर्न सक्ने हुन्, यी कुशलहरू सम्पूर्ण परिणामना गर्दछु ।

लुय् धाङ् ङाग् धाङ् यिद् क्याङ् नाम दाग् च्यिङ् ।
च्योद् पा नाम दाग् श्यिङ् नाम् योङ् धाग धाङ् ।
ङोवा स्याङ् पो खेय् पा च्यि दा वा ।
धे दार दाग् क्याङ् धे धाङ् छ्युङ् पार श्योग् ॥४३॥

कायविशुद्धि, वाकविशुद्धि, चित्तविशुद्धि, चर्याविशुद्धि र क्षेत्रविशुद्धि जे जस्तो परिमाणमन समन्तभद्र बोधिसत्वको छन् । त्यस्तै समानको परिणामना मैले पनि गर्न सकुँ ।

कुन् नेय् गे वा स्याङ् पो च्येद् पइ क्षिर ।
ज्याम् पाल् घ्यि नि मोन लाम च्येद् पार ग्यि ।
माओङ् काल पा कुन तु मि क्यो वार ।
धेयि झ्यावामा लुय् जोग पार ग्यि ॥४४॥

सबैतिर शुभ मंगल गर्ने भद्रचर्याको निमित्त । मञ्जुश्रीको प्रणिधानको चर्या गर्न सकुँ । भविष्यका सबै कल्पहरूमा पनि खिन्न नभई । ती प्रणिधानहरू सबै पूर्ण गर्न सकुँ ।

च्योद्पा धाग् नि छ्येद् योद्मा घ्युर च्यिग ।
योन तेन नाम क्याङ् छ्येद् स्युङ् मेद् पार स्योग ।
च्योद् पा छ्येद् मेद् पा ला ने नेयू क्याङ ।
धे धाग ठुल पा थामच्येद् छालवार ग्यि ॥४५॥

मेरो चर्याको यति उति भन्ने प्रमाण नहोस । मेरो गुणको पनि प्रमाण नहोस । यसरि अप्रमाण चर्यामा रहेर ति सबैमा आउन सक्ने भ्रान्तिलाई जान्न सकुँ ।

नाम खाइ थार थुग घ्युर पा झ्यि चाम् पार ।
सेम् च्येनमा लुय था याङ् धे श्यिन् ते ।
झ्यि चाम् लेयू धाङ् ज्योन् मोङ् थार घ्युर पा ।
दाघ् घ्यि मोनु लाम् था याङ्धे चाम् मो ॥४६॥

जसरी आकाश अनन्त छ । प्राणीहरू पनि त्यसरिनै अनन्त छन् । जबसम्म कर्म र क्लेषबाट अन्त हुँदैन । तब सम्म मेरो प्राणिधानको पनि अन्त हुने छैन ।

याङ् याङ्क्षोग च्युइ श्यिङ नाम नाम थाये पा ।
रिन छ्येन ग्यान ते ग्याल वा नाम ला फूल ।
ल्हा धाङ मि यि दे वाइ छ्योग नाम क्याङ ।
श्यिङ धि दुल ञ्येद् काल पार फूल वा वेय ।।४७।।

दशै दिशाका अनन्त क्षेत्रहरूलाई । रत्नद्वारा अलांकृत गरी बुद्धलाई चढाउन सकुँ । मनुष्य र देवताका श्रेष्ठ सुख । राजोपमक्षेत्रहरू समान कल्पौसम्म चढाएको भन्दा पनि ।

धाङ घियु् ङो वाइ ग्याल पो दि थोय् ने ।
झ्याङ् छ्युब छ्योग् ग्यि जे सु राब मोय श्यिङ ।
लेन च्यिग् चाम याङ धेद्पा क्योद् पा ना ।
सोद् नम् धाम पइ छ्योग् तु दि ग्यर रो ।।४८।।

जसले यो परिणामना गाथालाई सुनेर । बरबोधिको प्रार्थनामा दृढ विश्वास गरी । एक पल्ट मात्र पनि श्रद्धा उत्पाद गर्दछ । उस्लाई यो पुण्यनै परमोत्तम हुन्छ ।

घाङ् घियु् स्याङ् च्योद् मोन लाम् दि ताब पेय् ।
धेय् नि ङन् सोङ् थामच्येद् पाङ् वार ग्युर ।
धेय् नि डोग पो ङन् पा पाङ् पा यिन ।
नाङ् वा थायय् धे याङ् धेर् न्युर थोङ् ।।४९।।

जसले यो भद्रचरी प्रणिधान गर्छ। त्यो व्यक्ति सबै अपाय दुर्गती बाट मुक्त हुनेछ। उसले कुमित्र पनि त्याग्ने छ। चाडै नै अमिताभ तथागतको दर्शन पाउने छ।

धे धाग् ज्येद् पा राब् ज्येद् दे वार छो।
मि छे दिर याङ् धे धाग् लेग पार होङ्।
कुन तु स्याङ् पो धे याङ् च्यि डा वार।
धे धाग् रिङ् पोर मि थोग् धे श्यिन् ग्युर ॥५०॥

त्यस्तो व्यक्तिहरूको लागि लाभ सजिलै उपलब्ध हन्छ, उनीहरूको जीवन राम्रोसँग बाँचेको जीवन हो। त्यस्ताहरूको यो मनुष्य जन्म स्वागत योग्य हुन्छ। तिनीहरू पनि चाँडै नै समन्तभद्र बोधिसत्व झैं हुनेछन्।

छाम् मेद् ङा पो धाग् घि दिग पा नाम्।
घाङ् घियु् मि शेय् वाङ् ग्यिय् झयय् पा धाग्।
धे यिय् स्याङ् पो च्योद् पा दि ज्योद् ना।
युर धुमा लुयु् योङ् सु झ्याङ् वार ग्युर ॥५१॥

पञ्च अनन्तर्य र मेरा पापहरू। अज्ञानको वशमा परी गरियो। यो भद्रचर्या पाठ गर्नाले। चाँडै नै सबै विशोधन भएर जाओस्।

ये शे धाङ् नि स्युग् धाङ् छ्यन् नाम् धाङ् ।
रिग् धाङ् खा दोग् नाम् दाङ् देन पार ग्युर ।
दुद् धाङ् मु तेग माङ् पोय् धे मि थुब् ।
जिग तेन् सुम पो कुन् नाआङ् छ्योद् पार ग्युर ।।५२।।

ज्ञान, रुप र लक्षर । वर्ण तथा गोत्रले परिपूर्ण हुनेछ । तीर्थिक तथा मारहरूले पनि दबाउन नसक्ने हुन्छ । तीनै लोकमा सर्वत्र पुजित हुनेछ ।

झ्याङ् छ्युब शिङ् वाङ् ध्रुङ् धु धे न्युर डो ।
सोङ् नेय् सेमच्यन् फेन् क्षिर धेर दुग ते ।
झ्याङ् छ्युब् साङ्ग्यय् खोर लो राब तु कोर ।
दुद् नाम् दे धाङ् च्यय् पा थामच्यद् तुल ।।५३।।

त्यो व्यक्ति प्राणी हित गर्न । चाँडै नै बोधिवृक्ष मुनि बसेर । बोधिज्ञान लाभ गरी धर्मचक्र प्रवर्तन गरेर । सबै मारक सैन्यलाई पराजित गर्ने हुनेछ ।

घाङ् याङ् स्याङ् पो च्योद् पइ मोनलाम् दि ।
छ्याङ् वा धाङ् नि तोन् ताम लोग् ना याङ् ।
धे यि नामपार मिन् पा आङ् साङ् ग्यय् ख्येन् ।
झ्याङ् छ्युब छ्योग् ला सोम् ञ्यिमा झ्येद् च्यिग् ।।५४।।

जसले यो भद्रचरी प्रणिधान गाथालाई धारण गर्छ, पढछ अथवा व्याख्या गरी धर्मोपदेश दिन्छ। त्यसले पाउने फल बुद्धले मात्र जान्नु हुन्छ। उसलाई विशिष्ट बोधि लाभ हुन्छ भन्ने कुरामा शंका नगरे हुन्छ।

ज्यामपाल पा वोय् झ्यि तार ख्येन् पा धाङ्।
कुन् तु स्याङ् पो धे याङ् धे श्यिन ते।
धे धाग् कुन् घ्यि ज्ये सु दाग् लोब् च्यिङ्।
गे वा दि धाग् थामच्यद् राब तु ङो ॥५५॥

जसरी शुर मञ्जुश्रीले यसलाई जान्नु हुन्छ। त्यस्तै समन्तभद्रले पनि यो भद्रचर्या जान्नु हुन्छ। उहाँहरूका अनुसार नै शिक्षा लिएको मैले पनि। यी सम्पूर्ण कुशलहरूलाई परिणामना गर्दछु।

धुय् सुम् शेगपइ ग्याल वा थामच्यद् क्यिय्।
ङोवा घाङ् ला छ्योग तु ङाग पा धेय्।
दाग् घि गे वइ चा वा दि कुन् क्याङ्।
स्याङ् पो च्योद् क्षिर राब तु ङो वार ग्यि ॥५६॥

तीनै कालका बुद्धहरूले परिणामनालाई। अग्रकोटिको भनेर जुन वर्णन गरेका छन्। यी सबै कुशल मूलहरूलाई पनि मेरो। उत्तम भद्रचर्याको निमित्त परिणामना गर्दछु।

दाग् नि छ्यि वइ धुयू ज्येद् ग्युर पा ना ।
ड्रिब पा थामच्च्यद् धाग् नि क्षिर साल् ते ।
ङोन् सुम् नाङ् वा था ये धे थोङ् नेय् ।
देव च्यन् ग्यि शियङ् देर राब तु डो ।।५७।।

मैले मृत्युको समयमा क्रिया कार्य गर्दा । सबै आवरणहरूलाई हटाउन सकुँ । अमिताभ तथागतको प्रत्यक्ष दर्शन पाएर । उहाँकै सुखावती भूवनमा जान पाउँ ।

धेर सोङ् नेय् नि मोन लाम् धि धाग् क्याङ् ।
थामच्च्यद्मा लुय् ङोन धु ग्युर वार श्योग् ।
धे धाग्मा लुय् दाग् घिय् योङ् सु काङ् ।
ज्यिग तेन् झ्यि स्रिद् सेम् च्येन् फेन पार ग्यि ।।५८।।

त्यो सुखावती भूवनमा गएर पनि मैले यी प्रणिधान गाथाहरू । वहाँका तथागतको सम्मुख सम्पन्न गर्न सकुँ । त्यसपछि यी प्रणिधानहरू सबै पूर्ण गरी । लोक धातुको सत्वप्राणीहरूको हित हुने चर्या गर्न सकुँ ।

ग्याल वइ क्यिल् खोर स्याङ् शियङ् गा वा धेर ।
पेद्मा धाम पा शिन तु जे लेय् क्येय् ।
नाङ् वा थाये ग्याल वय् ङोन् सुम् दु ।
लुङ् तेन् पा याङ् धाङ् घिय् धेर थोब श्योग् ।।५९।।

त्यहाँ रमणीय र शोभायमान जीनहरूको बुद्धहरूको मण्डलमा । रुचि र मन पर्ने खालको उत्तम कमलमा उपपादुक (परमात्मा) जन्म लिई । त्यहीं अमिताभल बुद्धको अगाडि मैले व्याकरणीय भविष्यवाणी लाभ गर्न सकुँ ।

धेर नि दाग् घिय् लुङ् तेन् राब् थोब् नेय् ।
टुलपा माङ् पो झ्येवा ठाग् ग्या यिय् ।
लोयि तोब् क्यिय् क्षोग च्यु नाम सु याङ् ।
सेम् च्यन् नाम ला फेन पा माङ् पो ग्यि ॥६०॥

त्यहाँ त्यसरी व्याकरणीय भविष्यवाणी प्राप्त गरेपछि । सयौं करोडौं निर्माण कार्यहरूद्वारा । दशै दिशाहरूमा बुद्धिको बलले । सत्वहरूको धेरै हित गर्न सकुँ ।

स्याङ् पो च्योद् पइ मोनलाम ताबपा यिय् ।
गे वा च्युङ् स्यद् दाग् घिय् च्यि साग् पा ।
धेय् नि डो वइ मोनलाम् गेवा नाम् ।
केद् च्यिग् च्यिग् घिय् थामच्यद् ज्योर वार श्योग् ॥६१॥

यो भद्रचरी प्रणिधानलाई पाठ गरेर । जो पुण्य मैले अलिकति सञ्चय गरेको छु । त्यो पुण्यको प्रभावले एकै क्षणमा । सबै जगत सत्वहरूका शुभ प्रणिधानहरू पूर्ण भएरै जावोस् ।

स्याङ् पो च्योद् पा दि डोय् पा यिय् ।
सोद् नाम् धाम पा था यय् घाङ् थोब् धेय् ।
डो वा दुग् ङाल् छ्यु वोर झ्यिङ् वा नाम् ।
ओद् पाग् मेद् पइ ने राब् थोब पार श्योग् ॥६२॥

योे भद्रचरीलाई परिणामना गर्दा । लाभ भएका जे जति अनन्त पुण्यहरू छन् । ती पुण्यको प्रभावले दुःखको सागरमा डुबेको जगत । अमिताभको श्रेष्ठतम् लाभ गरोस् ।

मोनलाम् ग्याल पो दि दाघ छ्योग् घिइ चो ।
था यय् डो वा कुन ला फेन ङ्येद् च्यिङ् ।
कुन तु स्याङ् पोय् ग्यन पइ श्युङ् ढुब ते ।
ङन् सोङ् ग्युद् नममा लुय् तोङ् पार श्योग् ॥६३॥

अति उत्तम भएको प्रणिधान रत्न राज यसले । अनन्त प्राणीहरू सबैको हित भइ गरी । समन्त भद्रद्वारा सजाएर पूर्ण गरिएको ग्रन्थले । दूर्गीतिको सम्पूर्ण स्थानहरू शुन्य भएर जाओस् ।

बोधिसत्वले सधैं भद्रचर्या (सबै प्राणीहरूलाई कल्याण गर्ने (आचरण) को उत्तरोत्तर वृद्धिको लागि प्रणिधानहरू गरिरहनुपर्ने हुन्छ । त्यस्ता प्रणिधानहरू सूत्रहरूमा धेरै पाइन्छन् । यो आर्य गण्व्यूहसूत्रमा समन्तभद्र बोधिसत्वले गर्नुभएको प्रणिधान र त्यसको अनुशंसा एवं सार संक्षेपसहितको प्रणिधान हो र सबै प्रणिधानहरूको राजा समानको मानिन्छ । त्यसैले साधनाहरू सकेपछि प्रत्येक उपासक उपासिकाले यसको नियमित पाठ गर्ने गर्छन् । त्यस्तै मर्न लागेको व्यक्ति या भर्खर मरेको व्यक्ति या प्राणीको लागि श्रद्धा र करुणा पूर्वक यो पाठ गरिदिएमा उक्त व्यक्ति सुखावतीमा पुग्छ, दुर्गीतिमा पतन हुनबाट बच्दछ ।

## ४२. मार्मे मोन्लम (दीप प्रज्वालन)

(१) रं यं खं। ओं आ हूँ। म्हर मेई नोय नि छ्यिई च्यारि खोर्वा खोर युग चाम् दु ग्युर च्यिग।

(२) म्हरखुई दि छ्यिई ग्याछो छेन्पो चाम् दु ग्युर च्यिग। दोङ्पो रिई ग्यालपो रिरब चाम् दु ग्युर च्यिग।

(३) म्हारमे दि सेमचेन थामचेकी मारिग्पा मुन्पा सेलवा हिशे डोन्मेर ग्युर च्यिग।

(४) म्हारमे दि उइसु खिलवाला तेन्ने। छ्योई थामचे तोङ्सिङ् धाम मेदपा छ्योइयीङ् हिशेकी दोन तोगपर ग्युर च्यिग।

(५) म्हारमे दि श्यार्दु खिलवाला तेन्ने। छ्योई थामचे सल्वा देन्जिन् मेदपा मेलोङ ताबु हिशेकी दोन तोगपर ग्युर च्यिग।

(६) म्हारमे दि ल्होरु खिलवाला तेन्ने। छ्योई थामचे स्हाङान् छ्येछुङ् मेदपा ज्यामपा ञ्यिदकी हिशेकी दोन तोगपर ग्युर च्यिग।

(७) म्हारमे दि नुबतु खिलवाला तेन्ने छ्योई थामचे चिदाङ् छेनञीमा डेपर सलवा सोसोर तोगपे हिशेकी दोन तोगपर ग्युर च्यिग।

(८) म्हारमेदु ज्याङ्दु खिलवाला तेन्ने छ्योई थामचे ज्याचोल मेदपर ज्यावा ल्हुन्गी डेवपे हिशेकी दोन तोगपर ग्युर च्यिग।

(९) म्हारमे दि छ्योच्यु दुइसुमगी सिङ्खाम थामचे ख्यावचिङ् सलवर ग्युर च्यिग। देतार ग्युरवाला तेन्ने सेमचेन थामचेगी

मारिग्पा मुन्पा साङ्ने हिशेकी नाङ्वा छ्योग मेदु छ्याग्न वर ग्युर च्चियग ।

(१०) हूँ छ्योइञी कुन्तु सङ्पोइ कोङ्वुरु । क्येमेद् ज्याङ्छ् युब सेमकी मर्खुइतम । छिमे थवला ख्येपे दोङ्पोचुग । हिशे होइतोङ् बरवई मार्मे दी ।

(११) तिमुग मुन्खाम जोमपई सिजिद चेन् । दुगसुम तेन्स्रेग कुसुङ् थुगी तेन । सेमगी पेरस्याग हिशे रङनङ् दि । मेलोङ् ताबुई हिशे सलवर ग्युर ।

(१२) हिशे होइतोङ् बरवई मार्मे दि । साङ्गे सिच्यु चाञ्यीद् सिङ्दु बुल । तोग्छ्योद् सिच्यु चाञ्यीद् नेदागने । साङ्गे सिच्यु सिङ्दु केवर स्योग ।

(१३) हिशे होइतोङ् बरवई मार्मे दि । ठागथुङ् डाग्च्यु चाग्ये सिङ्दु बुल । तोगछ्योग डाच्यु चाग्ये ने दागने । ठाग्थुङ् डाग्च्युई सिङ्दु केवर स्योग ।

(१४) हिशे होइतोङ् बरवई मार्मे दि । ग्यालवा धामपा रिग्यई सिङ्दु बुल । दासोग् तोगछ्योग गेवई नेदागने । धामपा रिग्यई सिङ्दु केवर स्योग ।

(१५) हिशे होइतोङ् बरवई मार्मे दि । छ्योच्यु दुइसुम साङ्गे सिङ्दु बुल । दासोग तोगछ्योग मालुइ नेदागने । छ्योच्युई साङ्गे सिङ्दु केवर स्योग ।

(१६) डोवई मार्मे हिशे डोनमे दि । पद्म होइवर ग्यालवई सिङ् दुबुल । दागसोग् हिशे नाङ्वा लामे वर । मार्मे ज्यक्यी मोनलम डुवर स्योग ।

**नेपालीमा अर्थ :-**

(क) रं यं खं ओं आ हूँ। अग्नि, वायु, अतिवृष्टी, काय, वाक्, चित्त घिउले भरिएको दीपक यो वाह्य वरिपरि पर्खालले घेरिएको।

(ख) दीपको घिउ यो वाह्य महा समुन्द्र सदृष्य फैलिएको सलेदो यो महा सुमेरु पर्वत भैं स्थिर यस प्रदिप सर्व प्राणीहरूको अज्ञानतारुपी अन्धकारलाई हटाई दिने ज्ञानको दिपमा परिणत हुन सकोस्।

(ग) यस प्रदीप मध्यदिशामा चढाएकोले सर्वधर्म शून्यता, अनात्मा र धर्मधातु ज्ञानको अर्थ वोध हुन सकोस्।

(घ) यो प्रदीप पूर्वदिशामा चढाएकोले सर्वधर्म पवित्र औ सत्य अस्पृश्यता दर्पण सदृश्य ज्ञानको अर्थ बोध हुन सकोस्।

(ङ) यो प्रदीप दक्षिण दिशामा चढाएकोले सर्वधर्म भद्र, अभद्र, श्रेष्ठ निम्नरहित समस्त ज्ञानको अर्थ बोध हुन सकोस्।

(च) यो प्रदीप पश्चिम दिशामा चढाएकोले सर्वधर्म साधारण अनि लक्षणमा मिश्रित एवं शुद्धतारहित ज्ञानको अर्थ बोध हुन सकोस्।

(छ) यो प्रदीप उत्तर दिशामा चढाएकोले सर्वधर्म निस्क्रिय रहित कर्म स्वयं सम्पन्न हुने ज्ञानको अर्थ बोध हुन सकोस्।

(ज) यो प्रदीप दशौं दिशामा त्रिकालका सर्व भुवनमा व्याप्त भई प्रकाशित हुन सकोस् त्यसरी प्रदीप चढाएको पूण्यले सर्व प्राणीको अविद्यारुपी अन्धकार हटी ज्ञानको असिम दृष्टि प्रसार हुन सकोस्।

(झ) धर्मत्व समन्त भद्रको प्रदीपमा आजन्म बोधिचित्तको घिउ भरेर अमर कौशिल उपायको सलेदो सजाई हजारौं ज्ञान ज्योतीद्वारा प्रज्वलित प्रदीप ।

(ञ) मोहरूपी अन्धकारलाई नष्ट पारी प्रभावशाली राग, द्वेष, मोहलाई खाक बनाई काय, वाक्, चित्तको स्थान मनको प्रमाणित रुप आत्मज्ञान दृष्टिले दर्पणझैं ज्ञान बोध हुन सकोस् ।

(ट) हजारौं ज्ञान ज्योतीद्वारा प्रज्वलित प्रदीप यो वयालिस बुद्ध भुवनमा चढाई रहेछु अववोध बुद्ध भुवनमा चढाईरहेछु । शान्तिरुपका वयालिस बुद्ध भुवनमा जन्म लिन सकोस् ।

(ठ) हजारौं ज्ञान ज्योताद्वारा प्रज्वलित प्रदीप यो क्रोधितरुपका अन्ठाउन्न बुद्ध भुवनमा चढाईरहेछु । अवोध वर्ग क्रोधितरुपका अन्ठाउन्न स्थानहरूदेखि क्रोधित रुपका अन्ठाउन्न बुद्ध भुवनमा जन्म लिन सकोस् ।

(ड) हजारौं ज्ञान ज्योतीद्वारा प्रज्वलित प्रदीप यो । अन्य प्राणी वर्ग बुद्ध लोकबाट सन्त कुलको सयकडौं भुवनमा जन्म लिन सकोस् ।

(ढ) हजारौं ज्ञान ज्योतीद्वारा प्रज्वलित प्रदीप यो दशौं दिशाको त्रिकाल बुद्ध भुवनमा चढाईरहेछु ।

(ण) आफु र अन्य प्राणीहरू अशेष अवोध वर्ग स्थानदेखि दशौं दिशाको बुद्ध भुवनमा जन्म लिन सकोस् ।

(त) लौकिक दीपको रुपमा ज्ञानको प्रदीप यो पद्मसम्भव बुद्धको भुवनमा चढाईरहेछु । आफु र अन्य प्राणीहरूका ज्ञान दृष्टि ज्वलित भएर प्रदीप चढाएको प्रार्थना सिद्धि हुन सकोस् ।

## ४३. भोजन अर्पण प्रार्थनाः

तोनपा लामे साङ्ग्ये रिन्पोछे ।
क्योब्पा लामे धाम् छोये रिन्पोछे ।
डेन्पा लामे गेदुन् रिन्पोछे ।
क्याब्ने कोन्छोग सुमला छ्योद्पा बुल ॥

श्र अनुत्तर शास्ता बुद्ध रत्न ।
अनुत्तर रक्षक सद्धर्म रत्न ।
अनुत्तर तारणी संघ रत्न ।
शरणोत्तम् त्रिरत्नमा पूजा चढाउँछु ॥



भगवती प्रज्ञापारमिता

## ४४.प्रज्ञापारमिता हृदय सूत्र

**वन्दनाः–**

अवाक्चिन्तभिलपनां प्रज्ञापारमितामजाम्
अनिरोधां नभोरुपां स्वसंविज्ञानगोचराम्
प्रत्येकैकस्य तां वन्दे त्रिकालजिनमातरम् ॥

**वचनः–**

चिन्तन र अभिव्यक्तिबाट परकी, आकाशसमानकी प्रत्येकको आ-आफ्नो स्वसंविद्ज्ञानबाट मात्र भेटिने वाली त्यस्ती त्रिकालकै जिनहरूकी मातालाई वन्दना छ ॥

**मूलपाठः–**

मैले यस्तो सुने - एक समयमा बुद्ध भगवान् राजगृह गृध्रकूटपर्वतमा ठूलो भिक्षुसंघको साथमा र ठूलो बोधिसत्वसंघको साथमा विहार गर्नुभएको थियो । त्यो बेलामानै भगवान् "गम्भीरावसंबोध" नाम गरेको समाधिमा प्रवेश गर्नुभयो । त्यही बेलामा आर्य अवलोकितेर्श्वर बोधिसत्व महासत्व गम्भीर प्रज्ञापारमितामा चर्या गर्दै रहँदा यसरी हेर्नुहुन्थ्यो कि पाँच स्कन्धहरूलाई स्वभावशून्य देख्नुहुन्थ्यो । अनि आयुष्मान सारि पुत्रले बुद्धको अनुभावले गर्दा आर्य अवलोकितेर्श्वर बोधिसत्वलाई यस्तो भन्नुभयो, जो कोही कुलपुत्रले यो गम्भीर प्रज्ञापारमितामा चर्या गर्न इच्छा गर्दछ भने उसले कसरी सिक्नुपर्छ ?

यति भनेपछि आर्य अवलोकितेश्र्वर बोधिसत्व महासत्वले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो,

हे सारिपुत्र जो कोही कुलपुत्र या कुलपुत्रीले यो गम्भीर प्रज्ञापारमितामा चर्या गर्न इच्छा गर्छ उसले यसरी हेर्नुपर्छ। ती पञ्च स्कन्धहरूलाई पनि स्वभावशून्य देख्छ। रुप शून्यता हो, शून्यता नै रुप हो, रुपभन्दा शून्यता बेग्लै होइन, शून्यताभन्दा रुप बेग्लै होइन। जुन रुप हो त्यही नै शून्यता हो। जुन शून्यता हो त्यही नै रुप हो। यसै गरी वेदना, संज्ञा, संस्कारहरू र विज्ञान पनि शून्यता नै हुन्।

यस प्रकार हे सारिपुत्र सम्पूर्ण धर्महरू शून्यतालक्षणवाला छन्, उत्पन्न नभएका, निरोध नभएका, मल नभएका, विमल पनि नभएका, कमी नभएका, सम्पूर्ण पनि नभएका छन्। त्यसकारण नै सारिपुत्र, शून्यतामा न रुप हुन्छ, न वेदना, न संज्ञा, न संस्कारहरू, न विज्ञान हुन्छन्। न चक्षु हुन्छ, न कान, न नाक, न जिब्रो, नशरीर, न मन हुन्छ। न रुप हुन्छ, न शब्द, न गन्ध, न रस, न स्प्रष्टव्य (छोइने कुरा) हुन्छ न धर्महरू हुन्छन्। न चक्षुधातु हुन्छ र त्यहाँदेखि लिएर न मनोधातुसम्म केही हुन्छ, न धर्मधातु छ, न मनोविज्ञान छ। न विद्या छ न विद्याक्षय छ, र यहाँदेखि लिएर न जरामरण- मरणसम्म केही छ, न जरामरणको क्षय नै छ। न दुखः-समुदाय-निरोध र मार्गहरू छन्, न ज्ञान छ न प्राप्ति छ, न अप्राप्ति नै छ।

यस कारण हे सारिपुत्र, प्राप्ति नहुनुले गर्दा बोधिसत्वहरूको प्रज्ञापारमितालाई आश्रय गरेर चित्तको आवरण हट्दछ। चित्तको आवरण नभएपछि त्रासरहित भएर, विपर्यासहरू (उल्टो देखाई) लाई अतिक्रमण गरेर निर्वाणमा स्थित हुन्छन्।

तीनै कालमा भएका सबै बुद्धहरू प्रज्ञापारमितालाई आश्रय बनाएर नै अनुत्तर सम्यक्सम्बोधिमा अभिसंबुद्ध भएका हुन्छन्। त्यसकारणले प्रज्ञापारमिताको महामन्त्रलाई जान्नुपर्छ, जुन अनुत्तर मन्त्र हो, त्यो समानको अर्को कुनै पनि नभएको मन्त्र हो, सबै दुःखहरूलाई शान्त पार्ने मन्त्र हो, यो सत्य हो, मिथ्या नभएको हुनाले प्रज्ञापारमितामा बताइएको मन्त्र हो।

जुन यस प्रकार छ :-

मन्त्र- "गते गते पारगते पारसंगते बोधि स्वाहा"

निवारण मन्त्र- नमो गुरुवे, नमो बुद्धाय, नमो धर्माय, नमो संघाय,

नमो महामात्रे प्रज्ञापारमितायै।

तपाईहरूलाई वन्दना गरेको बलले हाम्रो यो वाक् सिद्ध होस्।

जसरी अघिका देवेन्द्र शक्रले महामाता प्रज्ञपारमिताको गम्भीर अर्थको मनन गर्दै पाठ गरेको बल र शक्तिमा आश्रित भएर पापी मार आदिलाई हटाएका थिए, त्यस्तै हामी पनि महामाता

प्रज्ञापारमिताको गम्भीर अर्थको मनन गर्दै पाठ गरेको बल र शक्तिमा आश्रित हुन्छौ । आर्य त्रिरत्नको सत्यवचनले हामी र हाम्रो परिवार एवं संघको सध्दर्म साधनाको लागि आइपर्ने सम्पूर्ण विघ्न बाधाहरू, मारहरू, त्यज्य भूत-प्रेतादिहरू र प्रतिकूल पक्षहरू अहिले नै हटून्, तिनीहरू नाश होऊन् (थपडी) । तिनीहरू शान्त होऊन् (थपडी) तिनीहरू पूर्ण शान्त होऊन् (थपडी) ॥ शत्रु-विघ्न-अन्तराय सबैलाई पूरै शान्त पारेर मैत्रीचित्तले युक्त बनाउनुहोस् ।

असी हजार विघ्नजातिहरू शान्त होऊन् । प्रतिकूल र हानि गर्ने प्रत्ययबाट मुक्त होऊँ । अनुकूल प्रत्ययहरू सिध्द भई सम्पदाहरूको मङ्गलले अब यहाँ सुख र सौभाग्य होस् । उपाय, शरणागति र शुध्द महायानको नैर्याणमा सत्वहरूलाई पूरै झुक्याउने मारका कर्महरूलाई हटाउनुहोस् । यसरी सारिपुत्र, गम्भीर प्रज्ञापारमितामा चर्या गर्न बोधिसत्वले सिक्नुपर्छ ।

अनि त भगवान् त्यस समाधिबाट जागेर आर्य अवलोकितेश्र्वर बोधिसत्वलाई साधुवाद दिनुभयो - साधु साधु कुलपुत्र त्यो ठीक हो कुलपुत्र, त्यो ठीक हो ।

गम्भीर प्रज्ञापारमितामा यसरी नै बोधिसत्वले सिक्नुपर्छ जस्तो कि तिमीले निर्देश गर्यो । तथागत अर्हन्‌हरूले अनुमोदन गर्नुहुन्छ ।

भगवानले यस्तो भन्नुभयो । उदात्त मन भएका आयुष्मान् सारिपुत्र र आर्यअवलोकितेश्र्वर बोधिसत्वसहित त्यो सबै परिषद्, देव, मनुष्य, असुर, गन्धर्वसहित लोकले भगवानले भनेको कुरालाई अभिनन्दन गरे ।

यो प्रज्ञापारमिता हृदयसूत्र यसलाई छोटकरीमा हृदयसूत्र (heart sutra) पनि भन्दछन् । शून्यताको भावना गरिराख्ने व्यक्तिले यसको नियमित ढंगले एकाग्र भएर अर्थ मनन गर्दै पाठ गर्नाले अनुभूतिमा स्पष्टता आउदै जान्छ। र मार्गमा चाँडै प्रगति हुन्छ। त्यस्तै यसको पाठले विघ्न बाधा हट्ने र लौकिक लाभ पनि हुन्छ। त्यसैले यसलाई निवारकको रुपमा पाठ गर्ने चलन पनि छ। त्यसको लागि सूत्रपछिको निवारण अंशलाई अर्थ मनन गर्दै पाठ गर्नुपर्छ ।

# ४५.आर्य अपरिमित आयुर्ज्ञान नाम महायान सूत्र

आर्य अपरिमित आयुर्ज्ञान नाम महायान सूत्र।

भगवान् बुद्ध तथा बोधिसत्वहरू सबैमा दण्डवत प्रणाम गर्दछु।

मैले यस्तो सुनेको थिएं एक समय भगवान् श्रावस्तीको जेतवमा विराजमान हुनुभएको बेला अनाथपिण्डको आराम बैठकमा बाह्र सय पचास (२२५०) भिक्षुहरूको महासंघ र बोधिसत्व महासत्वहरूको ठूलो समूह भेला भएको थियो। त्यस सभामा विराजमान भई प्रारम्भमा भगवान् ले मञ्जुश्री कुमारभूतलाई आज्ञा गर्नुभयो।

हे मञ्जुश्री ! यहाँबाट माथिल्लो ऊर्ध्व दिशामा अपरिमित-लोकधातु-गुण-संचय नामगरेको एक भुवन छ। त्यस भुवनमा अपरिमित आयुर्ज्ञान सुविनिश्र्चित तेजोराज नाम गरेका तथागत अर्हन् सम्यक्संबुद्ध विराजमान हुनुहुन्छ। आयुको अधिपति भएका उहाँले आयुबाट परिमुक्ति दिन भनी प्राणीहरूलाई धर्मोपदेश गर्नुभयो।

मञ्जुश्री कुमारभूत, सुन ! जम्बूद्वीपका मनुष्यहरूको अल्पआयु १०० वर्षको मात्र छ। त्यसमध्ये पनि धेरैजसोको अकालबाटै मृत्यु हुन्छ। मञ्जुश्री जुन प्राणीले अपरिमितायुर्ज्ञान

तथागतको सम्पूर्ण गुण वर्णन "अष्टोत्तर शत नान सूत्र" धर्म पर्याय पुस्तक लेख्छन्, लेख अथवा छाप्न लगाउँछन्, "अष्टोत्तर शत नाम सूत्र" ध्यान दिएर सुन्छन्, अथवा पाठ गर्छन्, पुस्तक लेखाई आफ्ना घरमा सगौरव स्थापना गरी पुष्प, धूप, दीप, माला, लेपन, चूर्ण आदिले पूजा गर्छन् । त्यस्ता प्राणीको आयु सकिएको भए पनि सय वर्षको आयुले सम्पन्न हुनेछ ।

मञ्जुश्री ! जुन प्राणीले "अपरिमित-आयुर्ज्ञान-सुविनिर्श्चित-तेजोराजको" अष्टोत्तर शत (१०८) नाम सूत्र" श्रवण गर्छन् ती प्राणीहरूको आयु प्रवृद्धि हुनेछ । आफ्नो आयु क्रमैसित सिद्धिएर जाने बेला "अष्टोत्तर शत नाम सूत्र" स्मरण गरी धारण गर्ने प्राणीहरूको आयु प्रवृद्धि हुनेछ । मञ्जुश्री, त्यसकारण दीर्घायु हुने अभिलाषा राखी तथागत अपरिमित आयुर्ज्ञान "अष्टोत्तर शत नाम सूत्र" श्रवण गर्ने वा पुस्तक लेख्ने, लेख्न वा छपाउन लगाउने तथा पाठ गराउनेहरू शुभ सौभाग्य गुणले युक्त हुनेछन् ।

अष्टोत्तर शत नाम १०८ अक्षर युक्त धारणी सूत्र यस प्रकारको छ ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिर्श्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुद्गते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"

मञ्जुश्री ! तथागतको "अष्टोत्तर शत नाम सूत्र" पुस्तक जसले लेख्छ, लेख्न वा छपाउन लगाई पुस्तक घरमा राखी पाठ गराउँछ त्यसको क्षय भएको आयु पुरा सय वर्षको हुनेछ। यस लोकबाट परलोक हुनसाथ तथागत अपरिमित बुद्धको भुवन लोकधातु अपरिमित गुण आदि भुवनमा जन्म हुनेछ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्र्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुद्गते स्वभावविशुद्धे महानयपरिवार स्वाहा।"

फेरि त्यसै समयमा बुद्धभुवनमा उनान्सय कोटी (९९,००,००,०००) बुद्धहरूले एकै भावले, एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्र्चित-तेजोराजायतथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुद्गते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा।"

फेरि त्यसै समयमा चौरासी कोटी (८४,००,००,०००) बुद्धहरूले पनि एकै भावले, एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुद्गते स्वभावविशुद्ध महानयपरिवारे स्वाहा।"

फेरि त्यसै समयमा सतहत्तर कोटी (७७,००,००,०००) बुद्धहरूले पनि एकै भावले , एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा।"

फेरि त्यसै समयमा पैंसट्ठी कोटी (६५,००,००,०००) बुद्धहरूले पनि एकै भावले, एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-ते जोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि वारे स्वाहा।"

फेरि त्यसै समयमा पचपन्न कोटी (५५,००,००,०००) बुद्धहरूले पनि एकै भावले, एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-ते जोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि वारे स्वाहा।"

फेरि त्यसै समयमा पैंतालीस कोटी (४५,००,००,०००) बुद्धहरूले पनि एकै भावले, एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-ते जोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा

। ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि वारे स्वाहा।"

फेरि त्यसै समयमा छत्तीस कोटी (३६,००,००,०००) बुद्धहरूले पनि एकै भावले, एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चिर्त-ते जोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि वारे स्वाहा।"

फेरि त्यसै समयमा पच्चीस कोटी (२५,००,००,०००) बुद्धहरूले पनि एकैभावले, एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो।

"ॐ नमो भगवते -अपरिमितायुर्ज्ञान-सुविनिश्चिर्त-ते जोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि

शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि
वारे स्वाहा।"

फेरि त्यसै समयमा दशौं कोटी (१०,००,००,०००) बुद्धहरूले पनि एकै भावले, एकै स्वरले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्र्चित-ते
जोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा
। ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि
मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि
शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि
वारे स्वाहा।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छन्, लेखाउँछन् वा छपाउँछन्, उनीहरूको सकिइसकेको आयु पनि एक सय वर्षको प्राप्त हुनेछ। आयु पनि अरु वृद्धि हुनेछ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्र्चित-ते
जोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा
। ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि
मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि
शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि
वारे स्वाहा।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छन्, लेखाउँछन्, तथा छपाउँछन् ती प्राणीहरूले नरक, तिर्य्यक, (पशु, पंछी) को जुनीमा र यमलोकमा पनि जन्म लिनुपर्ने छैन। आठ अक्षणले युक्त जुनीमा कहिल्यै जन्म लिनु पर्ने छैन। कहिँ कतै जहाँ जन्मेता पनि पूर्वनिवासानुस्मृतिवान् (पूर्व जन्मको स्मरण) भई जन्मिनेछन्।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छन्, लेखाउँछन् वा छपाउँछन् उनीहरूलाई चौरासी हजार (८४०००) धर्म स्कन्ध (बुद्ध बचन) लेखाएको सरह नै हुनेछ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छन्, लेखाउँछन् वा छपाउँछन् उनीहरूलाई चौरासी हजार (८४०००) धर्म स्कन्ध स्थापना गरेको र त्यसलाई राम्ररी चिरस्थायी गराएको सरह नै हुनेछ।

"ॐ नमो भगवतेअपरिमितायुर्ज्ञान-सुविनिश्चित-ते जोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि वारे स्वाहा।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छन्, लेखाउँछन्, वा छपाउँछन् उनीहरूले गरेको पञ्च आनन्तर्य समेतका सबै पाप नाश भएर जानेछन्।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-ते जोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि वारे स्वाहा।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छन्, लेखाउँछन् वा छपाउँछन् उनीहरूको सुमेरु पर्वतसमानको पापस्कन्ध सम्पूर्ण नाश भएर जानेछन् ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छन्, लेखाउँछन् वा छपाउँछन् उनीहरूलाई मार र मारजातिका, देवता र किन्नर वा यक्ष, राक्षस आदिले नाश गर्न चिताए पनि नाश गर्न सक्ने छैनन् ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छन्, लेखाउँछन् वा छपाउँछन् उनीहरूको मृत्युको बेलामा उनान्सय कोटी।

(९९,००,००,०००) बुद्ध-हरूले प्रत्यक्ष ध्रमको व्याकरण (भविष्यवाणी) गर्ने छन् र हजार (१०००) बुद्धहरूले उनीहरूलाई हात उठाई रक्षा प्रदान गर्नेछन् । बुद्धभुवनबाट बुद्धभुवनमा गमन गराउनेछन् । यसमा होला कि भनी कुनै शंका उपशंका दोमन नगर्नु ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्र्चित-तेजोराजायतथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि वारे स्वाहा ।"

यो जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छन्, लेखाउँछन् वा छपाउँछन् उनीहरूलाई चतुरमहाराजाहरूले जहाँ गए पनि रक्षा गर्नेछन् । गोप्य गरी राख्नेछन् ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्र्चित-ते जोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरि मितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परि शुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरि वारे स्वाहा ।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छन्, लेखाउँछन्, वा छपाउँछन् उनीहरूलाई अमिताभ बुद्धको लोकधातु सुखावती भुवनमा जन्मिनेछन् ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चिर्त-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"

जुन स्थानमा यो उत्तम रत्न सूत्रपिटकको पुस्तक लेखी स्थापना गरी राखेको छ त्यो स्थानलाई पनि पूजा गर्न योग्य हुन्छ । तिर्य्र्यक् जुनीमा जन्म लिएका चराचुरुङ्गी, वन्य जन्तु आदि जुन प्राणीको कानमा यो सूत्रान्तका शब्द पर्छन् ती सबै प्राणीहरूलाई पनि अनुत्तर सम्यक्सम्बोधि लाभ भई अभिसम्बुद्ध हुनेछन् ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चिर्त-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छ, लेखाउँछ वा छपाउँछन् त्यस व्यक्तिले स्त्रीको जुनीमा कहिल्यै जन्म लिनुपर्ने छैन।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्र्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा।"

जो कसैले यो अपरिमित आयुर्ज्ञान धर्मपर्यायको लागि एक कौडी मात्र दान गर्छ त्यसले त्रिसाहस्त्र महासाहस्त्र लोकधातुमा सप्त रत्नले परिपूर्ण गरी दिएको दान सरह नै हुनेछ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्र्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा।"

जसले यो धर्म पर्यायको पूजा गर्छ, गराउँछ त्यसले समस्त बुद्धवचनरुपी सम्पूर्ण परम धर्मलाई सगौरव पूजा गरेको समान हुनेछ।

> “ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चिंत-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।”

उदाहरणको लागि तथागतवपश्यी, शिखि, विश्र्वभू, क्रकुच्छन्द, कनकमुनि, काश्यप, शाक्यमुनि बुद्धहरूमा सप्तरत्नसहित पूजा गरेको पुण्यस्कन्ध सारा यति छ भनी गणना सकिएला तर यो अपरिमित आयुर्ज्ञान सूत्र पिटकको पुण्यस्कन्ध सारा यति छ भनी गणना गर्न सकिँदैन ।

> “ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चिंत-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।”

त्यसैगरी रत्नको राशीलाई पर्वतराज सुमेरु बराबर जम्मा गरी दान दिएको पुण्यस्कन्ध सारा गणना गर्न सकिएला, अपरिमित आयुर्ज्ञान सूत्र पिटकको पुण्यस्कन्ध सारा यति छ भनी गणना गर्न सकिँदैन ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"

यसैगरी चार महासागरको पानीको परिमाण थोपा-थोपा गरी गणना गर्न सकिएला, यो अपरिमित आयुर्ज्ञान सूत्र पिटकको पण्यस्कन्ध सारा यति छ भनी गणना गर्न सकिंदैन ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"

जसले यो अपरिमित आयुर्ज्ञान सूत्र पिटक लेख्छ, लेखाउँछ वा छपाउँछन्, वा सगौरव पूजा गर्छन् उसले दश दिशाका सम्पूर्ण बुद्धभूमिमा विराजमान समस्त तथागतहरूमा वन्दना र पूजा गरेको समान हुनेछ ।

"ॐ नमो भगवते अपरिमितायुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्य पुण्य महापुण्ये । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व-संस्कार परिशुद्ध-धर्मते गगनसमुन्द्रते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"

दानको बलले हुनुभो समुद्रत बुद्ध ।
दानको बलाधिक बोध प्रभु नरसिंह ।।
करुणावान् नगरमा प्रवेश गर्नुभयो ।
दान बल शब्द प्रख्यात भयो । १।
शीलको बलले हुनुभो समुद्नत बुद्ध ।
शील बलाधिक बोध प्रभु नरसिंह ।।
करुणावान् नगरमा प्रवेश गर्नुभयो ।
शील बल शब्द प्रख्यात भयो । २।

क्षान्तिको बलले हुनुभो समुद्नत बुद्ध ।
क्षान्ति बलाधिक बोध प्रभु नरसिंह ।।
करुणावान नगरमा प्रवेश गर्नुभयो ।
क्षान्ति बल शब्द प्रख्यात भयो । ३।

वीर्यको बलले हुनुभो समुद्नत बुद्ध ।
वीर्य बलाधिक बोध प्रभु नरसिंह ।।
करुणावान नगरमा प्रवेश गर्नुभयो ।
वीर्य बल शब्द प्रख्यात भयो । ४ ।

ध्यानको बलले हुनुभो समुद्नत बुद्ध ।
ध्यान बलाधिक बोध प्रभु नरसिंह ॥
करुणावान नगरमा प्रवेश गर्नुभयो ।
ध्यान बल शब्द प्रख्यात भयो । ५।

प्रज्ञाको बलले हुनुभो समुद्नत बुद्ध ।
प्रज्ञा बलाधिक बोध प्रभु नरसिंह ॥
करुणावान नगरमा प्रवेश गर्नुभयो ।
प्रज्ञा बल शब्द प्रख्यात भयो । ६ ।

"ॐ नमो भगवते अपरिमित-आयुर्ज्ञान-सुविनिश्चित-तेजोराजाय तथागतायार्हते सम्यक्संबुद्धाय । तद्यथा । ॐ पुण्ये पुण्ये महापुण्य । अपरिमितपुण्ये अपरिमितपुण्यज्ञानसम्भारोपचिते । ॐ सर्व संस्कार परिशुद्ध-धर्मते गगनसमुद्नते स्वभावविशुद्धे महानयपरिवारे स्वाहा ।"

भगवान प्रसन्न भई यसरी आज्ञा गर्नुभयो । मञ्जुश्री कुमार लगायतका परिवार, देव, मनुष्य, दैत्य, तथा गन्धर्वसहित लोकहरू खुशी भई श्री भगवानूले भनेको सूत्रको अभिनन्दन गरे ।

यो महायानको सुत्र विशेष गरी आयु सिद्धिएर प्राणान्त हुनलागेको व्यक्तिका निमित्त शुद्ध हृदयले पाठ गरिन्छ । यो अपरिमितायुको धारणीलाई अनुशंसा सहित दोहोऱ्याई तेहऱ्याई

बताइएको सुत्र हो। दीर्घायु कामनाले जसका निमित्त पनि यसको पाठ गर्न सकिन्छ। यो सूत्र लेख्ने, लेखाउने, छपाउने, वितरण गर्ने, हृदयमा धारण गर्ने व्यक्तिको आयु चाँडै सिद्धिँदैन, पुरा आयु प्राप्त हुन्छ भन्ने कुरा स्वयं सूत्रमा उल्लेख गरिएको छ। त्यसैले यसलाई जन्मदिनमा पाठ गर्ने गराउने चलन पनि छ। त्यस्तै गम्भीर रोग लागेको वेला, प्राण संकटमा पर्दा पनि पाठ गराउँछन्। पुण्य र कर्म नसिद्धिएको भए यसले आयु बढाउने काम गर्छ भनेर श्रद्धाका साथ पाठ गर्ने परम्परा छ।

## ४६. राबने (गुरु रिन्पोछेद्वारा रचित संक्षिप्त प्राण प्रतिष्ठान पाठ)

ग्यालवा नमपर नाङ्जे मीक्यो पा ।
रिनछेन् वाङपो नाङवा थाये पेल ।
दोनडुप लासोग छ्योगचुइ साङ्गे नम ।
कुसुग दीला तेनपर श्युगसु सोल ।
सागमे देवे वाङछ्युग गेलेग युम ।
च्येनमा मामा किधाङ घोइ करमो ।
डोलमा लासोग रिगकी ल्हामो नम ।
कुसुग दीला तेनपर श्युगसु सोल ।
ज्यामपा साञीङ चुगतोर नमञीङ पो ।
जमयाङ जीगतेन वाङछ्युग कुनतु साङ ।
डीबसेल लासोग ज्याङछुब सेमपा नोम ।
कुसुग दीला तेनपर श्युगसु सोल ।
मालुइ ग्यालवा छोपे ञेज्ये पे ।
सुगडा डीरो रेगज्या दोर्जेधाङ ।
छोयीङ दोर्जे लासोग सेमपा नम ।
कुसुग दीला तेनपर ग्युगसु सोल ।
शीनजे शेधाङ शेरप गेघथर ज्ये ।
गेघडा मीयो दोइग्याल युगडोन चेन ।
तोबछेन चुगतोर चेनधाङ नोइजे नम ।
कुसुग दीला तेनपर श्युगसु सोल ।

तोबचुइ वाङछ्र्युग ग्यालवा सेचे नम ।
गेलेग कुनगी ज्युङ्ने तेन दीला ।
डोवे दोन्दु मीडेल तेनश्युग ने ।
ज्यीनदाग गेशीङ शीपर जेदु सोल
जीसी सासोग ज्युङ्वा छेनपो शी ।
कुनतु नोइपर माग्युर देसी दु ।
थुगजे छेदेन गोनपो चोमदेन नम ।
तेनपर ग्युगने टाशी जेदु सोल ।

**मन्त्र :**
ओम् येधर्मा हेतु प्रभवा हेतुं तेषां तथागतो ह्यवदत्
तेषां च यो निरोध एवंवादी महाश्रमणः स्वाहा ।
(मन्त्र तीनपल्ट)

दीरनी सुगधाङ ल्हेनचिग तु ।
डोवे दोनदु श्युगने क्याङ ।
नेमे छेधाङ वाङछ्र्युग धाङ ।
छोगनम लेगपर चेलदु सोल ।
पद्म कमल ये स्तम ।
ओम् सुप्रतिष्ठा वज्रये स्वाहा ॥
सर्व मंगलम्

## ४७.सोल देव (सुखावती प्रणिधान)

एमा हो, ङोछार साङ्ग्ये नाङवा थाये धाङ।
येसु ङ्योबो थुगजे छ्येन् पो धाङ।
योनधु सेम् पा थुब्छ्येन थोबनाम ला।
साङ्ग्ये ङ्याङसेम पाग्मेद् खोर घ्यि कोर।
देक्यिद् ङोछर पगतु मेद्पा यि।
देवा च्यन श्ये ङ्यावाइ शिङ्खाम् धेर।
दागश्यान दिने छे फोय् ग्युरमा थाग्।
क्येवा श्यन् घ्यि भारमा छ्योद् पारु।
धेरु क्येने नाङ्थाई श्यलथोङ् श्योग्।
धेक्येद् दाग् घ्यि मोनलाम् ताब् पा दि।
छ्योग् च्युइ साङ्ग्ये ज्याङ्सेम थामच्येद् क्यि।
गेग् मेद् डुबपार ङ्यिन् घ्यि लबतु सोल।
तद्यथा पञ्च इन्द्रिय अव बोधनय स्वाहा।
भगवान् बुद्धको पुण्यले ॥

अहो आश्चर्य, अमिताभ बुद्धको वर्णन गरेर सक्दैन। दायाँतिर नाथ महाकारुणिक तथा बायाँतिर महास्थान प्राप्त बोधिसत्वहरूलाई अमिताभ बुद्धको चारैतिर बोधिसत्वहरू हुनुहुन्छ।

अपरिमित अद्भुत सुख शान्ति भएको ।
सुखावती भुवनको उक्त बुद्ध क्षेत्रमा ।
कतै यो संसारबाट प्राण चित्त र शरीर छुट्टियो भने,
अन्य ठाउँमा जन्म नहोस ।
स्वयं अमिताभ बुद्धको मुहार दर्शन होस् ।

मैले यसरी प्रणिधान गरेको पुण्यले, दशै दिशाका सर्वबुद्ध, बोधिसत्वहरूले । निर्विघ्न सिद्ध हुन अधिष्ठान गरिदिनुहोस्, अनुभाव ।

तद्यथा पञ्च इन्द्रिय अव बोधनय स्वाहा । भगवान् बुद्धको पुण्यले ॥

## ४८. टप्चे (रौं र टुप्पी काटी चक्र खोल्ने)

अब राम्रोरी बुझ्दै जाउँ । सबै भन्दा पहिला तन, मन, वचन शुद्धभै तयार हुनु पर्दछ र (टपच्ये) शिरको रौं टुप्पी काटी शरणगमन गरिन्छ । त्रिशरणका परिधि भित्र बसी बुद्ध, धर्म र संघको नियम पालना गर्नु पर्दछ । त्रिशरण र पञ्चशीलको नियम पालना गरी बौद्ध विधान अनुसार (रिकी) को शुरुमा त्रिरत्नको शरणमा गएर पञ्चशील ग्रहण गर्नका लागी तान्त्रिक देव मण्डलको अभिषेक लिनु अनिवार्य हुन्छ । कारण (रिकी) को प्रवेशद्वार त्रिरत्न शरणगमन र तन्त्रको प्रवेशद्वार अभिषेक (वाङ) हो । नत्र नामको मात्र (रिकी) ग्रहण गरेको हुनेछ । सबेरै आफूलाई सकुशल पाएकोमा बुद्ध भगवानलाई कोटी कोटी ढोग, धन्यवाद दिँदै करुणा भावले शरणगमन प्रार्थना गरौं प्रणिधान (मोनलम) पाठ गरी मण्डल चढाउ । साथै तन, मन र वचन शुद्ध भावले ३, ७ वा २१ पटक ढोग गरौं । शरीर दोष मुक्त पारेपछि सो सफा भाँडामा प्राकृतिक दैविय शक्तिलाई प्रवेश गराउन ध्यान र जप गर्न बुद्ध धर्मको सिद्धान्त र दर्शन आधार शिला शीलको परिधि भित्र रही योग, साधना, ध्यान, तपस्या गरी अष्टाङ्गीक मार्ग ग्रहण गर्नुका साथै अरु पनि बिहान बेलुकी गर्नु पर्ने मन्त्र पाठ पूजा ध्यान योगको तरीकाहरू धेरै प्रकारका छन् ।

देव, सुख चक्र, टुप्पी काट्दा गुरु रिन्पोछे वा गुरु लामाले साइत जुराई धार्मिक विधि अनुसार मन्त्र पूजा पाठ गरी टुप्पीको रौं काटी मणिचक्र मोक्ष द्वार खोलिन्छ साथै शिल सम्भारको सफट र अभिषेक (वाङ) प्रदान गरिन्छ। चक्र खोलेपछि मात्र धर्मको ढोका मार्ग दर्शन पाएको ठानिन्छ। मानव वा पशुहरूको चाकमा र टाउकोमा पुच्छर हुन्छ त्यो जन्तु अज्ञानी, मुर्ख र बेईमान हुन्छ। जुन जन्तुहरूको पुच्छर हुँदैन त्यो जन्तु चेतनशिल ज्ञानी हुन्छ। सर्वश्रेष्ठ चेतना भएका मानवहरूको चक्र मुक्ति द्वार खोल्नैपर्ने अति महत्त्वपूर्ण कारण छ। बुद्ध धर्मले मात्र प्रयोगमा ल्याउने विधि हो। चेतना ज्ञानको ढोका नखोली कसैले सतधर्म, कर्म गरेर मोक्षभै जान सक्दैन। यो कुरा सत्य हो र सबैले थाहा पाउँ र ढोका खोलेर मुक्तिभै जाउ। यहाँ सबै विषयवस्तुहरू उल्लेख गरेको छैन किनकी केहि विधिहरू गोप्य भएको हुनाले गुरुज्युको आज्ञा अनुसार संक्षेपमा मात्र उल्लेख गरिएको छ।

## ४९. ढुङ्सा मणि मोन्लमः (मृतकको नाममा पाठ गर्ने मोन्लम)

ओम धाला ताला छ्योइकी फोडाङ् ना फाग्मा ज्योग्ते सेमच्च्येन छेन्दे.....कुन। (छेन्दे पछि मृतकको नाम भन्ने)

शियङ्छ्योग धेरु क्येवर श्योग।
ओम् मणि पद्मे हुँ ॥१॥

हे भगवान तत्काल मृत्यु पश्चात धर्म निर्माण भएर धर्मको दरबारमा जान पाओस्। भगवान प्राणी नामले सबैलाई लोकमा तार्ने मृत संस्कारलाई पापबाट मुक्त गरी सुखावतीमा जन्म लिन पाओस्।

ओम् मणि पद्मे हुँ।
ने होमिन छ्योग यिङ फोडाङ ने।
छ्योइ दोर्जे छ्याग छ्येन श्युग।
टुल्वा च्येन्गी ढुङसा हिन।
फामा ज्योग्ते सेमच्च्येन छेन्द.....कुन।
शियङ छ्योग धेरु क्येवर श्योग। ओम् मणि पद्मे हुँ ॥२॥

हे होमिनको सुरक्षित दरबारमा शुन्यता बज्ररुपी भगवानको दरबारमा अवतारी नजर ल्याउने ठाउँ भगवानले तत्काल रुप देखाउने जस्तो होस्।

सुखावतीमा जन्म होस् । ओम् मणि पद्मे हुँ ।
ज्यार गाहि फुङ्पो रिबो ने ।
च्योमदेन शाक्या धुपा श्युग ।
छ्याग धाङ पाङ्पी ढुङ्सा हिन् ।
फामा रिङ डुग सेमच्येन छेन्दे.....कुन् ।
श्यिङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ॥३॥

गृद्ध कुटि पर्वत भन्ने दरबारमा जान पाओस् । जहाँ बुद्ध भगवान बस्नु भएको छ । छ लोकको क्रोध र अहंकार त्याग्नु भएको । छ लोकको प्राणीलाई स्वर्ग तार्ने क्षमता भएको यस्तो भगवान बुद्धको भूवनमा जन्म होस् । ओम् मणि पद्मे हुँ ।

पोता लाहि फोडाङ ने ।
यिदाम थुग्जे छ्येनपार श्युग ।
ङिङ्जे च्येन्गी ढुङ्सा हिन् ।
फामा रिङ डुग सेमच्येन् छेन्दे.....कुन ।
श्यिङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ॥४॥

पातालाही नाम गरेको दरबारमा जान पाओस् । इष्टदेव लोकेश्वरिय बस्नु भएको दया र करुणा भएको मनको दरबार हो । छ लोकका प्राणी धर्म र दृष्टिले सबैलाई भगवान बुद्धको भूवनमा जन्म होस् । ओम् मणि पद्मे हुँ ।

च्याङ्लो च्येन्गी फोडाङ ने ।
श्याङ धाग छ्याग्ना दोर्जे श्युग ।
रिगम्पा ज्यिन्पा ढुङ्सा हिन ।
फामा रिङ डुक सेमच्च्येन् छेन्दे.....कुन ।
शियङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ।।५।।

च्याङ्लो चेन्गी दरबारमा जन्म होस् जहाँ बज्रप्राणी भगवान विराजमान हुनुभएको छ । बुद्धि प्राप्त गर्ने दरबारमा भगवानको कृपा र करुणामयी ले सबै प्राणीहरूलाई भगवान बुद्धको भूवनमा जन्म होस् । ओम् मणि पद्मे हुँ ।

युलो कोइपी शियङ् खाम श्युग् ।
जे चुन फामा डोलमा श्युग् ।
छ्योग डी स्याङ्पी ढुङ्सा हिन ।
फामा ज्योगते सेम च्येन् छन्दे.....कुन ।
शियङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ।।६।।

युलो कोइपी भन्ने दरबारमा जन्म लिन पाओस् । जहा तारा डोल्मा विराजमान हुनुभएको छ । शुन्यताको धारा बग्दै बैकुण्ठ प्रवेश गर्नेलाई मात्र धर्म हुन्छ । जो लोकमा माता पिता सबै मृतक स्वर्गबाट तर्छ यस्तो सुखावती भुवनमा जन्म लिन सकोस् । ओम् मणि पद्मे हुँ ।

ल्हा हि मिहि ज्योगत नम ।
फाग्मा नेतेन च्युटुक श्युग ।
छ्योग् धाङ स्याङ्पी दुङ्सा हिन ।
फामा रिङ डुक सेमच्च्येन छेन्दे.....कुन ।
शियङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ।।७।।

भगवान र मनुष्यको ठाउँमा भगवान सोह्र किसिम र सोह्र पटकै अमर रहने स्थानमा धर्म देशाना गरेका माता पिता लोकमा सबै मृतकहरू पुग्छन् । त्यस्तै बैकुण्ठ लोकमा जन्म लिन पाओस् । ओम् मणि पद्मे हुँ ।

तिङ डे ज्यिन्पी शियङ् खाम श्युग ।
साङ्ग्ये झ्याङ छ्यूब सेमपा श्युग ।
कावा च्योपि दुङ्सा हिन ।
फामा रिङ डुक सेमच्च्येन छेन्दे.....कुन ।
शियङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ।।८।।

भगवानको दरबारमा पाप त्याग गरी धर्म प्राप्त भएको ठाउँ करुणामयको ठाउँ यस्तो बैकुण्ठ पुगी सम्पूर्ण प्राणीहरूले भगवान बुद्धको भूवनमा जन्म लिन पाओस् । ओम् मणि पद्मे हुँ ।

धे छ्येन पाल्गी शियङ् खाम श्युग ।
फागमा लुङवा ह्यावसे श्युग ।
सोनम शाक्पी ढुङ्सा हिन ।
फामा रिङ डुक सेमच्च्येन छेन्दे.....कुन ।
शियङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ॥९॥

धे छ्येन पाल्गी भन्ने दरबारमा प्रवेश हुन सकोस् । भगवानले छोरा छोरी स्वरुप मायकका दिनु हुन्छ । भाग्य कर्म बढाइदिने र सबै प्राणीहरूलाई लोकमा तार्नु हुन्छ । यस्तो भगवान बुद्धको भूवनमा जन्म लिन पाओस् । ओम् मणि पद्मे हुँ ।

साङ धो पाल्गी रिबोने ।
साङ्ग्ये पेमा ज्युङ्ने श्युग ।
सोनम साङ्पी शिङसा हिन ।
फामा रिङ डुक सेमच्च्येन छेन्दे.....कुन ।
शियङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ॥१०॥

साङ धो पाल्गी पर्वतमा भगवान पेमा ज्युङको दरबारमा प्रवेश गर्न पाउँ यो पनि भाग्य बढाउने दरबार हो । लोकका सबै प्राणीहरूलाई पुण्य पाउने स्थान जस्तै बुद्धको भूवनमा जन्म लिन सकोस् । ओम् मणि पद्मे हुँ ।

नाम पर ङ्यालबी शियङ् खाम ने ।
ल्हा हि वाङ्पो छ्यियय् जिन श्युग ।
छ्योग् दाङ साङ्पी ढुङ्सा हिन ।
फामा रिङ डुक सेमच्च्येन छेन्दे.....कुन ।
शियङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ।।११।।

नाम पर ङ्यालबी भन्ने लोकमा इन्द्रराज्य दरबारमा पुगेर धर्म कर्म छैन नाच गान मनोरञ्जन मात्र भएको नगर हो । यस्तो ठाउँ भन्दा मृत्युलोकको माता पिता भएको ठाउँमा जन्म लिन पाओस् । ओम् मणि पद्मे हुँ ।

धाम् छ्यिग च्याङ्पी फोडाङ ने ।
छ्ये चम दोर्जे पुन् ङ्योग श्युग ।
धाम् छ्यिग डाल्पी ढुङ्सा हिन ।
फामा रिङ डुक सेमच्च्येन छेन्दे.....कुन ।
शियङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ।।१२।।

सत्य र धर्म भएको, सत्य र धर्मलाई सदृश्य छर्लङ्ग पार्ने दरबारमा बज्र पुन् ङ्योग राजा बिराजमान हुनु भएको छ । त्यहाँ मेरो आफ्नो उसको अर्काको भन्ने केही भावना छैन । व्याख्या गर्ने स्वयं भगवान हुनुहुन्छ । ६ लोकको सबै प्राणीहरूलाई तार्नु हुन्छ, यस्तो भगवान बुद्धको भूवनमा जन्म लिन सकोस् । ओम् मणि पद्मे हुँ ।

डोन श्योङ ढाङ्ला मिलो च्यिङ ।
कावा च्याङ्सा मे पाब याङ ।
ल्हाप्हि लाहि लि थोबने ।
दे दाग साङ्ग्ये ञ्युर थोवा श्योग ।
देवा च्येन्गी श्यिङ् खाम श्युग ।
साङ्ग्ये नाबा थाये श्युग ।
दाग दाङ छेन्दे.....सेमच्च्येन् फामा कुन ।
श्यिङ छ्योग धेरु क्येवर श्योग । ओम् मणि पद्मे हुँ ॥१३॥

हाल कै वर्तमान जुनीमा अर्को पुनर्जन्म भई अलिकति पनि दुःख कष्ट नभई यसै मनुष्य जुनीबाटै पश्चिम देशको माह बैकुण्ठमा जन्म होस् । जहकका अमृत देव विराजमान हुनुहुन्छ । सबै लोकको प्राणीहरूलाई बैकुण्ठ प्रस्थान गराएको दृश्य अवलोकन गरिरहनु भएको छ । त्यस्तो बैकुण्ठ भूवनमा जन्म लिन पाओस् । ओम् मणि पद्मे हुँ ।

तेपर होय पाक थमच्च्येद् ला ।
श्यिङ् धुल कुन्गी डाङ डी क्यि ।
लुइग् तु पाइन् नम कुन्नु ।
छ्योग तु गुइपी छ्याग गुइपी छ्यागा ग्यि हो ।
(तीन पटक)
ओम् मणि पद्मे हुँ ॥१४॥

जन्म भएको सबै प्राणीहरूलाई स्यानो कसिङ्गर जत्रो पनि नरही पापबाट शुद्ध गर्नुभएको धर्म प्रवचन सुनेको सबै मणिप्राप्त देव गणहरूलाई कोटि कोटि प्रणाम छ। ओम् मणि पद्मे हुँ।

पितृको पार्थिव शरीर त्यागेर भार्दोमा गएको बेलामा ठूलो विद्वान गुरु रिन्पोछे, लामा गुरुहरूलाई निमन्त्रणा गरी पितृको अन्त्यष्टी गर्नु। नभए साधारण गुरु लामा, नभए यो माथी लेखेको ढुङ्सा मणि मोनलम प्रस्त गरी पढ्न जान्ने मान्छेले पितृको नाममा यो पाठ पढी दिएर तीन पटक यो पुस्तक मृतकको शरीरमा घुमाएर हम्काए बुद्ध क्षेत्रमा जन्म लिन्छ।

॥ ओम् मणि पद्मे हुँ ॥

# ५०. षट पारमिता (भिम्बा दान)

यसमा महायानका सूत्रहरूमा आधारित भई छ पारमिताहरूको निरन्तर अभ्यास गर्नुपर्छ। ती छ पारमिताहरूको परिचय यस प्रकार छ।

१. दान पारमिता
२. शील पारमिता
३. क्षान्ति पारमिता
४. वीर्य पारमिता
५. ध्यान पारमिता
६. प्रज्ञा पारमिता

भिन् पिइ तोब क्यिय् साङ्‌ग्येय् याङ् दाग् फाग् ।
मियि सेङ्गे भिन्पी तोब् तोग् ते ।
ञ्यिङ् ज्ये च्येन ग्यि डोङ् ख्येर ज्युग् पा ना ।
झ्यिन्पा तोब् क्यि छ्ये याङ् फेलवर श्योग ॥१॥

दानको बलले हुनुभयो समुद्गत बुद्ध ।
दान बलाधिक बोध गरेका प्रभु नरसिंह ।
करुणावानको नगरमा प्रवेश भयो ।
दान बल शब्द प्रख्यात भयो ।

छुलठिम तोब क्यिय् साङ्ग्येय् याङ् दाग फाग ।
मियि सेङ्गे छुलठिम तोब तोग ते ।
ञ्यिङ् ज्ये च्येन् ग्यि डोङ् ख्येर ज्युग् पा ना ।
छुलठिम तोब् क्यि छ्ये याङ् फेलवर श्योग ॥२॥

शीलको बलले हुनुभयो समुद्गत बुद्ध ।
शील बलाधिक बोध गरेका प्रभु नरसिंह ।
करुणावानको नगरमा प्रवेश भयो ।
शील बल शब्द प्रख्यात भयो ।

स्योइपा तोब क्यिय् साङ्ग्येय् याङ् दाग फाग् ।
मियि सेङ्गे स्योइपा तोब तोग ते ।
ञ्यिङ् ज्ये च्येन् ग्यि डोङ् ख्येर ज्युग् पा ना ।
स्योइपा तोब् क्यि छ्ये याङ् फेलवर श्योग ॥३॥

क्षान्तिको बलले हुनुभयो समुद्गत बुद्ध ।
क्षान्ति बलाधिक बोध गरेका प्रभु नरसिंह ।
करुणावानको नगरमा प्रवेश भयो ।
क्षान्ति बल शब्द प्रख्यात भयो ।

चोन डुय् तोब क्यिय् साङ्ग्येय् याङ् दाग् फाग् ।
मियि सेङ्गे चोनकक डुय् तोब तोग् ते ।
ञ्यिङ् ज्ये च्येन् ग्यि डोङ् ख्येर ज्युग् पा ना ।
चोन डुय् तोब् क्यि छ्ये याङ् फेलवर श्योग ॥४॥

वीर्यको बलले हुनुभयो समुद्‌गत बुद्ध ।
क्षान्ति बलाधिक बोध गरेका प्रभु नरसिंह ।
करुणावानको नगरमा प्रवेश भयो ।
वीर्य बल शब्द प्रख्यात भयो ।

साम तेन तोब क्यिय् साङ्‌येय् याङ् दाग् फाग् ।
मियि सेङ्गे साम तेन तोब तोग ते ।
ञ्यिङ् ज्ये च्येन् ग्यि डोङ् ख्येर ज्युग् पा ना ।
साम तेन तोब् क्यि छ्ये याङ् फेलवर श्योग ।।५।।

ध्यानको बलले हुनुभयो समुद्‌गत बुद्ध ।
ध्यान बलाधिक बोध गरेका प्रभु नरसिंह ।
करुणावानको नगरमा प्रवेश भयो ।
ध्यान बल शब्द प्रख्यात भयो ।

शेय् राब तोब क्यिय् साङ्‌येय् याङ् दाग् फाग् ।
मियि सेङ्गे शेय् राब तोब तोग ते ।
ञ्यिङ् ज्ये च्येन् ग्यि डोङ् ख्येर ज्युग् पा ना ।
शेय् राब तोब् क्यि छ्ये याङ् फेलवर श्योग ।।६।।

प्रज्ञाको बलले हुनुभयो समुद्‌गत बुद्ध ।
प्रज्ञा बलाधिक बोध गरेका प्रभु नरसिंह ।
करुणावानको नगरमा प्रवेश भयो ।
प्रज्ञा बल शब्द प्रख्यात भयो ।

एक दृष्टिले दान, शील, क्षान्ति, वीर्य र ध्यानको सम्बन्ध करुणा र मैत्रियसित हुन्छ किनकि यिनीहरूको अभ्यासले अरुलाई मद्दत गर्न, दुःख कम गर्न र मार्ग देखाउन सकिन्छ। तर यिनीहरूले मात्र दुःख हटाउन सक्दैनन् । त्यसको लागि प्रज्ञा चाहिन्छ र प्रज्ञाले आफ्नो दुःख पनि हटाउँछ, अरुको दुःख पनि हटाउँन सक्छ ।

यिनीहरू आपसमा सम्बन्धित छन् र राम्रोसँग बुझेर अभ्यास गरेमा आफ्ना क्लेशहरूलाई पनि नष्ट पार्छन र अरुका क्लेशलाई पनि नष्ट पार्छन । बोधिसत्वयानका मूल अभ्यासहरू यिनै छ पारमिताहरू हुन्, जसभित्र सम्पूर्णअष्टाङगिक मार्ग अथवा सैतीस बोधिपाक्षिक धर्महरू समेटिएका हुन्छन् ।



आर्य उष्णीषविजया

## ५१. उष्णीषविजया धारणी

बुद्ध बोधिसत्वहरू सम्पूर्णमा बन्दना गर्दछु। एक समय मैले यस्तो सुने, भगवान तथागत अर्हत सम्यक् सम्बुद्ध अपरिमिता आयुर्ज्ञान सुखावतीको सम्यक् धर्म सञ्चय परम् सुगृहमा विराजमान हुनु भएको थियो । त्यसपछि परिषद् मण्डलमा अवलोकन गर्नु भएर आर्य अवलोकितेश्वरलाई आज्ञा गर्नु भयो । हे बोधिसत्व महासत्व, कुलपुत्र, कुलपुत्रीहरू दुःखबाट पीडित भएर अति दुःख पाएका आयु छोटो भएका प्राणीहरू छन् । तिनीहरूको निमित्त प्राणीहरूलाई समन्त अवलोकित श्री नामद्वारा सम्पूर्ण तथागतहरूको उष्णिष विजय नाम गरेको यो धारणी धारण गराउनु पर्दछ । पढाउनु पर्दछ । अरुहरू सबैलाई विस्तृत रुपमा सम्यक् रुपमा देशना गर्नको निमित्त, लामो समयसम्म स्थिर गराउनको निमित्त सिद्धिको निमित्त, भगवानले सर्वसंयुक्त परिषद मण्डलमा अवलोकन गर्नु भयो। समन्त अवलोकित श्रीनाम गरेको समाधिमा रहनु भएर सम्पूर्ण तथागतहरूकोउष्णिष विजय नाम गरेको यो धारणी आज्ञा गर्नुभयो !

ॐ नमो भगवते सर्व त्रैलोक्य प्रति विशिष्टाय। बुद्धाय ते नमः तद्यथा ॐ भ्रुँ भ्रुँ भ्रुँ। शोधय शोधय विशोधय विशोधय असम समन्त अवभास स्फरण गते। गगन स्वभाव विशुद्धे। उष्णीष विजया परिशुद्धे अभिषिञ्चतु मां । सर्वतथागत सुगत वरवचन अमृत अभिषेकैर महामुद्रा मन्त्र पदैः आहर आहर । मम आयु संधारणि । शोधय

शोधय विशोधय विशोधय गगन स्वभाव विशुद्धे । उष्णीष विजया परिशुद्धे । सहस्र रश्मि सञ्चोदिते । सर्वतथागत अवलोकिनी । षट पारमिता परिपुरिनी । सर्वतथागत माते । दश भूमि प्रतिष्ठिते । सर्व तथागत हृदय अधिष्ठान अधिष्ठिते । मुद्रे मुद्रे महामुद्रे महामुद्रा बज्रकाय संहतन परिशुद्धे ।

सर्वकर्म आवरण विशुद्धे । प्रतिनिवर्तय मम आर्युविशुद्धे । सर्व तथागत समय अधिष्ठान अधिष्ठिते । ॐ मुनि मुनि महामुनि विमुनि विमुनि महाविमुनि । मतिमति महामति । ममति सुमति तद्यथा भूतकोटि परिशुद्धे । विस्फुट बुद्धे शुद्धे हे हे जय जय विजय विजय स्मर स्मर स्फर स्फर स्फारय स्फारय सर्वबुद्ध अधिष्ठान अधिष्ठिते । शुद्धेशुद्धे बुद्धबुद्धे बज्रबज्रे महाबज्रे । सुबज्रे बज्रगर्भे जयगर्भे विजयगर्भे बज्रज्वाला गर्भे । बज्रोदभवे बज्रसम्भवे । बज्रबज्रिनी बज्रम्भवतु । मम शरीरं सर्व सत्वानाञ्च काय परिशुद्धि भवतु । सदा मे सर्वगति परि शुद्धिश्च । सर्वतथागतश्च मां समाश्वासयन्तु बुद्धय बुद्धय सिद्धय सिद्धय बोधय बोधय विबोधय विबोधय मोचय मोचय विमोचय विमोचय शोधय शोधय विशोधय विशोधय समन्तन मोचय मोचय समन्त रश्मि परिशुद्धे । सर्वतथागत हृदय अधिष्ठान अधिष्ठिते । मुद्रे मुद्रे महामुद्रे महामुद्रा मन्त्रपदै स्वाहा ।

उष्णीष विजया नामद्वारा अपार आवरण सबै शुद्ध पार्ने । दुर्गति सबै निरन्तर रुपले छेदन गर्न यी अक्षरहरू लेखेर चैत्यको अक्ष मेरुदण्डको माथि राख्नु पूर्णिमाको दिनमा नुहाएर एक हजार आठ

पल्ट पढेमा। आयु क्षेय भएकाको आयु लम्बिएर जानेछ। सम्पूर्ण दुर्गीतिहरू बाट छिट्टै मुक्त हुनेछ। आवरणहरू पनि शुद्ध भएर अनुत्तर बोधि प्राप्त हुने छ। तीर्यक (पशु)हरूद्वारा सुनेमा पनि उनीहरूको दुर्गीति पनि अन्त भएर जाने छ। बोधि प्राप्ति नभएसम्म सुगतिको राजाको कुलमा वा ब्राम्हणको कुलमा वा व्यापारीको कुलमा वा गृहस्थको कुलमा वा महाशाल प्राप्त परिवारमा जन्म हुने छ। त्यो चैत्यको छाँयांले स्पर्श गरेमा वा चैत्यको धुलो शरीरमा लागेमा पनि दुर्गीतिमा जन्मनु पर्ने छैन। भगवानले यसरी आज्ञा भएकोमा बोधिसत्व महासत्व अवलोकितेश्वरले अनुमोदन गरी अभिनन्दन गर्नु भयो। आर्य उष्णीष विजया धारणी कल्पसहित समाप्त भयो।

## ५२. फोवा भनेको के हो ?

मानिसको मृत्यु मृतक घोषणा गरिए पछि सकभर शवलाई चलाउनु हुँदैन र जिव जन्तुले छुन नदिनु साथै कसैले पनि रुने कराउने गर्नु हुँदैन । मृतकलाई जति सक्दो शान्त वातावरणमा राख्नु पर्छ । तत्कालै लामा धर्म गुरुलाई बोलाई फोवा विधि गर्नु पर्छ । कहिले कही लामा गुरु उपलव्ध नहुन सक्छ त्यस्तो अवस्थामा दक्ष गुरुबाट फोनको माध्यामद्वारा टाढैबाट पनि ज्याङ-फोवा गर्न सकिन्छ ।

फोवा भनेको तान्त्रिक विधिबाट सरिरको पवित्र स्थान ब्रह्माण्डबाट प्राण (चित्तविज्ञान) निस्काशन गर्ने प्रकृया हो । यो प्रकृया पुरा भए पछि मात्र दाहासंस्कारको लागि शवलाई तयार पार्न सकिन्छ ।

फोवा दुई अक्षर मात्र छ । तापनी यसको अर्थ गम्भीरछन् ।

फोवा अथवा संस्कृतमा (संक्रान्ति) भनेको विशेष किसिमको साधना प्रयोग गरेर बुध्द वा बुद्ध क्षेत्रमा पुऱ्याउने अभ्यासलाई फोवा भनिन्छ ।

फोवाको अर्थ सर्ने वा फेर्ने अतह कुनै व्यक्तिलाई कुनै अर्को पुन्यभुमीमा स्थानान्तरण गर्ने हो । हाम्रा मन, प्राणलाई योग साधनाले मुल नाडीको मार्गबाट मुक्त हुनु हो ।

फोवा धेरै प्रकारका छन् । ५ मध्य २ प्रकारका मुख्य मानिन्छ (सोन्, शिन्) जिउँदा र मृत्युको अवस्थामा, फोवा पाँच भागमा विभाजन गरिएको छ। (क) धर्मकायको संक्रान्ति (ख) संभोगकायको संक्रान्ति (ग) निर्माणकायको संक्रान्ति (घ) मृतक अनुग्रहको संक्रान्ति (ङ) तीन संज्ञावानको संक्रान्तिहरू हुन् ।

फोवा जिउँदो अवस्थामा गरिने र मृत्यु अवस्थामा गरिने दुई किसिमका हुन्छन् । यसैलाई बढी प्रयोगमा ल्याउने गर्दछन् ।

फोवा भनेको बौद्ध धर्म मध्य बज्रयानमा मात्रै गरिने साधना हो ।

फोवा (ढुब्ला) निपुर्णता प्राप्त गरेको गुरुबाट गराउनु पर्दछ। फोवाको अभिषेक परिश्रम र ध्यान केन्द्रित गरिरहेमा सात दिन सम्मको अभ्यास गरे पछि फोवा भएको लक्षणहरू देखा पर्दछ। त्यसरी जिउँदो अवस्थामा फोवा गर्दा हाम्रो विज्ञानलाई महा देवचक्र सम्म पुऱ्याउने कर्म गर्छ।

अरु सबै जिउँदो अवस्थामा फोवा गरे जस्तै भएता पनि मृत्यु अवस्थाको फोवामा विज्ञानलाई महा देवचक्रबाट निकालेर बुद्ध वा बुद्ध क्षेत्रमा पुऱ्याईन्छ।

फोवाको ज्ञान अभ्यास नपाउनेहरू अनगिन्ति जन्म भवसागरमा घुमिरहन्छन् । १० द्वार मध्य ९ वटा द्वारहरू बन्द गर्नु पर्दछ । ती ९ द्वारबाट प्राण गएमा मुक्ति हुँदैन । जस्तै तल्लो दुई द्वार पिसाब र गुदद्वार बाट प्राण गयो भने नरकलोक र पशुलोकमा जन्म हुन्छ । नाभीबाट प्राण गयो भने काम धातुको देवलोकमा जन्मिन्छ । मुखबाट प्राण गयो भने प्रेतलोकमा जन्मिन्छ । दायाँ नाकको प्वालबाट प्राण गयो भने यक्ष राज भई जन्मिन्छ । बाँया नाकको प्वालबाट प्राण गएमा सामान्य यक्ष भई जन्म लिन्छ । दाँया आँखाबाट प्राण गएमा मनुष्यको राजा भई जन्मिन्छ । बायाँ आँखाबाट प्राण गएमा सामान्य मनुष्य भई जन्मिन्छ । दुवै कानबाट प्राण गयो भने किन्नर भई रुप धातु र अरुप धातुमा जन्म हुन्छ ।

त्यसैले ती चोलाहरूमा जन्म लिन नदीनको लागि हावा सम्म पनि नछिर्ने गरी यी ९ वटा द्वार बन्द गर्नु पर्दछ । अरु गोपनीय कुराहरू फोवा विधि फोवाको अभिषेक प्राप्त गरे पछि मात्र बताईन्छ । रिन्पोछे महागुरु लामाबाट फोवाको अभिषेक लिएर मात्र यो साधना अभ्यास सम्भव छ ।

कर्म गर्नलाई पुर्ण अधिकार आफैमा निहित भएकोले आफूलाई कस्तो अवस्था र स्थानमा पुराउने भन्ने कुरा आफैले बुझ्नु पर्दछ ।

॥ ओं अ मि दे वा ह्रिः ॥

## ५३. फोवा साधना विधि (उत्क्रान्ती योग)

जोग्क्षेन् नम्क्षो फोवा श्हुग्सो । तेर्तोन, निधिपति मिग्युर दोर्जेको विधि फोवा (संक्रान्ति) प्राण, चित्तका विशेष साधना ।

क्यवसेमनी -
(शरणगमन र बोधिचित्त उत्पाद गर्ने विधि)
नमो कोनज्यो सुम्दङ् चवा सुम् ।
क्यब्ने नम्ल क्यब्सु क्षी
डो कुन् संग्ये ला गो क्षिर ।
ज्यङ्क्षुव क्ष्योग्तु सेम् क्येदो ।। लेन्सुम् ।।

नमो त्रिरत्न र त्रिमूल गुरु, देव, डाकिनी शरण्यगणको शरणमा जान्छु । समस्त प्राणीहरू बुध्द भुवनमा उद्धार गर्नको निमित्त बोधिचित्त उत्पाद गर्छु ।

## ५४.फोवाको भावना गर्ने विधि (मिग्प साल दव्प)

(फोवाको भावना गर्ने विधि)
रङ्ञ्यी केच्यिग् ज्योहो थुगज्ये क्षेन्पो,
कुदोग् कार्पो श्यिश्यिङ् जुम्पी श्हल् च्यिक्पा,
क्ष्यगश्यी दङ्पो ञ्यी थुकर थल्मो ज्यरवा,
होग्मा ञ्यी शेल्कर ग्यी ठेङव दङ् मेतोग् पेम कर्पो नम्प,
श्हव् दोर्जेही किल्टुङ्गी पेम दङ् दवी देन्ल श्युग्प,
उट थोर्छुंल रिम्पोही चेडेन् ङा ग्येन्प,

दरदङ् रिन्पोक्षे ग्येन्चिङ् छेन्दङ् पेज्ये् होदु बर्व च्यिग् लम्गी गोमश्यिग देयङ् थुगज्ये क्षेन्पोही कुदे क्षि दरकरग्यी गुर फुव्प तबुल, नाङ् तोङ्प ठुम फु तव्प तबु तोङ्साङे वी उसु, च उमा छेनञ्यी श्हीदङ् देन्प, देव छोन्वी क्षिर क्षीकरवा सल्व छोन्पीक्षिर नाङ्मारव, ज्यङ्क्ष्युवक्यी लम् छोन्पीः क्ष्यिर शिन्धु ढङव, ङेन्सोङ्गी गोच्येपी क्ष्यिर मरने तेहोग्तु फुग्दुग्सु योप, थोरिक्यी लम डोपी क्षिर यारने च्यिवोर छाङ्पी वुगुर हेपोर योप, दे तबु श्यिग् गोम् ॥

आफु अचानक महाकारुणिक अवलोकितेश्वर सेतो वर्णको शरीर, शान्तिमय एक हसिलो मुहार, चार हातहरू मध्य प्रथम दुई हात हृदयमा नमस्कार गरेको, दोस्रो दुई हात दायाँमा सेतो सिसाको

माला र बायाँमा सेतो कमलको फूल समाएको, पाउ बज्रासनमा कमल पद्म चन्द्रआसनमा विराजमान हुनु भएको। कपाल उभो चुल्ठो बाधेर पाँच शिरपेच रत्नले अलंकृत गरेको, कपडा र पञ्चरत्नले सुशोभित गरी ३२ लक्षण र ८० अनुब्यञ्जनले प्रज्वलित गरेको दृश्य भावना गर्नु पर्दछ। अतह महाकारुणिकको काय शरीरको बाहिरी भाग सेतो कपडाले पाल टाँगेको जस्तो आकारमा, भित्रको खाली भाग बेलुन फुकेको जस्तो शुन्य भएको बिचमा मध्य नाडी (च उमा) चार लक्षणले युक्त।

सुखको संकेतमा बाहिरी भाग सेतो,
चम्किलो संकेतमा भित्री भाग रातो,
बोधि मार्ग जनाउन अति सिधा,

दुर्गतिको ढोका बन्द गर्ने नाभि मुनि तलको द्वार बन्द गरी, मुक्तिको मार्गमा जानका निमित्त माथि शिरको देवचक्र द्वारमा खुलेको दृश्य भावना गर्नु पर्दछ।

## ५५. अमिताभ बुद्धको भाव कल्पना गर्ने विधि (होपाग्मे साल दब्य)

च्यिओर सेङ्ठी पेम दधेन्ल, होपग्मे गोन् कुदोग् मर्,
श्हलच्यिग् क्ष्यगञ्यी ञ्यमश्यग् तेङ्, ल्हुङ्से जिनच्यिङ् क्षोगो सोल,
श्हवञ्यी ज्यमश्युग् जेपयी, श्हवक्यी थपोङ् ञ्यीपोयी,
उमही यारने क्ष्यरवर गोम्, येसु ज्यिग्तेन् वाङ्क्ष्युग् कर,
श्हल् च्यिग् क्ष्यगश्ही थलज्यर दङ्, ये योन ठेङव पेम जिन्,
श्हेङ्पी तावक्यी पेघर श्युग्, योनदु क्ष्यग्दोर थुक्षेन् थोव्,
श्हलच्यिग् क्ष्यगञ्यी कुदोग् ङो, ये, योन् दोर्जे डिल्वु जिन्,
श्हेङ्पी तवक्यी पेघर श्युग्, संग्ये ज्यङ्क्षुव् सेम्प दङ्,
ञेन्थो ढच्योम् पाग्मे कोर, चोवो सुमग्यी न्येसुमग्यी,
डुसुमलेनी होठो न्ये, देव च्येनन्ये च्येनढङ् तिम् ॥

आफ्नो शिर माथी सिंहासनको पद्म र चन्द्र आसनमा अमिताभ बुद्ध रातो वर्णको एक रुप दुई हात ध्यानमुद्रामा रहेको, माथि भिक्षा पात्र लिएको शरीरमा धर्मबस्त्र धारण गरी दुई पाउ मैत्री बुद्धको शैलीमा विराजमान भएको, पाउको दुई बुढी औंला आफ्ना शिरको देवचक्रमा जोडि रहेको भावना गर्नु पर्दछ ।

(अमिताभको) दायाँ तर्फ सेतो वर्णको अवलोकितेश्वर, एक रुप चार हात मध्य पहिलो दुई हात हृदयमा नमस्कार गरिरहेको अर्को दायाँ हातमा सिसाको माला र बायाँ हातमा कमलको फुल समातिरहेको, पध्म र चन्द्र आसनमा उभिरहनु भएका। बायाँ पट्टि बज्रपानी एक मुहार दुई हात, निलो वर्णको शरीर, दायाँ हातमा बज्र र बायाँ हातमा घण्टी समातिरहेको, पद्म र चन्द्र आसनमा उभी रहनु भएका। अतह बुद्ध बोधिसत्व तथा असिम श्रावक अर्हतको परिधि भित्र यी तीन प्रमुख देवताका तीन स्थानमा रहेको, तीन अक्षरबाट ज्योति प्रकट भई सुखावती भुवनबाट अन्य बुद्ध बोधिसत्वहरू आमन्त्रण गरी त्यसमा विलिन भएको भावना गर्नु पर्दछ।

## ५६. फोवाको प्रार्थना गर्ने पाठ (फोवाही सोल्देब्नी)

अेमाहो शिन्धु डोछर होपग्मे गोन् दङ्,
थुगज्ये क्षेन्पो क्ष्यग्दोर थुक्षेन् थोव्,
दाग्गी चेच्यिग् यीक्यी सोल्व देव्,
शाव्लाम् फ़ोवा ज्योङवार ज्यिनग्यी लोव्,
दाग्सो नाम्शीग् क्षिवी दुज्युङ् छे,
नमश्ये देक्षेन् फोवर ज्यिनग्यी लोव् ॥

ओहो ! अति आश्चर्य अवलोकितेश्वर अनि महाशक्ति प्राप्त बज्रपानीलाई म एकाग्रचित्त भई प्रार्थना गर्दछु । गम्भीर मार्ग फोवाको अभ्यास गर्न आशिर्वाद दिनुहोस् ।

हामीहरूलाई जब मरणको काल आउँछ तब विज्ञानलाई सुखावती भुवन प्राप्त हुने आशिर्वाद दिनुहोस् ।

(यो प्रार्थना २१ पटक दोहोराई पढ्नु पर्दछ)

## ५७.मुल विषयको अभ्यास (ङोशी ञ्यम् लेन्)

रङ्गी ञ्यिङ्गही च उमाही नाङ्दु ञ्युग्माही,
छ्मिप गग्प तारदु पेम मार्पो दव्पा ग्येप,
देही तेङ्दु दवी क्यिल्खोर सेन्म क्षे केपा चम्,
देही तेङ्दु राङ्गी लूङ्सेम् नम्पर शेप दूपी ङोहो थिग्ले कर्पो,
ह्री मर्पो रिङ्क्षा छेण्डग् दङ् च्येप,
टाग् दाङ्दङ् देन्पो छेन्प,
फर्ला खेप यार्ला खेप च्यिग् गोम्,
ह्री देले होसेर ह्री यीग्गी नम्प च्येन्,
च्यिग् ठोपे होग्गो ञ्यल्वी गो ठिग्गी च्ये,
याङ् ह्री च्यिग् ठोपे दूद्डोही क्यगो क्षुही लाम् ठिग्गी च्ये,
देने ह्री ञ्यी ठोते साङ्ने दङ् खहीगो यीदाग् क्यी क्येगो च्ये,
देने ह्री यीग् च्यिग् ठो तेव दो ल्हही गोच्ये,
याङ् ह्री ञ्यी ठो ल्हमिन् दाङ् शुगखाम् दङ् डुलवुम् ग्यी
क्येगो नवाञ्यी काग्,
देने ह्री ञ्यी ठो नोज्यिन् दाङ् मी क्येगा नाक्षीही क्येगो नवुग् ञ्यी
च्ये, देने ह्री यीग् सुम् ठो शुगखाम्क्यी गो मिनछम् दाङ्,
मिग्ये मीही ग्यल्पोही गो मिग्योन् नम् काग्, याङ् ह्री ठो छाङ्मा शुग्मे
खाम्क्यी क्येगो काग् पार गोम् ।
ह्री मिग्प माशिन् पार ज्या ॥
देने हीग् च्ये ज्योपे रङ्सेम् थीग्ल्ये कर्पो, ह्री यीग् गी छेन्प दे उमाही

लाम्ने ग्येन्दु फर्ने, च्यिवोही होपग्मेपी श्हवक्यी थेपोङ् ला रेग्चाम् ज्या, क श्येज्योपे मार वव् ञ्यिङ्गही दवी देन्ल दुग्पार गोम् ।। मिग्पा शुङ्ने हीग् क ढङ् ।।

आफ्नो हृदयको मध्य नाडी भित्र ठाउँ ठाउँमा निगालाको गाँठ जस्तो ८ पत्ते रातो कमल माथि चन्द्र मण्डलमा केराउको कप्टेरो आधा जति । त्यसमाथि वायुरुपी आफ्नो मन विज्ञान समेटेको स्वभाव सेतो वीर्य र रातो वीर्य, रातो ह्निःअक्षरमा विसर्ग भएका चम्किलो प्रकाशले युक्त जताततै माथितिर उफ्रन लागेको ध्यान गर्नुपर्दछ। ह्नि त्यसबाट अर्को प्रकाशरुपी ह्नि कार

एउटा प्रकट भई तल नरक द्वार बन्द गर्नु । फेरी एउटा ह्निः प्रकट भई पशुलोकमा जन्मने द्वार मुत्रनली बन्द गर्नु। त्यसपछि २ वटा ह्निः प्रकट गरी प्रेतलोकमा जन्मने मलद्वार र मुखको द्वारलाई बन्द गर्नु । त्यसपछि एउटा ह्निः कार प्रकट गरी कामलोकमा जन्मने नाभीको द्वार बन्द गर्नु । फेरी दुईवटा ह्निः प्रकट गरी असुरलोक, रुपलोक र कुम्भीपाकमा जन्मने दुई कानको द्वारलाई बन्द गर्नु। त्यसपछि दुई वटा ह्निः प्रकट गरी यक्ष र मनुष्यको जन्म, बुढ़ापा, रोग, मरण हुने दुवै दुवै नाकको प्वाल बन्द गर्नु।

त्यसपछि तीन वटा ह्निः अक्षर प्रकट भई रुपलोकमा जन्मने द्वार निधार र मनुष्यको राजामा जन्मने द्वार दायाँ बायाँ आँखाहरू बन्द गर्नु । फेरी ह्निः प्रकट भई अरुपलोकमा जन्मने भवसागरको

द्वार बन्द गरेको भावना गर्नु पर्दछ। त्यसरी ह्निः प्रकट भावनमा नआउञ्जेल वाचन गरी रहनुपर्छ। त्यसपछि हिक भनि उच्चारण गर्दा आफ्नो मनरुपी सेतो वीर्य ह्निः अक्षर जनक त्यो मध्य नाडीको मार्गबाट ह्निः माथि उफारेर, शिर माथिको अमिताभ बुद्धका चरण (पाउ) को बुढी औंला सम्म पुराउने र (क) भनि उच्चारण गर्दा ह्निः अक्षरलाई तल झारी हृदयको पद्मचन्द्रा- आसनमा आएको भावना गर्नु पर्दछ।

जो जस्ले साधना ध्यान गर्दछ उसले आफ्नो मनलाई एकाग्रचित्त गरी हिग्, क को अभ्यास होशियार साथ गर्नु पर्दछ।

॥ ओं अ मि दे व ह्रीः ॥



सुखावती बुद्धक्षेत्र

## ५८. सुखावती भुवनको संक्षिप्त सूत्र (नाङ्वा थाये मोन्लम्)

१) ह्रीः नाङ्वा थायेकी शिङ्खामना । फागपा मिनेद मिश्युगते । ग्युडुक खोर्वाई मियाङ मे, नङ्वा थाये शिङदेर केवर स्योग ।

ओं आमी देवाह्री - ३

२) ह्रीः नाङ्वा थायेकी शिङ्खामना । फागपा शेराब होइठोइ पइ । ञीनमा छेनमोई मियाङ मे, नङ्वा थाये शिङदेर केवर स्योग ।

ओं आमी देवाह्री - ३

३) ह्रीः नाङ्वा थायेकी शिङखामना । रिन्छेन नाछोग रावगायान पई । सादाङ दोही मियाङ मे, नङ्वा थाये शिङदेर केवर स्योग ।

ओं आमी देवाह्री - ३

४) ह्रीः नाङ्वा थायेकी शिङखामना । नमनङ पोइकी ञेदेन पहि । जिगतेन् लुनगी मियाङ मे, नङ्वा थाये शिङदेर केवर स्योग ।

ओं आमी देवाह्री - ३

५) ह्रीः नाङ्वा थायेकी शिङखामना । ज्याङ्छ्युव सिङ्गी रावग्यानपई । च्येसिङ नागछल मियाङ मे, नङ्वा थाये शिङदेर केवर स्योग ।

ओं आमी देवाह्री - ३

६) ह्रीः नाङ्वा थायेकी शिङ्खामना। तिङ्ङे ज्यिनगी सेसावई ज्यिगतेन सेगी मियाङ मे, नङ्वा थाये शिङ्देर केवर स्योग।

ओं आमी देवाह्री - ३

७) ह्रीः नाङ्वा थायेकी शिङ्खामना । थमच्च्ये ञ्यामञी नेपाना। डोन्डो योङ्सई मियाङ मे, नङ्वा थाये शिङ्देर केवर स्योग।

ओं आमी देवाह्री - ३

८) ह्रीः नाङ्वा थायेकी शिङ्खामना । छ्योइकी ग्यालपो ञ्येस्युपई। ग्यालपो लोनपो मियाङ मे, नङ्वा थाये शिङ्देर केवर स्योग।

ओं आमी देवाह्री - ३

९) ह्रीः नाङ्वा थायेकी शिङ्खामना। दुइच्च्यी गेनदाङ् छ्युइ वेव पई। ज्यिगतेन् छ्युई मियाङ मे, नङ्वा थाये शिङ्देर केवर स्योग।

ओं आमी देवाह्री - ३

१०) ह्रीः नाङ्वा थायेकी शिङ्खामना । हिसे सलवई मेभर वई। ज्यिगतेन मेयी मियाङ मे नङ्वा थाये शिङ्देर केवर स्योग।

ओं आमी देवाह्री - ३

११) ह्रीः नाङ्वा थायेकी शिङ्खामना । क्येवा थामच्ये ज्येइतेके । क्येवा मेपा यी मियाङ मे, नङ्वा थाये शिङ्देर केवर स्योग ।

ओं आमी देवाह्री - ३

**नेपालीमा अर्थ :–**

ह्रीः वीच मन्त्र अमिताभ बुद्धको क्षेत्रमा आर्यहरू मात्र विराजमान हुन्छन्, आर्य नभएको सांसारिक छ लोकमा भएको जस्तो अशुद्ध प्राणीको नामसम्म पनि हुँदैन यस्तो प्रकारको शुद्ध अमिताभ बुद्धको क्षेत्रमा जन्म होस् ।

अमिताभ बुद्धको क्षेत्रमा आर्यहरू आफ्नै शिरबाट प्रज्ञाको ज्योती प्रकट गर्दछन् । यस संसारमा जस्तो दिन र रात हुँदैन । दिनमा सूर्य र रातमा चन्द्रमा हुने जस्तो पनि हुँदैन आर्यहरूको आफ्नै शरीरको प्रज्ञाको ज्योती प्रकट भएको कारण त्यस क्षेत्रमा दिन र रात हुँदैन सधै एकनाशको हुन्छ ।

अमिताभ बुद्धको क्षेत्रमा रत्नहरूको भुमि छन्, यस संसारमा जस्तो माटो र ढुङ्गाको नामसम्म पनि हुँदैन । यस्तो अमिताभ बुद्धको क्षेत्रमा जन्म होस् ।

अमिताभ बुद्धको क्षेत्रमा सुगन्धित सदाचार शीलको मन्द वासना चलेर आनन्द मय हुनेछ तर यस संसारमा जस्तो अनेक

प्रकारको दुर्गन्धको नामसम्म पनि हुनेछैन यस्तो अमिताभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ।

अमिताभ बुद्धको क्षेत्रमा बोधिवृक्षको उत्तम् अलंकृतले सुशोभित छन्, यस संसारमा जस्तो विभिन्न प्रकारको वृक्ष जस्तै विषको वृक्ष कुवृक्ष इत्यादि वृक्षको नामसम्म पनि हुनेछैन यस्तो अमिताभ बुद्धको क्षेत्रमा जन्म होस् ।

अमिताभ बुद्धको क्षेत्रमा समाधि भोजन गर्दछन्, जस्तो भोजनको इच्छा हुन्छ त्यस्तै भोजनको समाधि भोग गर्छन् । यस संसारमा जस्तो अनेक प्रकारको भोजन जस्तै राम्रो, नराम्रो, मीठो, तीतो, अमिलो, बिषालु खाद्य आदिको नामसम्म पनि पाउने छैन यस्तो अमिताभ बुद्धको क्षेत्रमा जन्म होस् ।

अमिताभ बुद्धको क्षेत्रमा सबै समानता छन् । यस संसारमा जस्तो तल, माथी, भिरालो, ठाडो, दुर्गतिको प्राणीहरूको जीवन कोही राम्रो त कोही न राम्रो जीवन जिउँनु पर्दछ यस्तो प्रकारको जीवन अमिताभ बुद्धको क्षेत्रमा नामसम्म पनि छैन यस्तो अमिताभ बुद्धको क्षेत्रमा जन्म होस् ।

अमिताभ बुद्धको क्षेत्रमा धर्मराज स्वयं आसनमा बस्नु भएका छन् । यस संसारमा जस्तो राजा र मन्त्री भन्ने नामसम्म पनि छैन यस्तो अमिताभ बुद्धको क्षेत्रमा जन्म होस् ।

अमिताभ बुद्धको क्षेत्रमा अमृतको वर्षा हुन्छ यस संसारमा जस्तो राम्रो र नराम्रो पानीको नामसम्म पनि छैन यस्तो अमिताभ बुद्धको क्षेत्रमा जन्म होस् ।

अमिताभ बुद्धको क्षेत्रमा तेज स्पष्ट आगो हुन्छ यस संसारमा जस्तो साधारण आगोको नामसम्म पनि छैन यस्तो अमिताभ बुद्धको क्षेत्रमा जन्म होस् ।

अमिताभ बुद्धको क्षेत्रमा जन्म माता-पिता विनानै कमलको फूलबाट स्वयं उत्पन्न हुन्छन् यस संसारमा जस्तो गर्भ, अण्डा, गरम र ठण्डाबाट झैं अनेक प्रकारको जन्मको नामसम्म पनि हुँदैन यस्तो अमिताभ बुद्धको क्षेत्रमा जन्म होस् ।

यी माथिका धर्म वाणी धर्मकाय अमिताभ बुद्ध स्वयंले वाणी गर्नुभएको महायान सूत्र अनुसार सुखावती क्षेत्रको वर्णन गरिएको छ । यस पाठलाई सुन, चाँदी र मसीले लेखि सो पाठ वाचन गर्ने र गर्न लगाएर पुण्यआर्जन गरी कल्पौं कल्प सम्म सुखावती क्षेत्रमा जन्म लिएर बस्न पाउने छन् ।

## ५९. षड अन्तराभव (व्हर्दो) को मूल पाठ ६ वटा अन्तराभवको मूल श्लोक

(१) अहो, ममा जन्म स्थान व्हर्दो उदाएको बेला यहाँ आयुको भरोसा छैन । अल्छिपना त्यागेर श्रुति, चिन्तन र भावना तीनैबाट विचलित नभई मार्गमा प्रवेश गर प्रतिभासलाई चित्त हो भनी, मार्ग अपनाएर, त्रिकाय साक्षात गर्नुपर्छ । एक पल्ट मान्छेको चोला पाएको यो अवसरमा पर्खेर बस्ने समय होइन ॥

(२) अहो, ममा सपना व्हर्दो उदाएको बेला यहाँ, संमोहमा, मुर्दा सरह निद्राको प्रमाद त्यागेर, स्मृति विचलित नगरीकन स्वभाविक स्थितिमा रही रहनुपर्छ । सपनालाई पहिचान गरेर प्रभाश्वरको अभ्यास गर । पशु सरह नसुत है । साक्षात निन्द्रासँग मिश्रण भएको अभ्यासलाई महत्त्व देऊ ॥

(३) अहो, ममा ध्यान व्हर्दो उदाएको बेला यहाँ विचलित भ्रान्तिहरू त्यागेर, विचलन नभएको, अग्राही, अन्तमुक्त (अवस्थाको) स्वभावमा रही उत्पन्न र सम्पन्न (क्रम) दुवैमा स्थिरता प्राप्त गर । सांसारिक कार्य त्यागेर एक चित्तको भावना गरेको बेला यहाँ क्लेश र भ्रान्तिको वसमा नपर ॥

(४) अहो, ममा मृत्यु व्हर्दो उदाएको बेला यहाँ । सबैमा राग चित्त र द्वेष ग्राह त्यागेर गुरुको उपदेशको स्पष्टताको अवस्थाबाट विचलित नभई स्वसंवेदलाई अनुत्पाद रुपमा आकास

धातुमा प्रक्षेपण गर । संस्कृत (निर्मित) रगत मासुको शरीर छुट्न लाग्दा अनित्य, माया हो भनेर बुझ ।।

(५) अहो, ममा धर्मता व्हर्दो उदाएको बेला यहाँ । सबैमा त्रास, संत्रास भयको प्रतिभास त्यागेर जुन उदायो त्यो आफ्नो प्रतिभास हो भनी जानेर भारदोको प्रतिभासको विधि हो भनेर बुझ । यो महत्त्वपूर्ण अवसर आएको बेला आफ्ना प्रतिभास भएको शान्त क्रोध देवगणहरू देखि नडराउनु ।।

(६) अहो, ममा भवको व्हर्दो उदाएको बेला यहाँ । स्वच्छन्द रुपले एकाग्र चित्तलाई ग्रहण गरेर शुभ कर्मको निरन्तरतालाई तीक्ष्ण रुपले अझ विस्तार गर । गर्भद्वार बन्द गरेर त्यहाँबाट फर्किनु पर्नेलाई सम्झ । त्यसबेला हृदयदेखि नै शुद्धाभास गर्ने बेला यही हो । इर्ष्या त्यागेर गुरु माता पिताको भावना गर ।

मृत्यु आयो भन्ने नसोचेको यो मन लामो समय व्यर्थको यो जन्मको कार्य गर्दा गर्दै अहिले नै खाली हात जानु पर्दा अति ठूलो धोका हुनेछ। आवश्यकतालाई पहिचान हुनु सद्धर्म हो। अहिलेदेखि नै सद्धर्म गर्नु पर्ने होइन त ?

महासिद्धहरूको मुखार्विन्दबाट यसरी बताउनु भएको छ। गुरुको उपदेश चित्तमा नराखेमा। आफैले आफूलाई झुक्याउने होइन र ? (व्हर्दो श्रुतिमुक्ति मूल पद यी भव शुन्य नभएसम्म सिद्धिएर नजाओस्)

# ६०. अन्तराभव (व्हर्दो) को भयबाट तर्ने बुद्ध बोधिसत्वहरूको सहायताको लागि प्रणिधान

यो प्रणिधान आफू मृत्यु बेलामा अथवा कुनै पनि बेला गर्न सकिन्छ। बुद्ध र बोधिसत्वहरूले मलाई/वहाँलाई (फलानो नाम गरेको)लाई सहायता गर्नुहोस्। त्रिरत्नमा प्रत्यक्ष र मनले निर्माण गरी सम्पन्न गरेको पूजा चढाउँछु। हातमा अति सुवासिलो सुगन्धित धूप लिएर अति हर्ष विभोर मनले यसरी प्रार्थना गर्दछु। दशै दिशामा विराजमान हुनु भएका करुणावान, सर्वज्ञ, करुणाले हेर्नु भएका, अनुकम्पाले युक्त हुनुभएका जगत पालक हुनु भएका बुद्ध र बोधिसत्वहरू, करुणाको कारणले यहाँ पाल्नु होस्। प्रत्यक्ष मनले निर्माण गरेको सुसम्पन्न पूजा ग्रहण गर्नुहोस्। करुणावान तपाईहरूमा सर्वज्ञताज्ञान छ, अनुकम्पा सहितको करुणाले कर्म गरी रक्षा गर्ने अचिन्तनय क्षमता र शक्ति भएको हुनाले, करुणावान तपाईहरूले अमुक व्यक्तिलाई यो लोकबाट परलोकमा जाँदा यो लोकमा मृत्यु हुँदा, सखा साथी हुने छैन, पीडा अति धेरै हुनेछ, बन्धु बान्धव हुने छैन, अनाथ हुनेछ, शरण स्थान हुने छैन, यो हृदय विलाएर जाँदैछ, परलोकमा जानु पर्नेछ, बाक्लो अन्धकारमा पस्नु पर्नेछ, महाभीरमा खस्नु पर्नेछ, घना जंगलमा पस्नु पर्नेछ कर्मले लखेट्ने छ। अनकन्तारको एकान्त स्थानमा जानु पर्ने छ। महासागरले बगाउने छ, कर्मको बतासले उडाउने छ, दुर्गम्य (अजेय) स्थानतिर जानु पर्ने छ, महायुद्धमा पर्नेछ, महाग्रहद्वारा दुःख दिइने छ। यमदूतको भयले त्रसित हुनेछ। कर्मभव भएर फेरि

पुनर्भवमा पस्नु पर्नेछ, आधार विहिन हुनेछ, एउटै पनि साथी नभएर जानु पर्ने बेला आइपर्नेछ। करुणावान तपाईहरूले शरण्य नभएका अमुक व्यक्तिलाई (मृतकको नाम लिने) शरण दिनुहोस् । यस अन्तराभवको महाअन्धकारबाट रक्षा गर्नुहोस् । कर्मको रक्तमय महावायुलाई रोक्नुहोस्। यमदूतको महाभय र त्रासबाट बचाउनुहोस्।

अन्तराभवको महासाँघुरो कठिन लामो बाटोबाट तारिदिनुहोस् । करुणावान तपाईहरूले करुणा न्यून नगरी सहायता गर्नुहोस्, त्रिदुर्गतिमा नपठाउनुहोस्, पहिलेको बाचाबाट विचलित नभई करुणाको वेगलाई छिट्टो संप्रक्षेपण गर्नुहोस् । बुद्ध बोधिसत्वहरूद्वारा अमुक यो व्यक्ति (मृतकको नाम लिने)लाई करुणा उपाय र क्षमतामा कमी नगर्नुहोस् । करुणाले ग्रहण गर्नुहोस् । दुष्कर्मि प्राणीहरूले अधिनमा नपारुन् । त्रिरत्नले अन्तराभवको दुःखबाट रक्षा गर्नुहोस् । यसरी अति श्रद्धा भक्तिका साथ आफु र अरु सहित भएर तीन पटक पाठ गर्ने । त्यसपछि अन्तराभव (भारदो) श्रुति मुक्ति र अन्तराभवको साँघुरो कठिन सबाटोबाट मुक्तिको प्रणिधान र भयबाट रक्षा गर्ने प्रणिधानहरू पाठ गर्ने । बुद्ध र बोधिसत्वहरूले सहायता गर्नको लागि गरिने प्रणिधान भव अन्त नभएसम्म अन्त नहोस् समय ।

यसरी ओग्र्यनका पण्डित पद्मसम्भवले रचना गर्नुभएको हो। सागर राजले कण्ठ गरी अक्षरमा लेखि निधिमा गुप्त राखिएको हो । पुनः कर्म लिङ्पाले गम्पो श्री पर्वतबाट ल्याएको हो ।

# ६१. अन्तराभवको छोट्करी परिचय (सिठो ल्हाछो)

(४२ वटा शान्त अनि ५८ वटा क्रोधी देवगणहरूको परिचय)

भगवान् बुद्धको उपदेश र दर्शन वास्तविकतामा आधारित यथार्थ सत्यलाई जस्ताको त्यस्तै हेर्ने र देख्ने धर्म हो । जस्तै संसारमा कुनै पनि स्थानमा खुर्सानीको स्वाद पिरो, अग्निको राप तातो र चिनीको स्वाद गुलियो हुन्छ। त्यसैगरी यस भवचक्रमा जति पनि जीव जन्तु र मानिसको जन्म र मृत्युको प्रकृया र प्राकृतिक नियम संसारभर एउटै हुन्छ । यो कुरो घाम जस्तै छर्लङ्ग सत्य छ । व्हर्दो (भार्दो) वा अन्तराभव के हो भनेर थाहा पाउनलाई जन्म, मृत्यु र पुनर्जन्मलाई कसरी हेरिन्छ भने आमा बाबुको मिलन वा सहवासबाट गर्व धारण हुन्छ, समय पुगेपछि शिसुको जन्म हुन्छ। समयको साथसाथै हुर्कदै, बढदै, युवा, बुढो हुँदै मृत्यु प्रकृयाबाट मानिसको जीवन गुज्रिन्छ। यही प्रकृया प्रकृतिको नियम हो। भार्दो (अन्तराभाव) भनेको एक ठाउँबाट प्रस्थान गरेर आफ्नो गन्तव्यमा पुगी नसकेको अवस्था हो । मृत्यु भएपछि अर्को जन्म लिनु भन्दा पहिलेको अवस्था तथा समयलाई अन्तराभव (व्हर्दो) भनिन्छ।

मृत्युपछिको अन्तराभव (व्हर्दो) ४९ दिन सम्म रहन्छ। त्यही अवधि भित्र पनि अत्यन्त पुण्यवान वा महापापीहरू तुरुन्तै निर्वाण वा नरकमा पनि जान सक्छन् ।

साधारण गृहस्थीहरूको चित्तविज्ञानले अन्तराभवमा दर्शन हुने ४२ शान्त देव र ५८ क्रोधि देवगणहरूको पहिचान गरी शरणगमन हुन सके ४९ दिनभित्रको कुनै पनि समयमा मोक्षप्राप्त गरी सुखावती भूवनको बास पाउने छ। बाटो बिराएमा नरकलोक पनि पुग्न सक्ने छ।

यथार्तमा भन्नु पर्दा व्हार्दो थोडोल भनेको सुन्नु मात्रले पनि मुक्ति हुने धर्म हो। मानिसको मृत्यु कालदेखि पुनर्जन्म प्राप्त गर्ने समयसम्म व्हर्दो (अन्तराभव)मा डर, त्रासमा भौतारिरहेको चित्त विज्ञानको लागि कल्याणकारी उपदेशहरू सुनाउने विधि हो थोडोल। त्यसर्थ मृतकको लागि लामा गुरुद्वारा थोडोल सुनाउन अति आवश्यक हुन्छ।

मानिसहरू सबै बुद्धकै सन्तानहरू हुन् र तिनको गन्तव्य भनेको बुद्धत्व प्राप्तिनै हो। हामी शून्यताबाट पैदा भएको प्राणीहरू शून्यतामै विलिन हुनु पर्ने हुन्छ। तर, यो अस्थाई मनुष्य चोलामा हामीले गरेका कुशल अकुशल कर्मको फल अर्को जुनिमा भोग्न पर्ने हुँदा व्हर्दो वा (भार्दो)को समय अवधिमा दर्शन हुने देवगणहरूसँग सहि तरिकाले प्रार्थना गर्न सके व्हर्दोको पुरा समयावधि पार गर्नु पर्ने हुँदैन।

मृत्यु पश्चात मृतकको चित्तविज्ञान तीन दिन तीन रातसम्म अचेत अवस्थामा रहन्छ भनिएको छ, थोडलमा। चौथो दिन सपनाबाट व्युँझे सरह व्युँझिन्छ र आफ्नो शरीरको खोजी गर्दछ। आफु सुत्ने बिस्तरा (ओछ्यान) र बस्ने ठाउँ खोज्दछ,

नभेट्टाएपछि आलाप बिलाप गर्दै जीवित आफन्तहरूलाई सोधिरहेको हुन्छ। तर जीवित व्यक्तिले मृतकको आवाज सुन्न सक्दैन र देख्न पनि सक्दैन। यो अवस्थाले उनलाई एकदमै विरक्त पार्दछ। त्यसैलै त्यो चित्तविज्ञानलाई यसरी सम्झाउनु पर्दछ।

हे! कुलपुत्र वा कुलपुत्री तिमी फलाना यतिबेला तिम्रो भौतिक शरीर नभै मनको काय मात्र रहेको हुँदा, तिमीलाई हामीले देख्न सक्दैनौ। तिमीले भनेका, बोलेका पनि हामीले सुन्न सक्दैनौ। र अबबाट तिमीले खाने कुराहरू मुखबाट खान सक्दैनो। अबबाट सुर (धुप) वासना लिएर सन्तुष्ट हुनु।

तिमीले आकाशमा चन्द्र सुर्य देख्न सक्दैनौ। ऐनामा तिम्रो अनुहार देख्न सक्दैनौ। भुइमा हिडेको पाइतालाको छाप देख्न सक्दैनौ। आफ्नै छाँया पनि देख्न सक्दैनौ। यतिबेला तिम्रो मनको काय मात्र भएको हुँदा, कोही कसैले पनि तिमीलाई हानी पुऱ्याउन सक्दैन। त्यसर्थ, व्हर्दो वा भार्दोको अन्तराभवमा देखिने भेट्ने शान्ति र क्रोधि देवगणसँग नडराइकन शरण परी सुखावती भूवनमा पुऱ्याइ दिनुहोस् भनी प्रार्थना गर्नु पर्दछ।

ठुला डरलाग्दो आवाज, हावा हुरी, भीर पहरा पहिरो आदिबाट पनि बिचलित हुनुहुँदैन। धर्म गुरुको उपस्थिति हुन नसकेको अवस्थामा वा प्रवासको अवस्थामा माथीको वाक्य पढेर सुनाउँदा पनि मृतकलाई केही राहत हुन सक्दछ भन्ने विश्वास गर्न सकिन्छ।

मृतकले आफ्नो मरणकालको केही क्षणपश्चात उत्पन्न हुने आभास र देवी-देवताहरूकलाई चिन्न सके उनले धर्मकाय रुपमा मुक्ति पाउनेछन् । शान्तिरुप धारण गर्ने देवी-देवताहरू र रौद्र रुप धारण गर्ने देवी-देवताहरूको प्रतिविम्बहरूको उदय हुनेवित्तिकै चिन्न सके उनले सम्भोगकाय प्राप्त गर्नेछन् । यी दुवै शान्तिप्रिय तथा रौद्र रुप धारण गरेको देवगणका विभिन्न मुद्राहरूको दर्शन पाएर निर्वाण प्राप्त गर्नेछन् । पुनर्जन्म लिनपरे पनि सुगति प्राप्त गरेर जन्म-जन्मान्तरसम्म धर्मको सम्पर्कमा रहेर धर्माचरण गर्ने हकदार हुनेछन् तथा उनको प्रकृति नै आफैआफ धर्माचरण-प्रति ढल्किने छ ।

मृतकले अन्तराभवमा प्रवेश गरेको प्रथम सात दिनसम्म उनलाई शान्त देवगणको प्रतीकहरू उल्लेख गरेर ती देवताहरूसँग मृतकलाई परिचित गराउनुपर्छ । ती सौम्य देवगण प्रतिदिन क्रमशः वैरोचन, वज्रसत्व, रत्नसम्भव, अमिताभ, अमोघ सिद्धिहरू आ-आफ्ना ज्ञानको प्रकाश लिएर सपरिवार उदय हुनेछन् । त्यसपछि मृतकको पाप कर्मको कारणले कम तेज भएको देवलोकको प्रकाश, नरक लोकको प्रकाश तथा असुर लोकको प्रकाश पनि उक्त पाँच अलौकिक बुद्धहरूको ज्ञानको प्रकाशसँगै मिश्रित भएर आउनेछन् । छैटौं दिनमा बयालीस प्रकारका सम्भोगकाय भएका देवगणहरू मृतकको हृदयमा उदय हुनेछन् । सातौं दिनमा पद्मनर्तकेश्वर आदि चार जना विद्याधर देवगण आफ्ना मातृकासँग उदय हुनेछन् । यी विद्याधरहरूसँग डाकिनी, देवयोनी, वीर-वीरेश्वरी तथा धर्मपालहरूको बथान पनि आउनेछन् । यिनीहरू सँगसँगै पशु

लोकको अत्यन्त सौम्य प्रकाश पनि उदय हुनेछ । अन्तराभवमा शान्त देवहरूसँगै रौद्र देवहरूको पनि उदय हुन्छ । यी रौद्र देवगण उक्त शान्त देवगणकै अर्को परिवर्तित रुप मात्र हो । वास्तवमा सबै देवगण कतै बाहिरबाट अथवा अर्को स्थानबाट प्रकट भएर आभासित भएका होइनन् । मानिसहरूको आफ्नै कुशल वा अकुशल कर्मको आधारमा नै भय, डर र आतङ्कको सृष्टि हुन्छ ।

जीवनकालमा आफ्ना गुरुले दिएका उपदेशहरूको अर्थ बुझेर व्यावहारिक अभ्यास गरेको छैन भने वा कमी छ भने मृतकले अन्तराभवको अवस्थामा आफैले स्मरण गर्न सक्दैन । अतः धर्म गुरु, धर्म मित्र वा गुरु भाइले स्पष्ट याद दिलाउनु पर्छ । मृतक गुरुबाट प्राप्त उपदेशहरूको अभ्यस्त छ, सिद्ध छ तर मर्ने बेलामा तीब्र व्यथा तथा अन्य कारणवश भएका भ्रान्तिहरूले गर्दा सही बाटो पहिल्याउन असमर्थ छ भने मृत व्यक्तिलाई उक्त यी परिचयात्मक उपदेशहरू दिनु अति आवश्यक छ । यस परिस्थितिमा "व्हर्दो थोडोल" का उपदेशहरू मृतकका निम्ति अत्यन्त कल्याणकारी हुन्छ किनकि यसले मृतकलाई प्रतिदिन देव-देवीहरूका प्रतिमाहरूसँग परिचित गराइरहन्छ । ती बुद्ध र देव-देवीगण कतै बाहिरबाट आएका होइनन् । यिनीहरू सबै तपाईंकै हृदयस्थलको मध्य भाग र चार दिशाहरूबाट उत्पन्न भएर आएका हुन् । ती सबै बुद्ध र देवगणहरू तपाईंको हृदयबाट उत्पन्न भई बाहिर निस्केर दर्शन दिइरहेका हुन् । यिनीहरू तपाईंकै ज्ञान-शक्तिमा अनन्तकालदेखि विराजमान थिए । यी देव-देवीगणको काय, आकार र प्रतापमा कुनै ठूला र साना छैनन् । यिनीहरू सबै एक समानका हुन्छन् । केवल अलङ्कार,

गर-गहना, रङ, आसन तथा मुद्राहरूमा भिन्नता लिएर यिनीहरू पाँच-पाँच मातापिताको रुपमा व्याप्त छन् । प्रत्येक पञ्चकबाट पाँच ज्योतिपुञ्ज परिमण्डलमा विद्यमान रहन्छ । पितृ अंशलाई तथा मातृ अंशलाई धारण गर्ने बोधिसत्व तथा बोधिसत्वी अनि अन्य समस्त मण्डल देव-देवीहरू एउटै रुपमा सम्पन्न भएर प्रकट हुनेछन् । यिनीहरू सबै तपाईंकै कुलदेवताहरू हुन् । उनीहरूलाई तपाईले राम्ररी चिन्नुहोस् ।

ती माता पिताका जोडी स्वरुप बुद्ध देवगणको हृदयस्थलबाट अति सूक्ष्म अनि स्वच्छ र पवित्र चार ज्ञानको किरण तपाईको अघि उदय हुनेछ र तिम्रो सहायता गर्नेछन ।

अन्तमा दिवङ्गत आत्माको लागी घ्हेवा (क्रिया वा श्राद्ध) गर्दा वा गराउदा कुनै सिद्ध लामा गुरु, महान् योगी वा रिन्पोछेद्वारा गराइ दिए अति उत्तम हुन्छ । ज्ञान प्राप्त सिद्ध गुरु, रिन्पोछेहरूमा मैत्री र करुणा भाव धेरै भएको हुनाले दिवङ्गत आत्मा (संचेतना) को नाम जलाउँदा मोक्षको क्षेत्रमा पुऱ्याइ दिन्छ । तर मोक्ष प्राप्त गर्नु नगर्नु जीवित कालमा आफुद्वारा गरिएको कर्म माथि निर्भर गर्छ । कर्म कुशल हुनसँग सँगै गुरु पनि ज्ञान पूर्ण ब्यक्ति भए सुनमा सुगन्ध भए झैं हुनेछ । यस परिस्थितिमा मोक्ष प्राप्त नभए पनि दुर्गतिमा जन्म हुन देखि रक्षा हुनेछ । यस बाहेक, मोक्ष प्राप्त गर्नु गुरु वा लामा प्रति आफ्नो श्रद्धा र भक्ति माथि पनि निर्भर गर्छ । लामा गुरुहरूले मोक्षको मार्ग दर्शाइ त्रिरत्न र बोधिसत्वहरूका शरण प्राप्त गर्ने शिक्षा प्रदान गर्छन् । लामा गुरुहरूले देखाएका मार्ग

हिडनु नहिडनु मृत चित्त (आत्मा)को कर्म हो । लामा गुरुहरूले केवल मार्ग निर्देशन गरिदिन सक्छन् र बाँकी हिडने काम मृत आत्माको कर्मको फल माथि निर्भर गर्छ ।

यसरी यो ब्हर्दोबाट मुक्ति भएर आर्को जन्म ग्रहण गर्दा आफ्नो पूर्व कर्म संस्कारको मुल भुमिका हुन्छ । कुशल कर्म गरेको भए पूर्व स्मृतिको प्रभावले असलमार्ग तर्फ आकर्षण गरेर उत्तम कुलमा जन्म वा मोक्ष प्राप्त हुने मौका पाउँछ । पाप कुकर्म गरेको भए यसको पूर्व स्मृतिको प्रभावले आकर्षित भई निम्न योनीमा जन्म ग्रहण गराउने सम्भावना हुन्छ । पुर्व जन्ममा गरेको क्रोध, अहंकारको फलस्वरुप अँध्यारो (कालो) मार्गद्वारा नरकलोकमा क्लेषपुर्ण जीवन ब्यतीत गर्न पर्छ । यी कथनबाट यो स्पष्ट हुन्छ कि जीवित अवस्थामा गरिएको सम्पूर्ण कर्मको प्रतिक्रिया मृत्यु पछि ब्हर्दो अवस्थामा देखा पर्छ ।

यसकारण जति सक्दो पूर्व स्मृति स्पष्ट रहने समय (काल) २१ दिनमा घ्हेवा (पुण्य क्रिया) गरी दिए अत्युत्तम हुने छ, यदि यो समया हुन नसकेमा ४९ उन्चास दिन भित्र दिवङ्गत आत्माको नाममा प्रचुर मात्रामा पूजा पाठ, दान पुण्य एवं सकेसम्म सद्कर्म गरी घ्हेवा गरी दिए पनि ठूलो सहायता पाउनेछ ।

# ६२. मृत्युवासीहरूको संस्कारको सन्दर्भमा

जब मान्छे भएर जन्मेपछि यो अनित्य चोला फेरि एकपटक मर्नु नै पर्दछ। जब मान्छेको मृत्यु हुन्छ अथवा मरेको तीन दिनमा (सिमी कैं) स्यागसुम गरिन्छ र मलामीहरूलाई खुवाउने सरसल्लाह गर्दछन् । त्यसपछि मरेको मानिसको अर्घुं (घ्हेवा) दोष क्रमैले मरेको दिनबाट ४९ दिनसम्म गर्दै जानुपर्दछ।

१) जुन दिन मान्छेको मृत्यु हुन्छ त्यसैको ७ दिनपछि अर्थात् मृत्यु भएको पहिलो हप्तामा पुगेपछि मृतकको संचेतना (चित्त)ले नरक लोकको दुःख देख्छ, त्यस लोकबाट छुटाउनलाई त्यही मृत्यु भएको दिनको बारमा नरक लोकको कालो बुद्धलाई पूजा पाठ जप साधना गर्नुपर्दछ।

२) मृत्यु भएको दोस्रो हप्ता १४ दिन पुगेपछि मृतकको संचेतना (चित्त) ले प्रेत लोकको दुःख देख्छ, त्यसको लागी प्रेत लोकको रातो बुद्धको पूजा पाठ जप साधना गर्नुपर्दछ।

३) मृत्यु भएको तेस्रो हप्ता २१ दिन पुगेपछि मृतकको संचेतना (चित्त) ले पशु लोकको दुःख देख्छ, त्यसको लागी पशु लोकको निलो बुद्धको पूजा पाठ जप साधना गर्नुपर्दछ।

४) मृत्यु भएको चौथो हप्ता २८ दिन पुगेपछि मृतकको संचेतना (चित्त) ले मानव लोकको दुःख देख्छ, त्यसको लागी मनुष्य लोकको पहेंलो बुद्धको पूजा पाठ जप साधना गर्नुपर्दछ।

५)	मृत्यु भएको पाँचौ हप्ता ३५ दिन पुगेपछि मृतकको संचेतना (चित्त) ले अशुर लोकको दुःख देख्छ, त्यसको लागी हरियो बुद्धको पूजा पाठ जप साधना गरी फुल, अक्षेताद्वारा पाँचौ मुष्टि दान अर्पण गर्नुपर्दछ।

६)	मृत्यु भएको छैठौं हप्ता ४२ दिन पुगेपछि मृतकको संचेतना (चित्त) ले देव लोकको दुःख देख्छ त्यसको लागी सेतो बुद्धको पूजा पाठ जप साधना गरी फुल अक्षेताद्वारा छैठौं मुष्टि दान अर्पण गर्नुपर्दछ।

७)	मृत्यु भएको सातौं हप्ता ४९ दिन पुगेपछि मृतकको संचेतना (चित्त) ले सुखावती क्षेत्र अमरलोकमा जन्म धारण गर्दछ त्यसपछि मातृ पितृ हुँदै भगवानसँग लीन गराउनका लागी ७/७ दिनको फुल अक्षेता प्रयोग गरी तोर्मा पिण्डपात अर्पण गर्दै ४९ औं दिन पुगेपछि अर्घुंम् (घ्हेवा) अन्त्येष्टि कार्य गरी चोख्याउने (साङ्गे) गर्ने।

## ६३. साङ्ग अथवा धूप धूंवार किन गर्छौं ?

हामी बुद्धिष्टहरूले सदैव विहान घरमा धूप गर्छौं । धेरैले साङ्ग धूपको पाठ अनि अर्थ बुझेका हुँदैनन् । साङ्ग धूप भन्नाले शुद्धि गर्नु अथवा चोखो पार्नु, चोख्याउनु, हो । सुगन्धित अनि औषधि जस्तो पदार्थहरू मिसिएको धूपद्वारा अनि धार्मिक पाठको पुण्यले आफ्नो घरको देवताथान, चूला, खानापिना, काय, वाक, चित्त, घरका आँगन, छिमेकीदेखि लिएर सर्व संसारमा विशुद्धताका वातावरण फैलिरहोस्, देवलोकका सूर, असुर, किन्नर, किन्नरी, गन्धर्वहरूले यस साङ्ग धूपको सदगुण सम्भोग गरी रोग, झगडा, दुर्गुण, पाप कर्महरूदेखि बचाई संधैभरि रक्षा प्रदान गरिदिउन् ।

यस जुनिमा सर्व सुख, शान्तिका जीवन बिताउन पाउँ, अनि अन्तमा बुद्ध जस्ता हुन पाउँ भनि सोंची यस साङ्ग घूपको पुण्यफललाई सर्व प्राणीहरू माथि परिणामना (Dedication) गर्नु पर्दछ । शरणगमन र बोधिचित्त :-

*बुद्धं च धर्मं च गणोत्तमं च यावद्धि बोधिं शरणं गतोऽस्मि ।*

*दानादिपुण्यैश्चर्च कृतैर्मयैभि -र्बुद्धो भवेयं जगतो हिताय ।।*

**अर्थ :-**

बुद्ध, घर्म अनि श्रेष्ठ संघहरूलाई बोधिज्ञान नपाईसम्म तपाईको शरणमा जानेछु, मैले दान आदि गरेको पुण्य प्रतिफलले, सर्वप्राणीका उद्धारको निम्ति बुद्धत्व प्राप्त गर्न सकोस् ।

**साङ्ग** (धूप) **को पाठ :-**

ओम् सर्व बी पुर पुर सुर सुर अवर्तया हो वज्र सफरण खं स्वाहा ।

## ६४. भगवान् बुद्धका उपदेशहरू:-

६ वर्षको तपस्या पछि एक दिन सिद्धार्थ गौतमले बैशाख पूर्णिमाको दिन परमार्थ सत्य अवबोध गरे, जसलाई बोधिज्ञान भनिन्छ। यस बोधिज्ञान ४ भागमा विभक्त छन् जसलाई चार आर्य सत्य भनिन्छ।

१) दुःख सत्य = दुङाल
२) दुःख समुदय सत्य = दुङालकि कुनज्युङ
३) दुःख निरोध सत्य = दुङालभे गोग्पा
४) दुःख निरोधगामिनी प्रतिपदा मार्ग सत्य = दुङाल गोग्भे लाम्

(क) संसारमा दुःख अवश्यै छ।
(ख) यो दुःख उत्पन्न हुने कारण छ।
(ग) यो दुःख अन्त्य गर्न सकिन्छ।
(घ) दुःख अन्त्य गर्ने बाटो पनि छ।

(**क**) **दुःख सत्य**:- भन्नाले सबै कुरा दुःखदायी हुन भन्ने सत्यलाई बुझ्नु हो।

१) जन्मनु,
२) बुढा हुनु,
३) रोगी हुनु,
४) मर्नु,
५) मन न पर्नेसँग बस्नु पर्ने,
६) मन पर्नेसँग अलग्गिनु पर्ने,
७) मनले चितायको पुरा नहुनु र
८) संक्षेपमा पञ्च स्कन्ध = (सबै भौतिक अभौतिक विषयवस्तुहरू) सबै सबै दुःखै हुन्।

(ख) **दुःख समुदय सत्य :–** भन्नाले दुःखको कारण बुझिन्छ। प्रतीत्य समुत्पाद अनुसार दुःखको मूल कारण तृष्णा (= स्वार्थी इच्छा) हो। तृष्णा तीन प्रकारका छन्

१) काम तृष्णा - पञ्च काम (सांसारिक विषयवस्तु) भोग्ने इच्छा

२) भव तृष्णा - फेरि फेरि जन्मने इच्छा

३) विभव तृष्णा - तृष्णा निर्मूल नगरी मुक्ति पाउने इच्छा

(ग) **दुःख निरोध सत्यः-** भन्नाले दुःखको अन्तलाई भनिन्छ। दुःखलाई अन्त गर्नु हुन्छ भनी बुझ्नु नै दुःख निरोध सत्य हो। दुःखको कारण तृष्णालाई निर्मूल गरेपछि दुःख निर्मूल हुन्छ र निर्वाण प्राप्त हुन्छ। निर्वाण दुई प्रकारका छन्।

१) सउपादिशेष निर्वाण-जिउँदो छँदा नै क्लेश मुक्त हुनु (अरहत् वा बुद्ध हुनु)

२) अनुपादिशेष निर्वाण- क्लेश मुक्त गरी देह त्याग गर्नु, (परिनिर्वाण हुनु)

(घ) **दुःख निरोधगामिनी प्रतिपदा मार्ग सत्यः–** वा मार्ग सत्य भन्नाले दुःख निरोध गर्ने मार्ग जनाउंछ। यो मार्गलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ।

किनकि यसमा निम्नलिखित ८ मार्गहरू सम्मिलित छन् जसको अभ्यासबाट निर्वाण प्राप्त गर्न सकिन्छ।

## ६५. आर्य अष्टाङ्गिक मार्ग

मार्ग आर्यसत्य भनेको आर्य अष्टाङ्गिक मार्ग हो, अर्थात् आठ अङ्गले युक्त भएको र आर्यहरूले अपनाइने र बुझिने मार्ग हो। यही मार्गको अनुसरण गरेपछि साँच्चिकै दुःखबाट मुक्ति (संसारको चक्र या भवचक्रबाट सदा काल का लागि मुक्ति) हुन्छ। आर्य अष्टाङ्गिक मार्ग भने पनि शुरुका व्यक्तिले अनुसरण गर्ने मार्ग चाहिँ आर्य मार्ग हुँदैन किनकि दुःखमै भौंतारिएको अवस्था देखि नै अभ्यास शुरु गरिने भएकोले त्यस्तो मार्ग विशुद्ध एवं आर्य हुँदैन। पछि आर्य बनाउने भएकोले फलोपचारबाट शुरुदेखि नै त्यो मार्गलाई आर्य अष्टाङ्गिक मार्ग भनिएको मात्र हो। यो अष्टाङ्गिक मार्ग पतञ्जलि अषटाङ्ग योग होइन र त्यससँग सम्बन्ध पनि छैन भन्ने कुरा पनि बुझिराख्नु राम्रो हो।

अष्टङ्गिक मार्गका ती आठ अङ्गहरू यस प्रकार छन् -

(१) सम्यक् दृष्टि (याङदाग्भे तावा)

(२) सम्यक् संकल्प (याङ्दाग्भे तोग्पा)

(३) सम्यक् वाचा (याङ्दाग्भे ङाग)

(४) सम्यक् कर्मान्त (याङ्दाग्भे लेकिथा)

(५) सम्यक् आजीविका (याङ्दाग्भे छोवा)

(६) सम्यक् व्यायाम (याङ्दाग्भे चोलवा)

(७) सम्यक् स्मृति (याङ्दाग्भे डेन्पा)

(८) सम्यक् समाधि (याङ्दाग्भे जीन)

**सारमा अर्थः-**

(१) सम्यक् दृष्टि = कुन चाँही ठीक हो, सत्य हो वा उचित हो छुट्याउन सक्ने ज्ञान ।

(२) सम्यक् संकल्प = सधै भरी कुशल विचार मात्र उत्पन्न गर्ने काम ।

(३) सम्यक् वाचा = कसैलाई पनि बोलीद्वारा चित्त नदुखाउनु, अश्लिल र निरर्थक कुरा न गर्ने काम, पोल, चुकुली नलाउने काम ।

(४) सम्यक् कर्मान्त = सधै भरी परोपकारी काम मात्र गर्ने विचारको व्यवहार ।

(५) सम्यक् आजीविका = बिषको व्यापार, प्राणी हत्या, मासुको व्यापार, हतियारको व्यापार नगर्ने काम ।

(६) सम्यक् व्यायाम = शरीरलाई स्वस्थ राख्न गरिने शारीरिक अभ्यास साथै मनमा सदैव कुशल विचार मात्र उत्पन्न गरी रहने अभ्यास ।

(७) सम्यक् स्मृति = काम गर्नु, बोल्नु अघि होश पुऱ्याउनु, विचार गर्नु ।

(८) सम्यक् समाधि = जहिले पनि कुशल कुरामा मात्र ध्यान दिइरहनु ।

यी मूलभूत कुराहरू नै बुद्ध धर्मका मुक्तिमार्ग हुन् । यी आठ मार्गलाई राम्ररी अवलम्बन गर्न सके जीवन सुखमय मात्र होइन तर निर्वाण पनि निश्चित छ ।

## ६६. भवचक्रको चिनारी (सिपाखार्लो)

यो भवचक्रको चित्र, (नक्सा) कसरी भयो भन्ने बिषयको संक्षिप्त इतिहास यसप्रकार छ । भगवान बुद्धको समयमा एउटा टाढा विदेशको राजाले मित्रताको भावनाले मगधका राजालाई हीरा, मोती, मणिरत्नहरू उपहार दिंदा मगधको राजाले पनि त्यस उपहारको बदलीमा उपहार दिने विचार गर्दा अब म के दिनेहोला वहाँले दिएको उपहारको मोल भन्दा बढ़ी ठूलो केही नहुँदा वहाँले भगवान बुद्धलाई कस्तो उपहार दिए उचित होला भनी सोध्नुभएछ । भगवान बुद्धले यो भवचक्र प्रतित्य समुदपादको चित्र बनाएर दिनु भनी आज्ञा गर्नुभएछ, जब यो चित्र उपहार टाढा देशका राजाले पाए अनि वहाँले राम्रो गरी त्यस चित्रको अर्थ बुझेर ध्यान, तपस्या, अभ्यास गर्दा त्यो राजाले बोधिज्ञान प्राप्त गरी निर्वाण हुनुभएछ । उपहार आदान प्रदानले गर्दा र एक मित्रताको कुशल भावनाले कतिको फरक पर्दोरहेछ भन्ने कुरो यो प्रमाणले बुझाउँछ ।

चित्र यस प्रकार छन् :-

सिपाखोर्लो अर्थात् भवचक्रको शुरु यसप्रकार छन् । तृष्णा, क्रोध, र अज्ञान यी तीन महाविष हुन् । भवचक्र ६ भागमा विभाजन भएको छ । माथिल्लो ३ भाग देव, असुर र मनुष्य लोक हुन भने तल्लो भाग पशु, प्रेत र नरक लोक हुन् । लोकको ठीक भित्रि भागमा (दुकसुम) तीन महाविष दुःखको मुख्य कारण बिउ हो ।

कर्म मुख्य गरी तृष्णा, क्रोध र अज्ञानता (अविद्या) को कारणले गरेको हो भन्ने चाहीँ माझको भागमा रातो भाले, हरियो साँप र कालो सुंगुर भएको हो । कुशल र अकुशल कर्म सबै नै अविद्या, तृष्णा र क्रोधबाट आएर अनि दुःखको कारण भएका हुन् । भाले चराले तृष्णा, साँपले क्रोध र सुंगुरले अविद्या (अज्ञानता) बुझाउँछन् । खासगरी सुंगुरको मुखबाट नै चरा र सर्प दुवै निस्केको हुनुपर्दछ । सुंगुरको पुच्छर र चरा साँपको मुखभित्र हुनुपर्दछ । यसको कारण चाहीँ तृष्णा र रीसको मूल स्रोत नै अज्ञानता हो भनी बुझिन्छ ।

मानिसहरूको नक्शाले कर्म बुझाउँछ, सेतो भागमा उकालो जाँदै गरेकोले कुशल धर्म, कर्मले पुण्यभुमी जाने बुझाउँछ । कालो भागमा उंधो टाउको पारी तलतिर फर्काएकोले कुकर्म पाप गरेकोले नरकमा जाने बुझाउँछ । उकालो लागेको चिन्हको अर्थ कुशल कर्म गरेको फलले देवलोक र सुखावती भुमीमा जन्म पाउँछ भनी बताएको हो भने ओह्रालो फर्काएको चित्र कुकर्म गर्नेहरू दुर्गति नरकमा परी असहनीय दुःखमा जन्म लिने बताएको हो ।



भव चक्र

भवचक्र (सिपाखोर्लो)लाई ६ भागमा छुट्याईएका छन् :-
(१) देव,
(२) मानव,
(३) असुर - यी तीन सुख देवलोक हुन् ।
(४) नरक,
(५) प्रेत,
(६) त्रियक - यी तीन दुःखहरू नरकलोक हुन् ।

यस ६ लोकमा ६ बुद्धहरू विराजमान छन् :-
(१) कर शुक्र बुद्ध (सेतो) देव लोकमा ।
(२) वेमाचित्र बुद्ध (हरियो) असुर लोकमा ।
(३) शाक्यमुनी बुद्ध (पहंलो) मनुष्य लोकमा ।
(४) दृढ़सिंह बुद्ध (नीलो) त्रियाक लोकमा ।
(५) ज्वालामुखी बुद्ध (रातो) प्रेत लोकमा ।
(६) धर्मराज बुद्ध (कालो) नरक लोकमा ।

यसरी ६ लोकका समस्त प्राणीहरूको उद्धार कार्यमा ६ बुद्धहरू लागीपरेका छन् । भवसागरका दुःख कसरी उत्पन्न हुन्छ भन्दा देवलाई सुखी भाग्य क्षिण हुने दुःख, असुरलाई युद्धको दुःख, मनुष्यलाई जन्म र मृत्युको दुःख, त्रियाकलाई चित्त प्रतिशोधको दुःख, प्रेतलाई भोकमरीको दुःख, नरकलाई चिसो, तातो असहनीय दुःखहरूबाट सताउने गर्दछन् । बाहिरपट्टि बाह्रवटा विभिन्न चित्रहरू देखाएको छ त्यो प्रतित्य समुत्पाद हो । यसको कारणले गर्दा यो भवसागरमा दुःखहरू भएको हो भनी बुझाउँछ ।

## ६७. प्रतित्य समुत्पाद अर्थात् भवचक्रको बाह्र निदान

(१) अविद्या
(२) संस्कार
(३) विज्ञान
(४) नामरुप
(५) षडायतन
(६) स्पर्श
(७) वेदना
(८) तृष्णा
(९) उपादान
(१०) भव
(११) जाति
(१२) जरामरण

यी बाह्र निदानहरूलाई विभिन्न दृष्टिकोणबाट बताइएको छ। यहाँ छोटकरीमा यिनीहरूको सामान्य अर्थ व्याख्या गरिएको छ।

(१) अविद्या :-

न जान्नु या ग़लत जान्नु 'अविद्या' हो। हाम्रो मनमा पहिलेका जन्महरूमा जम्मा गरिएका क्लेशहरूको अवस्था नै अहिले 'अविद्या 'बनेर रहेको हुन्छ र नजान्ने वा उल्टो जान्ने गराउँछ। अविद्याको पनि भद्दा (स्थूल) र मसिना (सुक्ष्म) तहहरू हुन्छन् । त्यसैले अविद्याहरू धेरै किसिमका हुन्छन् । संक्षेपमा भन्नुपर्दा संसारका सम्पूर्ण कुराहरूको वास्तविक स्वभावलाई जस्ताको तस्तै चिन्न नसक्नु नै अविद्या हो। अर्को शब्दमा भन्ने हो भने अनित्य, दुःख, अनात्मा, र शून्य स्वभाव भएका कुराहरू या वस्तुहरूमा नित्य,

सुख, आत्मा, र अशून्य (वा स्वतन्त्र ठोस अस्तित्व भएको) देख्नु, अनुभवगर्नु र विश्वास हुनुनै अविद्या हो । यसले ज्ञानलाई ढाकेको हुन्छ र यही मूल क्लेश हो । यही अविद्याले म साँच्चिकै छु भन्ने भ्रान्ति गराउँछ, यही अविद्याले नै जगत् साँच्चिकै छ भन्ने भ्रान्ति गराउँछ। यही अविद्याले नै ' चार आर्यसत्य', बुद्ध, 'प्रतीत्यसमुत्पाद', आर्य अष्टाङ्गिक मार्ग' जस्ता मोक्षसँग सम्बन्ध राख्ने तथ्यहरूलाई बुझ्न वा चिन्न दिँदैन, यसले ढाकेर राख्छ। यो अविद्यामा आधारित भएर हाम्रो चित्तमा संस्कारहरू पैदाहुन्छन् । अविद्या न हुने हो भने संस्कार बन्दैनन् । त्यसैले अविद्याप्रत्ययाः संस्काराः (अविद्यालाई प्रत्यय बनाएर वा आधार बनाएर संस्कारहरू देखा परेका हुन्छन्) भनेर भगवान बुद्धले बताउनुभएको छ ।

(२) संस्कार :-

पहिले गरेका कर्महरूको चित्तमा जमेको छापलाई संस्कार भन्दछन् । संस्कारहरूको कारणले नै चित्तले पुनर्जन्म लिन्छ, संस्कारहरूको कारणले नै राम्रो, नराम्रो ठीक-बेठीक, गर्न हुने गर्न नहुने भन्ने धारणा र विश्वासहरू मनमा जम्दछन् । त्यसैले संस्कारहरू धेरै किसिमका हुन्छन् । छोटकरीमा तीन किसिमका संस्कारहरू हुन्छन्, जसभित्र सबै संस्कारहरू पर्दछन् ।

क) पुण्याभिसंस्कार :-

कुशल कर्म वा सबैलाई हित र कल्याण हुने कर्म गर्नाले जम्मा भएका संस्कारहरू पुण्याभिसंस्कार हुन् । दान, परहित, पूजापाठ,

ध्यान, साधना, प्रणिधान, प्रार्थना जस्ता कार्यहरू गरेर चित्तमा बनेका संस्कारहरू पुण्याभिसंस्कार हुन्छन् । यिनाहरूलाई कुशल संस्कार पनि भन्दछन् । मुक्त नहोउञ्जेल सम्म यस्ता संस्कारहरू हामीमा हुनु राम्रो हो र त्यसले गर्दा लोकमा घुमुञ्जेल सुख धेरै र दुःख थोरै हुन्छ ।

ख) अपुण्याभिसंस्कार :-

पाप कर्म (अकुशल कर्म) गर्नाले चित्तमा जम्मा भएका संस्कारहरूलाई अपुण्याभिसंस्कार भनिन्छ । परपीडन, चोर्ने, ढाँट्ने, मार्ने, काट्ने जस्ता पाप कर्महरू गरेर चित्तमा जम्मा हुने संस्कारहरू यस अन्तर्गत पर्दछन् । यस्ता अपुण्याभिसंस्कार धेरै भए भने अति दुःख हुन्छ, दुर्गतिमा परिन्छ, सुगतिमा केही गरी पुगिहाले पनि अति दुःखी, रोगी, ग़रीब र पीड़ित भएर जीवन बिताउनुपर्ने हुन्छ । त्यसैले अपुण्याभिसंस्कार जम्मा हुनु राम्रो होइन । अपुण्याभिसंस्कार धेरै भएका मानिसहरू दुःखी, निमुखा, मिथ्यादृष्टि भएका, रोगी, अभागी र दरिद्र हुन्छन् ।

ग) अनिञ्ज्य संस्कार :-

अतिनै बलियो गरी मनलाई झुक्याउने खालका संस्कारलाई आनिञ्ज्य संस्कार भनिन्छ । अरुप ध्यानमा लामो समयसम्म रहने बानी भयो भने मन त्यतैतिर बढी झुक्न थाल्छ । त्यसबाट चित्तमा परेको छाप आनिञ्ज्य संस्कार हो । अरुप ध्यानको समाधिमा रहनु त अकुशल होइन राम्रै हो, तर पनि बारम्बार त्यसको लगाव

बढ्दै गएपछि चित्त त्यतैतिर झुक्छ र मृत्युपछि अरुप धातुमा जन्म लिन्छ। त्यहाँबाट आयु सकिएर झरेको प्राणी यदि मनुष्य भयो भने आनिञ्ज्य संस्कार बढ़ी हुनाले गर्दा लट्ठ पर्ने, बोधो दिमाग भएको, अल्छी र त्यसै हराएझैं गर्ने स्वभावको हुन्छ। इण्द्रियहरू सशक्त हुँदैनन्। त्यसैले आनिञ्ज्य संस्कार त्यति वाञ्छनीय हुँदैन।

यस्ता खालका विभिन्नथरिका संस्कारहरूको कारणले पुनर्जन्मको लागि चित्त तयार हुन्छ र नयाँ जुनिमा फ्याकिन्छ। त्यस्तो चित्तलाई यहाँ 'विज्ञान' भन्दछन्। त्यसैले सूत्रहरूमा "संस्कारप्रत्ययं विज्ञानम् "भनिएको छ।

(३) विज्ञान :-

'विज्ञान' भनेको विषयको ज्ञान हो र त्यो ज्ञान चित्तले गर्ने भएकोले चित्तलाई नै विज्ञान भनिन्छ। दूादश निदानभित्र 'प्रतिसन्धि चित्त'लाई 'विज्ञान' भनिन्छ। 'प्रतिसन्धि' भनेको नयाँ गर्भमा जोडिनु हो। त्यसैले 'प्रतिसन्धि चित्त' भनेको नयाँ जन्ममा गर्भसँग जोडिन पुग्ने चित्त हो र यो नै पुनर्जन्म ग्रहण गर्ने पहिलो क्षणको चित्त हो। पहिलेका संस्कारहरूको बलले यो चित्त पैदा गराउँछ र त्यस्ता संस्कारहरू पूर्णरुपमा नष्ट भएका छन् भने यो प्रतिसन्धिचित्त बन्दैन। त्यसैले संस्कारहरूको आधार लिएर पुनर्जन्मको चित्त (विज्ञन) पैदा हुन्छ। त्यसपछि नयाँ शरीरसँग जोडिएर चित्तका इन्द्रियहरू विकसित हुन थाल्छन् र शरीर एवं मनको विकास हुँदै जान्छ।

(४) नामरुप :-

नाम भनेको चित्त नै हो रुप भनेको शरीर हो । नाम भित्र वेदना, संज्ञा, संस्कार र विज्ञान गरी चार स्कन्धहरू पर्दछन् जसलाई नामस्कन्ध पनि भनिन्छ। यिनीहरू मन (अर्थात् चित्त)का भागहरू हुन् र यिनीहरूको रुप, रंग, आकार केही पनि नहुने भएकोले यिनीहरूलाई अरुपी स्कन्ध पनि भनिन्छ भने शरीरको रुप, रंग, र आकार पनि हुने भएकोले शरीरलाई रुपी स्कन्ध पनि भनिन्छ।

**पञ्च स्कन्ध** (**पाँच स्कन्धहरू**)

नाम भित्र पर्ने चार र रुप मिलाएर पाँच ओटा स्कन्ध अथवा 'राशि' या थुप्रोले हाम्रो व्यक्तित्व बन्दछ। त्यसको अलावा व्यक्ति वा जीवमा अरु केही हुँदैन । ती पाँच ओटा स्कन्धहरूलाई पञ्च स्कन्ध भनिन्छ। ती हुन् :–

(क) रुप स्कन्ध

(ख) वेदना स्कन्ध

(ग) संज्ञा स्कन्ध

(घ) संस्कार स्कन्ध

(ङ) विज्ञान स्कन्ध।

(क) रुप स्कन्ध :-

रुप, रंग र आकार भएको हाम्रो व्यक्तित्वको हिस्सा रुप स्कन्ध हो । त्यसैले हाड, छालें, मासु, नसा आदिले बनेको यो शरीर नै रुप स्कन्ध हो। यो छिन छिनमै परिवर्तन भइराखेको हुन्छ। त्यसैले यो अनित्य हुन्छ।

(ख) वेदना स्कन्ध :-

हाम्रो मनले जतिखेर पनि सुख, दुःख या उपेक्षाको रुपमा कुनै न कुनै अनुभव गरिराखेको हुन्छ। त्यस्तो अनुभव भइराख्ने मानसिक हिस्सालाई वेदना स्कन्ध भन्दछन्। यो पनि छिन छिनमै तीब्र गतिमा परिवर्तन भइरहन्छ र मनको भाग हो।

(ग) संज्ञा स्कन्ध :-

हामीले कुनै पनि कुरा अनुभव गर्दा या थाहा पाउँदा त्यसको विशेष लक्षण या विशेषता पनि चिन्ने गर्छौं। त्यसैले उक्त वस्तु या विषयलाई अरुभन्दा फरक भनेर छुट्याउन सकेका हुन्छौं। भाषा, शब्द, नाम इत्यादि मार्फ़त त्यसरी विशेषता थाहा पाउने काम हुन्छ। त्यसरी विशेष लक्षण या निमित्तलाई थाहा पाउने मनको हिस्सालाई 'संज्ञा स्कन्ध' भनिन्छ। यो पनि छिनछिनमै परिवर्तन भइरहेको हुन्छ र अनित्य हुन्छ।

(घ) विज्ञान स्कन्ध :-

हाम्रो मनको होश या थाहा पाउने पक्षलाई विज्ञान स्कन्ध भनिन्छ। विज्ञान स्कन्धले विषय याने आलम्बनलाई जान्दछ। विज्ञान नहुने हो भने कुनै पनि विषय या आलम्बन र त्यसका विशेषताहरू र अन्य कुनै कुरा पनि महसुस् हुँदैनन् र हामी जड या निर्जीव ढुङ्गा जस्ता हुन्छौं। त्यसैले विज्ञान भनेको होश, चित्त या चेतन नै हो। तर यसले संज्ञाले जस्तो विशेषतालाई थाहा पाउने काम गर्दैन। यो पनि छिन छिनमा आलम्बनसँगै परिवर्तन भइरहन्छ र अनित्य हुन्छ।

यति पाँच स्कन्धहरू नै एक व्यक्तिका सम्पूर्ण पक्षहरू हुन् । प्रतिसन्धि याने गर्भसँग जोडिने काम भैसकेपछि यी पाँचै स्कन्धहरूको विकास हुन थाल्छ, अर्को भाषामा भन्दाखेरि नाम र रुपको विकास हुन थाल्छ।

त्यसकारण यहाँ नामरुप भनेको गर्भमा चित्त पसेपछिको भ्रुणको अवस्था हो। विज्ञान (प्रतिसन्धि चित्त) भएपछि त्यसको कारणले यो नामरुपको अवस्था आउँछ। त्यसैले "विज्ञानप्रत्ययं नामरुपम्" भनेर सूत्रहरूमा भगवानले बताउनुभएकोछ।

(५) षडायतन :-

'षड्' भनेको ६ र आयतन भनेको ढोका हो। त्यसैले षडायतन भनेको विज्ञानले (चित्तले) थाहा पाउने अथवा विषयहरूमा प्रवेश गर्ने ६ ओटा ढोकाको समूह हो। सामान्य अवस्थामा, मानवका ६ ओटा इन्द्रियहरू विकसित हुन्छन् र भ्रुण एक विकसित बच्चाको रुपमा आइपुग्छ। यी ६ ओटा इन्द्रियहरू नै उक्त छ ओटा द्वार या ढोका हुन् जस मार्फ़त मनको सम्बन्धित विषयहरूसँग सम्पर्क हुन्छ।

ती हुन् :-

१. काय (शरीर)
२. श्रोत्र (कान)
३. जिह्वा (जिब्रो)
४. घ्राण (नाक)
५. चक्षु (आँखा)
६. मन।

अघि बताइएको नामरुप (चित्त र शरीर मिलेको भ्रुण)को कारणले ६ ओटा आयतनहरू बन्दछन् । त्यसैले “नामरुपप्रत्ययं षडायतनम्” भनिन्छ ।

(६) स्पर्श :-

स्पर्श भनेको सम्पर्क या छोइनु हो, या आपसमा सम्बन्ध हुनु हो। ६ ओटा आयतनसित तिनीहरूका आ-आफ्ना आलम्बनहरूको सम्पर्क हुनु ‘स्पर्श’ हो । माथिका ६ आयतनहरूलाई ‘अध्यात्म आयतन’ (भित्री आयतन) भन्दछन् । यिनीहरूसँग सम्पर्कमा आउने वस्तु विषयलाई बाह्य आयतन (बाहिरी आयतन) भन्दछन् । तिनीहरू हुन् :–

१. स्प्रष्टव्य (छोएर थाहापाइने खस्त्रो-मसिनो वस्तु)
२. शब्द (आवाज़)
३. रस (स्वाद)
४. गन्ध
५. रुप
६. धर्महरू (मनले थाहा पाइने सम्पूर्ण मानसिक कुराहरू)

यसरी जम्मा १२ आयतन हुन्छन् । यिनीहरूको आपसमा सम्बन्ध हुनु नै ‘स्पर्श’ हो र यो नै विभिन्न विषयहरूसँग भएको षडायतन विकसित भैसकेपछि जन्म हुन्छ र स्पर्श पूर्णरुपमा चल्न थाल्छ । पेटभित्र रहँदा सबै आयतनहरूसँग पूर्णरुपले

स्पर्श हुन पाएको हुन्न । जन्मिएपछि त्यो शुरु हुन्छ । त्यसैले सामान्यतया जन्मेपछिको अवस्थालाई स्पर्श भनिन्छ । सूत्रहरूमा "षडायतनप्रत्ययः स्पर्श" भनेको त्यही हो ।

यसरी ६-६ आयतनहरूको सम्पर्कबाट आएको स्पर्श सहितको चित्त (विज्ञान) ६ किसिमको हुन्छ । तिनीहरू हुन्:-

१. काय विज्ञान
२. श्रोत विज्ञान
३. जिह्वा विज्ञान
४. घ्राण विज्ञान
५. चक्षुर्विज्ञान
६. मनोविज्ञान

यिनीहरूलाई 'षड्' विज्ञान भन्दछन् ।

यसरी जम्माजम्मी १८ ओटा कुराहरू हामीसँग हुन पुग्छन् । ६ अध्यात्म आयतन, ६ बाह्य आयतन र ६ विज्ञान । यिनीहरूलाई १८ धातु भनिन्छ । हामीले अनुभव गर्ने सम्पूर्ण कुराहरू यिनै १८ धातुभित्र पर्दछन् । यसरी स्पर्श भएपछि त्यसकै कारणले 'वेदना' पैदा हुन्छ ।

(७) वेदना :-

भनेको अनुभव हुनु हो । हामीले बोलीचालीको भाषामा वेदना भन्दाखेरि 'पीडा' भन्ने बुझ्दछौं । तर यहाँ वेदना भन्नाले जस्तो सुकै अनुभवलाई पनि बुझ्नुपर्छ । आँखा, कान इत्यादि इन्द्रिय (अध्यात्म आयतन) को आ-आफ्नो आलम्बन (थाहा पाइने वस्तु) सँग सम्पर्क (स्पर्श) हुनाको कारणले हामीलाई तीन

किसिमको अनुभवहरू हुन्छन् । तिनीहरू नै 'वेदना' हुन् । त्यसैले वेदनाहरू तीन किसिमका हुन्छन् ।

१. सुखा वेदना (सुख दिने, रमाइलो लाग्ने अनुभव)

२. दुःखा वेदना (दुःख दिने, झर्को लाग्ने अनुभव)

३. 'उपेक्षा' अथवा 'अदुःखासुखा' वेदना (न दुःख न सुखको तटस्थ खालको अनुभव)

यीमध्ये कुनै न कुनै वेदनाहरू हामीलाई भइरहेकै हुन्छन् । स्पर्शको कारणले यी वेदनाहरू भइरहन्छन् । त्यसकारण 'स्पर्शप्रत्यया वेदना भनिन्छ ।

(८) तृष्णा :-

वेदनाको कारणले 'तृष्णा' आउँछ । सुखा वेदना रहेछ भने राग आइहाल्छ, दुःखा वेदना रहेछ भने द्वेष आइहाल्छ, उपेक्षा (या अदुःखासुखा) वेदना रहेछ भने 'मोह' आइहाल्छ । यिनै रग, द्वेष, र मोह भनेकै तृष्णा हुन् जुन कुरा हामीले पहिले नै बताइसक्यौ । त्यसैले भगवानले 'वेदनाप्रत्यया तृष्णा' भनेर उपदेश दिनुभएको छ ।

उदाहरणको लागि, एउटा केटाले राम्री युवतीलाई झलक्क देख्यो । उसले देख्नु चक्षु (अककाखा)द्वारा रुपको 'स्पर्श' हो । त्यो स्पर्श भएको कारणले उसमा 'सुखा वेदना' पैदा हुन्छ अर्थात् उसलाई राम्रो या आनन्द लाग्छ । त्यही सुखा वेदना अनुभव भएको

कारणले नै उसमा फेरि फेरि त्यही युवतीलाई हेरिराखुँ भन्ने चाहना पैदा हुन्छ। यो नै राग नाम गरेको तृष्णा हो। त्यो तृष्णा बारंबार पैदा भइराख्यो भने उसलाई फेरि हेर्न प्रयत्न गर्नुपर्ने या खोज्दै उसको पछि लाग्नुपर्ने अवस्था आउँछ। त्यो स्थितिलाई 'उपादान' भनिन्छ। अर्थात् 'तृष्णाप्रत्ययमुपादानम्'।

(९) उपादान :-

उपादान भनेको मनले बढी पकड गर्नु हो। 'उप' भनेको नजीक र आदान भनेको ल्याउनु हो। कुनै पनि अनुभव भएको आलम्बनलाई मनले पकडेर नजीक ल्याइराख्न थाल्यो भने उपादान भनिन्छ। त्यो 'ग्राह' या पकड भएको अवस्था हो। तृष्णाको अवस्थामा मनमा लगाव कमजोर हुन्छ तर 'उपादान' को अवस्थामा लगाव बलियो हुन्छ र व्यक्तिले 'कर्म' गर्नैपर्ने हुन जान्छ। यस्तो उपादान आलम्बनहरूप्रति पनि हुन सक्छ, विचार-धारणाहरू- प्रति पनि हुन सक्छ या कुनै पनि प्रकारका मानसिक अनुभूतिहरूप्रति पनि हुन सक्छ। त्यसैले उपादान चार किसिमका हुन्छन् :-

१. कामोपादान
२. शीलव्रतोपादान
३. दृष्ट्युपादान
४. आत्मवादोपादान

छोटकरीमा भन्दाखेरि बलियो भएर जागेको तृष्णा नै उपादान हो। उपादानको कारणले नै वर्तमानमा राम्रा नराम्रा कर्महरू गरिन्छन् र भवचक्र चलिरहन्छ। त्यसैले उपादानको कारणले 'भव' हुन्छ भनिएको हो। अर्थात् "उपादानप्रत्ययो भवः"।

(१०) भव :-

'भव' भनेको वर्तमान जगत नै हो, तर पनि यहाँ भव भनेको उपादानको कारणले गरिने कर्म हो । यो दुई किसिमको हुन्छ - (क) कर्मभव (ख) उपपत्तिभव। त्यसमध्ये यो जन्मको र पहिलेको जन्मका कर्महरूको संग्रहलाई कर्मभव भन्दछन् भने ती कर्महरूको कारणले जन्म हुने सम्भावना भएका विभिन्न लोकहरूलाई उपपत्तिभव भन्दछन् । उपपत्तिभव अर्थात् हामी ले जन्म लिनसक्ने संसारलाई 'त्रिधातु' या 'षड्गति' को रुपमा बताइएको हुन्छ। त्रिधातु भनेको - कामधातु, रुपधातु र अरुपधातु हुन् ।

**कामधातु:-** कामधातु भनेको काम (इच्छा, चाहना, र वासना)हरूले प्रभावित भएको ठाउँ हो। यहाँ कामतृष्णाहरू बलिया र प्रभावशाली हुन्छन् । यसभित्र तीन दुर्गति (नरक लोक, प्रेत लोक र पशु लोक)हरू, मनुष्य लोकहरू र कामधातु देवलोक (यस्ता ६ किसिमका देवलोक या स्वर्गहरू हुन्छन् जसभित्र हामीले सुन्ने गरेको अधिकांश देवीदेवताहरू पर्दछन्) रहेका हुन्छन् । यी मध्ये मनुष्यलोक, कामधातुका देवलोक र कामधातुका असुरलोकहरूलाई कामसुगति पनि भनिन्छ र त्यहाँका सत्वहरूको चित्तलाई 'काम गोत्र' को चित्त भनिन्छ। पुण्याभिसंस्कार सञ्चय गराउने कर्महरूले तीन दुर्गतिमा जन्म गराउँछन् भने पुण्याभिसंस्कार सञ्चय गराउने कर्महरूले कामसुगतिमा जन्म गराउँछन् ।

**रुपधातुः-** चित्तको एकाग्रता (समाधि) प्राप्त गरेका व्यक्तिहरूको ध्यानको कुशल संस्कारले गर्दा व्यक्ति मरेपछि जन्म हुने विशिष्ट लोकहरू हुन्छन् दतिनीहरूलाई 'रुपधातु' देवलोक या ब्रह्मलोक भनिन्छ। रुपसमाधि प्राप्त गरेको चित्तलाई 'महद्गत चित्त' भन्दछन् र महद्गत चित्त जन्मिने लोक ब्रह्मलोकहरू हुन्, र यी १८ ओटा हुन्छन्। यस्ता ब्रह्मलोकहरू सबै सुगति नै हुन्, तर त्यहाँको आयु लामो हुन्छ।

**अरुपधातुः-** रुप-रङ्ग-आकार नभएको कुरामा (निराकार-निरञ्जन खालको अनुभूतिमा) समाधिष्ठ हुने व्यक्ति जन्मिने ठाउँलाई। 'अरुपधातु' भनिन्छ र यी चार प्रकारका हुन्छन्। यिनीहरूको आयु अझै लामो (८० हजार कल्प सम्म पनि) हुनसक्छ। आनिञ्ज्य संस्कारले जन्माउने क्षेत्रहरू यिनै हुन।

यसरी त्रिधातु (अथवा षड्गतिः- नरक, प्रेत, पशु, मनुष्य, असुर, देव) जति सबैलाई उपपत्तिभव भनिन्छ। अथवा 'त्रिधातु' या 'षड्गति' भनेर बताइने संसार नै उपपत्ति भव हो। त्यस बाहेक अन्तराभव (दुई जन्महरूको बीचको संसार) पनि हुन्छ। यस्ता किसिमका यी लोकहरूको बारेमा सही किसिमले बुझिएन भने मुक्तिको मार्ग पनि स्पष्ट हुँदैन।

(११) जाति :-

जातिको अर्थ जन्मिनु हो। कर्मभवको कारणले नै फेरि जन्म हुन्छ। त्यही जन्म भनेको नै जाति हो। जन्मेपछि माथि बताइएझैं स्पर्श, वेदना, तृष्णा, उपादान हुँदै गर्छन् र त्यो जन्मको 'भव' पनि बन्दै गर्छ। व्यक्ति बूढो हुँदै जान्छ र अन्तमा मर्छ। अर्थात् "जातिप्रत्ययं जरामरणम्" याने जातिलाई आश्रय बनाएर बुढ्याई र मृत्यु आउँछ।

(१२) जरामरण :-

जरा भनेको बुढ्याई हो र मरण भनेको 'मृत्यु' नै हो। जन्मेपछिआफ्नो कर्मले दिएको हदसम्म बुढो हुने र अन्तमा मर्ने हुन्छ। त्यसैलाई छोटकरीमा 'जरामरण' भनिन्छ। यसभित्रै शोक, विलौना, दुःख, खिन्नता, पछुतो इत्यादि भइरहन्छ। यसरी ठूलो दुःखराशीको उदय भइरहेकोछ। यस प्रकार फेरि फेरि अर्को लोकमा जन्म भइराखेको हुन्छ र अनादिकालदेखि नै यस्तै दुःख भइरहेको हुन्छ। "परलोकं पुर्नर्यातीत्यनादि भवचक्रम्" (अभिधर्मकोष)।

हाम्रो जन्म-मरणको श्रृङ्खला यही हो। यो प्रतीत्यसमुत्पादमा पहिला दुई ओटा (अविद्या र संस्कार)ले पहिला जन्मको कुरा औंल्याएका छन् भने बाँकी आठ ओटा (विज्ञान, नामरुप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान र भव)ले वर्तमान जन्मलाई औंल्याएका छन्। त्यस्तै अन्तिम दुई ओटा (जाति र जरामरण)ले भावी जन्मलाई औंल्याउँछन्। यसरी तीन जन्मलाई सम्बन्धित गरेर

यो उपदेश बताइएको हो र तीन काण्ड भएको प्रतीत्य समुत्पाद भन्नुको तात्पर्य यही हो र यो निरन्तर चलिरहेको छ र हामी त्यसमै बाँधिएका छौं ।

अर्थात् अविद्याको कारणले संस्कार पैदा गर्छ, संस्कारको कारणले विज्ञानको जन्म हुन्छ, विज्ञानको कारणले नामरुप, नामरुपको कारणले षडायतन, षडायतनको कारणले स्पर्श, स्पर्शको कारणले वेदना, वेदनाको कारणले तृष्णा, तृष्णाको कारणले उपादान, उपादानको कारणले भव, भवको कारणले जाती (जन्म), जन्मको कारणले जरामरण (मृत्यु) ।

यसरी नै भवसागरको चक्र घुमिनै रहन्छ भन्ने बुझाएको हो । बाहिर पट्टीको तीनवटा आँखा भएको, मुखले समातेको र यसको पेटभित्रको यो सम्पुर्ण वर्णन गरेको कारण सबै अनित्य हो भनी बुझाएको हो । सबै एकदिन मर्नुपर्दछ भनी बताएको हो । माथिल्लोपट्टि भगवान बुद्धले परलोकमा देखाई संकेत गरेको मुक्तिको मार्गदर्शन देखाउनुभएको हो । जुन मार्गले निर्वाण प्राप्त गर्दछ । (सिपाखोर्लो) अर्थात् भवचक्रको चित्रमा यी विशेषताहरूलाई उल्लेख गरिएको छ ।

॥ ओं मणि पद्मे हूँ ॥

## ६८. पञ्च तत्व

(क) सा = भूमि
(ख) छ्यु = जल
(ग) मे = अग्नी
(घ) लुङ् = वायु
(ङ) नम्खा = गगन

बुद्ध धर्मले मानव शरीर यी पञ्च तत्वद्वारा बनिएको हो। कुनै अदृश्य चिरअस्तित्वान परमशक्तिको सृष्टी होइन भन्ने कुरामा आस्था राख्दछ। त्यसैले मानव जाति जहिले पनि यी पञ्च तत्व प्रति आकर्षित हुन्छन। हरेक भौतिक बस्तु यी पाच महाभूतको संयोजनद्वारा बनिएको हुन्छ। बौद्ध धर्मावलम्बीहरू इश्वरमाथि आस्ता र विश्वास् राख्दैनन्। बुद्धलाई इश्वर मान्नु बौद्ध मार्गीहरूको घोर अज्ञानता हो, बुद्ध धर्म माथि ठूलो कुठाराघत हो।

जे गर्छ बुद्ध भगवानले गर्छ, मानव जीवन बुद्धको ईच्छाले चल्छ भन्ने गलत अवधारणालाई हामीले पन्साउनु पर्छ। हाम्रो जीवन हाम्रै ईच्छाले चल्छ। यसमा परशक्तिको कुनै हात छैन। जीवनमा दुःख सुख जे प्राप्त हुन्छ त्यो आफ्नै कर्मको फलले हुन्छ। दुःख र सुख प्राप्त हुनुमा न पूर्वजन्मको कमाई चाहिन्छ, न आशिर्वाद र श्रापको प्रतिफल हो, न भाग्य कै खेल हो। बुद्ध धर्ममा यस्ता कुराहरू हास्यस्पद ठहर्दछ।

## ६९. पञ्च इन्द्रीय

१) स्हुग = रुप = चक्षु विज्ञान

२) डा = शब्द = श्रुत विज्ञान

३) डि = गन्ध = घाण विज्ञान

४) रो = रस = जिव्हा विज्ञान

५) रिग्ज्या = स्पर्स = काया विज्ञान

१) रुप (चक्षु विज्ञान) :-

भौतिक बस्तुसँग जब आँखाको सम्पर्क हुन्छ, तब चित्तमा वेदना उत्पन्न हुन्छ, त्यो वेदना सुख होस वा दुःख यसले संस्कार पैदा गर्दछ। सम्यक दृष्टि भएको व्यक्तिले सम्यक संस्कार उपयोग गर्दछ, भने मिथ्या दृष्टि भएका व्यक्तिले मिथ्या संस्कार नै उपयोग गर्दछ, जुन मिथ्या संस्कार नै दुःखका कारण हुन्। यसरी आखासँग सम्पर्क हुने बस्तुलाई "रुप " भन्दछन्।

२) शब्द (श्रुत विज्ञान) :-

यसैगरी कानसँग जब कुनै आवाजको सम्पर्क हुन्छ, त्यसरी नै चित्तमा वेदना पैदा गर्दछ, वेदनाद्वारा संस्कार, संस्कारद्वारा तृष्णा उत्पन्न हुन्छ।

३) गन्ध (घाण विज्ञान) :-

नाकसँग गन्ध, यसको पनि सोही प्रकृया नै हो जसलाई गन्ध भनिन्छ।

४) रस (जिब्हा विज्ञान) :-

जिब्रोद्वारा स्वाद थाहा पाउने हुनाले जिब्रोमा परेको स्वादहरूले पनि सोही संस्कार पैदा गर्दछ जसलाई "रस" भन्दछन्।

५) स्पर्श (काया विज्ञान) :-

शरीरमा स्पर्श हुँदा उत्पन्न हुने अनुभूतिलाई काया विज्ञान भन्दछन्। यसको पनि सोही अनुरुपद्वारा संस्कार उत्पन्न हुन्छ।

यी पञ्च स्कन्धद्वारा नै हाम्रा शरीरका पञ्च इन्द्रीय सञ्चालित हुन्छ औ यी पञ्च इन्द्रीयले जुन विज्ञान उत्पन्न गर्दछ, त्यसैको निर्देशनमा हामी कर्म गर्दछौं। सम्यक कर्म उत्पन्न गर्नका लागि सम्यक दृष्टी चाहिन्छ, सम्यक दृष्टी उत्पन्न गर्न सम्यक व्यायाम चाहिन्छ, सम्यक व्यायामको लागि सम्यक समाधि चाहिन्छ, सम्यक समाधिका लागि त्रिशरण गमन् र त्रिरत्न प्रति समर्पण तथा श्रद्धा चाहिन्छ। यी त्रिरत्न शरण गमन पछि मात्र शील, समाधि र प्रज्ञाको अध्याय शुरु हुन्छ।

# ७०. अष्टमंगल (टाशी टाग्ये)

| | |
|---|---|
| (१) छाता = दुग | (५) शंख = दुङ |
| (२) सुवर्ण मत्स्य = सेरङ्या | (६) श्रीवत्स = पालविउ |
| (३) कलश = वुम्बा | (७) ध्वजा = ग्याल्छेन |
| (४) पद्म = पेमा | (८) चक्र = खोर्लो |

(१) छाता :- (གདུགས)

छाताको छाँयाले जुन शीतलता प्रदान गर्छ, त्यो दुःखबाट पिडीत भएकाहरूलाई शान्ति प्रदान गरिएको प्रतिक मानिन्छ। ईच्छा, बिघ्न बाधाहरू र हानीकारक तत्वहरूलाई नाश गरी सुरक्षा प्राप्त गर्न प्रयोग गरिन्छ। बज्रयानमा ठूलो छातालाई देवकरण गरी हजार पाखुरा, टाउको र खुट्टा भएको देवीको रुपमा प्रस्तुत गरिएको हुन्छ।

(२) सुवर्ण मत्स्य :- (གསེར་ཉ་གཡུཉ)

यस सुवर्ण मत्स्यले दुई पवित्र नदी गंगा र यमुनाको संकेत गर्दछ। प्रतिकात्मक रुपमा यी दुई नदीहरू सुर्य र चन्द्रको नहर हरूको रुपमा चिनिन्छ। तर बुद्ध धर्ममा यी दुई मत्स्यहरूले पूर्ण खुशीयालीको संकेत दिन्छन् किनकी माछाहरू पानीमा स्वतन्त्र हुन्छन्। यी माछाहरूलाई उर्वरता र प्रशास्तका लक्षण पनि मानिन्छ। किनकी यिनीहरू पानीमा अति छिटो आफ्नो संख्या बढाउन सक्छन्। पानीमा माछाहरू प्रायः जसो जोडी नै

पोडीरहने हुनाले चीन देशमा माछाई प्रेमी प्रेमिकाका एकत्वको रुपमा मान्दछन् । बौद्धहरू शुभ लक्षणको रुपमा मान्दछन् । बौद्ध चित्रकलामा दुई सुवर्ण मत्स्यको नाक जोड़िएको देखाईन्छ ।

(३) कलश :- (བུམཔ)

कलशलाई बौद्धहरू सम्पत्ति, मणिरत्नका भण्डारको रुपमा पुज्दछन् । शुभ साइतका लागि पनि कलश उत्तिकै महत्त्वपूर्ण मानिन्छ। बौद्धहरू यस्तो कलशभित्र धेरै प्रकारका बहुमूल्य बस्तु, रत्न र सुन चाँदी आदि राखेर पूजा स्थानमा राख्ने गर्दछन् ।

(४) पद्म :- (པདྨ)

कमलको फूललाई पूर्ण स्वच्छ र शुद्ध बस्तुको रुपमा मानिन्छ। देवताको पाउ राख्ने अर्थात् आसित हुने हुनाले कमलको फूलको महत्त्व अत्याधिक छ। पानीमा फूल्ने साथै प्रदुषित माटोबाट अलग्ग रहने हुनाले यस फूललाई एक शुद्ध बस्तुको रुपमा मान्ने चलन छ। कमलको प्रतीक शुद्धता, पूर्णता, वैराग्यता र करुणामयी हुन् । त्यसैले महाकरुणाकारीको आसन कमल मात्र हुन्छन् अनि आदि बुद्ध अमिताभको आसन पनि रातो कमल हुन्छन् ।

(५) शंख :- (དུང)

शंखको प्रयोग हिन्दु बौद्ध दुबै धर्ममा बराबर गरिन्छ। भनिन्छ शंखको आवाजले दुष्टात्मा तथा विशालु प्राणी तथा किटपतङ्गहरू

त्रसित भई भाग्दछन् । शंखघोष शुभ समयको आह्वान पनि हो भने कुनै काम गर्ने संकेत पनि हो । आधुनिक बुद्धवादमा शंखलाई धार्मिक सार्वभौमिक बस्तु (Religious Sovereignnty) को रुपमा चिनिन्छ । शंखको आवाजलाई सत्यको पुकार पनि ठानिन्छ ।

(६) श्रीवत्स :- (དཔལ་བེའུ)

“श्रीवत्सको अर्थ श्रीदेवीको अति प्यारो “यहाँ श्री भन्नाले ((डोल्मा) देवी लक्ष्मी हुन् । बौद्ध धर्ममा यस श्रीवत्सले बुद्धका अनन्त प्रज्ञा र करुणाकर प्रतीक साथै अनन्त जीवन चक्र (Endless Cirecle) बुझाउँदछ ।

(७) ध्वजा :- (རྒྱལ་མཚན)

ध्वजाको अर्थ विजय, अर्थात् धर्मको विजय । बुद्ध धर्ममा ध्वजा - भगवान् बुद्धले मारलाई विजय गरी बुद्धत्व प्राप्त गरेको अर्थमा यस विजय पताका प्रयोगमा ल्याएको बुझिन्छ । महायानी बज्रयान परम्परामा यस विजय पताकाले एघारवटा अर्थ वा उपाय जनाउँदछ । दुषण माथिको विजय, ज्ञानको विकास प्रज्ञा, करुणा, ध्यान तथा आचरणीय समर्पण, बुद्धप्रति शरण गमन, झूठा विचारको परित्याग, अध्यात्मिक आकांक्षाको अविर्भाव, निस्वार्थता तथा प्रज्ञापूर्ण उपाय, अनि तीन समाधिको शुन्यरुपी एकता, शुन्यता र तृष्णारहित अवस्था अनि दुष्टहरू माथिको विजय ।

(८) चक्र :- (འཁོར་ལོ)

धर्मचक्र बुद्ध धर्ममा तथागत बुद्धको शिक्षालाई नै बुझ्नुपर्छ । यस चक्रको घुमाईले तुरुन्त अध्यात्मिक परिवर्तन, दुःख निवारण, चार आर्य सत्य र आष्टाङ्गिक मार्गको अवबोध जनाउँछ । भगवान् बुद्धलाई यस “धर्मचक्र” बुद्धत्व प्राप्त गरेको समयमा ब्रम्हले दिएका हो भन्ने भनाई छ । यस चक्रका केन्द्रीय भागले नैतिक आचरण, आठवटा हाँगाले आन्तरिक विश्लेषण र बाहिर बृत्तले समाधिमा एकाग्रताको प्रतीक जनाउँदछ ।

# ७१. लुङ्दर र धारच्च्योको महत्त्व (पञ्चरंगी मन्त्रमुक्त झण्डा)

बौद्ध धर्मावलम्बीहरूले भगवान् बुद्धको जन्म देखी परिनिर्वाण सम्म विभिन्न पुण्ये तिथिहरूमा साथै विभिन्न पूजा पाठ र कर्मकाण्डहरूमा विभिन्न रङ्गका लुङ्दर र धरच्च्योहरू सजाउने गर्दछन् । सिधा खडा गरेर लगाउने पाँच रङ्गको झण्डालाई हिमाली भाषामा धारच्च्यो भनिन्छ भने तेरछो लामो पारेर सजाउनेलाई लुङ्दर भनिन्छ ।

लुङ्दर र धारच्च्योले एउटै शब्दको बोध गराउँछ । यसलाई मन्त्रमुक्त लुगाको हावा भनिन्छ । यो मन्त्रमुक्त झण्डाको हावाले जहाँ जहाँ सम्म भेट्छ अथवा प्राणीहरूको शरीरमा स्पर्श गर्छ ती प्राणीहरूको ग्रह, दशा हटेर जान्छ । मनको अशान्तिमा शान्तिको बास गराउँछ । धर्मको चेतना खोलाउँछ । अशान्ति र धर्म नभएको ठाउँमा शान्ति र धर्मको बोध गराउँछ । लुङ्दर र धारच्च्यो धेरै प्रकारका हुन्छन् । जसलाई जुन प्रकारको आवश्यकता पर्छ त्यसै प्रकारको झण्डा प्रयोग गरिन्छ । लुङ्दर र धारच्च्योमा प्रयोग भएको रङ्गहरू यसप्रकार छ, नीलो, सेतो, रातो, हरियो, पहेंलो रङ्ग प्रयोग गरिएको हुन्छ ।

रङ्गको अर्थ :-

**नीलो** – नीलो रङ्गको प्रतिक हो आकाश । आकाशबाट आउने रोग, कष्ट हरण होस् अनि राम्रा राम्रा चीजहरू ग्रहण गरोस भनी यो नीलो रङ्ग कपडा राखिएको हो ।

**सेतो** – सेतो रङ्गले हावा र बादललाई बुझाउँछ । हावा र बादलले पनि कति राम्रा न राम्रा कुराहरू बहाएर ल्याउँछ । तसर्थ संसारका प्राणीहरूमा नराम्रा कुराहरू नपरोस् अनि राम्रा कुराहरू ग्रहण होस् भनी यो सेतो रङ्गको कपडा प्रयोग गरेको हो । अर्को सेतोको अर्थ हुन्छ शान्ति ।

**रातो** – यसको सांकेतिक अर्थ हुन्छ अग्नि वा सूर्य (घाम) को ज्योती । यस घामको ज्योती वा अग्निको तापमा पनि विभिन्न प्रकारको कीटाणु, नराम्रा तत्वहरू आई प्राणी जगतमा न राम्रो पन वा विमारहरू फैलाउँछन् । यस्तालाई नाश गरी राम्रा तत्वहरूको मात्र प्राणी जगतमा प्रवेश होस् भनी रातो रङ्गको कपडा प्रयोग गरिन्छ ।

**हरियो** – यसको प्रतिक पानी मानिन्छ । प्राणी जगतमा पानीको अत्यन्तै आवश्यक पर्दछ । यो पानी प्राणीहरूले ग्रहण गर्दा यसमा भएका कीटाणुहरूले प्राणी जगतमा विमार फैलाई दुःख, कष्ट पीरमर्का पारी नाश तर्फ लैजान्छ । यसरी प्राणीहरूको कल्याणार्थ साथै कीटाणुहरू नाश होस् अनि सबै दुःख, कष्ट पीरमर्का आदि हरण भनी यो हरियो रङ्गको कपडा प्रयोग गरिन्छ ।

**पहेंलो** – यस रङ्गको सांकेतिक अर्थ हुन्छ माटो । माटोबाट पनि विभिन्न प्रकारका नाशक तत्वहरू आउने गर्छन् । किन भने प्राणी जगतमा यै माटोबाट उत्पन्न भएका वस्तुहरू प्रयोग गरिन्छ । यस्ता प्रायोगिक तत्वहरूबाट विभिन्न प्रकारका नाशक तत्वहरू ग्रहण नहोस् अनि राम्रा राम्रा स्वच्छ तत्वहरूको मात्र प्रयोग होस् । भनी पहेंलो रङ्गको कपडा राखिएको हो ।

## ७२. पाँच ध्यानी बुद्धका प्रतिक र चरित्रहरू

बौद्ध जगतमा बुद्ध एक शास्ता हुन् । शास्ता भन्ने अर्थ हो मार्ग दर्शक । गैर बौद्ध समाजबाट आउनेहरू प्रयाशःले बुद्ध भनेको लुम्बिनी बनमा इ.पू. ५६३ मा माया देवीको कोखबाट जन्मिएका सिद्धार्थ गौतम बुद्धलाई बुझ्ने गर्छन्, जुन कुरा ग़लत हो । वास्तवमा विविध नाम र पहिचान रहेको अनेकौं बुद्ध मध्य एक गौतम बुद्ध हुन् । हीनयान बौद्ध धर्म अनुसार दिपंकर बुद्ध भन्दा अघिका तीन जना बुद्ध मेघंकर तण्हंकर र शरणंकरलाई पनि गणना गर्ने हो भने ज्ञात भएका मध्ये गौतम बुद्धको गणना अठ्ठाइसौंमा पर्दछ । महायानी बौद्ध साहित्यमा उल्लेख भएका बुद्धहरूको संख्या त्यो भन्दा बढी छ । यसरी नै बज्रयानी बौद्ध धर्मले मानुषी बुद्धहरू बाहेक ध्यानी बुद्धहरूको पनि मान्यता राख्दछ । ध्यानी बुद्धको तात्पर्य पञ्च बुद्ध हुन् ।

पञ्च बुद्ध भनेको - (१) वैरोचन (२) अक्षोभ्य (३) रत्नसंभव (४) अमिताभ र (५) अमोघसिद्धिलाई सामुहिक नाम दिइएको हो । यी बुद्धहरू गौतम बुद्ध तथा अन्य ज्ञात अज्ञात मानव बुद्धहरू भन्दा फरक हुन् । पञ्च बुद्ध मानवको रुपमा जन्मेका हुँदैनन् । बौद्ध सिद्धहरूले ध्यान साधनाबाट दर्शन गरेको बुद्धका विभिन्न गुण तथा धर्महरूलाई दर्शाउन पञ्च बुद्धको रुपमा प्रस्तुत गरिएका हुन् । यही भएर वहाँहरूलाई ध्यानी बुद्ध पनि भनिएको हो । यस अर्थमा मानव बुद्ध हुन् वा ध्यानी बुद्ध, सबैको एउटै गुण र स्तर रहेको भनी बुझ्नु पर्दछ ।

पञ्च बुद्ध मध्य पनि - चीन, जापान, कोरिया लगायतका केही मुलुकहरूमा अमिताभ बुद्ध लोकप्रिय छन् ।

बज्रयानी बौद्ध परम्पराको एउटा केन्द्र काठमाण्डौ उपत्यकामा साना ठूला धेरै स्तुपाहरू स्थापित छन् । ती स्तुपाहरूमा यिनै पाँच बुद्धको मुर्ति स्थापना गरिएका हुन्छन् । यसरी नै विशिष्ट कक्षमा विशिष्ट प्रयोजनका लागि पञ्च बुद्धका मूर्तिहरू राख्ने पनि गरिन्छ। बौद्ध धर्मावलम्बीहरूको घरको मुख्य प्रवेशद्वार माथी लहरै पञ्चबुद्धको चित्र अंकित गर्ने चलन छ। थाङ्का लगायतमा पनि चित्रकला बनाउने प्रचलन रहेको पाइन्छ। पञ्चबुद्धका मूर्ति तथा चित्रकलामा धेरै जसो मुद्रा आसन मुद्रामा बढी पाइन्छन् ।

(१) वैरोचना बुद्ध :-

गर्भमा राखेर स्तुपको निर्माण गर्दा वैरोचना बुद्धको मूर्ति प्रायः देखाइन्न, चार दिशामा अन्य चार बुद्धको मात्रै मूर्ति राखिन्छ । वैरोचना बुद्धको मूर्ति राख्नै पर्ने अवस्थामा अक्षोभ्य राखिने स्थान भन्दा बायाँ बेग्लै राखिन्छ। सामान्यतः चार दिशामा रहेका बुद्धहरूको बीचमा अदृश्य रुपमा वैरोचना बुद्ध रहेका हुन्छन् भन्ने मान्यता पनि पाईन्छ। धर्मचक्र पनि भनिने व्याख्या मुद्रामा यिनको चित्रकला वा मूर्तिकलाको सिर्जना गरिएको पाइन्छ। श्वेत वर्ण माकुरा वाहन भएका यिनलाई चक्र तथा आकाश तत्वको प्रतिक मानिन्छ। पत्नि श्वेत तारा र अध्यात्मिक पुत्र मञ्जुश्री हुन् ।

(२) अक्षोभ्य बुद्ध :-

लल पञ्चबुद्धयुक्त स्तूपको पूर्व दिशामा अक्षोभ्य बुद्धलाई अवस्थित गराइन्छ किन भने यी बुद्ध पूर्व दिशाका स्वामी हुन् । निलो वर्ण र भूस्पर्श मुद्रामा रहने यी बुद्धको वाहन हात्ती हो । यिनलाई बज्र चिन्ह र वायु तत्वको प्रतिक पनि मानिन्छ । पत्नि लोचना र अध्यात्मिक पुत्र बज्रपाणी हुन् ।

(३) रत्नसंभव बुद्ध :-

पञ्चबुद्धयुक्त स्तुपको दक्षिण दिशामा रहने रत्नसंभव बुद्ध हुन् । यी दक्षिण दिशाका स्वामी हुन् । पहेंलो वर्ण र वरदा मुद्रामा रहने, यिनको वाहन घोडा हो भने यिनलाई रत्न र पृथ्वी तत्वको प्रतिक मानिन्छ । ध्यानासनको अवस्थामा दायाँ हात गोडा सम्म ल्याई वरदमुद्रा र बायाँ हात उत्तानो पारी काखमा राखेको हुन्छन् । पत्नि मामाकि र अध्यात्मिक पुत्र रत्नपाणी हुन् ।

(४) अमिताभ बुद्ध :-

पञ्चबुद्धयुक्त स्तुपको पश्चिम दिशामा अमिताभ बुद्धलाई विराजमान गराईएको हुन्छ । यिनी पश्चिम दिशाका स्वामी हुन् । रातो वर्णमा प्रस्तुत गरिने यी बुद्ध ध्यान मुद्रामा हुन्छन् र यिनको वाहन मयुर हो । यिनलाई कमल र अग्नि तत्वको प्रतिक मानिन्छ । ध्यानासनमा बसाइएको अवस्थामा बायाँ हात उत्तानो पारी तल र दायाँ हात माथी उत्तानो पारी काखमा रहेको हुन्छ । पत्नि पाण्डरा र अध्यात्मिक पुत्र अवलोकितेश्वर हुन् ।

(५) अमोघसिद्धि बुद्ध ;-

पञ्चबुद्धयुक्त स्तुपको उत्तर दिशामा अमोघसिद्धि बुद्धलाई विराजमान गराइएको हुन्छ। यिनी उत्तर दिशाका स्वामी हुन् । पञ्च बुद्धमध्य यिनलाई चिन्न सजिलो आधार सातवटा नागको फणाले मूर्तिलाई संरक्षण दिइएको हुन्छ । हरियो वर्णका यी बुद्ध, वायु तत्वको प्रतिक मानिन्छ। ध्यानासनमा राखिएका अवस्थामा दायाँ हात काखमा उत्तानो पारी राखेको हुन्छ र बायाँ हात छाती सम्म पुराई अभय मुद्रामा राखिएको हुन्छ। यिनको वाहन गरुड हो। पत्नि हरित तारा र अध्यात्मिक पुत्र विश्वपाणी हुन् ।

पञ्च बुद्धको पहिचान गर्ने बेला सबै उस्तै हुने हुनाले व्यवहारिक रुपमा कठिनाई पनि हुने गर्दछ। विशेषतः सबैको अनुहारको मुद्रा एउटै हुने हुँदा कतिपय अलमलिने गर्दछन् । पहिचानको लागि वर्णको आधारमा पनि बुद्धहरूको पहिचान गर्न सकिन्छ । सुन, चाँदी लगायतका धातु वा ढुङ्गानिर्मित मूर्तिमा रङ्गको प्रयोग नगरेको अवस्थामा पनि कतिपयलाई पहिचान गर्न गाह्रो हुने गरेको पाइन्छ। अर्को विशेषता पञ्च बुद्धको पहिचान मुद्रा, वर्ण, दिशा र वाहन आदिकै आधारमा पनि बुझ्न र पहिचान गर्न सकिन्छ।

## ७३. हिदम/धर्मपालहरूको चरित्रहरू

१) आदिदेव (कोंरुंब) निराकार

मन्त्र :- ॐ कोंरुंब हुँ हुँ फट् स्वाहा।

२) सिद्धार्थ गौतम बुद्ध (साङ्गे शाक्या थुक्पा) वर्ण पहेलो

मन्त्र :- ॐ मुनेमुने महामुने शाक्य मुनय स्वाहा।

३) पद्मसम्भव (गुरु रिन्पोछे) वर्ण सेतो

मन्त्र :- ॐ आः हुँः बज्र गुरु पद्म सिद्धि हुँ।

४) अवलोकितेश्वर (चेनरेसिक) वर्ण सेतो

मन्त्र :- ॐ मणि पद्मे हुँ।

५) बज्रपाणी (छ्याग्न दोर्जे) वर्ण कालो

मन्त्र :- ॐ बज्रपाणी हुँ फट्। ॐ कुरु भना रहा स्वाहा।

६) बज्रसत्व (दोर्जे सेम्पा) वर्ण निलो

मन्त्र :- ॐ बज्र सत्व आः।

७) बज्र किलाय (रातो)

मन्त्र :- ॐ बज्र किलि किलया सर्ब विघ्नान् बम् हुँ फट्।

८) हरित तारा (डोल्मा) वर्ण हरियो

मन्त्र :- ॐ तारे तुतारे तुरे स्वाहा।

९) श्वेत तारा (डोल्मा) सेतो

१०) मन्जुश्री (ज्याम्पेयाङ्) वर्ण रातो

मन्त्र :- ॐ अ र प च न धी।

११) चारहाते महाकाल (येशे गोङ्पो छ्यागसीपा) वर्ण कालो

मन्त्र :- ॐ श्री महाकाल हुँ हुँ फट् स्वाहा।

१२) श्रीदेवी (पाल्देन ल्हमु) वर्ण सेतो

मन्त्र :- ॐ श्री रेमती पाल्देन ल्हमु हुँ फट् स्वाहा।

१३) त्होर्जे फुर्ब (रातो)

१४) यमन्तका (शिन्जेशेड) कालो

मन्त्र :- ॐ ह्रि ष्ट्रि विकृतानन हुँ फट् फट् शान्ति कुरु नाम स्वाहा।

१५) ह्याङ्गीब (तमद्रिन) रातो

मन्त्र :- ॐ पद्मान्तकृत बज्रक्रोध ह्याङ्गीब हुलु हुलु हुँ फट्।

१६) बज्रसाधु (दोर्जे लाग्पा)

१७) बज्रयक्ष (दुपैग्याल्पो)

१८) जम्भल (कुबेर) वर्ण पहेलो

मन्त्र :- ॐ जम्भल जलेन्द्राय स्वाहा।

वा ॐ आः जं धनं मे देहि हुँ।

## ७४.भगवान् बुद्धका धर्म विषय

भगवान् बुद्धले धर्मचक्र परवर्तन गरी विभिन्न चेला (शिष्य)हरूको रुचि र क्षमता अनुसार सिकाएका उपदेशहरू नै बौद्ध धर्म भनिन्छ। धेरै पक्ष समेटिएका बुद्ध वचनमा आधारित वचन उपदेशहरू तल माथी नहोस् भनी भगवान् बुद्ध परिनिर्वाणको साथै चेलाहरूले बुद्धको उपदेशहरू संकलन गरी (देनों सुम्, दुल्वी देनो, ङोन्पी देनो, दोधेही देनो) अर्थात् विनय पिटक, अभिधर्म पिटक र सूत्र पिटकहरू (कंग्युर) त्रिपिटक तीन वर्गमा छुट्टाएका थिए।

(१) बुद्धका शिक्षाहरूको लागी सूत्र पिटकमा संकलित छन्।

(२) वैज्ञानिक र दार्शनिकका लागी अभिधर्म पिटकमा छन्।

(३) भिक्षु भिक्षुणी वा गृहस्थीहरूका लागी विनय पिटकमा पूर्ण बुद्धका वचन विवरणहरू संस्कृत र पाली भाषामा भएकोले हिमाली भोट भाषामा अनुवाद गरेकालाई (क्ग्युर) भनिएको हो। 'क' भनेको बुद्धका वचन र 'ग्युर' भनेको अनुवाद हो (सवा ङाग्) महायान अन्तर्गतका बज्रयानमा बौद्ध तन्त्र, मन्त्रहरूलाई बुद्ध वचनमा प्रचलित महायान बज्रयान र श्रावकयान समेटिएका तन्त्र मन्त्र, सूत्रलाई (वुम, ग्यातोङ्पा र दोमाङ), धारणी संग्रह समेतका धेरै मन्त्र, सूत्र बुद्धधर्म ग्रन्थलाई (कंग्युर) १०८ ठेली त्रिपिटकलाई बौद्ध धर्म ग्रन्थ भनिएको हो। कंग्युरलाई अनुवाद व्साख्या गरेर लेखिएका

शास्त्रलाई (तेन्च्यो) तेनग्युर भनिन्छ । बौद्ध विधानमा हिमाली भोट भाषामा लेखेका ग्रन्थ २२५ ठेलीहरूलई (तनग्युर) भनिन्छ।

त्यसै भित्र पूर्ण बौद्ध धर्म उल्लेख गरेको पाइन्छ। यस शप्ता लोकमा पाल्नु भएको, बुद्धशासन प्रचार भएर शासनधार गुरुको शिक्षा दशौं दिशामा फैलिउन्, बुद्धशासन लामो समय रहिरहन शुभ मंगल होस् ।

सङ्गेला क्यप्सु क्षी = बुद्धम शरणं गच्छामी ।
क्षोला क्यप्सु क्षी = धर्मम् शरणं गच्छामी ।
गेदुन् ला क्यप्सु क्षी = संघम् शरणं गच्छामी ।

## ७५. चित्तोत्पाद शिक्षाको ज्ञान

चित्तोत्पाद उत्पन्न हुन वा गराउनु षष्ट पारमिता हो। नदीको एक किनार देखि अर्को किनारसम्म पुग्न जसरी एउटा दुङ्गा (नौका) को आवश्यकता पर्दछ, त्यसरी नै यो भवसागर पार गर्न षष्ट पारमिताको आवश्यकता पर्दछ। षष्ट पारमिता प्रथम दानको शिक्षा हो। चित्तोत्पाद तीन प्रकारका हुन्छन्। राजा जस्तो, माझी जस्तो, गोठाला जस्तो, ।

(१) राजा जस्तो चित्तोत्पाद :- सर्वप्रथम आफु राजा भएर, धन सम्पत्ति प्रशस्त कमाएर आफ्ना प्रजाहरूलाई जसरी सुख दिन्छ। त्यसरी नै सर्वप्रथम आफूले बुद्ध ज्ञान प्राप्त गरेर मात्र अरु प्राणीहरूको उद्धार र कल्याण गर्दछु भन्ने विचार र भावना भए त्यसलाई राजा जस्तो चित्तोत्पाद भन्दछ।

(२) माझी जस्तो चित्तोत्पाद :- माझीले एक किनारदेखि अर्को किनारमा पुऱ्याउँछ दुङ्गा (नौका)मा आफु पनि चढेर र अरु प्राणीहरूलाई पनि राखेर माझीले आफु सँगै प्राणीहरूलाई पारी तारिदिन्छ। त्यसै गरी आफु सँगै बुद्धज्ञान प्राप्त गराएर मुक्ति गराउने इच्छा र विचार भए माझी जस्तो चित्तोत्पाद भन्दछ।

(३) गोठाला जस्तो चित्तोत्पाद :- गाई, गोरु, भेडा, बाख्रा विभिन्न पाल्तु पशु प्राणीहरूको गोठालाहरूले बन पाखा चरन्मा चराउँन लैजान्छन्, जब घर फर्किने समय हुन्छ

सबै पशुहरूलाई आफ्नो अघि लगाएर, पशुहरू सबैलाई धपाउँदै एउटा पशु पनि आफु भन्दा पछि नराखी कुनै बनको जानवरले खान्छ कि ? कतै हराउँछ कि भनेर पशु माथी दया राखेर आफु सबैभन्दा पछि बस्छ। त्यसरी नै सर्व प्राणीहरूले बुद्धज्ञान पाएर जबसम्म सर्वप्राणी मुक्त हुँदैन, त्यति बेलासम्म म पनि मुक्त हुँदिन र बोधिसत्वको रुपमा बसेर लोककल्याण गर्छु भन्ने भावना गोठाला जस्तो चित्तोत्पाद हो । यस्तो प्रकारको चित्तोत्पाद सबैभन्दा श्रेष्ठ र उत्तम हो । यस प्रकारको चित्तोत्पाद मञ्जुश्रीले गर्नुभएको थियो । माझी जस्तो चित्तोत्पाद मध्यम वा ठीकैको हो । राजा जस्तो चित्तोत्पाद तल्लो दर्जाको हो ।

चित्तोत्पाद स्वभाव दुई प्रकारको छ :-

१. संवृतिसत्य

२. परमार्थ चित्तोत्पाद संवृतिसत्य पनि दुई भागमा विभाजन भएको छ।

   १) प्राणीहित चित्तोत्पाद र

   २) प्रस्थान चित्तोत्पाद

१) प्राणीहित चित्तोत्पाद :- प्रथम कही जाने इच्छा गर्ने, जस्तै म बुद्ध गया जानु पर्‍यो भनेर चिताए जस्तो म सर्व प्रथम सर्व प्राणीलाई सम्यक्सम्बुद्धको क्षेत्रमा पुर्‍याउन पर्‍यो भनी चिताएकोलाई प्राणीहित चित्तोत्पाद भन्दछन् ।

२) प्रस्थान चित्तोत्पाद :- बुद्ध गया जानुको निम्ति तयार भएर आफ्नो सामान पैसा बोकेर गाडीको टिकट काटेर गाडीमा चढेर बुद्धगया प्रस्थान गरे जस्तै सर्व प्राणीहरूलाई सम्यक्सम्बुद्धको क्षेत्रमा पुऱ्याउनको निम्ति प्रथम दान गर्ने । शील पालन गर्ने, क्षान्ति ध्यान गर्ने । वीर्य (कोशिश) गर्ने । साधना ध्यान गर्ने । र प्रज्ञा गर्नुलाई प्रस्थान चित्तोत्पाद भन्दछन् ।

यसरी षष्ट पारमिता धर्म गरेर पुण्य गरेको बाटोमा स्वयं गएको हो । यो प्राणीहित र प्रस्थान चित्तोत्पाद दुबै संवृतिसत्य चित्तोत्पाद हुन् । बोधिसत्वको मन वा चित्त हुन् । ज्ञान र शुन्यता अर्थ र स्वभाव बुझ्के त्यसलाई परमार्थ चित्तोत्पाद भन्दछन् ।

सर्वप्राणी हाम्रा माता पिता हुन् भन्ने कुरो त अघिबाट नै बताइसकेको छ । जतिपनि प्राणीहरू सबै दुःखमा परेका छन्, यस्तो महादुःखबाट पार गराउनका निम्ति प्रथम आफु बुद्धज्ञान प्राप्त गर्नका लागि पूण्य गर्नु अति आवश्यक छ । बिउ बिना फल कहाँ लाग्छ ? यस कारण पूण्य बिउ भएर फल बुद्धज्ञान प्राप्त गर्नेछन् । पूण्य गर्ने उपाय दान, शील, क्षान्ति (सहनु), वीर्य (कोशिश) ध्यान यी पाँचवटा उपाय पारमिता हुन् । अनि प्रज्ञा पारमिता ज्ञानवर्ग हुन् ।

# ७६. बौद्ध कर्मकाण्डको संक्षिप्त जानकारी

बौद्ध धर्म अनुरूप जन्मदेखि मृत्युसम्मका संस्कृति र संस्कार विधि :

(क) गर्भरक्षा

(ख) जन्म

(ग) शुद्धीकरण र नामकरण

(घ) अन्नप्राशन

(ङ) चूडाकर्म (टपच्ये)

(च) विवाह

(छ) मृत्यु संस्कार

विभिन्न घर शान्ति पूजा (घर पैंचो पूजा), कुलपितृ पूजा, ग्रह शान्ति र वाह्य दोष, रोग, व्याधि, भूत प्रेत आदिलाई सम्झेर कर्मकाण्ड अनुरूप बौद्ध विधि अनुसार पार्थना, पूजा पाठ जप साधना र प्रणिधान (मोनलम) पाठहरू वाचन गर्दै अन्तमा पुण्ये परिणामना गरी कार्यक्रम समापन गरिन्छ ?

कुनै पनि कर्मकाण्ड प्रार्थना पूजापाठ गर्दा सर्व प्रथम देवताको थान बनाउने अनि विभिन्न प्रकारका भगवानको मुर्ति, थाङ्का फोटोहरू सजाउने र विभिन्न किसिमका (वलिन्ता) तोर्मा, फलफूल प्रसाद (क्षोप)हरूले सजाउने अनि आर्घ्यं, पाद्यम्, पुष्पे, धूपे, दिपं, गन्धे, नैवेद्यहरूद्वारा मण्डल अर्पण गर्दै र विभिन्न बाजाहरूको शब्दद्वारा पनि शब्दार्पण गर्दै तपसिलको विधि अनुसार पूजा पाठ प्रार्थना जप साधना र प्रणिधान गर्ने ।

(क) गर्भरक्षा :-

गर्भमा रहेको शिशु गर्भ अवस्थाको समयमा र जन्म भएपछि पनि आरोग्य, सुस्वास्थ्य रहुन् र बाधारहित भै सार्थक जीवन व्यतीत गर्न सकोस् भन्ने सदविश्वासले गर्भरक्षाको लागि बौद्ध परम्परामा पनि गुरु, लामा गुरुहरूद्वारा मूल प्रार्थना पूजा पाठ गर्दै गर्भरक्षाको लागि मूल पाठ (पञ्चरक्षादेवीस्तोत्र) नामक सूत्र पाठ गर्नु र गराउनु पर्दछ। यस्तो पाठ गर्नाले शिशुको सहजै गर्भ सफल हुनेछ र त्यस शिशुलाई कुनै पनि प्रकारको अरिष्ट आदिले सताउने छैन।

यस प्रकृयाद्वारा पूजा पाठ गर्दा शिशुलाई साथै जन्मदिने आमालाई समेत त्यस अवसरमा बाधारहित हुनेछ र स्वास्थ्य जीवन व्यतीत गर्नेछन्।

(ख) जन्म :-

शिशुको जन्म कालमा बुद्ध वचनमा भाषित (शुभ मंगल उच्चारण) वाचन पाठ गर्ने र गराइने बौद्ध परम्परा अन्तर्गत पर्दछ। यस अवस्थामा पनि गर्भावस्थामा शिशुले जन्मनको निमित्त गर्भबाट गमन क्रम शुरु हुँदादेखि जन्मको अन्तिम विन्दुसम्म नै शुभ मंगल उच्चारण पाठ पढ्नु र पढाउनु अति उत्तम हुनेछ।

(ग) शुद्धीकरण र नामकरण :-

बौद्ध संस्कृति परम्परा अनुसार शुद्धीकरण र नामकरणको

कार्य गर्न बौद्ध लामा गुरुको आवश्यकता पर्दछ । लामा गुरुहरूले यस संस्कृतिको परिधिमा रहेर कुनैपनि धार्मिक कृत्य र कर्मकाण्डहरू शुरु गर्नुभन्दा पूर्व लामा गुरुहरू आफै बोधिचित्त संबर ग्रहण गर्दछन् । दीक्षा ग्रहण पश्चात लामा गुरुले प्रारम्भिक शुद्धीकरण विधि (साङ्ग) धूपको सुगन्धित वासनाले र बज्रसत्व मन्त्रित कलशको (बुम्बा) को जलले शुद्धीकरण गर्दछन् ।

बौद्ध परम्परामा शिशुको नामकरण एघार दिनमा गर्नु उचित हुँदैन । यस्तो कालो र अरिष्ट दिनमा गर्न नहुने चलन बौद्ध संस्कृतिमा विद्यमान छन् । नामकरण कुनैपनि शिशुको पहिलो र अत्यन्त महत्त्वपूर्ण कर्म भएकोले छोराको यति दिन, छोरीको यति दिन नभनेर उत्तम दिन चयन गर्नु लामा गुरु र जजमान दुवैको मूल कर्तव्य हुनेछ किनकी त्यो दिन शिशुको निहित रोग या बिमार, ग्रह दशा र पाप आवरण पखालेर शुद्ध बनाउने मुख्य दिन हुनेछ। हामी बुद्धिष्टहरूले शुद्धीकरण र नामकरणको समयमा मूल पूजा पाठ सहित (आर्यवज्रविदारणा नाम धारणी) र (उष्णीषविजया धारणी) र वज्रसत्वको साधना विधि अपनाउनु पर्दछ।

दोस्रो शुद्धीकरण विधि जसलाई (ठुई) बुम्बा भित्रको जलमा विभिन्न प्रकारका जडिबुटि राखी बज्रसत्वको मन्त्रले मन्त्रित् जलले नवजात शिशु, घर परिवार र आमन्त्रित पाहुनाहरूलाई शुद्ध गरिन्छ। नामकरणको सन्दर्भमा जन्म क्षण, दिन, बार, जन्म वर्ष, वर्ग र खाम, लमेवा फल विचार गरेपछि उपयुक्त नामको

निर्णय लामा गुरुद्वारा नै हुन्छ र दिईने नामबाट तीनपल्ट शिशुलाई सम्बोधन गरेपछि नाम पक्का हुन्छ। नामकरण पश्चात लामा गुरुद्वारा शिशलाई रक्षाधागो र खादा अर्पण गरिन्छ र अष्टमङ्गल पदार्थ सेवन गराइन्छ। यस कर्म सकेपछि आमन्त्रित जनले शिशुलाई आशिर्वाद परिवारजनलाई वधाईदिँदै शिशु र शिशु मातृलाई उपहार कोशेली अर्पण गर्दछन्। जुन अवसरमा लामा गुरुहरूले मंगल पाठ उच्चारण गर्दै र मंगलको कामना गर्दै शुद्धीकरण र नामकरणको कार्य सम्पन्न हुन्छ।

(घ) अन्नप्राशन :-

अन्नप्राशनको अवसरमा पनि मुख्य भूमिका लामा गुरुहरू कै रहन्छ। यस अवसरमा पनि लामा गुरुहरूले विभिन्न पूजा पाठ गर्दै (साङ्ग) धूप र (ठुई) मन्त्रित जलको माध्यमद्वारा गुरुहरूले घर परिसर लगायत तत्कालीन वातावरण शुद्ध गरिसकेपछि नवम् मन्त्र, मंगल सूत्र र दीर्घायु सूत्रको वाचन गरिन्छ र निर्मित विभिन्न भोजनहरू लामा गुरुले धर्म विधि अनुरुप पवित्र बनाएर सर्वप्रथम शिशुसँग मिल्ने योग्य वर्ग, खाम र शुद्ध व्यक्तिद्वारा अन्नप्राशन गराइए पछि मात्र आमन्त्रित जनको पालो आउँछ। यसरी सबैले बालकलाई अन्नप्राशन गराएपछि आशिर्वाद स्वरुप खदा अर्पण गर्दै आ-आफ्नो इच्छा अनुसार नगद र विभिन्न उपहारहरू प्रदान गर्दछन्। त्यसपछि सबैले भोजन ग्रहण गरी कार्य सम्पन्न गरिन्छ।

(ङ) चुडाकर्म (टपच्ये) :-

बौद्ध संस्कृति अनुसार धर्म प्राप्त गर्ने र गराइने प्रकृयाको नाम हो चुडाकर्म जसलाई हामी धर्म भाषामा "टपच्ये "भनेर जान्दछौं । टपच्ये आरोग्यता र दीर्घायुको निमित्त पनि गरिन्छ जसलाई दीर्घायु चुडाकर्म भनिन्छ। यस्तै कर्मद्वारा नै कुनै व्यक्ति बौद्ध धर्ममा प्रवेश गर्दछ । धर्ममा प्रवेश गराउने क्षमता लामा गुरुहरूमा नै हुने भएकोले केश मुण्डन विधि पनि लामा गुरुद्वारा नै सम्पन्न गराउनु पर्दछ।

कतै कतै बौद्ध संस्कृति अन्तर्गत कै गुरुङ्ग समाजमा फाट्टफुट्ट मामाद्वारा चुडाकर्म सम्पन्न गर्ने र गराइने चलन पनि देखिएको छ। यस चलनलाई केलाएर हर्ने हो भने मामाद्वारा चुडाकर्म सम्पन्न गर्नु र गराइनु बौद्ध संस्कृति अनुसार गलत धारणा हो भन्न मिल्छ पनि र मिल्दैन पनि । संक्षिप्तमा भन्नुपर्दा यदि मामा लामा गुरु हो भने उसले आफ्ना भान्जा नसम्भिएर शिष्यको रुपमा चुडाकर्म गर्न मिल्छ। यदि मामा लामागुरु होइन भने मिल्दैन। लामा गुरुले बौद्ध परम्परा अनुसार पूजा- पाठ गरेपछि मात्र मामाले चुडाकर्म गर्न मिल्छ। अरु विशेष जानकारी सि. नं (४९)मा टपच्ये (रौं टुप्पी काटी चक्रखोल्ने) विषयमा हेर्नुहोला।

(च) विवाह :-

सबै जातजातिले आ-आफ्नो धर्म संस्कृति परम्परागत अनुसार रितीरिवाज, कर्मकांड गर्ने विधि विधान न छ। बौद्ध धर्म

संस्कृति परम्परा अनुसार विवाह गर्दा विच्चलन, विसँगति, विकृति रहित बौद्ध धर्म परम्परा अनुसार गुम्बा हो या घरमा जग्य-देवताको थान (छ्येसम्) सजाएर लामा गुरुहरूले विभिन्न प्रार्थना पूजा पाठ गरी वर र वधुलाई बुद्ध भगवानको अगाडि राखी शरणगमन र पञ्चशील वाचन गराई एक अर्कालाई फूलमाला खादा लगाउन लगाई एक अर्कालाई आजदेखि श्रीमान र श्रीमति भएको लामा गुरुबाट घोषणा गरिन्छ र विवाहमा उपस्थित दुलाह तर्फका दुलही तर्फका सबै मान्यजनहरूबाट पनि विवाहित दम्पतिलाई खादा, फूल अक्षेता अर्पण गर्दै शुभ आशीर्वाद दम्पतिलाई दाम्पत्यजीवनको लामो आयुको हार्दिक शुभकामना दिँदै विवाह कार्य क्रम समापन गरिन्छ ।

(छ) मृत्यु :-

यस संसारमा जतिपनि प्राणीहरू छन्, मानिस लगायतका जीवनहरूमा निहित पञ्चतत्व पृथ्वी, जल, अग्नि, वायु र आकाश (सा, छ्यु, में, लुङ र नाम्खा) यी पाँच तत्वहरू परस्परमा विलाउन थालेपछि मरण क्रम सुरु हुन्छ। यस क्रममा (सा) अथवा माटोमा जुन धातुद्वारा हाम्रो शरीर बनिएको छ । (छ्यु) अथवा जलमा जुन जसद्वारा हाम्रो शरीरमा भएको तरल पदार्थ जस्तै रगत पसिना इत्यादि। (में) अथवा अग्निमा जुन धातुद्वारा हाम्रो शरीरमा तातोपन बनेको हुन्छ। (लुङ) अथवा वायुमा जसद्वारा हाम्रो बोली, आवाज या ध्वनि बनिएको हुन्छ।

अन्तमा यसरी परस्परमा विलय भएपछि हाम्रो मृत्यु हुन्छ । मृत्यु पछिको पहिलो क्रम हो फोवा । फोवा (संक्रान्ति) देखि ४९ दिन सम्म जति पनि मृतकको लागि गरिने प्रार्थना पूजा पाठ (मोलम) प्रणिधानहरू सुखावती प्रणिधान, अन्तराभवको साँघुरो बाटोबाट तर्ने प्रणिधान (भारदो), आर्य भद्रचर्या प्रणिधान राजा र अरुपनि मृत्युवासीहरूको लागि भय तर्ने प्रणिधान र अन्तराभवको मूल श्लोकहरू वाचन गर्दै प्रार्थना र आफुहरूले पनि सुखावतीको लागि पुन्य आर्जन गर्दै मृतआत्मालाई अमिताभ बुद्ध क्षेत्र सुखावती धाममा बास होस् । यी माथिका सबै प्रणिधानहरू क्रमश बौद्ध संस्कार र साधना विषय सूचीमा छ ।

ओम् मणि पद्मे हूँ ।

## ७७. सुर भनेको के हो र कसरी बनाउने

सुर भनेको के हो र कसरी बनाउने ? किन सुर चढाउने र के फाईदा हुन्छ ?

सुरको प्रकार :-

(१) कार सुर (सेतो सुर)

(२) ङार सुर (गुलियो सुर)

(२) मर सुर (रातो सुर)

(१) कार सुर - दुध, दही, घ्यु (कारसुम)

(२) चिनी, सक्खर, मह (ङारसुम) जौंको पिठो या चामलको पिठोमा यि ६ चिज मिलाएर वासना आउने गरी भुट्ने (सुर धुप बनाउने)

(३) मर सुर - रगत, मासु र बोसोको (सुर धुप बनाउने)

**अग्निहोममा सुर चढाउँदा जप्ने मन्त्र :-**

रं यां खां । ओम् आ हुँ । ओम् बज्र सत्व हुँ ।

ओम् मणि पद्मे हुँ । हे अ श्या श म ह हुँ ।

म म कोलिङ्ग समन्त - डोवा नम सर्व तथागत अवलोकितेश्वर

ओम् सम्भर सम्भर हुँ ।। (तीन पटक)

ओम् अप्रेत सुरु फुपाए स्वहा ।। (तीन पटक)

प्रेत आत्मा, मृतक प्राणीहरूको लागि आहारा, छ्योकु धर्मकाय समन्त भद्र बुद्धको भूमि देखि भवचक्रका प्राणीहरूलाई सुर दान गर्दा गृहस्थिहरूले मुख्य मुख्य तिथिहरूमा गर्दा राम्रो हुन्छ। गुम्बाहरूमा दैनिक गरिन्छ। सुर चढाउँदा जहिले पनि हातले भन्दा राम्रो सफा चम्चाले सुल्टो पारी चढाउनु पर्छ।

यस क्षेत्रको पाखा पखेरीमा, वायुमा र जल थलमा रम्ने घुम्ने क्रोधी, रौद्र, सिकारी मसान, विरमसानहरू र जल मसान थल मसान जति पनि छन् ति सबैलाई यस पूजामा आमन्त्रण गरी अलग दिशामा अग्नि होम बनाई (मर सुर को) सुर बनाई होम गर्ने।

(तिङ्स्याक र नलीको शंख बजाई सुर ग्रहण गर्न आह्वान गर्ने)

## ७८. अध्यषणा प्रार्थना (मोन्लम्)

गेवा धीयी ञ्युर्दु दाग्।
पल्देन लामा डुवग्युर ने।
ढोवा च्यिक्यङ् मालु पा।
देयी सला गोपार श्योग्॥

यो पुन्य फलले शीघ्र भन्दा शीघ्र बुद्धत्व बोधिज्ञान प्राप्त गरी एउटै पनि बाँकी नराखी सर्वप्राणीहरू तपाईको भूमिमा राख्न सकौं॥

## ७९. परिणामना (ङोवा)

सोद् नम् दियी थमच्च्यद् शियग् पा ञ्हिद् ।
थोब् ने ज्यपइ डानाम् फाम् झ्ये् शियङ् ।
क्ये गा ना क्षिय वा लुङ् ठुग् पा यी ।
शिय पीइ छ्यो लेय् डो वा डोल वार श्योग् ।।१।।

यस पुण्यद्वारा सर्ब ज्ञानको अवलोकन प्राप्त भई विपक्षी सबै पराजित भएर जन्म जरा व्याधी मृत्युको भुमरी यो र भवसागरको समुन्द्रबाट जगत् प्राणी मुक्त होस् ।

ज्याम् पल पाबोय झ्यितार ख्येन् पा धाङ् ।
कुनतु स्याङ्पो धेयाङ् ध्येश्यिन् ते ।
धेधाग् कुनघ्यि ज्यू सु दागलोब च्यिङ् ।
गेवा दि धाग् थामच्च्यद् राब् तु ङो ।।२।।

यथातथ्य विदत् (ज्ञाता) मञ्जुश्री सुरबीर तथा समन्तभद्र पनि त्यस्तै हुनुहुन्छ। वहाँहरूको अनुशिक्षित भएर यस कुशल सबै पुण्य परिणामना गर्दछु।

धुइ सुम् श्येग पइ ग्याल् वा थामच्च्यद् क्यिय् ।
ङोवा धाङला छ्येय् तु ङाग् पा धे ।
दाग्घि गेवाइ चा वा दि कुन् क्याङ् ।
स्याङ्पो च्योद् क्ष्यिर राबतु ङो वार ग्यि ।।३।।

त्रीकालको तथागत जिन बुद्धहरू सबैले परिणामना जुन अति उत्तम भनि वर्णन गर्नुभएको छ। त्यसैले यी मेरा कुशल मूल पुण्य सबै पनि भद्रचर्याको निमित्त परिणामना गर्दछु।

तोन् पा ज्यिग् तेन खाम् सु झ्योन् पा धाङ्।
तेन् पा ञ्यि होद् श्यिन्धु सोलवा धाङ्।
तेन् ज्यिन् पोनलोव दार श्यिङ ग्ये पा यी।
तेन् पा युनरीङ् नेपइ टा श्यिय् श्योग ॥४॥

शास्ता लोक धातुमा पाल्नु होस्। शासन सूर्यको ज्योति झैं प्रकाश भएर शासनधर पिता पुत्रझैं संघ मिलाप भै शासन धेरै कालसम्म स्थिर हुन श्रीमंगल होस्।

यो साधनाको पुन्यले सबै सर्वज्ञता पद पुर्ति होस्। आफ्ना इच्छा पुगुन्, अकुशल कर्म शत्रुहरू सबै हटेर जाउन्। जन्म मृत्यु व्याधि रुपी भुमरि युक्त यो संसारको दुर्गम्य भवसागर नै तरेर जान सकोस्॥

॥ ओं म नि पे मे हूँः।

# ८०. लेखकको बंशावली


जिजुहरू
हर्कराम गुरुङ
धन्सराम गुरुङ
मन्सराम गुरुङ
तुलाराम गुरुङ
तुलाराम गुरुङ + जिजुबजैको नाम थाहा भएन
धर्मराज गुरुङ
बिष्णुराज गुरुङ
नन्दराज गुरुङ
मनिराज गुरुङ
धर्मराज गुरुङ + बजैको नाम थाहा भएन
सुकमाया गुरुङ
बिरमाया गुरुङ
केयर सिंह गुरुङ
धन सिंह गुरुङ
केयर सिंह गुरुङ + लालश्री गुरुङ
जेठा गौ प्रसाद गुरुङ
माईला चन्द्र बहादुर गुरुङ
कान्छा रन बहादुर गुरुङ
जेठा गौ प्रसाद गुरुङ + ज्ञानी गुरुङ + रुपा गुरुङ
थोम प्रसाद गुरुङ
माया गुरुङ
गौमाया गुरुङ
रेनु गुरुङ
खेम बहादुर गुरुङ
खेम बहादुर गुरुङ (सन्तोष) + गिता गुरुङ
छोरी पुशन गुरुङ
छोरा रोशन गुरुङ

माईला चन्द्र बहादुर गुरुङ + हरीमाया गुरुङ

| छोराहरू | | | |
|---|---|---|---|
| | जेठा तुलबहादुर गुरुङ | माईला दुर्गा गुरुङ | कान्छा थमन सिंह गुरुङ |

| छोरीहरू | | | |
|---|---|---|---|
| | रन माया गुरुङ | गीता गुरुङ | विमला गुरुङ |

जेठा तुलबहादुर गुरुङ + तोक्ली गुरुङ

| | |
|---|---|
| छोरा मनिष गुरुङ | छोरी संजना गुरुङ |

मनिष गुरुङ + रोशनी गुरुङ

छोरी युनिशा गुरुङ

---

साईला दुर्गा गुरुङ + कल्पना गुरुङ + सरिता गुरुङ

| | | | |
|---|---|---|---|
| संदिप गुरुङ | संदेश गुरुङ | सुसान गुरुङ | प्रितम गुरुङ |

---

कान्छा थमन सिंह गुरुङ + देवी गुरुङ + देबु गुरुङ

| | | |
|---|---|---|
| छोरा आश्विन गुरुङ | छोरी खुशी गुरुङ | छोरा आशिष गुरुङ |

---

कान्छा रन बहादुर गुरुङ + मन माया गुरुङ

| | | |
|---|---|---|
| जेठा दिकबहादुर गुरुङ | माईला मनबहादुर गुरुङ | साईला टिकाराम गुरुङ |
| काईला पहल सिंह गुरुङ | कान्छा बिरबहादुर गुरुङ | छोरी केश माया गुरुङ |

जेठा दिक बहादुर गुरुङ + खिनु गुरुङ

| | |
|---|---|
| छोरी सबी गुरुङ | छोरी सनी गुरुङ |

माईला मन बहादुर गुरुङ + सुषमा गुरुङ

छोराहरू: टेक बहादुर गुरुङ | टिकाराम गुरुङ | पहल सिंह गुरुङ

छोरीहरू: कृष्णा गुरुङ | दुर्गा गुरुङ

साईला पहल सिंह गुरुङ + दुर्गा गुरुङ

छोरीहरू: सोनिया गुरुङ | दिब्या गुरुङ

कान्छा बिर बहादुर गुरुङ + बाल कुमारी गुरुङ

छोराहरू: प्रविन गुरुङ | नविन गुरुङ | चित्र बहादुर गुरुङ | प्रेम गुरुङ

छोरी: तुल्सी गुरुङ

---

माईला बाजे बिष्णुराज गुरुङ + बजैको नाम थाहा भएन

छोरीहरू: कृष्णा गुरुङ | खगी गुरुङ

---

साईला बाजे नन्दराज गुरुङ + बजैको नाम थाहा भएन

छोरा- तम बहादुर गुरुङ, अरु परिवार थाहा हुनसकेन ।

---

कान्छो जिजु - तुलाराम गुरुङ

↓

बाजे मनिराज गुरुङ + बजै हरिकला गुरुङ

↓

| | | |
|---|---|---|
| जेठा बिलबहादुर गुरुङ | माईला गणेशबहादुर गुरुङ | कान्छा बलबहादुर गुरुङ |

→ जेठा बिल बहादुर गुरुङ + लिला गुरुङ र बालमाया गुरुङ

↓

| | | |
|---|---|---|
| छोरी रुक माया गुरुङ | छोरा बसन्त कुमार गुरुङ (नेत्र) | छोरी रनसरी गुरुङ |
| छोरी उमा गुरुङ | छोरी लालसुबी गुरुङ | छोरी दिल माया गुरुङ |

बसन्त कुमार गुरुङ + शेरा गुरुङ + शान्ति गुरुङ

↓

| | | |
|---|---|---|
| छोरा राजु सिंह गुरुङ | छोरी मैती गुरुङ | छोरी विना गुरुङ |

↓

राजु सिंह गुरुङ + रेखा गुरुङ र मंगला गुरुङ

↓

| | |
|---|---|
| अमन गुरुङ | शिल गुरुङ |

अमन गुरुङ + बबिता गुरुङ

शिल गुरुङ + भावना गुरुङ

↓

छोरा साजन गुरुङ

---

माईला गणेश बहादुर गुरुङ + देउ कुमारी गुरुङ

↓

| | | |
|---|---|---|
| जेठा चित्र प्रसाद गुरुङ | माईला बुद्धि प्रसाद गुरुङ | साईला थम प्रसाद गुरुङ |
| काईला हेम प्रसाद गुरुङ | कान्छा दिल प्रसाद गुरुङ | छोरी शान्ति गुरुङ |

जेठा चित्र प्रसाद गुरुङ + देव कुमारीगुरुङ

↓

छोरी हेम कुमारी गुरुङ

साईला - थम प्रसाद गुरुङ + उमा गुरुङ

छोरा राजीब गुरुङ | छोरी लक्ष्मी गुरुङ | छोरी उषा गुरुङ

राजीब गुरुङ + इन्द्रा गुरुङ

काईला हेम प्रसाद गुरुङ + एकता गुरुङ

अर्जुन गुरुङ | आयुस गुरुङ

कान्छा दिल प्रसाद गुरुङ + रिना गुरुङ

रिषव गुरुङ

---

कान्छा बल बहादुर गुरुङ + चिजा गुरुङ

छोरी रोशन गुरुङ | छोरा नरभुपाल गुरुङ | छोरी पुनम गुरुङ

नरभुपाल गुरुङ + हरिकला गुरुङ

छोरी लिन्दा गुरुङ | लिन्जा गुरुङ | एलिना गुरुङ | छोरा सिद्धान्त गुरुङ

# बिडीएलग्रन्थहरूः

१. बुद्धजीवनी मूलग्रन्थः १

२. धम्मपद मूलग्रन्थः २

३. दैनिक पूजा प्रार्थना मूलग्रन्थः ३

४. सूत्रसंग्रह मूलग्रन्थः ४

५. प्रज्ञापारमिता मूलग्रन्थः ५

६. गुरुङ बुद्धिजम मूलग्रन्थः ६

७. पुनर्जन्म बौद्ध साहित्य मूलग्रन्थः ७

८. जातकसंग्रह ग्रन्थः १

९. जातकसंग्रह ग्रन्थः २

१०. बौद्ध जातक संग्रह मूलग्रन्थः १०

११. बिडीएल परिचय मूलग्रन्थः ११

१२. पाली-संस्कृत-नेपाली शब्दकोषः १२

BUDDHISM DIGITAL LIBRARY 2567

**Buddhism Digital Library (BDL) Inc., USA**

4500 19th St Lot 422 Boulder CO 80304 USA

Ph: 303 642 6439. contactbdl2567@gmail.com

***For more detail: www.buddhismlibrary.org***

BUDDHISM DIGITAL LIBRARY 2567